# आधुनिक नेपाली उपन्यासमा अपाङ्गता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह,

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ

प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

**मुक्तिप्रसाद भण्डारी**

क्रमाङ्क ०३/०७६/०७७

त्रि.वि. दर्ता नं. ९–२–४७५–१४४–२०११

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर


२०८१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह, तेस्रो सत्रका विद्यार्थी मुक्तिप्रसाद भण्डारीले सोही तहको सङ्केत ६०९ र ६१० को प्रयोजनार्थ *आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको यो शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०८१/११/२५

..................................

**प्रा. डा. रमेशप्रसाद भट्टराई**

(शोध निर्देशक)

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रका नवौँ र दसौँ पत्रको प्रयोजनार्थ शोधार्थी मुक्तिप्रसाद भण्डारीले प्रस्तुत गरेको *आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको यो शोधप्रबन्ध मूल्याङ्कन समितिबाट सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

...................................
प्रा.डा. कृष्णप्रसाद न्यौपाने
विभागीय प्रमुख

...................................
प्रा.डा. रमेशप्रसाद भट्टराई
शोध निर्देशक

.........................................
सहप्रा. डा. रजनी काफ्ले ढकाल
आन्तरिक मूल्याङ्कनकर्ता

................................
प्रा.डा. नारायणप्रसाद गड्तौला
बाह्य मूल्याङ्कनकर्ता

## प्रतिबद्धता पत्र

*आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ तयार गरिएको हो । यो शोधप्रबन्ध कतै प्रकाशन गरिएको छैन ।

प्रस्तुत शोधप्रबन्धमा स्रोत खुलाएर साभार गरिएका स्रोत सामग्रीहरूबाहेक अन्य सबै सामग्रीहरू मौलिक रहेका छन् । गैरकानुनी रूपमा कहीँ कतैबाट साभार गरिएको छैन । साभार वा चोरी गरेको प्रमाणित भएमा कानुनबमोजिम सजाय भोग्न तयार छु । अन्त्यमा, प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग मूल्याङ्कन समिति समक्ष पेश गरिएको व्यहोरा अनुरोध छ ।

२०८१ फाल्गुन २५

.........................
मुक्तिप्रसाद भण्डारी
शोधकर्ता

# प्रतिलिपि अधिकार

*आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ तयार पारिएको हो ।

प्रस्तुत शोध प्रबन्धको कुनै अंश नियमअनुसार स्रोत खुलाएर साभार गर्नेबाहेक अन्य दृष्टिले यसलाई साभार गर्न तथा प्रतिलिपि उतार गर्न र प्रकाशन गर्न पाइने छैन । नियम विपरीत प्रयोग गरिएको पाइएमा प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम कारवाही हुनेछ ।

प्रस्तुत शोधप्रबन्ध मेरो मौलिक सिर्जना भए तापनि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ तयार गरिएको हुँदा यसलाई प्रकाशन गर्ने इच्छा भएमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्वीकृति लिएर प्रकाशन गरिनेछ ।

२०८१ फाल्गुन २५

.........................
मुक्तिप्रसाद भण्डारी
शोधकर्ता

# कृतज्ञता ज्ञापन

*आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको यो शोध प्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. रमेश भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुँ । यस शोध प्रबन्ध तयार पार्ने क्रममा मलाई सुझाव, सल्लाह र मार्गदर्शन प्रदान गर्नुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्न स्वीकृति प्रदान गर्ने त्रि.वि. नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेज्यूप्रति आभारी छु । मेरो शोधप्रबन्धको गहन अध्ययन गरी महत्त्वपूर्ण सुझाव दिनुहुने आन्तरिक मूल्याङ्कनकर्ता आदरणीय गुरुआमा सहप्रा.डा. रजनी काफ्ले ढकाल साथै बाह्य मूल्याङ्कनकर्ता आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा आवश्यक सरसल्लाह दिनुहुने आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद घिमिरे, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, डा. सुकुम शर्मा, स्व. प्रा.डा. ताराकान्त पाण्डे, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. भरतकुमार भट्टराई, डा. नेत्र एटम, डा. दुर्गाबहादुर घर्ती, डा. बालाकृष्ण अधिकारी, राजुमान डङ्गोललगायत नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधको क्रममा आवश्यक सामग्रीहरू उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली विभागीय पुस्तकालय र मानविकी तथा सामाजिक शास्त्र सङ्कायको डीन कार्यालयप्रति आभारी छु । साथै पूर्वकार्यको अध्ययन र कृति छनोटको क्रममा सहयोग गर्नुहुने आख्यानकार नयनराज पाण्डे, अमर न्यौपाने, मनिषा गौचन, कल्पना श्रेष्ठ कल्पपुञ्ज तथा निमग्ना घिमिरे, तुलसी आचार्य, डा. जीवन जीवन्त लगायतका समालोचकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा शोधको क्रममा मलाई हौसला प्रदान गर्नुहुने मेरो घरपरिवार, साथीभाइ तथा सम्पूर्ण शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्दछु । साथै शोधकार्य समयमै सम्पन्न गर्नका लागि मलाई बारम्बार झस्काइरहने जीवन सङ्गीनी सरस्वती भुषालप्रति अनुगृहीत छु । अध्ययनको क्रममा मलाई हौसला प्रदान गरी विभिन्न अप्ठ्यारो स्थितिमा सहयोग गरी महत्त्वपूर्ण योगदान पुऱ्याउने मित्रहरू बलराम राई, हेमा सुवेदी, भगवती पाण्डे, रुकमनकुमार फुँयाल, मणिराज दाहाल, यशोदा राई, शिवराम चालिसे, दीपसागर पन्त, केशवप्रसाद भट्टराई, ठाकुरप्रसाद पोखरेल, नरेन्द्र न्यौपाने, उमेशकुमार पण्डित, आदित्य चौधरी लगायतका एम्. फिल. तहका सहपाठी
मित्रहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

२०८१ फाल्गुन २५

.........................

मुक्तिप्रसाद भण्डारी
रोल नं. ३
दर्शनाचार्य तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर ।

# शोधसार

*'आधुनिक नेपाली उपन्यासमा अपाङ्गता'* शीर्षकको प्रस्तुत अध्ययनमा अपाङ्गता सम्बद्ध नेपाली उपन्यासहरूको सर्वेक्षणबाट प्राप्त अपाङ्गता विषयक १९ वटा नेपाली उपन्यासहरूमध्ये अपाङ्गता अध्ययनका दृष्टिले महत्त्वपूर्ण प्रमुख तीनवटा उपन्यास *लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी*को विश्लेषण गरिएको छ । विश्लेषणका लागि अपाङ्गताका प्रमुख चार मोडल (नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक) लाई सैद्धान्तिक आधार मानिएको छ भने सांस्कृतिक अध्ययनका क्षेत्रमा चर्चित एन्टोनियो ग्राम्सी, स्टुआर्ट हल लगायतका विद्वान्हरूका पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना सम्बन्धी अवधारणाका साथै अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय विचारधारालाई कृति विश्लेषणका आधार बनाइएको छ ।

वि.सं. २००८ मा प्रकाशित *लङ्गडाको साथी* लाई नेपाली साहित्यको पहिलो अपाङ्गता विषयक उपन्यास निर्क्यौल गरी त्यसयता वि.सं. २०८१ सम्म प्रकाशित नेपाली उपन्यासहरूको विस्तृत सर्वेक्षणबाट प्राप्त अपाङ्गता विषयक १९ वटा उपन्यासहरूमध्ये सोद्देश्यमूलक ढङ्गले तीनवटा उपन्यासहरूलाई विश्लेषणका निम्ति चयन गरिएको छ । अपाङ्गता भएका पात्रहरूको प्रयोग गरी उपन्यास लेख्ने परम्परालाई विकसित गर्नमा यी उपन्यासहरूको ऐतिहासिक महत्व रहेको, साहित्यमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाबारे अध्ययनका लागि उपयुक्त सामग्री भएको, अपाङ्गता भएका व्यक्तिहरूले आफू स्वयंलाई हेर्ने र उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण प्रतिबिम्बित भएको र अपाङ्गताप्रतिको लेखकीय धारणा बुझ्नका लागि उपयुक्त सामग्री भएकाले अध्ययनका लागि यी उपन्यासहरूलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा चयनित सामग्रीको विश्लेषण गरी अर्थापनमा पुग्नका निम्ति गुणात्मक शोधढाँचाअनुरूप पाठविश्लेषण विधिको उपयोग गरिएको छ ।

अपाङ्गता अध्ययन सांस्कृतिक अध्ययनका क्षेत्रमा पछिल्लो समय देखापरेको अन्तर्विषयक समालोचना पद्धति हो जसले साहित्य, चलचित्र, मिडिया आदिमा अपाङ्गहरूको पहिचान र प्रतिनिधित्व कस्तो छ ? उनीहरूको सामाजिक तथा आर्थिक अवस्था कस्तो छ र उनीहरूले आफू स्वयंलाई हेर्ने दृष्टिकोण र समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ ? साथै अपाङ्गताप्रतिको साहित्य, चलचित्र र मिडियाका निर्माताहरूको दृष्टिकोण कस्तो छ ? भन्ने कुराको अध्ययन गरिन्छ । अपाङ्गता अध्ययनमा अपाङ्गतालाई हेर्ने वा बुझ्ने दृष्टिकोणलाई अपाङ्गताको मोडलका रूपमा लिइन्छ । अपाङ्गताका विभिन्न मोडलहरूमध्ये सबैभन्दा पुरानो तर हालसम्म पनि कतिपय समाजमा अस्तित्वमा रहिरहेको नैतिक मोडलले अपाङ्गतालाई पापको परिणाम वा दैवी परीक्षाका रूपमा व्याख्या गर्दै प्रायश्चित्त वा सामाजिक बहिष्करणलाई समाधानको रूपमा व्याख्या गर्छ । यसैगरी द्वितीय विश्वयुद्धमा लाखौं मानिसहरू अङ्गभङ्ग भएपछि त्यसैको प्रभाव स्वरूप विकास भएको चिकित्सा मोडलले अपाङ्गतालाई पापको परिणाम वा दैवी परीक्षा नभई उपचार गरेर वा पुनर्स्थापना केन्द्रमा राखेर निको पार्न सकिने शारीरिक समस्याका रूपमा व्याख्या गर्छ ।

त्यसैगरी सन् १९७५ बाट सुरु भएका अपाङ्गता आन्दोलनहरूको परिणामस्वरूप विकसित सामाजिक मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक वा मानसिक कमजोरी भन्दा पनि सामाजिक संरचनाका कारण उत्पन्न समस्याका रूपमा व्याख्या गर्दै अपाङ्गमैत्री भौतिक तथा सामाजिक संरचनाको निर्माण र समावेशीकरणलाई अपाङ्गताको समाधानका रूपमा व्याख्या गर्छ । अपाङ्गतालाई हेर्ने चिकित्सा र सामाजिक मोडलका कमीकमजोरीहरू औँल्याउँदै विकास भएको सांस्कृतिक मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक अवस्था वा सामाजिक संरचनालाई नभई सामाजिक र सांस्कृतिक संरचनामा गहिरोसँग जरा गाडेको विश्वास, मान्यता र सांस्कृतिक अभ्यासलाई अपाङ्गताको कारण मान्दै साहित्य, मिडिया, इतिहास र सामाजिक मान्यताहरूको पुनर्व्याख्या, अपाङ्गता सम्बन्धी सकारात्मक प्रतिनिधित्व आदिलाई समाधानको रूपमा व्याख्या गर्छ । अपाङ्गता अध्ययन अपाङ्गताका यी चार मोडलहरूमध्ये सामाजिक र सांस्कृतिक मोडलसँग बढी निकट छ ।

अपाङ्गता विषयक आधुनिक नेपाली उपन्यासको सर्वेक्षण तथा विश्लेषणका लागि छनोट गरिएका उपन्यासहरूको अध्ययन तथा विश्लेषणबाट नेपाली साहित्यमा अपाङ्गता सम्बद्ध विषय तथा अपाङ्ग पात्रहरूको प्रयोग गरेर अत्यन्त कम सङ्ख्यामा उपन्यासहरू लेखिएको पाइयो । प्राप्त कृतिहरूको अध्ययन गर्दा अपाङ्गतालाई हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन भएसँगै साहित्यिक कृतिहरूमा अपाङ्गता सम्बद्ध विषय र पात्रको उपस्थिति पनि राम्रो हुँदै गएको देखियो । प्रारम्भिक चरणका नेपाली उपन्यासहरूमा अपाङ्गको पहिचान केवल दयाको पात्रका रूपमा रहेकोमा पछिल्लो चरणसम्म आइपुग्दा अपाङ्गता भएका पात्रहरूमा समाजले दिएको पहिचानप्रतिको असन्तुष्टि र नयाँ पहिचान निर्माणको तीव्र चाहना देखिन्छ । त्यसैगरी प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गहरूको प्रतिनिधित्व प्रभुत्वशाली (हेजेमोनिक) प्रकृतिको देखिन्छ भने उत्तरार्द्ध चरणका उपन्यासहरूमा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व पाइन्छ । प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गता र अपाङ्ग पात्रहरूका लागि प्रयोग गरिएको भाषा र त्यसमार्फत् सिर्जना गरिएका बिम्बहरू अत्यन्त अपमानजनक देखिन्छन् । पछिल्लो समयमा लेखिएका उपन्यासहरूमा भने अपाङ्गता र अपाङ्ग पात्रहरूलाई प्रयोग गरिने भाषा विस्तारै सम्मानजनक बन्दै गएको देखिन्छ । त्यसैगरी प्रारम्भिक चरणका नेपाली उपन्यासहरूमा अपाङ्गहरू दयाका पात्र हुन्; यिनीहरूलाई दया र करुणा भावले हेर्नुपर्छ भन्ने परम्परागत विचारलाई समर्थन गरिएको पाइन्छ भने पछिल्लो चरणमा लेखिएका उपन्यासहरूमा अवसर पाएमा अपाङ्ग व्यक्तिहरूले पनि आत्मनिर्भर भई जीवनयापन गर्न सक्छन् र उनीहरूले पनि परिवार, समाज र राष्ट्रलाई योगदान दिन सक्छन् भन्ने विचारलाई स्थापित गर्ने चाहना देखिन्छ । त्यसै गरी प्रारम्भिक चरणमा लेखिएका उपन्यासका अपाङ्ग पात्रहरूमा आफूमाथि भएका अन्याय र अत्याचारको प्रतिरोध गर्ने चेतना रहे तापनि प्रतिरोध क्षमता नभएको देखिन्छ भने पछिल्लो समयमा लेखिएका उपन्यासका पात्रहरूमा आफूमाथि भएका अन्याय र दुर्व्यवहारका विरुद्ध प्रतिरोध गर्ने चेतना र क्षमता समेत विकास हुँदै गएको देखिन्छ । यतिमात्र नभई पछिल्लो समयका उपन्यासहरूमा अपाङ्ग पात्रहरूलाई कसैले दुर्व्यवहार गर्दा समाजका अन्य साङ्ग व्यक्तिहरू समेत प्रतिरोधमा उत्रिएको देखिन्छ । यसका साथै अपाङ्गता भएका व्यक्तिहरूमध्ये अपाङ्ग

पुरुषको तुलनामा अपाङ्ग महिलाहरूले परिवार र समाजबाट धेरै अपमान र यातना पाएको देखिन्छ र यसको पछाडि पितृसत्तात्मक समाज व्यवस्थाको पनि हात छ भन्ने विचारलाई स्थापित गर्न खोजिएको छ ।

प्रारम्भिक चरणमा लेखिएका नेपाली उपन्यासहरूका अपाङ्ग पात्रहरूको आफू स्वयंप्रतिको दृष्टिकोण अत्यन्त नकारात्मक एवं हीनताग्रस्त देखिन्छ भने पछिल्लो समयका उपन्यासहरूका अपाङ्ग पात्रहरूमा आफू स्वयंप्रतिको दृष्टिकोण सकारात्मक एवं आशावादी बन्दै गएको देखिन्छ । त्यसैगरी प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गताप्रति लेखकहरूको दृष्टिकोण दयाभावमा आधारित देखिन्छ । उनीहरूले अपाङ्ग पात्रहरूका लागि प्रयोग गरेको भाषा अपमानजनक हुनु र त्यस्ता पात्रहरूको प्रयोग गर्नुको उद्देश्य पाठकहरूमा करुणा भाव जागृत गराउनु रहेको देखिनुले प्रारम्भिक चरणका उपन्यासकारहरूमा अपाङ्गताप्रतिको दृष्टिकोण नैतिक मोडलमा आधारित थियो भन्ने स्पष्ट हुन्छ । पछिल्लो समयमा लेखिएका उपन्यासहरूले अपाङ्गता भएका पात्रहरूलाई प्रयोग गरेको भाषा क्रमशः सम्मानजनक हुँदै जानु तथा अपाङ्गताको परम्परागत पहिचानलाई चुनौती दिँदै नयाँ पहिचान निर्माणका लागि अग्रसर भएको देखाउनुले पछिल्लो समयका उपन्यासकारहरू अपाङ्गताप्रति सकारात्मक दृष्टिकोण भएका देखिन्छन् ।

समग्रमा अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा आएको सुधारसँगै लेखकहरूमा पनि अपाङ्गतालाई हेर्ने दृष्टिकोणमा व्यापक सुधार भएको र त्यसैको परिणामस्वरूप नेपाली उपन्यासहरूमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना समेत राम्रो हुँदै गएको देखिन्छ । यसर्थ प्रारम्भिक चरणका उपन्यासहरू अपाङ्गतालाई हेर्ने परम्परागत नैतिक मोडलबाट प्रभावित देखिए तापनि पछिल्लो चरणका नेपाली उपन्यासहरू अपाङ्गतालाई हेर्ने सामाजिक र सांस्कृतिक मोडलतर्फ सर्दै गएको पाइयो । तर आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको चिकित्सा मोडलमा आधारित विचारको उपस्थिति अत्यन्त न्यून पाइयो । अतः आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध, अपाङ्ग पात्रको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय विचारधारा स्थिर नभई समयसँगै परिवर्तन हुँदै गएको देखिन्छ । यो नै यस अध्ययनको प्राप्ति हो ।

# विषय सूची


**शीर्षक** **पृष्ठ सङ्ख्या**

शोध निर्देशकको सिफारिस क

स्वीकृति पत्र ख

प्रतिबद्धता पत्र ग

प्रतिलिपि अधिकार घ

कृतज्ञता ज्ञापन ङ

शोधसार च

**पहिलो परिच्छेद**
**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य १७

१.६ शोधको सीमाङ्कन १७

१.७ शोधविधि १८

१.७.१ सामग्री सङ्कलनविधि १८

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा तथा अर्थापन पद्धति १९

१.८ शोधप्रबन्धको रूपरेखा १९

**दोस्रो परिच्छेद**
**सैद्धान्तिक आधार तथा कृति विश्लेषणको ढाँचा**

२.१ परिचय २१

२.२ अपाङ्गता अध्ययन २१

२.१.१ नैतिक मोडल (मोरल मोडल ) २२

२.१.२ चिकित्सा मोडल (मेडिकल मोडल ) २३
२.१.३ सामाजिक मोडल (सोसियल मोडल) २५
२.१.४ सांस्कृतिक मोडल (कल्चरल मोडल) २९
२.३ अपाङ्गता अध्ययन ३५
२.४ कृति विश्लेषणको ढाँचा ३८
२.४.१ पहिचान, प्रतिनिधित्व र प्रतिरोध ३८
२.४.१.१ पहिचान ३९
२.४.१.२ प्रतिनिधित्व ४१
२.४.१.३ अपाङ्गताको प्रतिनिधित्वमा भाषा र सङ्केत प्रणाली ४२
२.४.१.४ प्रतिरोध ४४
२.५ निष्कर्ष ४५

## तेस्रो परिच्छेद

## आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

३.१ अपाङ्गता सम्बद्ध उपन्यासहरूको सर्वेक्षण ४७
३.२ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध ५२
३.२.१ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको पहिचान ५३
३.२.२ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व ६२
३.२.३ *लङ्गडाको साथी* उपन्यासमा प्रतिरोध चेतना ६०
३.३ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध ६६
३.३.१ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको पहिचान ६४
३.३.२ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व ७२
३.३.३ *ह्वाइट केन* उपन्यासमा प्रतिरोध चेतना ७७
३.४ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध ८१
३.४.१ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको पहिचान ८१
३.४.२ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व ८८
३.४.३ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको प्रतिरोध ९१
३.५ निष्कर्ष ९५

## चौथो परिच्छेद
## आधुनिक नेपाली उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण

४.१ *लङ्गडाको साथी* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण ९८

४.२ *ह्वाइट केन* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण १०१

४.३ *सञ्जीवनी* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण १०५

४.४ निष्कर्ष १०८

## पाँचौं परिच्छेद
## आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा

५.१ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा ११०

५.२ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा १११

५.३ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा ११४

५.४ निष्कर्ष ११७

## छैठौं परिच्छेद
## सारांश र निष्कर्ष

६.१ सारांश ११८

६.२ निष्कर्ष १२३

६.३ सामान्यीकृत निष्कर्ष १२५

६.४ भावी अध्ययनका लागि सुझाव १२७

सन्दर्भ सामग्री सूची १२८

# तालिका सूची

२.१.५ तालिका १ (अपाङ्गताका नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक मोडलको
तुलना ३२
३.२ तालिका २ (अपाङ्गता विषयक नेपाली उपन्यासको सर्वेक्षण) ५१

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको मुख्य विषय आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गता ( फरक क्षमता) को अध्ययनमा केन्द्रित छ । यस सन्दर्भमा प्रस्तुत विषयमा केन्द्रित भई परिचय दिनुपर्ने मुख्य दुई पक्षहरू देखिन्छन् र ती हुन् : (१) आधुनिक नेपाली उपन्यास (२) अपाङ्गता । यस शोधकार्यका उपर्युक्त दुई पक्षहरूमध्ये मुख्य पक्ष अपाङ्गताको अध्ययन हो भने त्यसको आधारभूमि नेपाली उपन्यास हो । त्यसैले यहाँ सर्वप्रथम अपाङ्गताको परिचय दिई यस शोधकार्यको आधारभूमिका रूपमा रहेको आधुनिक नेपाली उपन्यासको चिनारी दिँदै यी दुई पक्षका बीचको सह-सम्बन्धबाट बन्ने शोध्य विषयको परिचय दिइएको छ । पछिल्लो समयमा साँस्कृतिक अध्ययनका क्षेत्रमा नयाँ विषयका रूपमा फरक क्षमताको अध्ययन अर्थात् अपाङ्गता अध्ययनले प्रवेश पाएको छ । वर्तमान पुँजीवादी विश्व बजारमा काम गर्न सक्ने क्षमता नै व्यक्तिको परिचय वा मूल्य बन्न गएको छ । व्यक्तिले जति घण्टा वा हप्ता काम गर्न सक्छ सोहीअनुसार उसको पारिश्रमिक निर्धारण हुने वर्तमान समयमा व्यक्तिको परिचय, पहिचान र मूल्यलाई उसको क्षमतासँग जोडेर हेर्ने गरिएको छ । यस परिप्रेक्ष्यमा शारीरिक वा मानसिक रूपमा अपाङ्गता भएका अर्थात् सामान्य मानिसभन्दा फरक खालका व्यक्तिहरूलाई सम्बोधन गर्न ‘फरक क्षमता भएका व्यक्ति’ पदावलीको प्रयोग गरिन्छ । यस्ता फरक क्षमता भएका वा अपाङ्गता भएका व्यक्तिलाई साहित्यिक कृतिहरूमा कसरी चित्रण गरिएको छ ? त्यस्ता व्यक्तिलाई समाजले कसरी हेर्छ र त्यस्ता व्यक्ति स्वयंले आफूलाई कसरी हेर्छन् भन्ने प्रश्नको जवाफ खोज्नु नै साँस्कृतिक अध्ययनका क्षेत्रमा फरक क्षमताको अध्ययनले उठाएका महत्त्वपूर्ण प्रश्नहरू हुन्  (उप्रेती, २०६८, पृ.२५९) । यी प्रश्नको जवाफ खोज्नका लागि साहित्यिक कृतिमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाबारे अध्ययन गर्नु उपयुक्त हुन्छ ।

उपन्यास जीवन र जगत्का बहुविध विषयमा केन्द्रित भई लेखिने अर्थात् जीवनजगत्लाई विस्तृत रूपमा चित्रण गर्ने बृहदाकार गद्याख्यान हो । उपन्यासलाई वर्तमान पुँजीवादी युगको सबैभन्दा शक्तिशाली साहित्य रचनाका रूपमा लिइन्छ जसले वर्तमान पुँजीवादी विश्वव्यवस्थामा अडेको समाजका संस्कृति, जीवनशैली, द्वन्द्व, आशानिराशा,

चिन्तन र समग्र विश्वदृष्टिलाई प्रभावकारी रूपमा प्रकट गर्न सक्ने मानिएको छ । उपन्यासलाई पुँजीवादी युगको महाकाव्य पनि भनिन्छ । युरोपमा औद्योगिक विकास, पुँजीवादको प्रारम्भ र मध्यम वर्गले एउटा भिन्नै शक्तिका रूपमा महत्त्व पाउन थालेको अठारौँ-उन्नाइसौँ शताब्दीबाट सङ्घर्षमा लागिरहेको मूलतः व्यक्तिवादी मानवको प्रतिनिधित्व गरेर साहित्यमा निरन्तर प्रभुत्वशाली विधा बनेको हुनाले उपन्यासलाई राल्फ फक्सले पुँजीवादी युगको महाकाव्य भनेका हुन् (एटम, २०७४, पृ. ५९) । यसप्रकारको सशक्त साहित्यिक रचनाका रूपमा परिचित उपन्यासको लेखन विश्व साहित्यमा धेरै पहिलेदेखि थालनी भएको भए तापनि नेपाली भाषामा भने उन्नाइसौँ शताब्दीको पूर्वार्द्धदेखि प्रारम्भ भएको मानिन्छ । यस शोधकार्यका सन्दर्भमा नेपाली भाषामा लेखिएका उपन्यासहरूलाई मात्र नेपाली उपन्यासका रूपमा परिभाषित गरिएको छ । नेपाली साहित्यमा शक्तिबल्लभ अर्यालको *महाभारतको विराट पर्व* (वि.सं. १८२७) लाई पहिलो आख्यानात्मक कृति मानिन्छ र उपन्यास लेखनको इतिहासमा पनि सोही कृतिलाई पहिलो औपन्यासिक कृति मानिन्छ ( बराल र एटम, २०५६ पृ. ७१) । भट्टराई (२०७७) का अनुसार आधुनिक नेपाली उपन्यासको प्रारम्भ रुद्रराज पाण्डेको *रूपमति* उपन्यास (१९९१) बाट भएको हो । यसरी उन्नाइसौँ शताब्दीको पूर्वार्द्धदेखि प्रारम्भ भएको नेपाली उपन्यास हालसम्म आइपुग्दा एउटा सशक्त विधाका रूपमा विकसित भएको छ ।

नेपाली उपन्यासमा कहिलेदेखि आधुनिकता भित्रियो ? अर्थात् आधुनिक नेपाली उपन्यासको प्रारम्भ बिन्दु कुन हो भन्ने विषयमा विद्वान्हरूका बीच मतैक्य पाइँदैन तापनि अधिकांश विद्वान्समालोचकहरूले स्वीकार गरेको १९९१ लाई आधुनिक नेपाली उपन्यासको उद्गम बिन्दु मान्दै उक्त समयदेखि हालसम्म नेपाली भाषामा लेखिएका औपन्यासिक कृतिहरूलाई आधुनिक नेपाली उपन्यासका रूपमा लिइएको छ ।

सांस्कृतिक अध्ययन साहित्य समालोचनाका क्षेत्रमा देखापरेको सशक्त अन्तर्विषयक समालोचना पद्धति हो, जसले वास्तविक समाजको नभई साहित्यिक कृतिहरूमा चित्रित समाजका विविध पक्षको अध्ययन गर्दछ । सांस्कृतिक अध्ययनको विशाल छातामा अट्ने बहुविध विषय क्षेत्रहरूमध्ये फरक क्षमता वा अपाङ्गताको अध्ययन पनि निकै महत्त्वपूर्ण विषय हो । कुनै पनि साहित्यिक रचनामा अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी चित्रण गरिएको छ भन्ने कुराको अध्ययन गर्नु सांस्कृतिक अध्ययनका सन्दर्भमा फरक क्षमताको

अध्ययनको मूल अभीष्ट हो । यस शोधकार्यमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त फरक क्षमता वा अपाङ्गता सम्बद्ध विषयको प्रस्तुति, पात्रहरूको सामाजिक साँस्कृतिक अवस्था, अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय विचार वा दृष्टिकोणबारे अध्ययन गरिएको छ । अध्ययनको क्रममा अपाङ्गताका प्रमुख चार मोडलहरू (नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक) लाई आधार बनाई छनोट गरिएका आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध, अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय अवधारणालाई कृति विश्लेषका उपकरण (प्यारामिटर) का रूपमा प्रयोग गरिएको छ ।

नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको प्रयोग गरी उपन्यास लेख्ने परम्पराले छ दशक पार गरिसकेको देखिन्छ । यस खालका पात्र र विषयहरू कि त पाठकमा करुणा भाव उत्पन्न गराउने उद्देश्यले कि त अपाङ्गता भएका पात्रहरूलाई खिसिट्युरी गरी पाठकलाई क्षणिक मनोरञ्जन प्रदान गर्ने उद्देश्यले लेखिएको देखिन्छ । हालसम्म नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको प्रयोग के कति भएको छ ? कुन उद्देश्यले त्यस्ता पात्रहरूलाई प्रयोग गरिएको छ ? समाजले ती पात्रहरूलाई हेर्ने दृष्टिकोण र ती पात्रहरू स्वयंले आफूलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने जस्ता अनगिन्ती प्रश्नहरूको जवाफ खोज्नका लागि सांस्कृतिक अध्ययनका क्षेत्रमा देखा परेको अपाङ्गता अध्ययनको सैद्धान्तिक कसीमा आधुनिक नेपाली उपन्यासको विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक ठानी शोधका निम्ति यो विषय छनोट गरिएको हो ।

## १.२ समस्याकथन

आधुनिक नेपाली उपन्यासमा अपाङ्गता (फरक क्षमता) को अध्ययन भन्ने विषय प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण विषय हो । नेपाली उपन्यास लेखन परम्परामा अपाङ्गता भएका व्यक्ति वा पात्रलाई महत्त्वपूर्ण स्थान दिइएको छ भन्ने कुरा नेपाली साहित्यका प्रवुद्ध पाठकलाई अवगत छ तर नेपाली उपन्यासमा अपाङ्गता भएका पात्र र तिनीहरूको परिवेशलाई कहिलेदेखि चित्रण गर्न थालियो ? नेपाली उपन्यासमा अपाङ्गता भएका व्यक्तिलाई कसरी चित्रण गरिएको छ ? र त्यसो गर्नुका पछाडिको कारण तथा रहस्य के छ ? भन्ने जिज्ञासालाई प्रस्तुत शोध कार्यको मुख्य प्राज्ञिक समस्याका रूपमा लिइएको छ ।

यस शोधकार्यको मुख्य समस्याको एकीकृत समाधान पहिल्याउनका निम्ति निम्नलिखित शोधप्रश्नसँग सम्बद्ध सामग्रीहरूको विश्लेषण गरिएको छ :

(१) आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई कसरी प्रस्तुत गरिएको छ ?

(२) आधुनिक नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण के कसरी चित्रण गरिएको छ ?

(३) आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा कसरी अभिव्यक्त भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको प्राज्ञिक उद्देश्य आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको प्राज्ञिक निरूपण गर्नु हो । यसै मुख्य उद्देश्यलाई एकीकृत रूपमा पूरा गर्नका निम्ति प्रस्तुत अध्ययनमा निम्नलिखित उद्देश्यहरू तय गरिएका छन् :

(१) आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको समीक्षा गर्नु

(२) आधुनिक नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोणको विश्लेषण गर्नु

(३) आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय अभिव्यक्तिको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत पूर्वकार्यको समीक्षामा यस शोधकार्यको मुख्य उद्देश्यअनुरूप नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको अध्ययनसँग सम्बद्ध पूर्वाध्ययनहरूको समीक्षा गरिएको छ र तिनका उपादेयता तथा सीमाहरूको समेत पहिचान गरिएको छ । हालसम्म नेपालीमा फरक क्षमताको अध्ययन सम्बन्धी सैद्धान्तिक आधारमा टेकेर कुनै उपन्यासको विश्लेषण गरिएको पाइएको छैन र सामान्य उल्लेखबाहेक यस क्षेत्रमा खासै काम पनि हुन सकेको देखिँदैन । नेपाली उपन्यास सम्बन्धी नेपाली भाषामा पाइएका समालोचनात्मक ग्रन्थ, अनुसन्धानात्मक लेख, शोधकार्य आदिमा फरक क्षमताको अध्ययनका क्षेत्रमा भएका पूर्वकार्यहरूको कालक्रमिक विवरण दिएर तिनको समीक्षा समेत तल प्रस्तुत गरिएको छ ।

इन्द्रबहादुर राई (२०३१) ले *नेपाली उपन्यासका आधारहरू* शीर्षकको समालोचना ग्रन्थमा लैनसिंह बाङदेलको *लङ्गडाको साथी* र विजय मल्लको *अनुराधा* उपन्यासलाई अपाङ्गता विषय सम्बद्ध उपन्यासका रूपमा चित्रण गरेका छन् । उनको यो पूर्वकार्य अपाङ्गता सम्बद्ध विषय र पात्रको प्रयोग भएका नेपाली उपन्यासको सर्वेक्षणात्मक अध्ययनका लागि उपयोगी हुने भए तापनि अपाङ्गता अध्ययनको सैद्धान्तिक आधारमा टेकेर गरिएको अध्ययन चाहिँ होइन ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकको समालोचना ग्रन्थमा उपन्यास सिद्धान्त र नेपाली उपन्यासको विश्लेषण गर्ने क्रममा *लङ्गडाको साथी* र *अनुराधा* उपन्यासको पनि विश्लेषण गरेका छन् । विश्लेषणका क्रममा *लङ्गडाको साथी*मा गरिबीको दयनीय हालत र अपाङ्ग हुनाको सामाजिक तिरष्कार तथा विसङ्गतिबोध व्यक्त भएको उल्लेख गरेका छन् भने *अनुराधा* उपन्यासकी मुख्य पात्र अनुराधालाई स्थिर व्यामोह (प्यारानोइया) र मनोस्नायुविकृति (न्युरोसिस) बाट पीडित मनोरोगी अर्थात् पागलपन भएकी पात्रका रूपमा चिनाएका छन् । बराल र एटमको उल्लिखित पूर्वकार्य नेपाली उपन्यासको सर्वेक्षणात्मक अध्ययनमा सीमित रहेकाले अपाङ्गता वा अध्ययनको सैद्धान्तिक आधारमा टेकेर अध्ययन गरिएको छैन । यस पूर्वकार्यबाट शोधार्थीलाई अपाङ्गतासम्बन्धी विषय वा पात्र प्रयोग भएका उपन्यासको सर्वेक्षणमा सहयोग पुग्नेछ तर यो पनि फरक क्षमतामै केन्द्रित अध्ययन भने होइन ।

रमेशप्रसाद भट्टराई (२०६३/६४) ले 'अपाङ्गता अध्ययन' शीर्षकको लेखमा विश्वचिन्तनका सन्दर्भमा अपाङ्गता सम्बन्धी विषय एउटा ज्वलन्त प्रश्न र मुद्दाका रूपमा उपस्थित भएको साथै समालोचनाका क्षेत्रमा पनि एउटा नयाँ विषयवस्तुका रूपमा उपस्थित भएको उल्लेख गरेका छन् । बढ्दो प्रदूषण, युद्ध, प्राकृतिक प्रकोप, रोगव्याधी आदिका कारण मानिस जन्मजात रूपमा तथा जन्मेपछि पनि अपाङ्ग बन्न सक्ने वर्तमान सन्दर्भमा अपाङ्गहरू पनि मानिस हुन् र तिनीहरूले पनि मानवीय मूल्य पाउनुपर्छ भन्ने विचारधारासँगै साहित्यमा तिनको चित्रण कसरी भएको छ, तिनको स्थान, अवसर र उपस्थिति कस्तो छ भन्ने प्रश्न पनि उठ्दै गएकाले अपाङ्गता अध्ययन पनि साँस्कृतिक अध्ययनको एउटा अङ्ग भएको कुरा उल्लेख गरेका छन् । उनका अनुसार सन् १९८० को दशकमा सांस्कृतिक अध्ययनको सन्दर्भमा अपाङ्गता अध्ययनको चर्चा प्रारम्भ भए तापनि

छुट्टै विषयका रूपमा चाहिँ सन् १९९० को दशकको मध्यतिरबाट अध्ययनको प्रारम्भ भएको हो । यसका साथै अपाङ्गता अध्ययनको मूल स्वरूप राजनीतिक रहेको र वर्तमान पहिचानको राजनीति (आइडेन्टिटी पोलिटिक्स) कै एउटा अङ्गका रूपमा लिइने कुरा उल्लेख गरेका छन् । फ्रान्सेली दार्शनिक मिसेल फुकोका दार्शनिक एवम् ऐतिहासिक चिन्तन तथा नव इतिहासवाद र शरीर समालोचना (बडी क्रिटिसिज्म) बाट पनि यसले प्रशस्त मौलाउने अवसर प्राप्त गरेको उल्लेख गर्दै अपाङ्गलाई पात्र बनाएर कथा सिर्जना गर्ने परम्परा प्राचीन भए पनि अपाङ्गलाई अपाङ्ग चरित्रका रूपमा विश्लेषण गरी समाजको सीमान्तकृत र अल्पसङ्ख्यक वर्गका रूपमा चित्रण गर्ने परम्परा नितान्त नवीन रहेको विचार प्रस्तुत गरेका छन् । परम्परागत सन्दर्भमा अपाङ्गतालाई भाग्यकै दोषका रूपमा अर्थ्याउने गरिएको भए तापनि अपाङ्गता मूलतः शारीरिक वा मानसिक पक्षबाट जन्मने विषय भएकाले यो भाग्यको दोष नभएर सामाजिक दोष हो भन्ने निष्कर्ष सहित मानिसमा र समाजमा पाइने अन्य विविधता जस्तै अपाङ्गता पनि एक प्रकारको विविधता नै हो भन्ने विचार प्रस्तुत गरेका छन् ।

अपाङ्गता अध्ययले अबलम्बन गर्ने कृति विश्लेषण पद्धतिबारे चर्चा गर्ने क्रममा भट्टराईले उत्तर संरचनावादले अपाङ्गता विश्लेषणको मूल आधार पाठलाई बनाउने र साहित्यिक कृतिमा अपाङ्गको उपस्थिति कसरी भएको छ भन्ने कुराको विश्लेषण गर्दछ भन्ने विचार प्रस्तुत गरेका छन् । अपाङ्गता अध्ययनले साहित्यमा अपाङ्गहरूको विभेदयुक्त प्रस्तुतिको खोजी गर्ने र उनीहरूलाई अवसरबाट बञ्चित गर्ने कुराको विरोध गर्ने उल्लेख गर्दै भट्टराईले उनीहरू कृति र समाजमा कसरी बाँचेका छन्, उनीहरूलाई हेर्ने राज्य र समाजको दृष्टिकोण कस्तो छ र सही दृष्टिकोण कुन हो भन्ने कुराको पहिचान गर्ने कार्य पनि अपाङ्ग समालोचनाले गर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । यसका साथै समयक्रमसँगै उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ वा छैन र साँस्कृतिक मूल्यका दृष्टिले यसको स्थिति कस्तो छ भन्ने कुराको खोजी पनि अपाङ्गता अध्ययनको क्षेत्र अन्तर्गत नै पर्दछ भन्ने उनको बुझाइ छ ।

पूर्व तथा पश्चिमका प्राचीन महाकाव्य, काव्य तथा अन्य रचनाहरूमा अपाङ्गलाई कतिपय अवस्थामा उपेक्षाका सन्दर्भमा र कतिपय अवस्थामा असल भूमिकामा पनि प्रस्तुत गरिएको उल्लेख गर्दै महाभारत, रामायण, इलियट, ओडिसीदेखि युरोपेली साहित्यकारहरू

विलियम सेक्सपियर, चार्ल्स डिकेन्स, गुस्ताव फ्लुवर्टसम्मका रचनाहरूमा पनि अपाङ्गहरूको चित्रण पाइने साथै अपाङ्गता सम्बन्धी लेखनको यो क्रम अमेरिकी साहित्य हुँदै आधुनिक अङ्ग्रेजी साहित्यका विलियम फकनर, फ्लानेरी आकर्नर, कार्सन मकुलर्सह र मोसिनसम्म विस्तार भएको उल्लेख गरेका छन् ।

अपाङ्गता अध्ययनको विषय साहित्यमा अपाङ्गताको चित्रणको अध्ययन गर्नु मात्र नभई अपाङ्गता भएका लेखकहरूका सिर्जना र योगदानको अध्ययन गर्नु पनि हो भन्ने उनको विचार छ । वर्गीय जातीय, लिङ्गीय जस्तै अपाङ्गता अध्ययन पनि पछि परेका समुदायको अध्ययन हो भन्ने कुराले महत्त्व पाउन थालेपछि अपाङ्ग साहित्यका बारेमा पर्याप्त चर्चा हुन थालेकाले अपाङ्गता साहित्यको विषय त हुँदै हो तर मूल रूपमा यो समग्र मानविकीको विषय भएकाले अपाङ्गता अध्ययनले शरीर राजनीतिका विशेष पक्षको मात्र नभई पहिचान राजनीतिको मूल पक्षको पनि अध्ययन गर्नुपर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । अपाङ्गद्वारा अपाङ्गकै विषयमा लेखिएको साहित्य सिर्जनाका दृष्टिले सशक्त हुन्छ भन्ने मान्यता रहेको औँल्याउँदै भट्टराईले यस्तो साहित्यमा अपाङ्गप्रति सकारात्मक सन्देश प्रदान गर्ने र हजारौँ वर्षदेखि दमित, पीडित भई दोस्रो दर्जाका नागरिक सरह बाँच्न बाध्य अपाङ्गहरूले मुक्ति प्राप्त गर्नै पर्छ भन्ने सन्देश प्रस्तुत गरिएको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

अन्त्यमा अपाङ्गहरूको सुन्दर, शान्त र भयरहित जीवनको कामना गर्ने हुँदा अपाङ्गता सम्बन्धी साहित्यमा समाजका पीडक र वर्चस्वशाली वर्गप्रति घृणा र उत्पीडित वर्गका रूपमा रहेका अपाङ्गहरूप्रति सद्भाव र वर्गीय ममता व्यक्त गरिएको हुन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उनको यो अध्ययन पनि कृति विश्लेषणमा नभई अपाङ्गता अध्ययनको सैद्धान्तिक विमर्श र कृति विश्लेषणको सैद्धान्तिक ढाँचामा केन्द्रित छ ।

सञ्जीव उप्रेतीले *सिद्धान्तका कुरा* (२०६८) शीर्षकको सैद्धान्तिक समालोचना ग्रन्थमा 'फरक क्षमताको अध्ययन' शीर्षकमा फरक क्षमताका विविध आयामबारे चर्चा गरेका छन् । उनले गएका दुई दशकभित्र सांस्कृतिक अध्ययनका क्षेत्रमा अपाङ्गता वा फरक क्षमताको अध्ययन एउटा नयाँ विषयका रूपमा देखा परेको कुरा उल्लेख गर्दै वर्तमान पुँजीवादी विश्वमा मानिसको पहिचान नै उसको काम गर्ने क्षमतासँग जोडिएको कुरा प्रस्तुत गरेका

छन् । उनले व्यक्तिको पहिचान नै उसको काम गर्ने क्षमतासँगै जोडिएको वर्तमान परिप्रेक्ष्यमा सामान्य व्यक्ति सरह काम गर्न नसक्ने व्यक्तिहरूलाई बुझाउन 'फरक क्षमता भएका व्यक्ति' पदावलीको प्रयोग गरिएको र त्यस्ता व्यक्तिलाई साहित्यिक कृतिमा कसरी चित्रण गरिएको छ ? त्यस्ता पात्रलाई समाजले कसरी हेर्छ ? र त्यस्ता व्यक्तिले आफू स्वयंलाई कसरी हेर्छन् भन्ने जस्ता सवालहरू फरक क्षमताको अध्ययनका क्षेत्रमा उठेका प्रमुख सैद्धान्तिक प्रश्नहरू भएको उल्लेख गरेका छन् ।

मार्था एड्वार्डस्लाई उद्धृत गर्दै उप्रेतीले प्राचीन ग्रिसेली नाटकहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई तार्किक क्षमता नभएका, हाँसो उठ्दा पात्रका रूपमा चित्रण गरेको उल्लेख गरेका छन् । अपाङ्ग शिशुप्रतिका धेरैजसो ग्रिक मान्यताहरू पछि गएर रोममा पनि प्रचलित भएको, रोममा परिवारको मूली पुरुषलाई अपाङ्ग शिशुलाई त्याग्न, बेच्न, अङ्गभङ्ग गर्न वा टीवर नदीमा बगाउन पूर्ण स्वतन्त्रता भएको र विस्तारै यो व्यवस्था परिवर्तन भई रोमन साम्राज्यका पछिल्लो शताब्दीहरूमा अपाङ्गहरूप्रति गरिने क्रुर व्यवहार विरुद्ध केही नियम कानुनहरू बनेको उल्लेख गरेका छन् । रोमन परम्परालाई पछ्याउँदै मध्यकालीन युरोपमा समेत धनी परिवारमा अर्धपागल र अपाङ्गहरूलाई हाँसखेल गर्न र आनन्दको प्रयोजनका निम्ति पालेर राख्ने चलन चलेको र सोह्रौँ र सत्रौँ शताब्दीको युरेपेली पुनर्जागरण हुँदै अठारौँ शताब्दीका तार्किक युगसम्म आइपुग्दा अपाङ्ग र पागलहरूप्रति रहेको सामाजिक पूर्वाग्रहमा केही बदलाव आउन थालेको साथै अठारौँ शताब्दीदेखि बीसौँ शताब्दीसम्म आइपुगुन्जेलमा पागलपन, अपाङ्गता र शारीरिक वा मानसिक अक्षमता बारेका मध्यकालीन पूर्वाग्रहहरू कम हुँदै गएको, कतिपय ठाउँमा अहिलेसम्म पनि अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने दुर्व्यवहार कायम नै रहेको, प्राचीन ग्रिसमा अपाङ्गता भएका व्यक्तिलाई कुसङ्केत (स्टिग्मा) का रूपमा लिइदै उनीहरूको शरीरमा भएका कमजोरी वा फरकपनलाई चोर, अपराधी वा समाजलाई विश्वासघात गर्ने व्यक्ति हुनुको लक्षण मानिन्थ्यो भन्ने विचार प्रस्तुत गरेका छन् । मिसेल पाइन तथा एड्रियान ऐशलाई उद्धृत गर्दै उप्रतीले फरक क्षमता भएका पुरुषको तुलनामा त्यस्तै प्रकारका नारीहरूले अझै बढी सामाजिक अपहेलना खप्नु पर्ने बाध्यता रहेको उल्लेख गरेका छन् । उप्रेतीले तेस्रो विश्वबाट आएका तर अङ्ग्रेजी फ्रान्सेली वा अन्य युरोपेली भाषामा लेख्ने धेरै लेखकका रचनामा अपाङ्गता र पागलपनका प्रशस्त बिम्ब र मिथकहरू पाइने कुरा उल्लेख गरेका छन् ।

यसै पुस्तकको 'पागलपन, असामान्यता र अनुराधा' शीर्षकमा उप्रेतीले लाटा, अन्धा तथा बहिरा व्यक्तिहरूलाईझैँ पागलहरूलाई पनि असामान्य मानिने, पागल व्यक्तिका निधारमा कोरिएका कुसङ्केतका छापहरू अझ गहिरो हुने साथै एकपटक पागलको दर्जा पाइसकेको व्यक्तिलाई सामान्य जीवन बिताउन निकै गाह्रो हुने भएकाले मानसिक समस्याबाट गुज्रिने व्यक्तिका आफन्तले उक्त समस्यालाई प्रायः ढाकछोप गर्ने गरेको कुरा उल्लेख गरेका छन् । उप्रेतीले नेपाली साहित्यमा पनि पागलपनलाई विषयवस्तु बनाएर थुप्रै नाटक, उपन्यास कविता आदि लेखिएको उल्लेख गर्दै लक्ष्मीप्रसाद देवकोटाको प्रख्यात कविता *पागल,* विजय मल्लको उपन्यास *अनुराधा* र नाटक *बहुलाकाजीको सपना,* विन्द्या सुब्बाको *अथाह,* ध्रुवचन्द्र गौतमका *स्वर्गीय हीरादेवीको खोज* तथा सञ्जीव उप्रेतीको *घनचक्कर* लाई पागलपनको विषयलाई चित्रण गर्ने साहित्यिक रचनाका उदाहरणका रूपमा लिन सकिने बताएका छन् । यसै लेखमा उप्रेतीले *अनुराधा* उपन्यासका पात्रहरू अनुराधा र आख्याता दुबै असामान्य मनोदशामा गुज्रिरहेका पात्रहरू भएको कुरा उल्लेख गरेका छन् । उनको यो पूर्वकार्य अपाङ्गताको अध्ययन परम्परा, पृष्ठभूमि र सैद्धान्तिक पक्षको जानकारीका लागि उपयोगी देखिन्छ तापनि यो अपाङ्गताको अध्ययनको सैद्धान्तिक आधारमा टेकेर साहित्यिक कृतिहरूको विस्तृत विश्लेषण गरिएको लेख भने होइन ।

निमग्ना घिमिरे (२०७८) ले *समकालीन नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको आलेखमा अपाङ्गतासँग सम्बन्धित समकालीन नेपाली उपन्यासहरूको सर्वेक्षणात्मक विवरण प्रस्तुत गरी केही उपन्यासहरूको विश्लेषणसमेत गरेकी छन् । शारीरिक र मानसिक अपाङ्गतालाई सैद्धान्तिक आधार बनाइएको यस आलेखमा शारीरिक अपाङ्गता अन्तर्गत मनिषा गौचनको उपन्यास *ह्वाइट केन* र कल्पना श्रेष्ठ कल्पपुञ्जको उपन्यास *सञ्जीवनी*को विश्लेषण गरिएको छ भने मानसिक अपाङ्गता अन्तर्गत जानुका खतिवडाको *शून्य* र तीर्थ गुरुङको *पाठशाला* उपन्यासको विश्लेषण गरिएको छ । समकालीन नेपाली उपन्यासमा अपाङ्ग भएकै कारण समाजमा सवलाङ्गहरूबाट अपहेलित र तिरस्कृत हुनुपरेको स्थितिको चित्रण गर्दै अपाङ्गता भएका व्यक्तिहरूले पनि अवसर पाएमा आत्मनिर्भर भई जीवनयापन गर्न सक्छन् भन्ने विचार प्रस्तुत गरिएको छ भन्ने निष्कर्षमा पुगेको प्रस्तुत आलेख आधुनिक नेपाली उपन्यासमा अपाङ्गता सम्बद्ध विषयको उठान गरिएका उपन्यासहरूको

सर्वेक्षणात्मक जानकारीका लागि उपयोगी देखिन्छ तर यो आलेख पनि अपाङ्गता अध्ययनको सैद्धान्तिक आधारमा टेकेर गरिएको सूक्ष्म अध्ययन भने होइन ।

राजेन्द्र सुवेदी (२०७३) ले *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* शीर्षकको समालोचना ग्रन्थमा साँस्कृतिक अध्ययनका विविध आयाममा टेकेर नेपाली साहित्यको विश्लेषण गर्ने क्रममा 'नेपाली साहित्यमा कुसङ्केतनता र अपाङ्गता' शीर्षकको लेखमा फरक क्षमता वा अपाङ्गताबारे सामान्य चर्चा गरेका छन् । उनले साहित्यको सांस्कृतिक सन्दर्भका अनेक आयामहरूमध्ये कुसङ्केतन र अपाङ्गता पनि एक विवेचनीय विषय भएको उल्लेख गर्दै नेपाली समाजमा रहेको अपाङ्गहरूलाई कुसङ्केत वा अपशकुनका रूपमा हेर्ने प्रवृत्ति नेपाली साहित्यिक रचनाहरूमा समेत प्रतिबिम्बित भएको धारणा प्रस्तुत गरेका छन् । यसै आलेखमा 'नेपाली आख्यानका सन्दर्भमा अपाङ्गता' उपशीर्षकमा लैनसिंह बाङदेलको उपन्यास *लङ्गडाको साथी* बारे छोटो टिप्पणी गर्दै सुवेदीले प्रस्तुत उपन्यासमा मानवीय स्वाभिमान र संवेदना बाह्य आङ्गिक विकलता रहे पनि आन्तरिक रूपमा पूर्णतया सबल हुन्छ भन्ने कुरा प्रस्तुत उपन्यासमा परविकलाङ्गताको अनुभूतिलाई संरचनात्मक रूप प्रदान गरेको विचार प्रस्तुत गरेका छन् । उनको यो पूर्वकार्य फरक क्षमता भएका पात्रको प्रयोग गरिएका उपन्यासहरूको सर्वेक्षणका क्रममा उपयोगी देखिए तापनि फरक क्षमताको अध्ययनका सन्दर्भमा गहन लेख बन्न सकेको छैन । उनको यो पूर्वकार्य नेपाली साहित्यमा अपाङ्गतालाई कुसङ्केत वा अपशकुनका रूपमा पनि लिइने कुराको जानकारीका लागि उपयोगी हुने भए तापनि अपाङ्गताको सैद्धान्तिक आधारमा टेकेर गरिएको अध्ययन होइन ।

जीवलाल बस्याल (सन् २०१९) ले 'फरक क्षमताको अध्ययनका दृष्टिले लङ्गडाको साथी उपन्यास' शीर्षकको लेखमा अपाङ्गता अध्ययनको पृष्ठभूमिबारे चर्चा गर्ने क्रममा द्वितीय विश्वयुद्धको समयावधिमा स्थापित पुनर्स्थापना केन्द्रहरू युद्धको अन्त्यसम्म नै कायम रहेको र ती केन्द्रहरू नै अपाङ्गता सम्बन्धी विचारधारात्मक ज्ञानको स्रोतका रूपमा देखापरेको उल्लेख गरेका छन् । ती केन्द्रहरूले अपाङ्गलाई सामाजिक र सांस्कृतिक रूपमा भन्दा चिकित्साशास्त्रीय र उपचारात्मक समस्याका रूपमा परिभाषित गरेको उल्लेख गरेका छन् । सन् १९९० को आरम्भमा अमेरिकामा अपाङ्गताको अध्ययन विषय आरम्भ भएको र यसले समाजशास्त्रलाईभन्दा मानविकी शास्त्रलाई विशेष जोड दिन खोजेको देखिने उनको तर्क छ । साहित्यिक कृतिमा संस्कृतिगत तत्त्व छलफलको महत्वपूर्ण विषय बन्न पुगेपछि

सांस्कृतिक अध्ययनभित्र अपाङ्गता अध्ययनले नयाँ आकार ग्रहण गरेको उल्लेख गर्दै बस्यालले विश्व साहित्यको सन्दर्भमा हेर्दा अफ्रिका, एसिया र दक्षिण अमेरिकाका सिद्धान्तकार र शोधार्थीहरूले सांस्कृतिक अध्ययनभित्र राजनीतिक, आर्थिक विषयलाई मुख्य जोड दिएर अपाङ्गताको विश्लेषण गर्न खोजेको विचार प्रस्तुत गरेका छन् । उनले अपाङ्गताको अध्ययन अल्पसङ्ख्यकको अध्ययन भएको र यो मूलतः नागरिक अधिकारको आन्दोलनसँग गाँसिएको विषय भएको उल्लेख गर्दै अपाङ्गता अध्ययनका निम्ति मिसेल फुकोको लैङ्गिकता, पागलपन र जैविक शक्तिको सिद्धान्त महत्त्वपूर्ण सावित हुने विचार प्रस्तुत गरेका छन् । अपाङ्गता अध्ययनको चिकित्साशास्त्रीय मतले यसलाई आफ्नो वशमा रहेको उपचार, रोकथाम, पुनर्स्थापना र समुन्नतिको नमुना मान्ने र सामाजिक नमुनाले शिक्षा र रोजगारी प्राप्ति तथा व्यवधानको निराकरणमा विशेष सरोकार राख्ने कुरा उल्लेख गर्दै सामाजिक एवम् पारिवारिक दुर्व्यवहारका कारण उत्पन्न आभ्यान्तरिक आघात वा चोट अपाङ्गता अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष भएको उल्लेख गरेका छन् । वर्तमान अपाङ्गता अध्ययन अमेरिका, वेलायत, अस्ट्रेलिया र न्युजिल्याण्डमा सर्वाधिक विकसित रहेको तथ्य प्रस्तुत गर्दै बस्यालले अमेरिकामा अपाङ्गता अध्ययनको बेग्लै विभाग नभएको तर त्यहाँका विश्वविद्यालयहरूले यस विषयलाई मूल विषय र सहायक विषयका रूपमा अध्ययन गर्ने अवसर प्रदान गरेको उल्लेख गरेका छन् । नेपालमा त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका मानविकी र सामाजिक शास्त्र सङ्कायमा बेग्लै विषयका रूपमा नभएर अन्तर्विषयक सामग्रीका रूपमा अपाङ्गता अध्ययनको पठनपाठन हुँदै आएको उल्लेख गरेका छन् ।

अपाङ्गता अध्ययनको कृति विश्लेषण ढाँचाको सन्दर्भमा अपाङ्गप्रतिको सामाजिक दृष्टिकोण र व्यवहार एउटा प्रमुख सरोकारको विषय भएको र उपन्यासको मूल पात्र आफूले आफैलाई कसरी हेर्छ भन्ने प्रश्न अपाङ्ग अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष हो भन्ने तर्क प्रस्तुत गरेका छन् । उनको यो अध्ययन अपाङ्गता अध्ययनको सैद्धान्तिक अवधारणा र कृति विश्लेषणको ढाँचामा मात्र सिमित नभई कृति विश्लेषणमै केन्द्रित छ तर पनि *लङ्गडाको साथी* उपन्यासमा मात्र केन्द्रित हुनु यसको सीमा हो ।

बिन्दु शर्मा (२०७५/७६) ले 'धृतराष्ट्र खण्डकाव्यमा अपाङ्गता' शीर्षकको लेखमा *धृतराष्ट्र* खण्डकाव्यमा अपाङ्गताका सामाजिक आयामहरू कसरी अभिव्यक्त भएका छन् र

त्यसमा सामाजिक विभेदविरुद्धको प्रतिरोधमा अपाङ्ग पात्र र लेखकीय चेतना कुन रूपमा प्रकट भएको छ भन्ने विषयबारे चर्चा गरेकी छन् । यस लेखमा शर्माले अपाङ्गता अध्ययनको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्दै अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोण, अपाङ्ग पात्रको स्वयमप्रतिको चिन्तन र अपाङ्गताप्रतिको लेखकीय अवधारणालाई सैद्धान्तिक ढाँचाका रूपमा ग्रहण गरी *धृतराष्ट्र* खण्डकाव्यको विश्लेषण र मूल्याङ्कन गर्दै महाभारतका खलपात्र धृतराष्ट्रका माध्यमबाट अपाङ्गताप्रति रुढीगस्त र विभेदकारी चिन्तन रहेको नेपाली समाजलाई आलोचना गर्दै अपाङ्ग पात्रले वर्तमानमा भोग्नुपरेका सङ्कट र विभेदलाई समेटेर उसमा जागृत प्रतिरोधी चेतनालाई सघन बनाई अपाङ्गताका पक्षमा प्रगतिशील वैचारिकता प्रकट गर्न *धृतराष्ट्र* खण्डकाव्य सफल रहेको निष्कर्ष निकालेकी छन् । उनको यो अध्ययन अपाङ्गता अध्ययनको ऐतिहासिक विकास, सैद्धान्तिक अवधारणा र कृति विश्लेषणको ढाँचा बुझ्नका लागि लाभदायक देखिन्छ । *धृतराष्ट्र* खण्डकाव्यमा मात्र केन्द्रित हुनु साथै अपाङ्गता अध्ययनको सामाजिक मोडलमा मात्र केन्द्रित हुनु यस कार्यको सीमा हो ।

तुलसी आचार्य (सन् २०२१) ले *सेक्स, जेन्डर एण्ड डिसाबिलिटी इन नेपाल* नामक पुस्तकमा यौन, लैङ्गिकता र अपाङ्गताका विविध आयामहरूबारे चर्चा गरेका छन् । यस पुस्तकमा लेखक आचार्यले नेपाली साहित्यका पाँचजना महिला साहित्यकारहरू राधिका ढकाल, झमक घिमिरे, सावित्री कार्की, पारिजात र मिरा शाहीका आत्मवृत्तान्तको अध्ययन गरी अपाङ्गता भएका मानिसहरूको अधिकार सम्बन्धी कानुनी व्यवस्थाहरू र अपाङ्गता भएका महिला लेखकहरूका भोगाइ बिच के कति तादात्म्यता छ भन्ने कुराको खोजी गरेका छन् । उत्तर संरचनावादी समालोचक/चिन्तक मिसेल फुकोको ज्ञान र शक्ति सम्बन्धी अवधारणा र उत्तर औपनिवेशवाद तथा सवार्ल्टन अध्ययनकी सशक्त विचारक गायत्री चक्रवर्ती स्पिभाकका विचारहरूलाई सैद्धान्तिक आधार बनाइएको यस पुस्तकमा अपाङ्गता भएका पुरुषहरूको तुलनामा महिलाहरू बढी उत्पीडित भएको र नेपालमा विद्यमान कानुनी व्यवस्थालाई संशोधन गरी अपाङ्ग महिलामैत्री बनाउनुपर्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यस पुस्तकमा आचार्यले नेपाली समाजमा महिलाहरूको अस्तित्व मातृत्व क्षमता र पारिवारिक हेरचाह गर्न सक्ने क्षमतासँग जोडिएको साथै अपाङ्गता भएका महिलाहरूलाई

यी दुबै क्षमता नभएका अर्थात् काम नलाग्ने महिलाका रूपमा हेरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी (CRPD) मा हस्ताक्षर गरेको भए तापनि यसमा उल्लिखित प्रावधानहरू राम्रोसँग कार्यान्वयन हुन नसकेको साथै नेपालका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी कतिपय कानुनहरू समेत संशोधन गर्नुपर्ने अवस्थामा रहेको उल्लेख गरेका छन् ।

अपाङ्गता अध्ययनको सैद्धान्तिक अवधारणाबारे चर्चा गर्दै आचार्यले फुकोको बायोपावर, बायोपोलिटिक्स र यौनिकता सम्बन्धी दृष्टिकोणले नेपालमा अपाङ्गता र लिङ्ग यौनिकतालाई व्यापक सामाजिक तथा ऐतिहासिक सन्दर्भमा बुझ्न मदत गर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । गायत्री चक्रवर्ती स्पिभाकका विचारहरूलाई उद्धृत गर्दै आचार्यले उत्तर औपनिवेशिक सन्दर्भमा उपनिवेशकर्ताहरू आफूलाई सक्षम र उपनिवेशमा पारिएका ( कोलोनियल सब्जेक्ट) हरूलाई अक्षम मानिसहरूका रूपमा चित्रण गर्छन् साथै ज्ञान र शक्तिले कोलोनियल सब्जेक्टहरूलाई नाम दिने, परिभाषित गर्ने र नियन्त्रण गर्ने काम गर्दछन् । जुन फुकोको बायोपावरको अवधारणासँग मिल्छ भन्ने विचार प्रस्तुत गरेका छन् । अपाङ्गता अध्ययनको सैद्धान्तिक अवधारणाबारे चर्चा गर्ने क्रममा आचार्यले कसैले पनि आफ्नो शरीरको प्रकृति वा स्वाभावलाई परिवर्तन गर्न नसक्ने भएकाले अपाङ्गलाई फरक प्रकारको क्षमताका रूपमा स्विकार्नु पर्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

यस पुस्तकमा आचार्यले अपाङ्गता भएका महिलाहरू महिलाका रूपमा र अपाङ्गता भएका व्यक्तिका रूपमा दुबै कारणले दोहोरो रूपमा उपेक्षित छन् भन्ने तथ्य अघि सार्दै नेपालमा अपाङ्गता भएका मानिसहरूको अधिकारका पक्षमा जेजति कानुन तथा नीति नियमहरू निर्माण गरिएका छन् ती सबै अपाङ्गतालाई एकमुष्ट रूपमा हेरेर निर्माण गरिएकाले अपाङ्गता भएका महिलाहरूका लागि छुट्टै विशेष कानुनी व्यवस्था गरिनुपर्ने साथै पुनर्स्थापना, शिक्षा, रोजगारी बाहेक अपाङ्गता भएका महिलाहरूका लागि थुप्रै भावनात्मक र मनोवैज्ञानिक पक्षहरूमा ढाडस दिने खालका नीति नियमहरू बनाउनु आवश्यक रहेको विचार प्रस्तुत गरेका छन् । आचार्यको यो पुस्तक अपाङ्गता अध्ययनको सैद्धान्तिक अवधारणा, अपाङ्गता अध्ययनले अघि सारेको पाठ (कृति) विश्लेषणको ढाँचा

बुझ्नका लागि महत्त्वपूर्ण छ । अपाङ्गता भएका पाँचजना महिला लेखकहरूका आत्मथाहरूको विश्लेषणमा मात्र केन्द्रित हुनु यस पुस्तकको सीमा हो ।

रजनी ढकाल (सन् २०२४) ले 'नेपाली कथामा अपाङ्ग शरीरमाथिको राजनीति' शीर्षकको लेखमा महेश थापाको 'यात्रा', महेश पौड्यालको 'बगर', एल.बी. क्षेत्रीको 'मृदुलको आत्मकथा', प्रज्ज्वल पराजुलीको 'खुँडे ओठ' र मनिषा गौचनको 'अतृप्त भोक' गरी पाँचवटा अपाङ्गता सम्बन्धी विषयवस्तु तथा पात्रहरू समेटिएका कथाहरूको विश्लेषण गरेकी छन् । उत्तरसंरचनावादी चिन्तक मिसेल फुकोले शरीरको केन्द्रियतामा आधारित भई ज्ञान, शक्ति तथा भौतिक भिन्नता र इच्छाहरूको नियमितताको अध्ययन गरेको कुरा उल्लेख गर्दै उनले शरीर पनि एउटा विमर्शका रूपमा स्थापित भएको सन्दर्भ प्रस्तुत गर्दै शरीर कसरी संस्थागत ज्ञान र नियन्त्रणको सङ्गठित उत्पादन हो भन्ने कुराको विश्लेषण गरेकी छन् । उनले यो लेखमा साहित्यमा शरीरको अवस्था, मातृत्व, खानपान, शरीरको सांस्कृतिक सङ्केत, यौनिकता, अपाङ्गता, वजन लगायतका विषयहरू कसरी प्रतिबिम्बित भएका छन् भन्ने कुराको अध्ययन शरीर राजनीतिले गर्छ भन्दै अपाङ्गता अध्ययनलाई शरीर राजनीतिकै एउटा पक्षका रूपमा चित्रण गरेकी छन् । ढकालले अपाङ्ग शरीर र त्यसका कारण निर्मित पाठ साहित्य अध्ययनका दृष्टिले महत्त्वपूर्ण हुने र यस्तो लेखनमा अपाङ्गताको शारीरिक सन्दर्भ समेत समेटिएको हुने भएकाले अपाङ्गता शरीर राजनीतिको पहिलो पक्ष हो भन्ने कुरा उल्लेख गरेकी छन् । उनका अनुसार शरीर राजनीतिको अध्ययनमा अपाङ्गतालाई सांस्कृतिक र राजनीतिक सन्दर्भबाट विश्लेषण गरिन्छ । प्रारम्भमा साहित्यिक अपाङ्गताको अध्ययन अपाङ्ग मानिसहरूको आख्यानात्मक प्रस्तुतिमा मात्र सीमित थियो र ती आख्यानहरूमा दृष्टिबिहीन वा सुस्तश्रवण वा अन्य प्रकारका भौतिक अपाङ्गता भएका चरित्रहरूलाई साङ्ग चरित्रसँग जोडेर प्रस्तुत गरिन्थ्यो । यस्तो अवस्थामा समालोचकहरूले समेत अपाङ्गहरूलाई नकारात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । बिस्तारै अपाङ्गता सम्बन्धी अध्ययनलाई मानिसको सकारात्मक धारणाबाट प्रस्तुत गर्ने काम हुन थालेको र यो शरीर राजनीतिको एउटा विषय समेत बन्न पुगेको उनको ठम्याइ छ ।

उनले वर्तमान अवस्थामा अपाङ्गता अध्ययनको चित्रणमा चरित्रहरूलाई भौतिक कारण र दैनिक जीवनको अवस्थाका रूपमा हेर्दै उनीहरूको अस्तित्वको चर्चा हुने गरेको र अपाङ्गता भएका पात्रहरूलाई आख्यानात्मक रूपमा प्रस्तुत गर्ने र कार्यस्थलमा शक्तिशाली

देखाउने परम्परा विकास भएको उल्लेख गरेकी छन् । त्यसबाहेक उनीहरूको कथालाई पीडा, दुःख र दयामा मात्रै नभई प्रतिरोधी चेतनालाई समेत जोडेर प्रस्तुत गरेको पाइने कुरा उल्लेख गरेकी छन् । पछिल्लो समयका लेखकहरू अशक्त पात्रको शरीरमाथि समाज, व्यवस्था र मानिसका परम्परित सोच र दृष्टिकोणले निर्माण गरेका विभेदी व्यवहारप्रति आक्रामक भएका छन् भन्ने उनको निष्कर्ष छ । ढकालको यो लेख अपाङ्गता अध्ययनको सैद्धान्तिक अवधारणा र कृति (पाठ) विश्लेषणको ढाँचा बुझ्नका लागि उपयोगी रहेको भए तापनि पाँचवटा कथाको विश्लेषणमा मात्र केन्द्रित हुनु यस लेखको सीमा हो ।

दुर्गाबहादुर घर्ती (२०८१) ले *सांस्कृतिक अध्ययन* नामक समालोचना कृतिमा सांस्कृतिक अध्ययनको अमेरिकी सम्प्रदायबारे चर्चा गर्ने क्रममा अपाङ्गता अध्ययन सम्बन्धी मान्यताहरू उल्लेख गरेका छन् । उनले सामाजिक इतिहास हेर्दा अपाङ्गहरूलाई प्राचीन कालदेखि नै हेय ठानिएको भए तापनि अहिले उनीहरूलाई हेर्ने दृष्टिकोणमा केही सुधार आएको तर त्यो पर्याप्त नभएको कुरा उल्लेख गरेका छन् । यसका साथै सांस्कृतिक अध्ययनमा अपाङ्ग व्यक्तिको सामाजिक आर्थिक अवस्था, उसका क्रियाकलाप र सामाजिक सम्बन्ध, उसको आफू स्वयम् र समाजलाई हेर्ने दृष्टिकोण एवम् समाजले उसको अपाङ्गतालाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण हुने उल्लेख गरेका छन् । सिबर्सलाई उद्धृत गर्दै उनले परम्परागत रूपमा अपाङ्गतालाई मृत्यु, रोग, चोटपटक जस्ता कलङ्कका रूपमा लिइएको पाइने भए तापनि अपाङ्गता कलङ्क अर्थात् वैयक्तिक दोष नभएर सामाजिक अन्यायको उपज हो भन्ने विचार प्रस्तुत गरेका छन् । उनका अनुसार अपाङ्गता अध्ययनले अपाङ्गतालाई रोग वा असमर्थताको अध्ययन नभई त्यसलाई सामाजिक अर्थ, प्रतीक, अपाङ्गतासम्बन्धी चिह्नका रूपमा अध्ययन गर्दछ र सक्षम शरीर वा मस्तिष्कले गुणस्तरीय मान्छे हो कि होइन भनेर निर्धारण गर्दछ भन्ने व्यापक विश्वासलाई आक्रमण गर्दै तिनीहरू कसरी बहिष्कार र उत्पीडनको प्रणालीसँग सम्बद्ध छन् भनेर प्रश्न गर्दछ । अपाङ्गता कुनै शारीरिक वा मानसिक दोष नभई सांस्कृतिक र अल्पसङ्ख्यक पहिचान हो भन्ने उनको निष्कर्ष रहेको छ । उनको यो कार्य पनि अपाङ्गता अध्ययनको सैद्धान्तिक विमर्शमै सीमित रहेको छ ।

अमृतादेवी शर्मा (२०८१) ले 'जीवन काँडा कि फूलमा अपाङ्गता चेतना' शीर्षकको लेखमा झमक घिमिरेको आत्मसंस्मरणात्मक कृति *जीवन काँडा कि फूल* मा अभिव्यक्त

अपाङ्गता चेतनाको विश्लेषण गरेकी छन् । अपाङ्गताको सामाजिक मोडल (सोसियल मोडल अफ डिसाबिलिटी) लाई सैद्धान्तिक आधार बनाएर लेखिएको प्रस्तुत लेखमा अपाङ्गताका नैतिक, चिकित्सा, जीवमनोवैज्ञानिक लगायतका अन्य मोडलहरूको पनि उल्लेख गरेकी छन् । *जीवन काँडा कि फूल* कृतिमा अपाङ्गहरूप्रतिको सामाजिक दमनको स्वरूप, सामाजिक बेवास्ता र पृथकीकरणको विरोध र रूपान्तरणको प्रयासबारे विश्लेषण गरिएको प्रस्तुत लेखमा अपाङ्गता तुलनात्मक रूपमा केही फरक अवस्थामा रहेका अल्पसङ्ख्यक मानिसलाई धेरै सङ्ख्यामा रहेका मानिसहरूले गर्ने दमन हो र यो सामाजिक रूपमा शक्तिहीन तुल्याइएकाहरूमाथि शक्तिशालीहरूले गरेको राजनीति हो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । अपाङ्गताको सामाजिक मोडलमा मात्र केन्द्रीत हुनु र *जीवन काँडाकी फूल* कृतिलाई मात्र अध्ययनको विषय बनाउनु यस लेखका सीमाहरू हुन् ।

उपर्युक्त पूर्वकार्यहरू अपाङ्गताको सैद्धान्तिक अवधारणा तथा अपाङ्गता सम्बद्ध विषय, पात्र, परिवेश आदिको प्रयोग भएका नेपाली उपन्यासहरूको अध्ययन विश्लेषणमा केन्द्रित छन् । इन्द्रबहादुर राई, कृष्णहरि बराल र नेत्र एटम, निमग्ना घिमिरे, राजेन्द्र सुवेदी, जीवलाल बस्याल, बिन्दु शर्मा, तुलसी आचार्य, रजनी ढकाल र अमृतादेवी शर्माका पूर्वकार्यहरू प्रयोगात्मक अध्ययनसँग सम्बन्धित छन् भने सञ्जीव उप्रेती, रमेश भट्टराई र दुर्गाबहादुर घर्तीका लेखहरू अपाङ्गता अध्ययनको सैद्धान्तिक पक्षमा केन्द्रित छन् । उपर्युक्त पूर्वकार्यको अध्ययनबाट आधुनिक नेपाली उपन्यासबारे धेरै समालोचकहरूले अध्ययन विश्लेषण गरेको भए तापनि अपाङ्गताको अध्ययन सम्बद्ध पूर्वकार्यहरू अत्यन्त कम मात्र भएको देखिन्छ । समग्रमा प्रस्तुत अध्ययनसँग सम्बद्ध पूर्वकार्य अन्तर्गत कुनै पनि सामग्रीमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गता सम्बद्ध विषय, पात्र र परिवेशको समग्र पक्षको अध्ययन, विश्लेषण र मूल्याङ्कन नगरिएको परिप्रेक्ष्यमा यस शोध कार्यमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताका विविध आयामबारे सुव्यवस्थित रूपमा प्रायोगिक एवम् कृतिपरक अध्ययन गरी उक्त अभावपूर्ति गर्ने प्रयास गरिएको छ ।

हालसम्म भएका नेपाली उपन्यास र अपाङ्गता विषयक पूर्वकार्यको अध्ययनबाट साहित्यिक कृतिहरूमा चित्रित अपाङ्गता, अपाङ्गता भएका पात्रहरूको सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्था, अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण, अपाङ्गता भएका पात्रहरूप्रतिको सामाजिक दृष्टिकोण, अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण,

साहित्यिक कृतिमा अपाङ्गताको प्रतिनिधित्व, पहिचान र प्रतिरोध आदिलाई कृति विश्लेषणका आधार मान्न सकिने निष्कर्षमा पुगिन्छ ।

## १.५ शोधको औचित्य

पूर्वकार्यको अध्ययनको समीक्षाबाट प्राप्त निष्कर्षलाई हेर्दा आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको अध्ययनबारे विभिन्न विद्वान् तथा समीक्षकहरूबाट विभिन्न टीकाटिप्पणी र समीक्षाहरू भए तापनि अपाङ्गताको अध्ययनको सैद्धान्तिक आधारमा टेकेर आधुनिक नेपाली उपन्यासको अध्ययन विश्लेषण भएको पाइँदैन । नेपाली उपन्यासमा फरक क्षमताको अध्ययनबारे हालसम्म गरिएका टीकाटिप्पणी र शोध अनुसन्धान सीमित र अपर्याप्त रहेकाले यसबारे थप अध्ययन गर्नु आवश्यक छ । प्रस्तुत शोधमा फरक क्षमताको अध्ययनको सैद्धान्तिक आधारमा टेकेर आधुनिक नेपाली उपन्यासको अध्ययन विश्लेषण गरिएको छ, जुन कार्य पूर्वअध्ययनहरूभन्दा फरक हुनुका साथै यस अध्ययनले आधुनिक नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूबारे जान्न चाहने अध्येता, जिज्ञासु वर्ग र विद्यार्थीहरूलाई समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यसैले प्रस्तुत अध्ययन औचित्यपूर्ण छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको अध्ययनका लागि उपयोग गरिएका प्रविधि र युक्तिहरूको विश्लेषण गर्दा प्रस्तुत शोध कार्यलाई मूल रूपमा यी तीनओटा नेपाली उपन्यासको विश्लेषणमा सीमित गरिएको छ :

(१) लैनसिंह बाङ्देलको *लङ्गडाको साथी*

(२) मनिषा गौचनको *ह्वाइट केन*

(३) कल्पना श्रेष्ठ कल्पपुञ्जको *सञ्जीवनी*

प्रस्तुत शोधकार्यलाई साहित्यिक कृतिहरू र त्यसमा पनि उपन्यासका क्षेत्रमा मात्र सीमित गरिने हुनाले यो अध्ययन सिङ्गो समाजमा अपाङ्गता भएका (अपाङ्ग) व्यक्तिहरूको अवस्थाको विश्लेषणमा केन्द्रित नभई लिखित पाठ (कृति) मा चित्रित सममाजमा अपाङ्गहरूको स्थिति, अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोण, अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण, अपाङ्गताप्रतिको लेखकीय विचारधारा तथा औपन्यासिक कृतिहरूमा अपाङ्गताको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको विश्लेषणमा केन्द्रित छ ।

## १.७ शोधविधि

यस अध्ययन कार्य सम्पन्न गर्नका लागि उपयोग गरिने सामग्रीहरूको सङ्कलन र तिनको विश्लेषणका विधिहरू निम्नानुसार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका समस्याहरूसित सम्बन्धित सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन कार्यमा आधारित भई गरिएको छ । यस्ता सामग्रीहरूका स्रोत दुई किसिमका छन्- प्राथमिक र द्वितीयक । यस्ता प्राथमिक स्रोतका नेपाली उपन्यासहरूमा अपाङ्गताको अध्ययन गर्न सकिने विषय, पात्र वा परिवेशको प्रयोग भएका उपन्यासहरूमध्येबाट अपाङ्गता अध्ययनका दृष्टिले सबल रहेकाले विस्तृत विश्लेषणका लागि सोद्देश्य नमुना छनोट विधिबाट यी तीनओटा उपन्यासहरू चयन गरिएका छन् :

(१) लैनसिंह बाङ्देलको *लङ्गडाको साथी*

(२) मनिषा गौचनको *ह्वाइट केन*

(३) कल्पना श्रेष्ठ कल्पपुञ्जको *सञ्जीवनी* ।

यी उपन्यासहरू चयन गर्नुका आधारहरू हुन् :

(१) अपाङ्गता भएका पात्रहरूको प्रयोग गरी उपन्यास लेख्ने परम्परालाई विकसित गर्नमा यी उपन्यासहरूको ऐतिहासिक रूपमा महत्त्व रहकाले ।

(२) साहित्यिमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाबारे अध्ययनका लागि उपयुक्त सामग्री भएकाले ।

(३) अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोण प्रतिबिम्बित भएकाले

(४) अपाङ्गता भएका व्यक्तिहरूले आफू स्वयंलाई हेर्ने दृष्टिकोणबारे अध्ययन गर्नका लागि उपयुक्त सामग्री भएकाले ।

(५) अपाङ्गताप्रतिको लेखकीय धारणा, अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधबारे बुझ्नका लागि उपयुक्त भएकाले ।

उपर्युक्त उपन्यासका पठनबाट अपाङ्गता अध्ययनसँग सम्बद्ध सैद्धान्तिक मान्यताअनुरूप निगमनात्मक विधिद्वारा विश्लेषणका लागि आवश्यक तथ्य सङ्कलन गरिएको छ । यस शोधकार्यका लागि द्वितीयक स्रोतका सामग्रीका रूपमा आधारभूत तथा सैद्धान्तिक सामग्रीहरू, आधिकारिक महत्त्वका विश्लेषणात्मक ग्रन्थ, अनुसन्धानमूलक लेख, विश्वकोश,

शोध प्रबन्ध एवम् वेबसाइटबाट सामग्री सङ्कलन गरिएको छ । त्यस्तै नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको अध्ययन पद्धतिको प्रयोगबारे विश्लेषण गरिएका अनुसन्धनात्मक ग्रन्थ एवम् पत्रपत्रिकामा प्रकाशित लेखहरूबाट पनि  सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा तथा अर्थापन पद्धति

प्रस्तुत शोधमा आधुनिक नेपाली उपन्यासमा फरक क्षमता अर्थात् अपाङ्गता सम्बद्ध विषय, परिवेश र पात्रलाई के कसरी प्रस्तुत गरिएको छ, उपन्यासमा अपाङ्गता भएका पात्रहरूको सामाजिक आर्थिक अवस्था, पहिचान, प्रतिनिधित्व र प्रतोरोध चेतना कस्तो छ भन्ने कुरालाई फरक क्षमताको अध्ययनको सैद्धान्तिक आधारमा टेकेर विश्लेषण गरिएको छ । अपाङ्गता अध्ययनकको सैद्धान्तिक आधारका रूपमा प्रमुख चार मोडल (नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक) लाई लिइएको छ भने कृति विश्लेषणका उपकरण ( प्यारामिटर) का रूपमा स्टुआर्ट हल, एन्टोनियो ग्राम्सी लगायतका सांस्कृतिकक अध्ययनका विद्वान्हरूले प्रस्तुत गरेका पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई लिइएको छ । यसका साथै अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय विचारधारालाई समेत कृति विश्लेषणका उपकरणका रूपमा लिइएको छ । यसका लागि वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । यस क्रममा फरक क्षमताको सैद्धान्तिक मान्यताका सूचकहरू पहिचान गरी ती सूचकहरूको आधारमा शोध्य प्रश्नहरूको सापेक्षतामा विश्लेषण गरिएको छ ।

### १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि यस शोध प्रबन्धको मूल भागलाई छवटा परिच्छेदमा विभाजन गरिएको छ र ती परिच्छेदहरूलाई पनि आवश्यकता अनुरूप विभिन्न शीर्षक र उपशीर्षकहरूमा समेत बाँडिएको छ । यसको शोध प्रबन्धको सम्भाव्य परिच्छेदगत रूपरेखा यसप्रकार छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : सैद्धान्तिक आधार र कृति विश्लेषणको ढाँचा

तेस्रो परिच्छेद : आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

चौथो परिच्छेद : आधुनिक नेपाली उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण

पाचौँ परिच्छेद : आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा

छैटौं परिच्छेद : सारांश र निष्कर्ष

उपर्युक्त छ वटा परिच्छेदहरूमा विस्तारित प्रस्तुत शोधप्रबन्धका अन्त्यमा भावी अध्ययनका लागि सुझाव र सन्दर्भ सामग्री सूची रहेका छन् ।

# दोस्रो परिच्छेद

# सैद्धान्तिक आधार तथा कृति विश्लेषणको ढाँचा

## २.१ परिचय

'अपाङ्गता' शब्द 'अङ्ग' शब्दमा 'अप' उपसर्ग लागेर बन्ने 'अपाङ्ग' शब्दमा 'ता' प्रत्यय लागेर बनेको हो । जसको अर्थ हुन्छ शरीरको कुनै अङ्गभङ्ग भएको स्थिति वा विकलाङ्गता । अपाङ्गतालाई बुझाउन अङ्ग्रेजीमा 'डिसएबिलिटी' र हिन्दीमा 'दिव्याङ्गता' शब्दको प्रयोग गरिएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ का अनुसार 'अपाङ्गता भएका व्यक्ति' भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ का अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ । अपाङ्गलाई सम्मानित रूपले फरक क्षमता र अपाङ्गता भएका व्यक्तिलाई 'फरक क्षमता भएका व्यक्ति' पनि भनिन्छ (घिमिरे, २०७८, पृ. २६०) । पछिल्लो समयमा सांस्कृतिक अध्ययनका क्षेत्रमा सीमान्तीकृत व्यक्ति तथा समुदायको अध्ययनका क्रममा अपाङ्गता अध्ययनले पनि महत्त्वपूर्ण स्थान पाएको देखिन्छ ।

## २.२ अपाङ्गताका प्रमुख मोडलहरू

अपाङ्गता अध्ययनमा प्रवेश गर्नुअघि अपाङ्गताका प्रमुख मोडलहरूलाई बुझ्नु जरुरी छ । अपाङ्गता अध्ययनको ऐतिहासिक विकासक्रमलाई अध्ययन गर्दै प्रोफेसर रोडा ओल्किन (सन् २००२) ले अपाङ्गताका प्रमुख तीन मोडलहरूबारे चर्चा गरेकी छन् (पृ. १३०-१३७) । उनका अनुसार अपाङ्गतालाई बुझ्ने तरिका विभिन्न संस्कृति र सन्दर्भमा फरक फरक हुन सक्छ र यसलाई सामान्यतया नैतिक, चिकित्सा र सामाजिक गरी तीनवटा मोडलमा वर्गीकृत गर्न सकिन्छ । उनीभन्दा पछिका विद्वान्हरूले अपाङ्गताका यी तीन

मोडलहरूमा सांस्कृतिक मोडललाई पनि थप गरेका छन् । यहाँ अपाङ्गताका यिनै प्रमुख चार मोडलहरूबारे सङ्क्षेपमा चर्चा गरिएको छ :

### २.२.१ नैतिक मोडल (मोरल मोडल)

नैतिक मोडल अपाङ्गतालाई बुझ्ने प्रारम्भिक दृष्टिकोण हो, जसको आधार धार्मिक, सांस्कृतिक र सामाजिक विश्वासमा थियो । नैतिक मोडलमा अपाङ्गतालाई व्यक्ति वा परिवारको चरित्र, कर्म, सोच आदिसँग सम्बन्धित गरेर हेरिन्छ । यो अपाङ्गतालाई हेर्ने विश्वको सबैभन्दा पुरानो मोडल भए तापनि अद्यापि संसारका धेरै ठाउँमा प्रचलित छ । यो मोडलले प्राचीन समयदेखि विभिन्न सभ्यतामा प्रभाव पारेको छ । हिन्दू, इस्लाम र इसाई धर्मका विभिन्न ग्रन्थहरूमा अपाङ्गतालाई पाप, पूर्वजन्मको कर्म वा दैवी श्रापका रूपमा चित्रण गरिएको पाइन्छ । मध्यकालीन युरोपमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रायः समाजबाट अलग गरिन्थ्यो वा पापको परिणाम मानिन्थ्यो (वार्न्स र मर्सर, सन् २०१०, पृ. ५६) । कतिपय नेपाली समुदायमा अझैसम्म पनि अपाङ्गतालाई हेर्ने दृष्टिकोण नैतिक मोडलमा आधारित रहेको पाइन्छ ।

अपाङ्गताको नैतिक मोडलले अपाङ्गतालाई व्यक्तिको वैयक्तिक, नैतिक, धार्मिक वा आध्यात्मिक कमजोरीको परिणामको रूपमा व्याख्या गर्छ । प्राचीन ग्रीसमा भाषामा दक्षता नभएका वा राम्ररी बोल्न सुन्न नजान्ने व्यक्ति मानसिक तथा तार्किक रूपले समेत कमजोर हुन्छन् भन्ने सामाजिक मान्यता थियो । त्यसबाहेक ग्रीसमा लाटो बहिरो हुनुको स्थितिलाई दैविक श्राप वा दण्डको रूपमा समेत हेरिन्थ्यो (उप्रेती, २०६८, पृ. २६०) । यस अवधारणाले अपाङ्गतालाई कुनै प्रकारको पाप, परीक्षा वा दैवी दण्डको रूपमा हेर्छ । यो अपाङ्गताको सबैभन्दा पुरानो मोडल हो तापनि विश्वका धेरै समाज र संस्कृतिमा अझै पनि जीवित नै छ (ओल्किन, सन् १९९९, पृ. २३ ) । सन् १८०० को दशकको मध्यसम्म धेरैजसो मानिसहरूले अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूलाई नैतिक मोडलको आधारमा सोच्दथे । अपाङ्गता भएका व्यक्तिहरू खराब हुन्, उनीहरूले कुनै न कुनै समयमा केही गलत गरेको हुनुपर्छ भन्ने नैतिक मोडलको मान्यताका कारण अपाङ्गता भएका बालबालिका जन्मनु लाजमर्दो विषय मानिन्थ्यो । फलस्वरूप आमाबुवाले धेरैजसो अपाङ्गता भएका बालबालिकाहरूलाई लुकाएर राख्थे (द युथहुड, एन.डी.) । नैतिक मोडलका अनुसार अपाङ्गता भएका व्यक्तिहरू तिनीहरूको अपाङ्गताको लागि नैतिक रूपमा जिम्मेवार

मानिन्छन् । यसलाई पापको सजाय वा दुष्टताको प्रतीकका रूपमा लिइन्छ । यो दृष्टिकोण विशेषगरी शिक्षाको पहुँच सीमित रहेको क्षेत्रमा अझै पनि प्रचलित छ (जोस्ट, म्याकडोनाल्ड र खन्ना, सन् २०२२) । यस मोडलले अपाङ्गताको उपचारका रूपमा आध्यात्मिक सुधार वा स्वीकारलाई मान्दछ ।

नैतिक मोडलको सीमितताहरूका कारण अपाङ्गतालाई बुझ्ने नयाँ तरिका आवश्यक भयो । विज्ञान, चिकित्सा पद्धति र औद्योगिक क्रान्तिसँगै १९ औं शताब्दीमा चिकित्सा मोडलको उदय भएसँगै अपाङ्गतालाई हेर्ने नैतिक मोडल कमजोर हुँदै गयो । १८ औं र १९ औं शताब्दीका सुधारवादी आन्दोलनहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र कल्याणलाई समर्थन गरे (ओलिभर, सन् १९९६, पृ. २०) । अपाङ्गतालाई ईश्वरीय छनोटका रूपमा हेरेर आफ्नो अपाङ्गतालाई सहजै स्वीकार गर्नु, आफूलाई ईश्वरको निकट भएको ठान्नु र आफ्नो अपाङ्गताको विशेष दैवी कारण वा प्रयोजन भएको ठान्नु यस मोडलका सकारात्मक पक्षहरू हुन् भने अपाङ्गतालाई लज्जाको विषयका रूपमा लिइनु, सामाजिक बहिष्करणको सिकार हुनु र अपाङ्गतालाई लुकाउन बाध्य हुनु यस मोडलका नकारात्मक पक्षहरू हुन् ।

### २.२.२ चिकित्सा मोडल (मेडिकल मोडल)

अपाङ्गताको यो मोडल १९ औं शताब्दीको मध्यतिर विकास भएको हो । यो संयुक्त राज्य अमेरिकामा सबैभन्दा बढी प्रचलित मोडल हो । यस मोडलले अपाङ्गता भएका व्यक्तिलाई शारीरिक सुधारका लागि चिकित्सा उपकरण, पुनर्स्थापना थेरापी, औषधी र सर्जरीलाई समाधानको रूपमा हेर्छ (ओल्किन, सन् २००२, पृ. १३२) । चिकित्सा मोडलअनुसार अपाङ्गता शारीरिक वा मानसिक समस्याहरूका कारण उत्पन्न हुने एउटा अवस्था हो । जुन उपचार गरेर निको पार्न सकिन्छ । यस मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक वा मानसिक अक्षमताको रूपमा हेर्छ र अपाङ्गतालाई चिकित्सकहरूले उपचार गरेर वा पुनर्स्थापना केन्द्रमामा राखेर ठिक पार्न सकिन्छ भन्ने मान्यता राख्दछ (ओलिभर, सन् १९९६, पृ. १९-२९) । यसर्थ चिकित्सा मोडललाई अपाङ्गताको समाधान व्यक्तिको शरीरमा खोज्ने दृष्टिकोणका रूपमा लिन सकिन्छ ।

अपाङ्गताको चिकित्सा मोडलको विकासमा द्वितीय विश्वयुद्ध (सन् १९३९-१९४५) को निकै ठूलो प्रभाव देखिन्छ । युद्धको क्रममा लाखौँ सैनिक तथा सर्वसाधारणहरू गम्भीर घाइते भए । जसमा शारीरिक अङ्ग गुमाउनु पर्ने, मेरुदण्ड सम्बन्धी चोट, दृष्टि वा श्रवण क्षति, मानसिक स्वास्थ्य समस्याहरू जस्तै PTSD (पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर) आदिको दर उल्लेखनीय रूपमा बढ्यो । युद्धपछिको सन्दर्भमा अपाङ्गतालाई मुख्यत : चिकित्सकीय समस्याका रूपमा हेरियो । जसलाई सुधार वा ठिक गर्नुपर्ने व्यक्तिगत दोषको रूपमा परिभाषित गरियो । द्वितीय विश्वयुद्धको समयावधिमा स्थापित पुनर्स्थापना केन्द्रहरू युद्धको अन्त्यसम्म नै कायम रहे । ती केन्द्रहहरू नै अपाङ्गता सम्बन्धी विचारधारात्मक ज्ञानको स्रोतका रूपमा देखा परे । ती केन्द्रहरूले अपाङ्गतालाई सामाजिक र सांस्कृतिक रूपमाभन्दा चिकित्साशास्त्रीय र उपचारात्मक समस्याका रूपमा परिभाषित गरेको पाइन्छ (बस्याल, सन् २०१९, पृ. १८) । युद्धपश्चात् पश्चिमी राष्ट्रहरू विशेष गरी अमेरिका, बेलायत र युरोपेली देशहरूमा घाइते सैनिकहरूको पुनर्स्थापना गर्न विशेष चिकित्सा तथा पुनर्वास केन्द्रहरू स्थापना गरिए । चिकित्सक, फिजियोथेरापिस्ट तथा पुनर्वास विशेषज्ञहरूले अशक्त व्यक्तिहरूलाई पुनः सक्षम बनाउने प्रयास गरे । कृत्रिम अङ्ग (प्रोस्थेटिक्स) प्रविधिको विकास तीव्र गतिमा अगाडि बढ्यो, जसले शारीरिक अपाङ्गतालाई सुधार गर्न सकिने समस्याका रूपमा चित्रण गऱ्यो । मानसिक स्वास्थ्य उपचारमा पनि औषधी तथा थेरापीको प्रयोग गरेर PTSD (पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर) र अन्य मानसिक समस्या समाधान गर्न खोजियो । युद्धको कारण ठूलो सङ्ख्यामा घाइते भएका व्यक्तिहरूलाई उपचारकेन्द्रित दृष्टिकोणले मात्र सम्बोधन गर्ने प्रयास गरियो । यसले अपाङ्गतालाई मुख्यतः जैविक दोषको रूपमा बुझ्न मदत गऱ्यो । इम्पेयरमेन्ट वा शरीरको क्षति नै अपाङ्गताको मुख्य कारण हो भन्ने मान्यता फैलियो जसले गर्दा सामाजिक तथा भौतिक बाधाहरूलाई बेवास्ता गरियो । यसरी हेर्दा अपाङ्गताको यस मोडलको विकासमा सबैभन्दा ठूलो प्रभाव द्वितीय विश्वयुद्धको रहेको देखिन्छ ।

चिकित्सा मोडलको यो प्रभावले समाजमा अपाङ्गतालाई हेर्ने तरिकालाई प्रभावित गऱ्यो । अपाङ्गतालाई व्यक्तिगत समस्या मान्ने प्रवृत्तिले सामाजिक अवरोधहरूलाई बेवास्ता गऱ्यो । पछि सन् १९७० को दशकतिर आएर सामाजिक मोडलको अवधारणा विकसित हुन थाल्यो, जसले चिकित्सा मोडलको यस एकपक्षीय दृष्टिकोणलाई चुनौती दिन्छ ।

अपाङ्गताको चिकित्सा मोडलले अपाङ्गतालाई शारीरिक प्रणालीको असफलता वा असामान्यताका रूपमा परिभाषित गर्दछ । यस मोडलले अपाङ्गतालाई व्यक्तिको आन्तरिक समस्याका रूपमा हेर्दै उपचार वा पुनर्स्थापनामार्फत् उसलाई सामान्य (नर्मल) बनाउन सकिने धारणा राख्दछ । यसले अपाङ्गतालाई व्यक्तिको आनुवंशिक खराबी, नराम्रो स्वास्थ्य अवस्था वा खराब आचरणको परिणामका रूपमा लिन्छ । अपाङ्गतालाई लज्जा वा कलङ्कका रूपमा हेर्ने दृष्टिकोणमा सुधार ल्याउन सघाउनु, अपाङ्गहरूलाई सहयोग पुऱ्याउने चिकित्सा पद्धति, उपकरण र प्रविधिको विकासमा सहयोग पुऱ्याउनु यस मोडलका प्राप्तिहरू हुन् ।

अपाङ्गता र रोगको विषयमा चिकित्सा अनुसन्धान र प्रविधिमा जोड दिनु, अपाङ्गतालाई पापको परिणाम वा अपसकुनको चिह्न नभई शारीरिक समस्याका रूपमा हेर्ने दृष्टिकोण विकासमा सघाउनु आदि यस मोडलका सकारात्मक पक्षहरू हुन् भने अपाङ्गता भएका व्यक्तिलाई रोगी वा सुधार गर्नुपर्ने व्यक्तिका रूपमा चित्रित गर्नु, सामाजिक, भौतिक एवम् संरचनात्मक बाधाहरूलाई नजरअन्दाज गर्नु, अपाङ्गतालाई केवल व्यक्तिगत समस्याका रूपमा हेर्ने भएकाले सामाजिक न्याय र पहुँचको मुद्दालाई कमजोर बनाउनु आदि यस मोडलका नकारात्मक पक्ष वा सीमाहरू हुन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने द्वितीय विश्वयुद्धले अपाङ्गताको चिकित्सा मोडललाई थप संस्थागत बनाउन महत्त्वपूर्ण भूमिका खेल्यो । युद्धका कारण चिकित्सा तथा पुनर्स्थापना प्रविधिमा तीव्र प्रगति भए पनि अपाङ्गतालाई मुख्यतः व्यक्तिगत समस्याका रूपमा बुझ्ने र सामाजिक संरचनालाई बेवास्ता गर्ने प्रवृत्तिलाई यसले बलियो बनायो । पछि सामाजिक मोडलको उदयले चिकित्सा मोडलको सीमिततालाई उजागर गर्दै नयाँ दृष्टिकोण अघि बढायो ।

### २.२.३ सामाजिक मोडल (सोसियल मोडल)

अपाङ्गता अध्ययनको चिकित्सकीय मोडलका सीमा तथा कमजोरीहरूलाई औँल्याउँदै सामाजिक मोडलको विकास भयो । जसले अपाङ्गतालाई व्यक्तिगत कमजोरीको रूपमा हेर्नुको सट्टा यसलाई समाजको संरचनात्मक र वातावरणीय पक्षसँग जोड्ने प्रयास गऱ्यो (ओलिभर, सन् १९९६, पृ. ३०) । यस मोडलका अनुसार अपाङ्गता कुनै व्यक्तिको

व्यक्तिगत कमजोरी वा दोष नभई समाजका संरचना, नीति र भौतिक वातावरणले सिर्जना गरेको एक प्रकारको अवरोध हो । यस मोडलका अनुसार समाजले सबैका लागि पहुँचयोग्य संरचना, अवसर र सेवा प्रदान गरेमा अपाङ्गता बाधा बन्ने छैन । सन् १९६० र १९७० को दशकमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको लागि विश्वव्यापी आन्दोलन सुरु भयो । कोलिन बार्न्स (१९९१) का अनुसार यस आन्दोलनले अपाङ्गतालाई केवल एक चिकित्सकीय अवस्था नभई एक सामाजिक र राजनीतिक अधिकारको मुद्दा बनायो । यसले अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा समाजले सृजना गरेको असमानता र अवरोधहरूको विरोध गर्न प्रेरित गऱ्यो । यसरी हेर्दा सामाजिक मोडलको उदय मुख्य रूपमा चिकित्सा मोडलको आलोचनामा आधारित देखिन्छ ।

टी. शेक्सपियर (सन् २०१०) का अनुसार अपाङ्गता अध्ययनको सामाजिक मोडल १९७० को दशकमा ब्रिटिस अपाङ्गता अधिकार आन्दोलनबाट विकसित भएको हो । UPIAS (युनियन अफ द फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रिगेसन) ले यो विचारलाई परिभाषित गरेको हो । उनका अनुसार अपाङ्गता अध्ययनको यस मोडलले अपाङ्गतालाई व्यक्तिगत कमजोरीका रूपमा हेर्ने चिकित्सा मोडललाई चुनौती दिँदै समाजका संरचनात्मक बाधाहरूलाई अपाङ्गताको प्रमुख कारण मान्छ (पृ. १९७) । यस मोडलले अपाङ्गता ( डिसएबिलिटी) र अशक्तता (इम्पेयरमेन्ट) फरक विषय हुन् भन्ने कुरामा जोड दिन्छ । साथै अपाङ्गतालाई सामाजिक संरचनाले सिर्जना गरेको समस्या मान्छ । अपाङ्गता अध्ययनको यो मोडल राजनीतिक र सामाजिक आन्दोलनको शक्तिशाली आधार बनेको छ । अपाङ्गता भएका व्यक्तिलाई समान अधिकार र पहुँच सुनिश्चित गर्नका लागि यो मोडल प्रयोग गरिन्छ ।

UPIAS का अनुसार अशक्तताले व्यक्तिको शारीरिक, मानसिक वा संवेदी (सेन्सरी इम्पेयरमेन्ट) कमीलाई बुझाउँछ भने अपाङ्गताले समाजले अशक्त व्यक्तिहरूका लागि सिर्जना गर्ने भौतिक, सामाजिक र संस्थागत बाधाहरूलाई बुझाउँछ । अतः अशक्तता व्यक्तिगत र जैविक (बायोलजिकल) अवस्था हो भने अपाङ्गता संरचनात्मक (स्ट्रक्चरल) र सामाजिक अवस्था हो (UPIAS, सन् १९७५)। उदाहरणका लागि यदि सार्वजनिक यातायात प्रणाली व्हिलचेयर प्रयोगकर्ताका लागि पहुँचयोग्य छैन भने त्यो समस्याको जड समाजको हो, व्यक्ति विशेषको होइन ।

टी. शेक्सपियर (सन् २००६) ले अपाङ्गता र अशक्ततालाई स्पष्ट रूपमा छुट्याउनु सामाजिक मोडलको विशेषता भएको तर व्यवहारमा यी दुई बीचको अन्तर छुट्याउन निकै गाह्रो भएकाले यस मोडललाई थप सुधार गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरेका छन् (पृ. १९८) । यसै सन्दर्भमा उनी भन्छन्- ह्विलचेयर प्रयोगकर्ता अपाङ्ग होइन तर सिँढी मात्र भएको भवनले उसलाई अपाङ्ग बनाउँछ (पृ. २०१) । सन् १९७५ मा अपाङ्गता भएका व्यक्तिहरूले हस्ताक्षर हुन बाँकी पुनर्स्थापना ऐनको समर्थनमा गरेका प्रदर्शनबाट यो मोडलको प्रारम्भ भएको हो । यस मोडलका अनुसार अपाङ्गता अधिकारको सवाल हो, दयाको होइन । यस मोडलले अपाङ्गता भएका व्यक्तिहरूलाई दयाको दृष्टिले हेर्नुलाई गलत ठहऱ्याउँदै तिनीहरूका अधिकार सुरक्षित गर्दै उनीहरूको समान सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिन्छ । यस मोडलले 'नथिङ अबाउट अस विदाउट अस' अर्थात् 'हाम्रो सहभागिता बिना हाम्रो बारेमा कुनै पनि निर्णय नगर' भन्ने नारालाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि बनाइने नीति र निर्णयमा उनीहरूको प्रत्यक्ष संलग्नता हुनुपर्नेमा जोड दिन्छ (ओल्किन, सन् २००२, पृ. १३३) । यो अवधारणा सन् १९९० को दशकमा अपाङ्गता अधिकार आन्दोलनको एक महत्त्वपूर्ण सिद्धान्त बनेको थियो । यस आन्दोलनको मूल अभीष्ट अपाङ्गता भएका व्यक्तिहरूको जीवनसँग सम्बन्धित कुनै पनि निर्णयमा उनीहरूको प्रत्यक्ष सहभागिता हुनुपर्छ भन्ने थियो । संयुक्त राष्ट्रसंघको CRPD ( कन्भेन्सन अन द राइट्स अफ पर्सन विथ डिसएबिलिटिज) ले पनि यही विचारलाई आत्मसात् गरेको छ । अपाङ्गताको यस मोडलले समाजले अपाङ्गता भएका व्यक्तिहरूलाई सहानुभूतिका आधारमा नभई समता, न्याय र समावेशीकरणको आधारमा व्यवहार गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ ।

अपाङ्गता अध्ययनको सामाजिक मोडलको विकासमा UPIAS (युनियन अफ द फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रिगेसन) को निकै महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यो अपाङ्गता भएका व्यक्तिहरू माथि हुने संस्थागत दमन र सामाजिक विभेदलाई चुनौती दिने लक्ष्यका साथ सन् १९७२ मा ब्रिटेनमा स्थापित संस्था हो । यस संस्थाका संस्थापक पल हन्टले सन् १९७१ मा *द गार्डियन* पत्रिकामा लेख लेख्दै अपाङ्गता भएका व्यक्तिहरूको समूह स्थापना गर्न आह्वान गरेका थिए । यस संस्थाको स्थापनामा मनोवैज्ञानिक भिक फिन्केलस्टाइनको समेत महत्त्वपूर्ण योगदान रहेको छ । UPIAS को नीति वक्तव्य (१९७४)

मा समाजले सिर्जना गरेका भौतिक तथा सामाजिक अवरोधहरूलाई अपाङ्गताको मुख्य कारणका रूपमा प्रस्तुत गरिएको छ । यसले अपाङ्गता भएका व्यक्तिहरूलाई दमन गरिएको समूह (ओप्रेस्ड ग्रुप) को रूपमा परिभाषित गरेको छ । यसले अपाङ्गतालाई पुनः परिभाषित गर्दै सामाजिक मोडलको जग बसाल्यो र अशक्तता (इम्पेयरमेन्ट) लाई व्यक्तिगत शारीरिक कमी मान्दै अपाङ्गता (डिसएबिलिटी) लाई समाजले सिर्जना गरेका अवरोध र विभेदको परिणाम भनेको छ । भिक फिन्केलस्टाइन र माइक ओलिभरले UPIAS को दृष्टिकोणलाई अझ विकसित गर्दै सामाजिक मोडलको अवधारणा प्रस्तुत गरे । जसले अपाङ्गता अध्ययनको चिकित्सा मोडललाई चुनौती दिँदै अपाङ्गता समस्यालाई सामाजिक जिम्मेवारीको रूपमा परिभाषित गऱ्यो । यसरी हेर्दा अपाङ्गताको चिकित्सा मोडलका कमी कमजोरीहरूलाई औँल्याउँदै विकास भएको यस मोडलले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि निकै महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि सामूहिक आन्दोलन र अधिकारको माग गर्नु, डिसएबिलिटी डिस्क्रिमिनेसन एक्ट, १९९५ जस्ता कानुन निर्माणमा मार्गदर्शन गर्नु, अपाङ्गता अध्ययनलाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गर्न प्रेरित गर्नु आदि UPIAS का प्रमुख योगदानहरू हुन् । यसरी हेर्दा अपाङ्गताको सामाजिक मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक समस्याबाट माथि उठाएर नागरिक अधिकारको मुद्दाका रूपमा विकास गर्नमा निकै महत्त्वपूर्ण भूमिका खेलेको स्पष्ट हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने अपाङ्गताको सामाजिक मोडल चिकित्सा मोडलका कमी कमजोरी तथा सीमाहरू औँल्याउँदै विकास भएको नयाँ दृष्टिकोण हो । जसले अपाङ्गतालाई व्यक्तिको शारीरिक वा मानसिक कमजोरीभन्दा पनि अपाङ्गमैत्री पूर्वाधारको अभाव तथा सामाजिक र संस्थागत अवरोधहरूका कारण उत्पन्न हुने समस्याका रूपमा व्याख्या गर्छ । साथै यसले अपाङ्गतालाई व्यक्तिको शारीरिक वा मानसिक समस्या मात्र नभई नागरिक अधिकारको मुद्दाका रूपमा समेत व्याख्या गर्छ । पछि यस मोडलका सीमाहरूलाई औँल्याउँदै अपाङ्गतालाई हेर्ने अर्को दृष्टिकोण सांस्कृतिक मोडल (कल्चरल मोडल अफ डिसाबिलिटी) को विकास भयो ।

### २.२.४ सांस्कृतिक मोडल (कल्चरल मोडल)

अपाङ्गताको सांस्कृतिक मोडल सामाजिक मोडलको आलोचना गर्दै अपाङ्गतालाई हेर्ने अझ बृहत् दृष्टिकोण निर्माणका सन्दर्भमा जन्मिएको पाइन्छ । परम्परागत रूपमा सामाजिक मोडलले अपाङ्गतालाई सामाजिक बाधाहरूको परिणामका रूपमा व्याख्या गर्छ तर सामाजिक मोडलले अपाङ्गतालाई पूर्ण रूपमा बुझ्न सक्दैन, किनभने यसले संस्कृति, भाषा र प्रतीकात्मक अर्थहरूलाई उपेक्षा गर्छ भन्ने वाल्डस्मिट (सन् २०१७) को तर्क छ । उनले अपाङ्गताको अध्ययनलाई सांस्कृतिक दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकतालाई जोड दिएकी छन् । सामाजिक मोडलले प्रदान गरेको आधारलाई मान्यता दिँदै उनी सांस्कृतिक मोडललाई थप विश्लेषणात्मक उपकरणका रूपमा प्रस्तुत गर्छिन् । अपाङ्गताको सांस्कृतिक मोडलले अपाङ्गतालाई केवल व्यक्तिगत, भौतिक वा जैविक अवस्थाका रूपमा परिभाषित नगरी सामाजिक र सांस्कृतिक सन्दर्भमा हेर्ने नयाँ दृष्टिकोण प्रदान गर्दछ । यस मोडलका अनुसार अपाङ्गताको अध्ययन केवल भौतिक संरचना र पहुँचमै सीमित रहन सक्दैन, यसले कला, साहित्य र संरचनाका माध्यमहरूमा अपाङ्गताको भूमिका पनि समेट्नुपर्छ ।

विश्व स्वास्थ्य संगठनद्वारा प्रस्तावित ICF (इन्टरनेसनल क्लासिफिकेसन अफ फङ्क्सनिङ, डिसएबिलिटी एन्ड हेल्थ) ले अपाङ्गतालाई स्वास्थ्य सम्बन्धी समस्या ठान्छ तर सांस्कृतिक मोडलले यसलाई सांस्कृतिक निर्माणको रूपमा हेर्छ । सांस्कृतिक मोडललाई सन् २००० पछि विशेष गरी श्यारोन स्नाइडर र डेभिड मिचेल जस्ता अनुसन्धानकर्ताहरूले अघि सारेका हुन् । उनीहरूको दृष्टिकोणअनुसार अपाङ्गता केवल शारीरिक अवस्था वा सामाजिक बाधा मात्र होइन, बरु सांस्कृतिक धारणाले निर्माण गरेको अवधारणा हो । मिचेल र स्नाइडर (सन् २०००) का अनुसार साहित्यमा अपाङ्गतालाई कथनात्मक साधन (न्यारेटिभ डिभाइस) का रूपमा प्रयोग गरिएको हुन्छ । जसलाई उनीहरूले 'न्यारेटिभ प्रोस्थेसिस' भन्ने शब्दद्वारा वर्णन गरेका छन् । उनीहरूका अनुसार साहित्य र चलचित्रमा अपाङ्गता भएका पात्रहरू अत्यधिक देखिन्छन् तर त्यस्ता पात्रहरूलाई प्रायः कथा अगाडि बढाउने वा प्रतीकात्मक बनाउने उपकरण (न्यारेटिभ डिभाइस) का रूपमा प्रयोग गरिन्छ । तर यसले वास्तविक अपाङ्गता भएका व्यक्तिको अनुभवलाई सांस्कृतिक कल्पना (कल्चरल इमाजिनिएसन) मा सीमित पारिदिन्छ । यसकारण हामीले अपाङ्गताबारे लेखिएका कृतिहरू पढ्दा अपाङ्गतालाई केवल रूपक (मेटाफर) होइन भौतिक र सामाजिक अवस्थाका रूपमा पनि

बुझ्नु आवश्यक छ (पृ. ५१) । उनीहरूले शारीरिक वा मानसिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूको चित्रण साहित्य, चलचित्र र अन्य कथन माध्यमहरूमा कसरी गरिन्छ भन्ने विषयमा विश्लेषण गरेका छन् । उनीहरूका अनुसार धेरैजसो अपाङ्गता भएका पात्रहरूलाई या त सहानुभूतिको पात्र बनाइन्छ वा खलनायकका रूपमा चित्रण गरिन्छ । यसले अपाङ्गता भएका पात्रहरूलाई वास्तविक बहुआयामिक मान्छेहरू नभई कुनै विशेष उद्देश्यका लागि बनाइएका प्रतीकहरूको रूपमा मात्र प्रस्तुत गर्छ । अपाङ्ग पात्रहरूको यसप्रकारको चित्रणले समाजमा अपाङ्गताप्रति बनाइने दृष्टिकोणमा बल दिन्छ । खासगरी अपाङ्गतालाई कमजोर, भयावह वा परिवर्तन/उपचार गर्नुपर्ने अवस्थाको रूपमा हेर्ने दृष्टिकोणलाई मजबुत बनाउँछ । यसर्थ साहित्यिक कृतिहरूमा अपाङ्गता भएका पात्रहरूको प्रयोग किन र कसरी गरिएको छ भन्ने कुराको अध्ययन अपाङ्गताको सांस्कृतिक मोडलका सन्दर्भमा महत्त्वपूर्ण छ ।

आन्द्रेज नवार्डोस्कीद्वारा लिखित 'कल्चरल मोडेल अफ डिसएबिलिटी- ओरिजिन्स, एजम्प्सन्स, एडभान्टेजेस' शीर्षकको लेखमा अपाङ्गताको सांस्कृतिक मोडलको अवधारणा, यसको उत्पत्ति र यसका फाइदाबारे चर्चा गरिएका छ । उनका अनुसार यो मोडल चिकित्सकीय र सामाजिक मोडलको आलोचनाबाट जन्मिएको हो । एनी वाल्डश्मिट ( २०१७) ले 'डिसाबिलिटी गोज : द कल्चरल मोडल अफ डिसाबिलिटी एज एन एनालाइटिकल टुल' शीर्षकको लेखमा अपाङ्गता अध्ययनमा सांस्कृतिक मोडलको उपयोगिता र प्रभावबारे उल्लेख गरेकी छन् । उनको यो लेखले परम्परागत सामाजिक मोडलका सीमाहरू औँल्याउँदै अपाङ्गतालाई सामाजिक मात्र नभई सांस्कृतिक रूपमा कसरी निर्माण गरिन्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्छ । अपाङ्गता अध्ययनमा सांस्कृतिक मोडललाई कसरी विश्लेषणात्मक उपकरणका रूपमा स्थापित गर्न सकिन्छ भन्ने कुराको व्याख्या गर्ने क्रममा अपाङ्गतालाई किन केवल जैविक वा सामाजिक रूपमा मात्र नहेरी सांस्कृतिक रूपमा पनि बुझिनु आवश्यक छ ?, परम्परागत सामाजिक मोडलका सीमा के के छन् ?, सांस्कृतिक मोडलले अपाङ्गताको अध्ययनलाई कसरी नयाँ दृष्टिकोण दिन सक्छ ? भन्ने जस्ता प्रश्नहरूको जवाफ दिने कोसिस गरेकी छन् (पृ.१९-२७) । उनका अनुसार सांस्कृतिक मोडलले अपाङ्गतालाई केवल सामाजिक अवरोधहरूबाट सिर्जित समस्या नभई सांस्कृतिक रूपले परिभाषित गरिएको र अर्थ दिइएको अवस्थाका रूपमा हेर्छ ।

वाल्डश्मिट (सन् २०१७) ले अपाङ्गता को सांस्कृतिक मोडलको महत्त्वलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्छिन् :

(क) सांस्कृतिक मोडलले अपाङ्गता अध्ययनलाई सामाजिक अध्ययनको मात्र विषय नभई कला, साहित्य, चलचित्र र भाषाको अध्ययनसँग पनि सम्बन्ध स्थापित गर्छ ।

(ख) सामान्य (नर्मल) भनिने कुरालाई चुनौती दिँदै अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोण परिवर्तन गर्न सहयोग पुऱ्याउँछ ।

(ग) शक्ति र पहिचानको प्रश्नलाई उजागर गरी अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो अनुभवलाई राजनीतिक र सामाजिक हिसाबले व्याख्या गर्न सघाउँछ ।

(घ) यसले सांस्कृतिक दृष्टिकोणबाट अपाङ्गताको विविधता बुझ्न मदत गर्छ ।

समग्रमा अपाङ्गतालाई केवल सामाजिक वा चिकित्सा दृष्टिकोणबाट मात्र हेर्नु सीमित दृष्टिकोण भएकाले यसलाई संस्कृति, शक्ति, पहिचान र भाषाको अन्तर्क्रियाको रूपमा बुझ्नुपर्छ भन्ने उनको निष्कर्ष रहेको छ ।

सांस्कृतिक मोडलका अनुसार अपाङ्गता व्यक्तिगत अवस्था नभई मानव विभेदको एउटा कोटी हो । यसले समाजले किन केही भिन्नतालाई अपाङ्गता मान्छ र केहीलाई सामान्य मान्छ भन्ने कुरालाई अध्ययनको विषय बनाउँछ । यसै सन्दर्भमा सञ्जीव उप्रेती (२०६८) का विचारहरू मननीय छन् । उनी लेख्छन्-

> होचाको बाहुल्य भएको समाजमा बस्ने अग्लो व्यक्तिको अग्लोपनलाई कुसङ्केतको रूपमा हेर्न सकिन्छ । गोरो छाला भएकाहरू मात्र बस्ने टोलमा कालो वा खैरो छाला भएको मानिसको शरीरको रङ कुसङ्केतको चिह्न बन्न सक्छ तर धेरै अग्लोभन्दा धेरै होचो शरीरलाई असामान्य शरीरको रूपमा हेरिन्छ । त्यस्तै गरेर एउटा सामान्य व्यक्तिको सद्देपनभन्दा बहुलाहाको बहुलट्ठीपनलाई कुसङ्केतको छापको रूपमा हेरिन्छ (पृ. २६७) ।

उप्रेतीको यस कथनबाट के कुरा स्पष्ट हुन्छ भने अपाङ्गतालाई हेर्ने दृष्टिकोण समाज र संस्कृति सापेक्ष हुन्छ । त्यसैले अपाङ्गता के हो भन्ने बुझ्न सम्पूर्ण समाज र संस्कृति अध्ययन गर्नुपर्छ, केवल अपाङ्ग व्यक्ति मात्र होइन ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने चिकित्सकीय मोडल उपचारमा र सामाजिक मोडल सामाजिक अवरोधहरू हटाउने पक्षमा केन्द्रित भएझैँ सांस्कृतिक मोडल

दुबैलाई समेट्दै समाज र संस्कृतिको भूमिका अध्ययन गर्नमा केन्द्रित भएकाले यो मोडल अपाङ्गता अध्ययनका लागि निकै उपयोगी छ । यस मोडलले अपाङ्गता अध्ययनमा बहुविषयगत दृष्टिकोण प्रदान गर्न मदत गर्छ । यसले मिडिया, साहित्य र सांस्कृतिक अवधारणाहरूले अपाङ्गतालाई कसरी प्रभावित गर्छन् भन्ने गहिरो अध्ययन गर्न मदत गर्ने भएकाले यो महत्वपूर्ण छ । यस मोडलले समाजशास्त्र, मानवशास्त्र र सांस्कृतिक अध्ययनलाई एकसाथ जोड्ने क्षमता राख्छ । सामाजिक मोडलका सीमाहरू औँल्याउनु, अपाङ्गतालाई सांस्कृतिक रूपमा कसरी बुझ्न सकिन्छ भनेर तर्क गर्नु र अपाङ्गता अध्ययनलाई अन्तर्विषयक सिद्धान्तका रूपमा स्थापित गर्नु सांस्कृतिक मोडलका प्रमुख प्राप्तिहरू हुन् ।

माथि चर्चा गरिएका अपाङ्गताका प्रमुख चार मोडलहरूलाई अझ स्पष्ट रूपमा बुझ्नका लागि तलको तालिका हेरौँ :

तालिका १. अपाङ्गताका नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक मोडलको तुलना

| मापदण्डहरू | नैतिक मोडल | चिकित्सा मोडल | सामाजिक मोडल | सांस्कृतिक मोडल |
|---|---|---|---|---|
| सुरुवात | सबैभन्दा पुरानो तर विश्वमा अझै पनि प्रचलित | १९ औँ शताब्दीबाट खासगरी द्वितीय विश्वयुद्धका कारण लाखौँ मानिसहरू अपाङ्ग बन्न पुगेपछि सुरु भएको, संयुक्त राज्य अमेरिकामा प्रमुख | सन् १९७५ मा अपाङ्गता आन्दोलनपछि विकसित | सन् १९९० को दशकबाट |
| अपाङ्गताको कारण | नैतिक पतन वा पापको परिणाम, आस्थाको परीक्षा, दैवी दण्ड | शरीरिक प्रणालीको असफलता, दुर्घटना, रोग | अपाङ्गमैत्री पूर्वाधारको अभाव, पहुँचयोग्य सूचना प्रविधिको अभाव, सामाजिक तथा संस्थागत अवरोध | सामाजिक र सांस्कृतिक संरचनामा गहिरोसँग जरा गाडेको विश्वास, मान्यता र सांस्कृतिक अभ्यास |
| मुख्य विचार | अपाङ्गता पापको परिणाम वा दैवी परीक्षा हो । | अपाङ्गता एक प्रकारको रोग वा शारीरिक कमजोरी हो, यसलाई उपचार गरेर ठिक पार्न सकिन्छ । अपाङ्गता व्यक्तिगत समस्या हो, जुन शारीरिक | अपाङ्गता सामाजिक रूपमा सिर्जना गरिएको अवस्था हो, जसमा समाजका अवरोधहरू मुख्य कारक हुन्छन् । | अपाङ्गतालाई समाजले कसरी अर्थ दिन्छ र सांस्कृतिक रूपमा पुनर्निर्माण गर्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्छ । अपाङ्गता जैविक वा सामाजिक बाधा |

| | | | | |
|---|---|---|---|---|
| | | दोषका कारण<br>उत्पन्न हुन्छ । | | मात्र नभई<br>सांस्कृतिक रूपमा<br>निर्मित अवधारणा (<br>कल्चरल्ली<br>कन्सट्रक्टेड कन्सेप्ट)<br>हो । |
| समाधान | आध्यात्मिक<br>स्वीकृति वा<br>प्रायश्चित्त, धार्मिक<br>वा आध्यात्मिक<br>शुद्धीकरण, दयाभाव,<br>समाजबाट बहिष्कार<br>। | उपचार वा सुधार,<br>चिकित्सा उपचार,<br>पुनःस्थापना,<br>व्यक्तिगत अनुकूलन | सामाजिक, आर्थिक,<br>राजनीतिक सुधार<br>एवम् पहुँच बृद्धि,<br>पहुँचयोग्य एवम्<br>अपाङ्गमैत्री भौतिक<br>संरचना निर्माण,<br>नीति परिवर्तन,<br>सामाजिक<br>समावेशीकरण । | साहित्य, मिडिया,<br>इतिहास र<br>सामाजिक<br>मान्यताहरूको<br>पुनर्व्याख्या, सिनेमा,<br>साहित्य र मिडियामा<br>अपाङ्गता सम्बन्धी<br>सकारात्मक<br>प्रतिनिधित्व,<br>अपाङ्गता सम्बन्धी<br>सांस्कृतिक<br>धारणाहरू परिवर्तन,<br>अपाङ्गता भएका<br>व्यक्तिहरूको<br>पहिचानलाई स्वीकार<br>र सम्मान |
| प्रभाव | अपाङ्गता भएका<br>व्यक्तिहरूप्रति<br>नकारात्मक<br>धारणाको विकास,<br>सर्म वा लज्जाको<br>भावना,<br>आत्मसम्मानमा<br>ह्रास, सामाजिक<br>बहिष्करण र<br>अवसरको अभाव | आनुवंशिक कारण,<br>अस्वस्थ जीवनशैली<br>वा व्यक्तिको गलत<br>व्यवहारका कारण<br>अपाङ्गता उत्पन्न<br>हुन्छ भन्ने मान्यता<br>विस्तार हुनु,<br>अपाङ्गता भएका<br>व्यक्तिहरूलाई<br>अस्पताल,<br>पुनर्स्थापना केन्द्र वा<br>विशेष<br>विद्यालयहरूमा<br>सीमित राख्ने,<br>अपाङ्गता भएका<br>व्यक्तिहरूलाई<br>रोगीका रूपमा<br>हेरिनाले उनीहरूको<br>आत्मनिर्णय र | समानता र<br>समावेशिताको<br>प्रवर्द्धन, स्वतन्त्रता<br>र आत्मनिर्भरतामा<br>बृद्धि, सकारात्मक<br>सामाजिक<br>दृष्टिकोण,<br>सामाजिक र<br>भौतिक अवरोधहरू<br>हटाउने पहल, नयाँ<br>अवसरहरूको<br>सिर्जना, मानसिक<br>स्वास्थ्य र<br>आत्मविश्वासमा<br>सुधार | अपाङ्गतालाई<br>व्यक्तिगत कमजोरी<br>वा समाजको<br>अवरोध मात्र नभई<br>एक विशिष्ट<br>पहिचानका रूपमा<br>स्वीकार, सांस्कृतिक<br>र भाषिक<br>विविधताको सम्मान,<br>अपाङ्गता भएका<br>व्यक्तिहरूको<br>सशक्तीकरण,<br>अपाङ्गता भएका<br>व्यक्तिहरूको<br>आत्मसम्मान बृद्धि<br>हुनुका साथै<br>मूलधारको<br>समाजसँग<br>अन्तरसंवाद |

| | | | | |
|---|---|---|---|---|
| | | स्वतन्त्रता सीमित हुनु । | | |
| सकारात्मक पक्षहरू | समाजलाई अपाङ्गता भएका व्यक्तिहरूप्रति दयालु र सहानुभूतिपूर्ण दृष्टिकोण राख्न प्रेरित गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह गर्नु समाजको कर्तव्य ठान्नु, आफ्नो अपाङ्गतालाई सहजै स्वीकार गर्न प्रेरित गर्नु, केही संस्कृतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई आध्यात्मिक गुण भएका व्यक्तिको रूपमा सम्मानजनक व्यवहार गरिनु । | अपाङ्गतालाई लज्जा र कलङ्कको रूपमा हेर्ने दृष्टिकोणमा सुधार, चिकित्सा विज्ञान र उपकरणहरूको विकासका सघाउ, मानसिक स्वास्थ्य र आत्मविश्वासमा सुधार | सामाजिक संरचनागत र व्यवहारगत परिवर्तनको माग, समान अवसर र अधिकारको प्रवर्द्धन, सामाजिक एवम् संरचनात्मक अवरोध हटाउनु, आत्मनिर्भरता अभिवृद्धि, कानुनी सुधार एवम् नीतिगत परिवर्तन, समावेशी समाज निर्माण, नीति निर्माणमा अपाङ्गहरूको सहभागिता | अपाङ्गतालाई एक विशेष पहिचानका रूपमा हेर्नु, अपाङ्गता भएका व्यक्तिको भाषा र संस्कृतिमा प्रबर्द्धन, कला, साहित्य र सञ्चारमा अपाङ्गताको अभिव्यक्ति प्रबर्द्धन, अपाङ्गता भएका व्यक्तिहरूप्रतिको सामाजिक दृष्टिकोणमा सुधार, आफ्नो अधिकारका लागि सङ्घर्ष गर्न प्रोत्साहन, समावेशी समाजको प्रबर्द्धन |
| नकारात्मक पक्षहरू | अपाङ्गतालाई लज्जाको विषयका रूपमा लिइनु, अपाङ्गता भएका व्यक्तिहरू सामाजिक बहिष्करणको सिकार हुनु र अपाङ्गतालाई लुकाउन बाध्य हुनु, उपचारको सट्टा धार्मिक अनुष्ठानमा जोड, अपाङ्गता भएका व्यक्तिहरूलाई दयाको पात्र बनाइनु | अपाङ्गतालाई व्यक्तिगत समस्या मात्र ठान्नु, सामाजिक अवरोधहरूलाई बेवास्ता गर्नु, अपाङ्गता भएका व्यक्तिहरूलाई सुधार्नु पर्ने वा ठिक पार्नुपर्ने व्यक्तिका रूपमा हेर्नु, अपाङ्गता भएका व्यक्तिहरूलाई रोगीका रूपमा हेरिनु | सिङ्गो समाजको विचारधारा वा सोचाइ बदल्न गाह्रो हुनु, व्यक्तिगत वा चिकित्सकीय आवश्यकतालाई बेवास्ता गर्ने प्रवृत्ति, व्यक्तिगत अनुभव र भावनात्मक पक्षलाई कम आँक्नु, सबै सामाजिक अवरोधहरू हटाउन व्यवहारिक रूपमा कठिनाइ हुनु | व्यक्तिगत आवश्यकतालाई ओझेलमा पार्ने जोखिम, व्यवहारिक समाधान प्रदान गर्न कठिन हुनु, नीतिगत सुधारमा प्रभाव कम हुनु, विविधतापूर्ण अनुभवहरूलाई सामान्यीकरण गर्ने सम्भावना हुनु आदि । |

## २.३ अपाङ्गता अध्ययन

अपाङ्गता अध्ययन सांस्कृतिक अध्ययनका क्षेत्रमा देखापरेको एक अन्तर्विषयक समालोचना पद्धति हो । यसलाई बुझाउन अङ्ग्रेजीमा 'डिसाबलिटी स्टडिज' पदावलीको प्रयोग गरिन्छ । यो अपाङ्गताका माथि उल्लिखित प्रमुख चार मोडलहरूमध्ये सामाजिक र सांस्कृतिक मोडलमा आधारित छ । यसर्थ अपाङ्गता अध्ययनले अपाङ्गतालाई पापको परिणाम, कर्मको फल, व्यक्तिगत वा जैविक समस्या नभई सामाजिक र संरचनागत अपूर्णता र सामाजिक र सांस्कृतिक संरचनामा गहिरोसँग जरा गाडेको विश्वास, मान्यता र सांस्कृतिक अभ्यासका कारण उत्पन्न समस्याका रूपमा व्याख्या गर्दछ । सन् १९८० को दशकमा सांस्कृतिक अध्ययनको सन्दर्भमा अपाङ्गता अध्ययनको चर्चा प्रारम्भ भयो । समालोचनाको छुट्टै विषयका रूपमा चाहिँ यस अध्ययनको प्रारम्भ सन् १९९० को दशकको मध्यतिरबाट भएको हो (भट्टराई, २०६३/६४, पृ. ५२) । अपाङ्गता अध्ययन पाश्चात्य समालोचनाबाट नेपाली समालोचनाका क्षेत्रमा भित्रिएको नवीन समालोचना प्रणाली हो र यो अध्ययन साहित्यिक कृतिमा चित्रित अपाङ्गताको अध्ययनमा केन्द्रित हुन्छ (घिमिरे, २०७८, पृ.२६२) । सन् १९९० को आरम्भमा अमेरिकामा अपाङ्गताको अध्ययन विषय आरम्भ भएको र यसले समाजशास्त्रलाई भन्दा मानविकी शास्त्रलाई विशेष जोड दिन खोजेको देखिन्छ (बस्याल, सन् २०१९, पृ. १८) । यसलाई सांस्कृतिक अध्ययनका क्षेत्रमा सीमान्तीकृत समुदायको अध्ययनका रूपमा पनि लिएको पाइन्छ ।

अपाङ्गता अध्ययनमा शारीरिक अपाङ्गता (अन्धोपन, बहिरोपन, लाटोपन, लङ्गडोपन आदि), मानसिक अपाङ्गता (सुस्त मनस्थिति, स्वलीनता/अटिज्म), पागलपन, स्थिरव्यामोह (प्यारानोइया), उन्माद (हिस्टेरिया) आदि दीर्घरोगबाट उत्पन्न हुने मूर्च्छाजन्य सङ्कटावस्था (कमजोर मुटु, मृगी (इपिलेप्सी), अतिउच्च रक्तचाप, पक्षघात आदि) तथा दीर्घकालीन पीडा दिने क्यान्सर वा स्नायुजन्य रोगबाट पीडित व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणका विविध र विस्तृत क्षेत्र समेटिएका हुन्छन् (एटम, २०७४, पृ. २८) । साहित्यिक कृतिमा अपाङ्ग पात्रको प्रयोग अपाङ्गप्रतिको सामाजिक दृष्टिकोण, अपाङ्ग व्यक्ति स्वयंका अनुभूति तथा दृष्टिकोण र लेखकको अपाङ्गताप्रतिको धारणा के कस्ता र के कसरी अभिव्यञ्जित भएका छन् भन्ने विषयमा केन्द्रित भएर गरिने कृतिबारेको विमर्श नै अपाङ्गता अध्ययन हो (घिमिरे, २०७८ पृ. २६१) । शर्मा (२०७५/७६) ले अपाङ्गता

अध्ययननलाई अपाङ्गतालाई अर्थ्याउने सामाजिक साँस्कृतिक दृष्टिकोणको व्यवस्थित अध्ययनका रूपमा परिभाषित गरेकी छन् । उनका अनुसार अपाङ्गता अध्ययनको उत्प्रेरणा सन् १९६० को दशकमा अमेरिका र बेलायतमा चलेको अपाङ्गतामाथि गरिने भेदभावका विरुद्ध अपाङ्ग अधिकारका निम्ति सञ्चालित आन्दोलनहरूबाट प्राप्त भएको हो (पृ. १५३) । सिबर्स (सन् २००८) का अनुसार अपाङ्गता अध्ययनले सक्षम शरीर र मस्तिष्कले गुणस्तरीय मान्छे हो कि होइन भनेर निर्धारण गर्दछ भन्ने व्यापक विश्वासलाई आक्रमण गर्दै तिनीहरू कसरी बहिष्कार र उत्पीडनको प्रणालीसँग सम्बद्ध छन् भन्ने प्रश्न गर्दछ । यसर्थ अपाङ्गता कुनै शारीरिक वा मानसिक दोष होइन, तर त्यो सांस्कृतिक र अल्पसङ्ख्यक पहिचान हो (घर्ती, २०८१, पृ.४) । यसअर्थमा अपाङ्गता अध्ययनलाई सीमान्तीकृत समुदायको अध्ययनको एउटा महत्त्वपूर्ण पक्षका रूपमा पनि लिन सकिन्छ ।

अपाङ्गता अध्ययनका क्षेत्रमा काम गर्ने सुरुका प्रभावशाली विद्वान्हरूमध्ये लेनार्ड डेभिस, रोजमेरी गार्ल्यान्ड थम्पसन, सिमी लिन्टोन, डेभिड मिसेल र स्यारोन सिन्डरले अपाङ्गतालाई सांस्कृतिक र साहित्यिक परिप्रेक्ष्यमा राखेर परीक्षण गरे (बस्याल, सन् २०१९ पृ १८) । यिनीहरूले अपाङ्गतालाई व्यक्तिको शारीरिक वा मानसिक कमजोरी भन्दा पनि बहुसङ्ख्यक साङ्ग व्यक्तिहरूलाई ध्यानमा राखेर निर्माण गरिएका भौतिक तथा सामाजि संरचना नै अपाङ्गताको मुख्य कारण हुन् र अपाङ्गतामैत्री संरचना निर्माण तथा समावेशीकरणमार्फत् अपाङ्गहरूलाई समाजको मूल धारमा ल्याउन सकिन्छ भन्ने धारणा अघि सारे । फुको अपाङ्ग सम्बन्धी पाठलाई इतिहासको आँखाबाट हेरिने समालोचनाका रूपमा अपाङ्ग समालोचनालाई लिन्छन् भने उनीभन्दा पछिका समालोचकहरू सांस्कृतिक रूपमा अल्पसङ्ख्यक रहेका अपाङ्गहरूको सामाजिक र राजनीतिक विश्लेषणका आधारमा कृतिको विश्लेषण गर्दछन् (भट्टराई, २०७७, पृ. ५२) । विश्व साहित्यको सन्दर्भमा हेर्दा अफ्रिका, एसिया र दक्षिण अमेरिकाका सिद्धान्तकार र शोधार्थीहरूले सांस्कृतिक अध्ययनभित्र राजनीतिक आर्थिक विषयलाई मुख्य जोड दिएर अपाङ्गताको विश्लेषण गर्न खोजेको देखिन्छ (बस्याल, सन् २०१९, पृ. १९) । पछिल्लो समय सांस्कृतिक अध्ययनका क्षेत्रमा सीमान्तीय अध्ययनको एउटा महत्त्वपूर्ण अध्ययन क्षेत्रका रूपमा अपाङ्गता अध्ययनले स्थान पाएको छ । जसले साहित्य, चलचित्र, मिडिया आदिमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व, प्रतिरोध तथा अपाङ्गताप्रतिको लेखकीय अवधारणाबारे अध्ययन गर्छ ।

विश्व चिन्तनका सन्दर्भमा अपाङ्गतासम्बन्धी विषय एउटा ज्वलन्त प्रश्न र मुद्दाका रूपमा उपस्थित भएको छ भने समालोचनाका क्षेत्रमा पनि यो एउटा नयाँ विषयवस्तुका रूपमा उपस्थित छ । यसै भन्दर्भमा भट्टराई (२०६३/६४) लेख्छन्-

> बढ्दो प्रदूषण, युद्ध तथा प्राकृतिक प्रकोप, रोगव्याधीको सिकारका कारण मान्छे अपाङ्ग बनिरहेछ । यसले जन्मजात तथा जन्मेपछि पनि मान्छेलाई अपाङ्ग बनाइरहेछ । यस्तो अवस्थामा अपाङ्गहरू पनि मान्छे हुन् र तिनले पनि मूल्य पाउनुपर्छ भन्ने मानवीय प्रश्न एकातिर छ भने साहित्यमा तिनको चित्रण कसरी भएको छ, तिनको स्थान, अवसर र उपस्थिति कस्तो छ भन्ने साहित्यिक प्रश्न अर्कोतिर छ । यस दृष्टिले अपाङ्गता अध्ययन पनि साँस्कृतिक अध्ययनको एउटा अङ्ग हो र समालोचनात्मक सङ्कथनमा यसको स्थान हुनुपर्छ भन्ने मान्यता विकसित हुन पुगेको छ (पृ. ५२) ।

उनको यस भनाइले के स्पष्ट पार्छ भने अपाङ्गता अध्ययन सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण अङ्ग हो र यसले अपाङ्गता भएका व्यक्तिहरू साहित्यिक कृति र समाजमा कसरी बाँचेका छन् र उनीहरूप्रतिको लेखकीय दृष्टिकोण कस्तो छ भन्ने कुरालाई अध्ययनको केन्द्रमा राख्छ ।

अपाङ्गता अध्ययनको मूल स्वरूप राजनीतिक रहेको छ र वर्तमानको पहिचान राजनीति (आइडेन्टिटी पोलिटिक्स) कै एउटा अङ्गका रूपमा यसलाई लिइन्छ । अझ फ्रान्सेली दार्शनिक मिसेल फुकोका दार्शनिक र ऐतिहासिक चिन्तन तथा नव इतिहासवाद र शरीर समालोचना (बडी क्रिटिसिज्म) बाट पनि यसले प्रशस्त मौलाउने अवसर प्राप्त गरेको छ (भट्टराई, २०६३/६४ पृ. ५२) । नेपाली साहित्यमा अपाङ्गता विषयक कृतिहरू लेखिन थालेको छ दशकभन्दा बढी भएको देखिन्छ तापनि अपाङ्गता अध्ययनका दृष्टिले साहित्यिक कृतिहरूको अध्ययन तथा विश्लेषण निकै कम मात्रामा भएको पाइन्छ । नेपाली साहित्यका प्रारम्भिक रचनाहरूमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई अत्यन्त कमजोर रूपमा प्रस्तुत गरिएको भए तापनि पछिल्लो समयका आख्यानात्मक रचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको शरीरलाई सकारात्मक रूपमा प्रस्तुत गर्ने र कार्यस्थलमा शक्तिशाली देखाउने परम्पराको विकास भएको छ । त्यसबाहेक उनीहरूका कथालाई पीडा, दुःख र दयामा मात्र होइन, प्रतिरोधी चेतनालाई समेत जोडेर प्रस्तुत गरेको पाइन्छ (ढकाल, सन् २०२४, पृ.

२०१) । यसरी हेर्दा नेपाली साहित्यका प्रारम्भिक रचनाहरू अपाङ्गताको नैतिक मोडलबाट प्रभावित देखिन्छन् भने परिवर्तित समयसँगै साहित्यिक कृतिहरूमा अपाङ्ग पात्रहरूको उपस्थिति राम्रो हुँदै गएको र पछिल्लो समयका लेखकहरूमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण सामाजिक तथा सांस्कृतिक मोडलबाट प्रभावित हुँदै गएको देखिन्छ । त्यसैले पछिल्लो समयका लेखकहरू अशक्त पात्रको शरीरमाथि समाज, व्यवस्था र मानिसका परम्परित सोच र दृष्टिकोणले निर्माण गरेका विभेदी व्यवहारप्रति आक्रामक भएका छन् (ढकाल, सन् २०२४ पृ. २०८) । साथै उनीहरूले अपाङ्गता र अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरेको भाषा पनि सम्मानजनक देखिन्छ ।

## २.४ कृति विश्लेषणको ढाँचा

कुनै पनि साहित्यिक कृतिमा अभिव्यक्त विचारलाई वैज्ञानिक एवम् तथ्यपूर्ण तरिकाले विश्लेषण गर्नुलाई कृति विश्लेषण भनिन्छ । विधा र अध्ययनको उद्देश्यअनुसार कृति विश्लेषणका ढाँचाहरू पनि फरक फरक हुन्छन् । अपाङ्गताको सन्दर्भमा कृति विश्लेषण गर्दा कृतिमा अपाङ्गता भएका पात्रहरूको सामाजिक/सांस्कृतिक तथा आर्थिक अवस्था कस्तो छ ? उनीहरूमा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना कस्तो छ र अपाङ्गतालाई हेर्ने लेखकीय दृष्टिकोण वा विचारधारा कस्तो छ भन्ने कुराको अध्ययन गरिन्छ । जसका लागि सांस्कृतिक अध्ययनका क्षेत्रमा सुपरिचित विद्वान्हरू स्टुआर्ट हल, एन्टोनियो ग्राम्ची लगायतका विद्वान्हरूका पहिचान, प्रतिनिधित्व र प्रतिरोधसम्बन्धी मान्यतालाई कृति विश्लेषणको ढाँचा बनाइएको छ । यसका अतिरिक्त अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण तथा अपाङ्गताप्रतिको लेखकीय विचारधारालाई समेत कृति विश्लेषणको उपकरणका रूपमा प्रयोग गरिएको छ ।

### २.४.१ अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

अपाङ्गता अध्ययन सांस्कृतिक अध्ययनका क्षेत्रमा देखापरेको एक महत्त्वपूर्ण अध्ययन क्षेत्र हो । सांस्कृतिक अध्ययनको आरम्भ बेलायतबाट भएको हो । बेलायतको वर्मिङ्घम विश्वविद्यालयमा स्थापित समकालीन सांस्कृतिक अध्ययन केन्द्र (CCCS) को स्थापनासँगै सांस्कृतिक अध्ययनले गति लिएको देखिन्छ (गिरी, २०७०, पृ.२०) । रिचर्ड होगार्ड, रेमण्ड विलियम्स, ई.पी. थम्पसन, स्टुआर्ट हल ब्रिटिस सांस्कृतिक अध्ययनका प्रवर्तक मानिन्छन् । यीमध्ये पहिचान, प्रतिनिधित्व र प्रतिरोध अध्ययनका दृष्टिले स्टुआर्ट हलका विचारहरू

सबैभन्दा महत्त्वपूर्ण छन् । साहित्यिक कृतिमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध के कसरी प्रस्तुत भएको छ भन्नेबारे छलफल गर्नुअघि स्टुआर्ट हलले प्रस्तुत गरेका पहिचान, प्रतिनिधित्व र प्रतिरोधसम्बन्धी मान्यताहरू बुझ्नु आवश्यक हुन्छ । यहाँ यिनै विषयहरूबारे चर्चा गरिएको छ ।

### २.४.१.१ पहिचान

सामान्यतया पहिचान भन्नाले कुनै पनि व्यक्ति वा वस्तुको गुण, मूल्य आदि जान्ने कामलाई बुझिन्छ । यसलाई परिचय पनि भनिन्छ । पहिचान वा परिचयलाई बुझाउन अङ्ग्रेजीमा 'Identity' शब्द प्रचलित छ । सांस्कृतिक अध्ययनका सन्दर्भमा कुनै पनि व्यक्ति वा समूहलाई चित्रण गर्ने गुण, विश्वास, व्यक्तित्व, विशेषता, उपस्थिति, अभिव्यक्ति आदिलाई पहिचानका रूपमा लिइन्छ । सांस्कृतिक अध्ययनमा पहिचानलाई सामूहिक परिचयका रूपमा समेत व्याख्या गरिएको पाइन्छ । उप्रेती (२०६८) का अनुसार मानिसको व्यक्तिगत, सांस्कृतिक र राजनीतिक परिचय सांस्कृतिक अध्ययनको प्रविधिमार्फत् विश्लेषण गरिने एउटा प्रमुख विषय हो (पृ. २७८) । स्टुआर्ट हलका अनुसार हामी को हौं ? र इतिहासको हस्तक्षेपका आधारमा हामी कस्ता हुनुपर्छ भन्ने कुराको खोजी नै पहिचानको अध्ययन हो । पहिचान निर्माणको प्रक्रियामा इतिहास, संस्कृति र सत्ताको भूमिका निरन्तर रूपमा रहेको हुन्छ । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले मात्र निर्माण हुँदैन, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यावसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन् (गिरी, २०७०, पृ. ३१) । व्यक्ति वा समुदायको पहिचान संस्कृति र राजनीतिद्वारा निर्मित हुन्छन् । त्यसमा पनि सांस्कृतिक पहिचानका पक्षहरू सबैभन्दा महत्वपूर्ण हुन्छन् ।

परिचयको अध्ययनमा तात्त्विकतावादी र निर्माणवादी गरी दुई अवधारणाहरू रहेका छन् । यी दुईमध्ये तात्त्विकतावादी मतका अनुसार मानिसको परिचय प्रकृतिप्रदत्त एवम् अपरिवर्तनशील गुण वा विशेषताहरूसँग जोडिएको हुन्छ भने निर्माणवादी मतका अनुसार परिचयका जुनसुकै मापदण्ड पनि प्रकृतिप्रदत्त नभएर ऐतिहासिक र राजनीतिक परिप्रेक्ष्यभित्र निर्माण भएका हुन्छन् । यसरी हेर्दा तात्त्विकतावादीहरूका मतमा परिचयका आधारहरू ऐतिहासिक नभएर प्राकृतिक हुन्छन् भने निर्माणवादीहरूका मतमा परिचयका आधारहरू सामाजिक र ऐतिहासिक प्रक्रियामार्फत् गठित हुन्छन् । यसै सन्दर्भमा स्टुआर्ट हलको

पहिचानसम्बन्धी मत सान्दर्भिक देखिन्छ । उनी भन्छन्- पहिचान सधैँ निर्माणको प्रक्रियामा हुन्छ (पृ. ४७) । पहिचानको अवधारणालाई अपाङ्गता अध्ययनसँग जोडेर हेर्दा परिचयको तात्विकतावादी मत नैतिक मोडलसँग सम्बन्धित देखिन्छ भने निर्माणवादी मत अपाङ्गताको चिकित्सा र सामाजिक मोडलसँग सम्बन्धित देखिन्छ किनभने अपाङ्गताको नैतिक मोडलले अपाङ्गतालाई जन्मजात एवम् अपरिवर्तनशील अवस्थाका रूपमा लिन्छ भने चिकित्सा मोडलले अपाङ्गताको कारण प्राकृतिक/जन्मजात भन्दापनि रोग, दुर्घटना, सामाजिक संरचना आदिलाई मान्दछ र अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार गरेर वा पुनर्स्थापना केन्द्रमा राखेर निको पार्न वा उनीहरूको पहिचान परिवर्तन गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

एक समग्र राजनीतिक एवम् सांस्कृतिक संरचनाभित्र पहिचानहरू कसरी बन्छन् र परिवर्तन हुन्छन्, यसमा के कस्ता तत्त्वहरूको भूमिका सम्पादन गर्छन्, पहिचानका निम्ति केकस्ता प्रयत्नहरू गरिन्छन्, वर्चस्वकारी शक्तिले पहिचानलाई कसरी प्रभावित गर्छ जस्ता कुराहरू पहिचानको सांस्कृतिक अध्ययनमा आउँछन् (गिरी, २०७०, पृ. ३१) । स्टुआर्ट हलका अनुसार पहिचान स्थिर, निश्चित वा स्वाभाविक नभई एक गतिशील, ऐतिहासिक एवम् सांस्कृतिक रूपमा निर्माण हुने कुरा हो । मानिसको पहिचान व्यक्तिगत मात्र नभएर सामूहिक (कलेक्टिभ) पनि हुन्छ । त्यसैले पहिचान सामाजिक रूपले स्थापित हुन्छ तर यसलाई चुनौती दिँदै नयाँ पहिचान निर्माण गर्न सकिन्छ । हलका अनुसार पहिचान केवल आत्मपरिभाषा होइन यो त अरूभन्दा फरक हुनुको अवस्था पनि हो । समाजमा प्रभुत्वशाली समूहले 'हामी' र 'उनीहरू' को विभाजन गर्छ, जसले पहिचान निर्माणमा प्रभाव पार्छ । अपाङ्गता भएका व्यक्ति विरुद्धको विभेद यसै प्रकारको विभाजनको एउटा उदाहरण हो । नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूलाई असहाय वा दयाको पात्रका रूपमा चित्रण गर्ने प्रवृत्तिले उनीहरूको पहिचानलाई प्रभुत्वशाली समाजले परिभाषित गरेको देखाउँछ ।

### २.४.१.२ प्रतिनिधित्व

प्रतिनिधित्व सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण अवधारणा हो, जसले कुनै वस्तु, व्यक्ति, वा विषयलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुरालाई बुझाउँछ । यसलाई बुझाउन अङ्ग्रेजीमा 'Representation' शब्दको प्रयोग गरिन्छ । यो सांस्कृतिक अध्ययनको केन्द्रीय विचार हो । स्टुआर्ट हलका अनुसार प्रतिनिधित्व अर्थ निर्माणको प्रणाली हो । भाषाका माध्यमबाट कुनै व्यक्ति वा वस्तुलाई कसरी चिनाइएको छ भन्ने कुराको खोजीलाई सांस्कृतिक अध्ययनका क्षेत्रमा प्रतिनिधित्वका रूपमा लिइन्छ । प्रतिनिधित्वको केन्द्रीय विषय समाजको संरचना कसरी निर्माण भएको छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी भएको छ भन्ने नै हो । साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा गरिन्छ (भट्टराई, २०७७, पृ. ३३६) । गिरी ( २०७०) का अनुसार सांस्कृतिक अध्ययनले मूलतः प्रतिनिधित्वको अध्ययन पाठमार्फत् गर्छ ( पृ. २७) । साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग सम्बन्ध राख्दछ । सीमान्तीय अध्ययनमा पात्रहरूको सामाजिक भूमिकाका आधारमा तिनको पहिचान गरिन्छ र यही पहिचानका निम्ति हुने उसको उपस्थितिलाई नै प्रतिनिधित्व भनिन्छ (त्रिपाठी, गीता थपलिया, सन् २०२२, पृ.१७४) । प्रतिनिधित्व त्यो प्रक्रिया हो जसमा कुनै एउटा संस्कृतिको सदस्यले अर्थको उत्पादनका लागि भाषाको प्रयोग गर्छ । अर्थको उत्पादन भन्नाले कुनै वस्तुलाई चिनाउनु, त्यसलाई वर्णन गर्नु र दिमागमा त्यसको चित्र बनाउनुलाई बुझिन्छ । यस अर्थमा प्रतिनिधित्व भनेको कुनै कुरालाई प्रतीकात्मक रूप दिनु हो । अपाङ्गता अध्ययनमा पनि प्रतिनिधित्व एक महत्त्वपूर्ण उपकरण हो, जसमा अपाङ्ग व्यक्तिहरूलाई कला, साहित्य, र मिडियामा कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गरिन्छ ।

स्टुआर्ट हल (१९८१) का अनुसार प्रतिनिधित्व भनेको भाषा, सङ्केत र बिम्बहरूका माध्यमबाट अर्थ उत्पादन गर्ने र आदानप्रदान गर्ने प्रक्रिया हो । हलले प्रतिनिधित्वलाई केवल वास्तविकताको प्रतिबिम्ब मात्र नभई त्यसलाई निर्माण गर्ने प्रक्रिया पनि भनेका छन् । यस अर्थमा साहित्यमा अपाङ्गता भएका पात्रहरूको चित्रण केवल तिनीहरूको वास्तविक जीवनको पुनरुत्पादन मात्र होइन, बरु समाजले अपाङ्गतालाई बुझ्ने तरिकाको सांस्कृतिक निर्माण हो । उनकाअनुसार प्रतिनिधित्वले प्रभुत्वशाली संरचनालाई मात्र सुदृढ गर्दैन, यसले

त्यसलाई चुनौती पनि दिन सक्छ । वैकल्पिक प्रतिनिधित्वले बहुलवादी दृष्टिकोण ल्याउँछ । उदाहरणका लागि, यदि अपाङ्गता भएका पात्रहरूलाई केवल दयाको पात्रका रूपमा प्रस्तुत गरिएको छ भने त्यो प्रभुत्वशाली प्रतिनिधित्व हो, तर यदि तिनीहरूलाई आत्मनिर्भर वा नेतृत्व गर्ने भूमिकामा देखाइन्छ भने त्यो वैकल्पिक प्रतिनिधित्व हो ।

साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेको समुदाय वा अल्पसङ्ख्यक समूहका माध्यमबाट हुन सक्छ । साहित्यमा उपस्थित चरित्रहरूबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य सम्भव हुन्छ (भट्टराई, २०७० पृ. ३३६) । अपाङ्गता अध्ययन पनि अल्पसङ्ख्यक एवम् सीमान्तीकृत मानिएका अपाङ्ग व्यक्तिहरूलाई कला, साहित्य र मिडियामा कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन भएकाले प्रतिनिधित्व अपाङ्गता अध्ययनका लागि पनि एक महत्त्वपूर्ण उपकरण हो ।

हल (सन् १९८१) को विचारअनुसार भाषा, बिम्ब वा अन्य सांस्कृतिक माध्यमहरू तटस्थ छैनन् । यिनीहरूले कुनै पनि कुरा प्रस्तुत गर्दा शक्ति सम्बन्धलाई पनि प्रतिनिधित्व गर्छन् । उनका अनुसार प्रतिनिधित्व अर्थ उत्पादन गर्ने प्रक्रिया हो । यो केवल यथार्थको प्रतिबिम्बन होइन । बरु यथार्थको निर्माण गर्ने माध्यम हो । भाषा, बिम्ब, मिडिया जस्ता साङ्केतिक प्रणालीमार्फत् प्रतिनिधित्व गरिन्छ । यसरी हेर्दा नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको चित्रण केवल तिनीहरूको वास्तविक जीवनको पुनरूपत्ति होइन, बरु समाजले अपाङ्गतालाई बुझ्ने तरिकाको सांस्कृतिक निर्माण हो ।

### २.४.१.३ अपाङ्गताको प्रतिनिधित्वमा भाषा र सङ्केत प्रणाली

हलका अनुसार प्रतिनिधित्व मुख्य रूपमा भाषा र सङ्केत प्रणालीहरू मार्फत् गरिन्छ । भाषा भनेको केवल सञ्चारको माध्यम होइन, अर्थ निर्माणको उपकरण हो । भाषा र बिम्बहरूले समाजमा शक्ति सम्बन्धलाई संस्थागत बनाउँछन् । प्रतिनिधित्व मुख्य रूपमा भाषा र सङ्केत प्रणालीहरू मार्फत् गरिन्छ । हलले प्रतिनिधित्वका निम्नलिखित तीन प्रमुख पद्धतिहरू प्रस्तुत गरेका छन् :

**(अ) प्रतिबिम्वात्मक पद्धति (रिफ्लेक्टिभ एप्रोच)**

प्रतिबिम्वात्मक पद्धतिका अनुसार भाषा वा विभिन्न बिम्बहरूले अर्थको प्रतिबिम्बन गर्दछन् । यसमा भाषाले ऐनालेझैं काम गर्छ र वास्तविक संसारमा भएका घटनाहरूलाई प्रतिबिम्बन गर्छ । हलका अनुसार भाषाले प्रतिबिम्बनको काम गर्छ र सत्यको अनुकरण गर्छ ।

**(आ) अभिप्रायमूलक पद्धति (इन्टेन्सनल एप्रोच)**

यो प्रतिनिधित्वको दोस्रो पद्धति हो । यस पद्धतिका अनुसार वक्ता वा लेखकले कुनै व्यक्ति, वस्तु वा विषयका बारेमा अर्थ निर्माण गर्छ र स्रोता वा पाठकलाई त्यो अर्थ मान्न बाध्य बनाउँछ । कुनै शब्दलाई व्यक्तिगत रूपमा नभई नियम, कोड वा भाषिक स्वरूपका आधारमा अरू समक्ष आदानप्रदान गरी बोध गर्ने गराउने प्रक्रियामा नै अभिप्रायमूलक अर्थ निहित हुन्छ ।

**(इ) निर्माणवादी पद्धति (कन्स्ट्रक्टिभ एप्रोच)**

यो प्रतिनिधित्वको तेस्रो पद्धति हो । यस पद्धतिका अनुसार भाषा सार्वजनिक तथा सामाजिक चरित्र भएको वस्तु हो । भाषाको अर्थापन वा अर्थ निर्धारण व्यक्ति वा वस्तु आफैले गर्ने नभई सामाजिक प्रक्रियाका आधारमा हुन्छ । अर्थको निर्माण भौतिक विश्वले नभई भाषिक प्रणाली वा संस्कृतिमा रहेको धारणात्मक, भाषिक वा अन्य प्रतिनिधिमूलक प्रणालीका आधारमा हुन्छ ।

अपाङ्गता अध्ययनमा कला, साहित्य र मिडियामा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व के कसरी भएको छ ? भन्ने बारे अध्ययन गरिन्छ । उपन्यासमा अपाङ्गताको प्रतिनिधित्वबारे अध्ययन गर्दा निम्नलिखित विषयहरू समेट्नु सान्दर्भिक हुन्छ :

(अ) उपन्यासमा अपाङ्गता भएका पात्रहरूको चित्रण कसरी गरिएको छ ?

(आ) अपाङ्गता र अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरिएको भाषा कस्तो छ ?

(इ) पात्रहरूको प्रतिनिधित्व प्रभुत्वशाली वा वैकल्पिक कुन रूपमा गरिएको छ ?

(ई) अपाङ्गता भएका पात्रहरूमार्फत् कस्तो अर्थ निर्माण गर्न खोजिएको छ ?

माथिको छलफलबाट के निष्कर्षममा पुगिन्छ भने प्रतिनिधित्व सांस्कृतिक अध्ययनको एक प्रमुख अवधारणा हो, जसले कुनै वस्तु, व्यक्ति, वा विषयलाई कसरी प्रस्तुत गरिएको छ भन्ने बुझाउँछ । स्टुआर्ट हलका अनुसार यो अर्थ निर्माणको प्रक्रिया हो, जसमा भाषा, बिम्ब,

र सांस्कृतिक संकेतहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । प्रतिनिधित्व केवल यथार्थको प्रतिबिम्बन मात्र नभई, समाजले कुनै विषयलाई बुझ्ने तरिकाको सांस्कृतिक निर्माण पनि हो । साहित्यमा, विशेष गरी अपाङ्गता अध्ययनमा, यो महत्त्वपूर्ण उपकरण हो, जसले अपाङ्ग व्यक्तिहरूलाई साहित्यिक कृतिहरूमा कसरी प्रस्तुत गरिएको छ भन्ने विश्लेषण गर्छ । हलले प्रतिबिम्बात्मक, अभिप्रायमूलक, र निर्माणवादी गरी प्रतिनिधित्वका तीन पद्धतिहरू प्रस्तुत गरेका छन्, जसले अर्थ निर्माणका फरक तरिकाहरूलाई दर्शाउँछन् । नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको प्रतिनिधित्वबारे विश्लेषण गर्दा उनीहरूका लागि प्रयोग गरिएको भाषा कस्तो छ ? उनीहरूको सामाजिक तथा आर्थिक अवस्था कस्तो छ ? उनीहरूको प्रतिनिधित्व प्रभुत्वशाली वा वैकल्पिक कस्तो छ ? अपाङ्गता भएका पात्रहरूमार्फत् कस्तो अर्थ निर्माण गर्न खोजिएको छ ? भन्ने जस्ता प्रश्नहरूको उत्तर खोज्नु सान्दर्भिक देखिन्छ ।

### २.४.१.४ प्रतिरोध

सामान्यतया प्रतिरोध भन्नाले कसैले गर्न लागेको काममा बाधा पुऱ्याउनु वा रोक्नुलाई बुझिन्छ । प्रतिरोधलाई बुझाउन अङ्ग्रेजीमा 'Resistance' शब्द प्रयोग गरिन्छ । सांस्कृतिक अध्ययनको क्षेत्रमा प्रतिरोधलाई कृति विश्लेषणको एक महत्त्वपूर्ण उपकरणका रूपमा लिइन्छ । यो वेलायती सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण विषय हो । स्टुआर्ट हलको प्रतिरोधको अवधारणालाई सांस्कृतिक अध्ययनका क्षेत्रमा निकै महत्त्वका साथ लिइन्छ । उनले प्रतिरोधलाई प्रभुत्वशाली शक्तिहरू विरुद्ध उत्पन्न हुने सांस्कृतिक तथा वैचारिक गतिविधिको रूपमा व्याख्या गरेका छन् । विशेषगरी उनले सञ्चार र मिडिया अध्ययनमा प्रतिरोधको भूमिका स्पष्ट पार्दै यसलाई प्रभुत्वशाली (हेजेमोनिक) संरचनाहरूमाथिको चुनौतीका रूपमा व्याख्या गर्छन् ।

हल (सन् १९८१) का अनुसार समाजमा मिडियाले प्रभुत्वशाली विचार प्रणालीलाई प्रवर्द्धन गर्छ, जसलाई उनले इन्कोडिङ-डिकोडिङ मोडलद्वारा विश्लेषण गरेका छन् । यस मोडल अनुसार सञ्चार माध्यमले सन्देशलाई एक विशेष अर्थको साथ कोड (इन्कोड) गर्छन्, तर प्राप्त कर्ताले त्यसलाई आआफ्नै सन्दर्भमा डिकोड गर्छन् । यस प्रक्रियामा केही व्यक्तिहरू प्रभुत्वशाली विचारलाई स्वीकार गर्छन्, केहीले आंशिक रूपमा स्वीकार गरे पनि आफ्नै दृष्टिकोण राख्छन् भने केहीले प्रतिरोधात्मक रूपमा व्याख्या गर्छन् (पृ. १२७) । हल (१९८१) ले प्रतिरोधलाई एक निष्कृय प्रक्रियाका रूपमा नभई एक सचेतन सांस्कृतिक

अभ्यासका रूपमा बुझ्काउँछन् । उनको प्रतिरोधको अवधारणा एन्टोनियो ग्राम्चीको प्रभुत्व (हेजेमोनी) को अवधारणासँग गहिरो रूपमा सम्बन्धित छ । हलले ग्राम्चीको प्रभुत्व सम्बन्धी सिद्धान्तलाई सांस्कृतिक अध्ययनमा विकसित गर्दै प्रतिरोधलाई एक सशक्त सिद्धान्तका रूपमा प्रस्तुत गरेका छन् । उनले ग्राम्चीको प्रभुत्व सम्बन्धी अवधारणालाई विस्तार गर्दै सांस्कृतिक अभ्यासमा प्रतिरोधको भूमिका स्पष्ट पारेका छन् । उनका अनुसार प्रभुत्व स्थिर हुँदैन तर निरन्तर रूपमा चुनौती दिने र पुनः संरचना भइरहन्छ ।

हलको इन्कोडिङ-डिकोडिङ मोडलअनुसार मिडियाले प्रभुत्वशाली सन्देशहरू निर्माण गर्छ तर दर्शकले ती सन्देशलाई विभिन्न तरिकाले व्याख्या गर्छन् । केहीले सन्देशलाई जस्ताको तस्तै स्वीकार गर्छन् जसलाई उनले 'डोमिनेन्ट हेजोमोनिक रिडिङ' नाम दिएका छन् । केहीले तिनलाई आंशिक रूपमा स्वीकार गर्छन् जसलाई उनी 'नेगोशिएटेड रिडिङ' को संज्ञा दिन्छन् भने केहीले प्रतिरोधात्मक रूपमा अर्थ निकाल्छन् जसलाई उनी 'अपोजिसनल रिडिङ' भन्छन् । यही अपोजिसनल रिडिङ नै प्रतिरोधको एउटा रूप हो, जसले प्रभुत्व (हेजेमोनी) लाई चुनौती दिन्छ । प्रतिरोध सांस्कृतिक, वैचारिक र राजनीतिक गरी मूलतः तीन रूपमा प्रकट हुन्छ । यसका विषयगत, रूपगत वा समूहगत पक्षहरू फरक फरक हुने भए तापनि समाजमा प्रतिरोधको मूल स्वरूप राजनीतिक तथा आर्थिक हुन्छ । यही प्रतिरोधले समाजमा नयाँ वा प्रतिरोधी विमर्शको निर्माण गर्छ । यही क्रममा वैचारिक सङ्घर्षको सिर्जना हुन्छ र वर्ग निर्माणको नयाँ अवस्था सिर्जना हुन्छ भन्ने हलको तर्क छ । हलका अनुसार प्रतिरोध विचारधारात्मक सङ्घर्ष हो । यसमा कुनै एक जाति, वर्ग, लिङ्गको वर्चस्वका विरुद्धमा पछि परेको जाति, वर्ग वा लिङ्गको पहिचान र प्रतिनिधित्वको खोजी गरिने भएकाले प्रतिरोधले नै पछि परेका सांस्कृतिक समूहलाई मूल धारमा ल्याउँछ ।

## २.५ निष्कर्ष

अपाङ्गता अध्ययन सांस्कृतिक अध्ययनका क्षेत्रमा देखा परेको एक अन्तर्विषयक समालोचना पद्धति हो । जसले साहित्यिक कृतिमा अपाङ्ग पात्रहरूको सामाजिक आर्थिक अवस्था, प्रतिनिधित्व, पहिचान, प्रतिरोध चेतना, अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण, अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण आदिबारे अध्ययन गर्छ । अपाङ्गता अध्ययनबारे बुझ्नका लागि सर्वप्रथम अपाङ्गतालाई हेर्ने प्रमुख दृष्टिकोणहरू अर्थात् अपाङ्गताका प्रमुख मोडलहरू बुझ्नु आवश्यक छ र ती हुन्- नैतिक, चिकित्सा, सामाजिक र सांस्कृति मोडल ।

यी चारवटा मोडलहरूमध्ये नैतिक मोडलले अपाङ्गतालाई पापको परिणाम वा दैवी परीक्षाका रूपमा व्याख्या गर्दै प्रायश्चित्त वा धार्मिक अनुष्ठानलाई समाधानको उपायका रूपमा व्याख्या गर्छ । त्यसैगरी चिकित्सा मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक कमजोरी वा रोगको रूपमा व्याख्या गर्दै अपाङ्गहरूलाई रोगी वा ठिक पार्नुपर्ने व्यक्तिका व्यक्तिका रूपमा हेर्छ । अपाङ्गताको चिकित्सा मोडलका कमी कमजोरीहरू औँल्याउँदै विकास भएको सामाजिक मोडलले अपाङ्गतालाई व्यक्तिगत कमजोरीभन्दा पनि सामाजिक संरचनाका कारण उत्पन्न समस्याको रूपमा व्याख्या गर्दै अपाङ्गमैत्री संरचना निर्माण र समावेशीकरणलाई समाधानको रूपमा व्याख्या गर्छ । त्यसैगरी अपाङ्गताको सांस्कृतिक मोडलले अपाङ्गता जैविक वा सामाजिक बाधा मात्र नभई सांस्कृतिक रूपमा निर्मित अवधारणा हो भन्दै साहित्य, मिडिया, इतिहास र सामाजिक मान्यताहरूको पुनर्व्याख्या तथा अपाङ्गतासम्बन्धी सकारात्मक प्रतिनिधित्व तथा अपाङ्गता भएका व्यक्तिहरूको पहिचानलाई स्वीकार गर्नुलाई समाधानका रूपमा व्याख्या गर्छ । अपाङ्गताका यी प्रमुख चार मोडलहरूमध्ये सामाजिक र सांस्कृतिक मोडल अपाङ्गता अध्ययनसँग निकट देखिन्छन् । साहित्यिक कृतिमा अपाङ्गतासम्बन्धी अवधारणाको अध्ययन तथा विश्लेषणका लागि एन्टोनियो ग्राम्सी, स्टुआर्ट हल लगायतका विद्वान्हरूले प्रस्तुत गरेका पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई प्रमुख उपकरणका रूपमा लिन सकिन्छ । यसका साथै अपाङ्गता भएका पात्रहरूको सामाजिक/सांस्कृतिक र आर्थिक अवस्था कस्तो छ ?, अपाङ्गता भएका पात्रहरूमा स्वयंप्रतिको दृष्टिकोण कस्तो छ र अपाङ्गताप्रतिको लेखकीय विचारधारा कस्तो छ भन्ने कुरालाई कृति विश्लेषणका उपकरणका रूपमा लिन सकिन्छ ।

# तेस्रो परिच्छेद

# आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

## ३.१ अपाङ्गता सम्बद्ध उपन्यासहरूको सर्वेक्षण

पछिल्लो समय नेपाली साहित्यमा सर्वाधिक पढिने तथा चर्चा परिचर्चा हुने विधा उपन्यास हो । नेपाली भाषामा प्रत्येक वर्ष दर्जनौँ उपन्यासहरू लेखिएका छन् । ती उपन्यासहरूमा नेपाली समाज, संस्कृति र समग्र जीवन जगत्का अनेकौँ आयामहरू समेटिएका छन् तर अपाङ्गतालाई विषय बनाएर वा अपाङ्गता भएका पात्रहरूको प्रयोग गरेर अत्यन्तै कम उपन्यासहरू लेखिएको पाइन्छ । यहाँ वि.सं. २००८ देखि हालसम्मका अपाङ्गतासम्बद्ध नेपाली उपन्यासहरूको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ ।

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* (२००८) ले नेपाली उपन्यासमा शारीरिक अपाङ्गता चित्रण गर्ने परम्पराको थालनी गऱ्यो भने विजय मल्लको *अनुराधा* (२०१८) उपन्यासले मानसिक अपाङ्गता चित्रण गर्ने परिपाटी प्रारम्भ गऱ्यो (घिमिरे, २०७८, पृ. २६३) । *लङ्गडाको साथी* (२००८) अपाङ्गता भएका व्यक्तिलाई प्रमुख पात्र बनाएर लेखिएको पहिलो नेपाली उपन्यास हो । वि.सं. २००८ तिरको दार्जिलिङको परिवेशमा आधारित प्रस्तुत उपन्यासमा प्रमुख पात्र लङ्गडाको कारुणिक अवस्थाको चित्रण गरिएको छ । अपाङ्गता भएको पात्र अर्थात् लङ्गडालाई पहिचानविहीन, मागेर खाने एवम् दयाको पात्रका रूपमा उभ्याइएको प्रस्तुत उपन्यासमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरिएको भाषा अत्यन्त अपमानजनक छ । अपाङ्गहरू दयाका पात्र हुन् भन्ने परम्परागत मान्यतालाई समर्थन गर्ने यो उपन्यास अपाङ्गतालाई हेर्ने नैतिक मोडलमा आधारित देखिन्छ । यति हुँदाहुँदै पनि अपाङ्ग व्यक्तिलाई प्रमुख पात्र बनाएर उपन्यास लेखनको परम्पराको थालनी गरेकाले अपाङ्गता अध्ययनका दृष्टिले यस उपन्यासको ऐतिहासिक महत्त्व छ ।

*अनुराधा* (वि.सं. २०१८) मानसिक अपाङ्गता अर्थात् पागलपनको सिकार भएकी स्त्रीलाई प्रमुख पात्रको भूमिका दिएर लेखिएको पहिलो नेपाली उपन्यास हो । यस उपन्यासमा आख्याता कोमलमान र प्रमुख पात्र अनुराधा दुबै मानसिक रूपमा विक्षिप्त छन् । काठमाडौँको एउटा सम्पन्न परिवारमा हुर्केको कोमलमान आफ्नो घर छाडेर तराईमा जमिनदारको रूपमा काम गरेको छ तर उसले आफ्ना कामदारहरूलाई गर्ने व्यवहार र आफू स्वयंप्रतिको दृष्टिकोण असामान्य खालको छ । यसैबीच एकजना काठमाडौँबाट आएकी युवती (अनुराधा) लाई उसले अमलेखगन्ज जाने रेलको सेकेन्ड क्लासमा मुखमा फिँज काड्दै बेहोस भएको अवस्थामा भेटेर आफ्नो घरमा लान्छ र उपचार गर्छ । अनुराधा केही दिनपछि होसमा आउँछे । बिस्तारै उसले आफ्नो विगतबारे कोमलमानलाई सुनाउँदै जान्छे । आफ्नी आमा र परिवारका अन्य सदस्यहरूको षड्यन्त्रमा परी गाउँको एकजना धनाढ्य व्यक्ति रत्नमानको चङ्गुलमा फसेकी अनुराधा बदलाको भावना बोकेर हिँडेकी एक असामान्य स्त्री

हो । आफूलाई भुक्याएर जबर्जस्ती बिहे गर्न बाध्य बनाएर तथा बिहे नै नभएकी स्त्रीलाई गाउँभरि रत्नमानकी श्रीमतीको रूपमा हल्ला फिँजाउने आफ्नो घर परिवार र रत्नमानको बदला लिएरै छाड्ने अहम्का कारण उसको जीवन तहसनहस भएको छ र ऊ मानसिक रूपमा विक्षिप्त भएकी छ । यस उपन्यासले पितृसत्तात्मक समाज व्यवस्थामा आफूमाथि भएको अन्यायको विरुद्धमा लाग्ने महिलाहरू कसरी 'बौलाही' बन्न बाध्य हुन्छन् भन्ने कुरालाई देखाइएको छ भने अर्कोतर्फ एकपटक असामान्य अर्थात् 'पागल' भइसकेका मानिसहरू कहिल्यै पनि राम्रोसँग निको हुँदैनन् अर्थात् सामान्य अवस्थामा फर्कन सक्तैनन् भन्ने अपाङ्गताप्रतिको परम्परागत मान्यतालाई समर्थन गरेको देखिन्छ । अनुराधाको पागलपनको उपचारका लागि राँची लगिएको प्रसङ्गले तत्कालीन समाजमा मानसिक अपाङ्गतालाई हेर्ने चिकित्सा मोडलमा आधारित विचारधारा व्याप्त रहेको देखिए तापनि उपन्यासको अन्त्यमा अनुराधा फेरि बौलाएको प्रसङ्गले अपाङ्गताप्रतिको लेखकीय विचारधारा मूलतः परम्परागत नै रहेको देखिन्छ ।

दौलतविक्रम विष्टको उपन्यास *चपाइएका अनुहार* (२०३०) मा शारीरिक तथा मानसिक दुबै खालका अपाङ्गतालाई चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा जर्मनेली सैनिक किमरिख युद्धमा घाइते भएपछि निरास भएको छ । आफ्नो साथी अनन्तलाई भेट्दा केही उत्साहित भएको किमरिख युद्धमा परी बेरगित र बच्चाको मृत्यु भएपछि विक्षिप्त भएको छ । यस उपन्यासका पात्रहरू जन्मजात अपाङ्ग नभएर युद्धका कारण अपाङ्ग बन्न गएका छन् । अपाङ्ग पात्रहरूप्रति लेखकीय सहानुभूति अभिव्यक्त भएको यस उपन्यासमा अपाङ्गतालाई हेर्ने चिकित्सा मोडलमा आधारित विचारधारा पाइन्छ ।

ध्रुवचन्द्र गौतमको उपन्यास *कट्टेल सरको चोटपटक* (२०३७) मा शारीरिक अपाङ्गतालाई देखाइएको छ । प्रस्तुत उपन्यासको प्रमुख पात्र वासुदेव कट्टेलले आफ्नो परिवारको आधारभूत आवश्यकता समेत परिपूर्ति गर्न सकेको छैन । उसले समाजका मानिसहरूबाट सहयोगको अपेक्षा गरेको भए तापनि प्राप्त गर्न सकेको छैन । उपन्यासकारको भने ऊप्रति सहानुभूति देखिन्छ ।

ध्रुवचन्द्र गौतमकै अर्को चर्चित उपन्यास *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) मा शारीरिक र मानसिक दुबै अपाङ्गताको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासको प्रमुख पात्र रवि जन्मजातै अपाङ्ग नभई आक्रमणमा परेर अपाङ्ग बन्न पुगेको छ । यसमा शारीरिक चोट एवम् मानसिक आघातका कारण अपाङ्ग बन्न पुगेको रविलाई अत्यन्त निरीह पात्रका रूपमा चित्रण गरिएको छ ।

कृष्ण धरावासीको उपन्यास *शरणार्थी* (२०५६) मा मानसिक अपाङ्गताको चित्रण गरिएको छ । प्रमुख पात्र जयमाया जन्मजात अपाङ्ग नभई बर्माबाट विस्थापित भई भारतका विभिन्न स्थान हुँदै नेपाल आउने क्रममा बाटैमा बलात्कृत भएपछि मानसिक रूपमा विक्षिप्त भएकी छ । दुई वर्षको उपचारपछि सामान्य अवस्थामा फर्किएकी जयमाया मार्फत् मानसिक आघातका कारण अपाङ्ग बन्न पुगेका व्यक्तिहरूले उपचार, माया र

सहयोग पाएमा आफ्नो पुरानै जीवनमा फर्कन सक्छन् भन्ने विचार प्रस्तुत गरिएको छ । यसर्थ *शरणार्थी* उपन्यास अपाङ्गताको चिकित्सा मोडलमा आधारित देखिन्छ ।

जगदीश घिमिरेको उपन्यास *सकस* (२०६९) मा शारीरिक र मानसिक दुबै खाले अपाङ्गताको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा पक्षाघात भएर उपचार गरे पनि शारीरिक रूपमा अशक्त अवस्थामै मृत्यु वरण गरेका शरदका घरबेटी 'जिबा' को मर्मस्पर्शी कथा प्रस्तुत गरिएको छ । मधेश आन्दोलनका क्रममा पक्राउ परेको शरद जेलबाट छुटेपछि पनि तनावमुक्त हुन नसकी बेपत्ता भएको छ । यस उपन्यासले पनि एकपटक विक्षिप्त भएको व्यक्ति पुनः पूर्ण रूपले निको भएर सामान्य अवस्थामा फर्कन सक्तैन भन्ने परम्परागत मान्यतालाई समर्थन गरेको देखिन्छ ।

मनिषा गौचनको उपन्यास *ह्वाइट केन* (२०७०) अपाङ्गता भएको व्यक्तिलाई प्रमुख पात्र बनाएर लेखिएको सशक्त उपन्यास हो । यस उपन्यासको प्रमुख पात्र भास्वत सालनालसहित सिस्नोको झ्याङमा भेटिएको केटा हो तापनि मार्जरीजस्ती ममतामयी आमाको स्नेह पाएर पढाइलेखाइ र अन्य सामाजिक क्रियाकलापमा अब्बल भएर निस्केको छ । प्रस्तुत उपन्यासमा अपाङ्गतालाई पूर्वजन्मको कर्मको फल वा दैवी परीक्षा मान्ने अपाङ्गताको परम्परागत नैतिक मोडलमा आधारित विचारधारालाई चुनौती दिँदै अपाङ्गहरूको नयाँ पहिचान निर्माणको प्रयास देखिन्छ । यति हुँदाहुँदै पनि अपाङ्ग पुरुषको तुलनामा अपाङ्ग महिलाहरू झन् बढी पीडित छन् भन्ने विचारलाई स्थापित गर्नका लागि बामोली जस्ता पात्रहरू खडा गर्नु यस उपन्यासको अर्को महत्त्वपूर्ण पक्ष हो । समग्रमा *ह्वाइट केन* अपाङ्गतालाई हेर्ने सामाजिक तथा सांस्कृतिक मोडलमा आधारित उपन्यास हो । अतः अपाङ्गता अध्ययनका दृष्टिले प्रस्तुत उपन्यास निकै महत्त्वपूर्ण देखिन्छ ।

उमा सुवेदीको उपन्यास *तोदा* (वि.सं. २०७०) मा मानसिक अपाङ्गताको चित्रण गरिएको छ । आफ्ना आफन्तहरूमाथि भएको चरम यातना र वीभत्स हत्याको प्रत्यक्षदर्शी बनेकी स्त्री पात्र इनेस मानसिक रूपमा विक्षिप्त भएकी छ । यस प्रकारको विक्षिप्तता उसमा मात्र नभई त्यस्तै घटनाहरू देखे भोगेका थुप्रै यहुदीहरूमा समेत देखिएको छ । प्रस्तुत उपन्यासमा मानसिक आघातका कारण विक्षिप्त भएका व्यक्तिहरूलाई उपचार र विशेष हेरचाहपछि विस्तारै सामान्य अवस्थामा फर्कँदै गरेको देखाइएको छ । यसर्थ *तोदा* उपन्यासको अपाङ्गतालाई हेर्ने विचारधारा चिकित्सा मोडलमा आधारित छ ।

जानुका खतिवडाको उपन्यास *शून्य* (२०७२) मा मानसिक अपाङ्गताको चित्रण गरिएको छ । उपन्यासको प्रमुख पात्र रूपेश जन्मजात अपाङ्ग नभई जीवनमा आइपरेका मानसिक आघातका कारण अपाङ्ग बन्न पुगेको देखिन्छ । श्रीमतीको माया र स्नेह पाएर निको भएको रूपेश पुनः मानसिक आघातमा परेर आत्महत्या गर्छ । यस उपन्यासले एकातिर पारिवारिक माया र सद्भाव पाएमा मानसिक रूपमा अपाङ्ग भएको व्यक्ति पुनः पुरानै जीवनमा फर्कन सक्छ भन्ने अपाङ्गताको चिकित्सा मोडलमा आधारित विचारलाई अगाडि सारेको छ भने अर्कोतर्फ एकपटक मानसिक रूपमा विक्षिप्त भएको व्यक्ति जुनसुकै

दिन पनि फेरि विक्षिप्त हुन सक्छ भन्ने परम्परागत दृष्टिकोणको समर्थन समेत गरेको देखिन्छ ।

तीर्थ गुरुङको उपन्यास *पाठशाला* (२०७४) मानसिक अपाङ्गतामा केन्द्रित छ । आमा र बुवा बीचको दिनहुँको झगडा र रक्सीबाज बाबाले देखाउने ताण्डव नृत्यका कारण डब्बुको पढाइ खस्किँदै जान्छ । जबर्जस्ती होस्टलमा बस्न बाध्य पारिएको डब्बुलाई होस्टेलको वातावरणले झनै विक्षिप्त बनाउँछ । यहाँसम्म कि ऊ पहेँलो रङ (विद्यालय र बसको रङ) देखेपछि उत्तेजित भइहाल्ने अवस्थामा पुगेको छ । तर पछि आफ्नी आमाले प्रेमपूर्वक उपचार गरेर उसलाई निको पार्दै गरेको दृश्य उपन्यासमा वर्णन गरिएको छ । यो उपन्यास अपाङ्गतालाई हेर्ने चिकित्सा मोडलमा आधारित छ ।

कल्पना श्रेष्ठ कल्पपुञ्जको उपन्यास *सञ्जीवनी* (२०७४) मा जन्मजात आवाज विहीन भएका कारण परिवार, साथीसमूह र समाजबाट तिरस्कृत पात्रलाई केन्द्रीय भूमिकामा राखिएको छ । उपन्यासकी प्रमुख पात्र पूजामार्फत् पितृसत्तात्मक समाज व्यवस्थामा अपाङ्ग महिलाहरूको जीवन कति कष्टकर छ भन्ने कुरालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ भने अर्कोतर्फ अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई समाजले दिने परम्परागत पहिचानलाई चुनौती दिँदै नयाँ पहिचान निर्माणको प्रयास समेत गरिएको छ । जन्मजात रूपमा अपाङ्ग पात्रहरूमा पनि विशेष क्षमता हुन्छ र तिनीहरूले अवसर पाएमा धेरै प्रगति गर्न सक्छन् भन्ने विचारलाई केन्द्रमा राखिएको प्रस्तुत उपन्यासमा अपाङ्गता भएका पात्रहरूलाई दयाको पात्र नभई प्रतिरोध चेतनाले ओतप्रोत व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । अपाङ्ग पात्रलाई प्रमुख पात्रको भूमिकामा उभ्याइएको प्रस्तुत उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण कृति हो ।

अरुण कुमार सुवेदीको उपन्यास *स्वप्न यात्रा* (२०७४) अपाङ्गता भएका धेरैजना पात्रहरूको प्रयोग गरिएको उपन्यास हो । प्रस्तुत उपन्यासका पात्रहरू तसलिमा, टासी नेपाली र गण्डक दास दराई अपाङ्गता भएका पात्रहरू हुन् । यीमध्ये चरम यौनानन्दबाट बञ्चित तसलिमाको योनीमा भङ्गाकुर प्रत्यारोपण गरेर उसको समस्या समाधान गरिएको छ भने सवारी दुर्घटनामा परेर अपाङ्ग बन्न पुगेको पात्र टासी नेपालीको अनुहारमा प्लास्टिक सर्जरी गरिएको छ । आवाजविहीन भए तापनि साङ्केतिक भाषाका माध्यमबाट उसले आफ्ना जिम्मेवारीहरू पूरा गरेको छ । त्यसैगरी अर्को पात्र गण्डकदास दराई कार दुर्घटनामा परेर कम्बर मुनिको भाग नचल्ने भए तापनि ह्विल चेयरको सहायताले आफ्नो जीवनयापन गर्न र राम्रो आम्दानी समेत गर्न सफल भएको छ । वि. सं. २१०० को सुन्दर एवम् समृद्ध नेपालको परिकल्पना गरिएको प्रस्तुत उपन्यासमा वर्णित समाजमा अपाङ्गता भएका व्यक्तिहरूप्रति सम्मानपूर्ण व्यवहार गरिएको देखिन्छ । यसरी हेर्दा प्रस्तुत उपन्यासको लेखन समय वि.सं. २०७४ भए तापनि उपन्यासमा वर्णित कालिक परिवेश वि.सं. २१०० अर्थात् झण्डै २५/२६ वर्ष पछिको भएकाले उक्त समाजमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण चिकित्सा मोडलबाट बिस्तारै सामाजिक तथा सांस्कृतिक मोडलतर्फ गएको देखिन्छ । यो उपन्यास परिकल्पनामा आधारित भए तापनि अपाङ्गता भएका पात्रहरूमा आशावादी

जीवनदृष्टि विकास गर्नमा निकै महवपूर्ण देखिन्छ । अतः स्वप्नयात्रा उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण उपन्यास हो ।

पद्मावती सिंहको उपन्यास *मौन अक्षर* (२०७४) मा शारीरिक एवं मानसिक दुबै प्रकारका अपाङ्गताको चित्रण गरिएको छ । अल्जाइमर रोगका कारण विस्मृतिमा पुगेको पात्रले आफ्नै परिवारका सदस्यहरूलाई समेत चिन्न नसकेको तथा शारीरिक रूपमा समेत अशक्त भएर थला परेको देखाइएको छ । यस उपन्यासमा अपाङ्गलाई दयाको पात्र बनाइएको छ । अपाङ्ग पात्रलाई उपन्यासमा प्रयोग गर्नुको उद्देश्य पाठकहरूमा दया र करुणा भाव जागृत गर्नु रहेको देखिन्छ । अतः पद्मावती सिंहको *मौन अक्षर* उपन्यास अपाङ्गताको परम्परागत नैतिक मोडलमा आधारित विचारधाराबाट प्रभावित देखिन्छ ।

विनोदकुमार श्रेष्ठको उपन्यास *आभास* (२०७४) मा सवारी दुर्घटनामा परी अपाङ्ग बन्न पुगेको पात्र आभास र उसकी सबलाङ्ग प्रेमिका सन्ध्याका बिचको प्रेम र सङ्घर्षको कथा प्रस्तुत गरिएको छ । यस उपन्यासका लेखक स्वयम् अपाङ्ग भए तापनि उपन्यासमा अपाङ्गता भएका व्यक्तिहरूको जीवन भोगाइलाई सशक्त रूपमा प्रस्तुत गर्न सकेको देखिँदैन । लेखकको हीनताग्रस्त मनोदशा झल्किने प्रस्तुत उपन्यास कलात्मक दृष्टिले कमजोर देखिन्छ ।

यी उपन्यासहरूका अभिरिक्त ध्रुवचन्द्र गौतमको *स्वर्गीय हीरादेवीको खोज* (२०४५) सरुभक्तको *पागल बस्ती* (२०४८), नयनराज पाण्डेको *अतिरिक्त* (२०५०) सञ्जीव उप्रेतीको *घनचक्कर* लगायतका उपन्यासहरूमा पनि अपाङ्गता सम्बद्ध विषय र पात्रको प्रयोग भएको पाइन्छ । यहाँ हालसम्म नेपाली भाषामा प्रकाशित अपाङ्गता विषयक उपन्यासहरूको कालक्रमिक विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ अपाङ्गता विषयक नेपाली उपन्यासको सर्वेक्षण

| क्र.सं. | उपन्यासको नाम | प्रकाशित वर्ष | अपाङ्गताको प्रकार | स्पष्टीकरण |
|---|---|---|---|---|
| १. | *लङ्गडाको साथी* (लैनसिंह बाङदेल) | (२००८) | शारीरिक | नेपाली उपन्यासमा अपाङ्गता चित्रण गर्ने परम्पराको थालनी गर्ने उपन्यास; अपाङ्गता भएको व्यक्तिलाई प्रमुख पात्र बनाइएको । |
| २. | *अनुराधा* (विजय मल्ल) | (२०१८) | मानसिक | मानसिक अपाङ्गतालाई चित्रण गर्ने पहिलो नेपाली उपन्यास; अपाङ्गता भएको व्यक्तिलाई प्रमुख पात्र बनाइएको । |

| | | | | |
|---|---|---|---|---|
| ३. | *चपाइएका अनुहार* (दौलतविक्रम बिष्ट) | (२०३०) | शारीरिक तथा मानसिक दुबै | अपाङ्ग पात्रप्रति उपन्यासकारले सहानुभूति देखाएका । |
| ४. | *कट्टेल सरको चोटपटक* (ध्रुवचन्द्र गौतम) | (२०३७) | शारीरिक | प्रमुख पात्रले समाजबाट दया, माया, करुणा र सहयोगको अपेक्षा गरे तापनि प्राप्त गर्न नसकेको; प्रमुख पात्रप्रति उपन्यासकारको सहानुभूति । |
| ५. | *उपसंहार अर्थात् चौथो अन्त्य* (ध्रुवचन्द्र गौतम) | (२०४८) | शारीरिक तथा मानसिक दुबै | प्रमुख पात्र रवि जन्मजात अपाङ्ग नभई आक्रमणमा परेर अपाङ्ग बन्न पुगेको; प्रतीकात्मक पात्र; प्रमुख पात्रलाई निरीह पात्रका रूपमा चित्रण गरिएको; प्रमुख पात्रप्रति उपन्यासकारको सहानुभूति । |
| ६. | *शरणार्थी* (कृष्ण धराबासी) | (२०५६) | मानसिक | प्रमुख पात्र जयमाया जन्मजात अपाङ्ग नभई आफ्नो जीवनमा आइपरेका कहालीलाग्दा घटनाहरूबाट विक्षिप्त बन्न पुगेकी; उपचारपछि सामान्य अवस्थामा फर्किएकी; मानसिक आघातका कारण अपाङ्ग बन्न पुगेका व्यक्तिहरूले उपचार, माया र सहयोग पाएमा आफ्नो पुरानै जीवनमा फर्कन सक्छन् भन्ने कुरामा उपन्यासकारको जोड । |
| ७. | *सकस* (जगदीश घिमिरे) | (२०६९) | शारीरिक तथा मानसिक दुबै | अपाङ्ग पात्रहरूप्रति लेखकको सहानुभूति; शारीरिक वा मानसिक रूपमा एकपटक अपाङ्ग भएको व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| | | | | पछि फेरि पूर्ण रूपमा पहिलेको जस्तो अवस्थामा फर्कन सक्तैन भन्ने लेखकीय अभिमत । |
| ८. | *ह्वाइट केन* (मनिषा गौचन) | (२०७०) | शारीरिक | जन्मजात दृष्टिबिहीन पात्र भास्वतको केन्द्रीयतामा संरचित उपन्यास; अपाङ्ग भएकै कारण घरपरिवार, साथीसमूह र समाजबाट तिरस्कार एवम् अन्यायपूर्ण व्यवहार सहनुपरेको चित्रण; सुरुमा साङ्ग भएर पनि दुर्घटनामा परी अपाङ्ग बन्न पुगेकी पात्र बामोलीलाई भास्वतले समेत अस्वीकार गरेको देखाउँदै अपाङ्गता भएका पुरुषहरूले भन्दा महिलाहरूले झनै धेरै अपमान र तिरस्कार सहनुपरेको चित्रण; शारीरिक रूपमा अपाङ्ग भएर पनि आफूमा रहेको फरक क्षमतालाई उजागर गर्न सके अपाङ्गहरूले पनि राम्रोसँग जीवनयापन गर्न सक्छन् भन्ने लेखकीय अभिमत । |
| ९. | *तोदा* उमा सुवेदी | (२०७०) | मानसिक | अपाङ्गता भएका व्यक्तिहरूले परिवार र समाजबाट माया र सहानुभूति पाए भने पुनः जीवन प्राप्त गर्न सक्छन् भन्ने लेखकीय अभिमत; अपाङ्गहरूप्रति लेखकको सहानुभूति । |
| १०. | *शून्य* (जानुका खतिवडा) | (२०७२) | मानसिक | जन्मजात अपाङ्गता नभई जीवनमा आइपरेका मानसिक आघातका कारण अपाङ्ग बन्न पुगेको पात्र रुपेशको |

| | | | | |
|---|---|---|---|---|
| | | | | जीवन सङ्घर्षको चित्रण; श्रीमतीको माया पाएर निको भएको रुपेश पुनः मानसिक आघातमा परेर आत्महत्या गरेको; एकातिर पारिवारिक माया र सद्भाव पाएमा मानसिक रूपमा अपाङ्ग भएको व्यक्ति पुनः पुरानै जीवनमा फर्कन सक्छ भन्ने विचार प्रस्तुत गरिएको साथै अर्कोतर्फ एकपटक मानसिक रूपमा विक्षिप्त भएको व्यक्ति जुनसुकै दिन पनि फेरि विक्षिप्त हुन सक्छ भन्ने भाष्य निर्माण । |
| ११. | *पाठशाला* (तीर्थ गुरुङ) | (२०७४) | मानसिक | पारिवारिक माया र सहयोग पाएमा मानसिक रूपमा विक्षिप्त भएको व्यक्ति पनि पुनः सामान्य जीवनमा फर्कन सक्छन् भन्ने कुराको सङ्केत; मानसिक रूपमा अपाङ्ग बन्न पुगेको पात्रप्रति लेखकको सहानुभूति । |
| १२. | *सञ्जीवनी* (कल्पना श्रेष्ठ कल्पपुञ्ज) | (२०७४) | शारीरिक | जन्मजात आवाजविहीन भएका कारण परिवार, साथीसमूह र समाजबाट तिरस्कृत पात्रलाई केन्द्रीय भूमिकामा राखिएको; जन्मजात रूपमा अपाङ्ग पात्रहरूमा पनि विशेष क्षमता हुन्छ र तिनीहरूले अवसर पाएमा धेरै प्रगति गर्न सक्छन् भन्ने लेखकीय अभिमत; अपाङ्गता भएका पात्रहरूलाई दयाको पात्र नभई सशक्त रूपमा प्रस्तुत गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १३. | *स्वप्नयात्रा* (अरुणकुमार सुवेदी) | (२०७४) | शारीरिक | अपाङ्गता भएका धेरै पात्रहरूको प्रयोग गरिएको; वि.सं. २१०० को नेपाली समाजको परिकल्पना गरिएको प्रस्तुत उपन्यासमा त्यतिबेला अपाङ्गता भएका व्यक्तिहरूले पनि समाजमा सम्मानित जीवन यापन गरेको देखाइएको; अपाङ्गताप्रति लेखकको सकारात्मक एवम् आशावादी जीवनदृष्टि । |
| १४. | *मौन अक्षर* (पद्मावती सिंह) | (२०७४) | शारीरिक तथा मानसिक दुबै | अपाङ्गता भएका पात्रप्रतिको लेखकीय सहानुभूति, अपाङ्गलाई दयाको पात्र बनाइएको । |
| १५. | *आभास* (विनोदकुमार श्रेष्ठ) | २०७४ | शारीरिक | सवारी दुर्घटनामा परी अपाङ्ग बन्न पुगेको पात्र आभास र उसकी सबलाङ्ग प्रेमिका सन्ध्याका बिचको प्रेम र सङ्घर्षको कथा प्रस्तुत गरिएको; उपन्यासकार स्वयम् अपाङ्ग भए तापनि अपाङ्गता भएका व्यक्तिहरूको जीवन भोगाइलाई सशक्त रूपमा प्रस्तुत गर्न नसकेको; लेखकको हीनताग्रस्त मनोदशा झल्किने; कलात्मक दृष्टिले कमजोर उपन्यास । |

प्रस्तुत सर्वेक्षणबाट हालसम्म शारीरिक अपाङ्गता सम्बद्ध ६ वटा, मानसिक अपाङ्गता सम्बद्ध ७ वटा र शारीरिक र मानसिक दुबै प्रकारका अपाङ्गता झल्किने ६ वटा गरी जम्मा १९ वटा अपाङ्गता सम्बद्ध नेपाली उपन्यासहरू प्रकाशित भएको पाइयो । यीमध्ये लैनसिंह बाङ्देलको *लङ्गडाको साथी*, मनिषा गौचनको *ह्वाइट केन* र कल्पना श्रेष्ठ कल्पपुञ्जको *सञ्जीवनी* उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले महत्त्वपूर्ण रहेकाले यहाँ यिनै तीनवटा उपन्यासको विश्लेषण गरिएको छ ।

## ३.२ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

लैनसिंह बाङ्देल (वि.सं. १९८१-२०५९) नेपाली साहित्यका सुप्रसिद्ध उपन्यासकार तथा चित्रकार हुन् । भारतको दार्जिलिङ जिल्लाको तकभर चिया कमानमा जन्मेका बाङ्देलको पुर्ख्यौली घर खोटाङ जिल्लाको रावाखोला भए तापनि उनका बाजे त्यहाँबाट बसाइँ सरी दार्जिलिङ गएका थिए । दार्जिलिङ गएपछि उनको परिवार आर्थिक रूपले सबल र शिक्षित भएकाले उनका लागि उक्त वातावरण प्रेरणाप्रद रहेको देखिन्छ (बराल र एटम, २०६६, पृ. १६७) । बाङ्देलका *मुलुक बाहिर* (२००४), *माइतघर* (२००६), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* गरी चारवटा उपन्यास तथा नेपाली कला र संस्कृतिमा आधारित *प्राचीन नेपाली चित्रकला* (२०३४), *नेपाली प्रस्तर कलाको इतिहास* (२०३९) तथा समालोचनात्मक ग्रन्थ *साहित्यमा यथार्थवाद* (२००५) पनि प्रकाशित छन् (भट्टराई, २०७७, पृ. १२३) । उनी साहित्यकार मात्र नभई एक अब्बल कलाकार समेत हुन् । बाङ्देल नेपाली उपन्यासपरम्परामा आधुनिक कालका रुद्रराज पाण्डे र रूपनारायण सिंहपछिका महत्त्वपूर्ण प्रतिभाका रूपमा देखा परेका छन् (बराल र एटम, २०६६, पृ. १६७) । उनका उपन्यासहरूमा यथार्थवादी विचारधारा छ र त्यसले निम्नवर्गीय जीवन, जनजाति तथा महिलाका समस्यालाई वैचारिक रूपमा मात्र प्रस्तुत गरेको नभई यथार्थको सहज स्वरूपलाई समेत ग्रहण गरेको छ (भट्टराई, २०७७, पृ १२३) । फ्रान्सेली यथार्थवादी साहित्यबाट अत्यन्त प्रभावित बाङ्देललाई प्रभाव पार्ने र प्रेरणा प्रदान गर्ने विश्वका साहित्यकारहरूमध्ये शरद्चन्द्र च्याटर्जी, न्युट ह्याम्सन, तुर्गनेभ, सिग्रिड अन्सटे एनातोले फाँस, मोपासाँ, फ्लुबर्ट र आन्द्रेगिद देखिन्छन् (बराल र एटम, २०६६, पृ. १६७) । नेपाली भाषा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई गोरखा दक्षिणवाहु, पृथ्वीप्रज्ञा पुरस्कार, भूपालमानसिंह पुरस्कार, उत्तमशान्ति पुरस्कार, सरस्वती पुरस्कार लगायतका सम्मान तथा पुरस्कारबाट विभूषित गरिएको छ ।

*लङ्गडाको साथी* वि.सं. २००८ सालमा प्रकाशित लघु उपन्यास हो । दार्जिलिङको स्थानिक परिवेशमा आधारित प्रस्तुत उपन्यासमा एकजना लङ्गडाको कारुणिक कथा प्रस्तुत गरिएको छ । यो सामाजिक रूपमा उपेक्षित एक अपाङ्गले भोग्नु परेको आर्थिक पीडा र मानवीय दुर्व्यवहारको जीवन्त स्वरूप हो (बस्याल, सन् २०१९, पृ. १६) । प्रस्तुत उपन्यासमा देखाइएको समाजमा लङ्गडाजस्तो अपाङ्ग व्यक्तिलाई मागेर खाने व्यक्तिका रूपमा चित्रण

गरिएको छ । उसलाई कुकुरले बरु साथ दिएको तथा समाजका साङ्ग मानिसहरूले छिःछिः र दूर्दूर् गरेको देखाउँदै तत्कालीन समाजमा मानवता मर्दै गएको देखाउनु लेखकको उद्देश्य देखिन्छ । अपाङ्ग व्यक्तिलाई प्रमुख पात्र बनाएर लेखिएको नेपाली साहित्यको पहिलो उपन्यासका रूपमा परिचत प्रस्तुत उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

### ३.२.१ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको पहिचान

*लङ्गडाको साथी* उपन्यासमा अपाङ्गता भएको पात्र 'लङ्गडो' लाई प्रमुख भूमिकामा राखिएको छ । ऊ तत्कालीन समाजमा दयाको पात्रका रूपमा चित्रित छ । मागेर जीवन निर्वाह गर्ने 'लङ्गडा' को आफ्नो भन्नु एउटा भुस्याहा कुकुर मात्र छ । उसको नाम, ठेगाना, राष्ट्रियता, भाषा, धर्म केही पनि छैन । उसलाई त केवल हतभागी माग्नेका रूपमा चित्रण गरिएको छ । यहाँ प्रस्तुत उपन्यासमा प्रयुक्त केही साक्ष्यहरू प्रस्तुत गरिएको छ, जसले अपाङ्गताको पहिचान वा परिचयलाई बुझ्न सहयोग गर्छ ।

वि.सं. २००८ तिरको दार्जिलिङको परिवेशमा आधारित यस उपन्यासको भूमिकामा सूर्यविक्रम ज्ञवालीले 'त्यो लङ्गडो मान्छे मान्छेजस्तो भएको हुनाले मात्र त्यसलाई मान्छे भनिएको हो, अरू थोक भन्न हुने भए मानिस निर्धक्क अर्कै थोक भन्थे भन्दै तत्कालीन समाजमा लङ्गडो 'मान्छे' भएर बाँच्न समेत नपाएको कुरा उल्लेख गरेका छन् ।

> अरू बेला दिनभरि बजारमा गएर माग्थ्यो । सडकको छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो- 'हजुर, एकदुई पैसा दया होस् न । धर्म हुन्छ हजुर धर्म' (पृ. ९) ।

यस अभिव्यक्तिबाट तत्कालीन समाजमा उसको पहिचान माग्ने र दयाको पात्रका रूपमा मात्र सीमित रहेको स्पष्ट हुन्छ । एउटा बेवारिसे कुकुरले आफूलाई पछ्याएको र धपाउँदा पनि पछि लागिरहेको प्रसङ्गमा लङ्गडाले भन्छ-

> यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन, मेरो पछिपछि लागिरहन्छ । तर भोक-तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! बरा, यो पनि मजस्तै होला । यो पनि त अर्काको दया र भिक्षाले संसारमा बाँचिरहेको होला । गरिबले गरिबकै कष्ट बुझ्दछ (पृ. १०) ।

‘लङ्गडा’ को यस अभिव्यक्तिले तत्कालीन समाजमा उसको पहिचान गल्लीको कुकुरको जत्तिमात्र भएको दर्दनाक अवस्थाको चित्रण गर्छ । अपाङ्ग व्यक्तिको जीवनको कारुणिक अवस्थाको चित्रण गर्दै उपन्यासकार लेख्छन्- झन् हावा चल्न लागेपछि त उसको साह्रै दयनीय दशा हुन्थ्यो । ...लङ्गडाको त्यो अवस्था देखेर नजिकैको घडी पसलमा ओत लाग्ने मानिसहरू हाँस्थे (पृ. १५) । यसबाट तत्कालीन समाजमा अपाङ्ग हुनु भनेको दयाको पात्र मात्र नभई हाँसोको पात्र पनि बन्नु थियो भन्ने कुरा स्पष्ट हुन्छ । उक्त समाजमा एउटा अपाङ्ग व्यक्तिको पहिचान केवल दया र हाँसोको पात्रको रूपमा सीमित थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा लङ्गडालाई एउटा उपेक्षित पात्रको रूपमा चित्रण गरिएको छ । बाङ्देल लेख्छन्- सबै लङ्गडालाई रोजै यता र उता घस्रिरहेको वा सडकको छेउमा बसेर मागिरहेको देख्दथे । तर कसैलाई त्यस लङ्गडाको वास्तविक अवस्थामाथि विचार गर्ने अवकाश नै थिएन (पृ.२२) । यस प्रसङ्गले तत्कालीन समाजमा अपाङ्गहरू समाजबाट उपेक्षित भएर साथै पहिचानविहीन भएर बाँच्नु परेको यथार्थलाई चित्रण गरेको छ । त्यो लङ्गडो कहाँबाट आयो ? त्यसको परिचय के हो भन्ने सन्दर्भमा उपन्यासकार लेख्छन्-

> लङ्गडो वर्षौंदेखि त्यहाँ यसरी जीवन काटिरहेथ्यो । ऊ कहाँबाट आएको हो, त्यो कसैलाई थाहा थिएन...कहिलेकाहीँ कसैले उसको विषयमा सोध्यो भने एउटा कुरा भन्थ्यो, कसैलाई अर्कै कुरा भन्थ्यो । साह्रै खोजी गर्ने मानिस भेट्यो भने ऊ बिस्तारै त्यहाँबाट टोलिएर भाग्ने चेष्टा गर्थ्यो (पृ. २३) ।

यस प्रसङ्गले समाजमा लङ्गडाको कुनै परिचय नभएको र कसैले उसको वास्तविक घर ठेगाना खोज्यो भने जवाफ दिनुभन्दा त्यहाँबाट भाग्नुलाई उत्तम विकल्प ठान्ने गरेको स्पष्ट हुन्छ । उसले अर्काथरि मानिसहरूलाई भन्छ- ‘घर नेपाल हो, हजुर...नेपाल तीन लम्बरमा जग्गा छ, जमिन छ, खानलाउन राम्रो पुगे नेपाल छाडेर किन मुग्लान पस्नुपर्थ्यो ? ...यस्तै हालत भएर आज मागी मागी पेट भर्दैछु’ (पृ. २४) । यस साक्ष्यबाट के स्पष्ट हुन्छ भने लङ्गडाको नाम, घर, ठेगाना केही पनि छैन । ऊ एउटा बेवारिस एवम् पहिचानविहीन पात्र हो । प्रस्तुत उपन्यासमा लङ्गडालाई कोही इष्टमित्र, बन्धुबानधव नभएको बेसहारा पात्रका रूपमा उभ्याइएको छ । यसै सन्दर्भमा उपन्यासकार लेख्छन्-

> संसारमा उसको अरू कुनै आत्मीय थिएन । कुनै बन्धुवान्धव थिएनन् । आफ्नो अन्तरमा रहेको सबै माया उसले त्यो कुकुरलाई नै दिइसकेको थियो, आफ्नो अन्तरको एकान्त स्नेह र आत्मीयता उसले त्यही मूक पशुमाथि पोखिसकेको थियो (पृ. ३८) ।

यस प्रसङ्गले तत्कालीन समाजमा अपाङ्ग हुनु भनेको गल्ती डुल्ने कुकुरजस्तै हुनु हो भन्ने यथार्थको चित्रण गरेको छ । लङ्गडालाई समाजले जुन परिचय दिएको छ, जुन पहिचान उसले पाएको छ, त्यससँग ऊ खुसी छैन । बेलाबेलामा उसले कल्पनामै भएपनि आफू शक्तिशाली भएको हेर्न चाहन्छ । यसै प्रसङ्मा उपन्यासको एउटा अंश यहाँ सान्दर्भिक देखिन्छ ।

> एउटा चिल आएर बाटोमनिको चाँपको रुखको एउटा हाँगामा बस्यो । लङ्गडाले त्यो चिललाई हेऱ्यो । आज उसलाई आफू पनि त्यो चिलजस्तै भएर आकाश-आकाश उड्दै सहर, पहाड, जङ्गल, खोलानाला काटी मुलुक-मुलुक डुल्ने इच्छा भयो, देश विदेश हेर्ने इच्छा (पृ.४७) ।

यस प्रसङ्गले परिस्थितिले समाजमा कसैले नगन्ने पात्र हुनुपरे तापनि ऊ भित्रका अनेकौँ इच्छाहरू जीवितै छन् जसले उसलाई कल्पनामै भए पनि देश-विदेश डुलाउँछ भन्ने कुराको सङ्केत गर्छ । व्यक्तिको पहिचान समाजसँग जोडिएको हुन्छ । समाजमा उसको हैसियत कस्तो छ र समाजका सदस्यहरूले ऊप्रति कस्तो व्यवहार गर्छन् भन्ने कुराले नै व्यक्तिको असली परिचय वा पहिचान बुझ्न सघाउँछ । प्रस्तुत उपन्यासमा अलिक धनी सुकिलामुकिला मानिसहरूले लङ्गडालाई वास्तै नगरेको र कतिपय अवस्थामा त सहयोग गर्नु त परको कुरा उल्टै अमानवीय व्यवहार गरेको देखाइएको छ भने त्यसको ठिक विपरीत गरिब मजदुरहरूले भने ऊप्रति सहानुभूति देखाएको पाइन्छ । यसै सन्दर्भमा अर्को साक्ष्य हेरौँ :

> त्यो भलाद्मी तर्केर गयो । त्यसले फनक्क फर्की घृणापूर्ण आँखाले लङ्गडातिर हेऱ्यो । लङ्गडाको स्पर्शले मात्र पनि त्यसको शरीरमा फोहोर लाग्ला जत्तिकै गऱ्यो ( पृ. ४८) ।
>
> मास्तिरबाट एउटा अल्लारे ठिटो हातमा नाम्लो झुण्ड्याएर कोइलाको पसलतिर गइरहेको थियो । कोइला बोक्दा बोक्दा उसको शरीरको वस्त्र र अनुहारसमेत

कोइलाजस्तै भइसकेको थियो र पसिना उसको निधारबाट बगिरहेको थियो । ...एउटा ताँवाको पैसा र दुइटा दुअन्नी भेट्टायो । हातको नाम्लो काँधमा फाल्यो र लङ्गडाको अघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कण्ठमा भन्यो- 'ए दाइ ! लौ चियाखाजा किनेर खाऊ (पृ. ४९) ।'

यस प्रसङ्गले तत्कालीन समाजका धनी (हुनेखाने) वर्गका मानिसहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उपेक्षा र घृणाको दृष्टिले हेर्ने गरेको भए तापनि मजदुर एवम् हुँदाखाने वर्गका मानिसहरूमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण सहानुभूतिपूर्ण रहेको कुरालाई थप पुष्टि गर्छ । लङ्गडालाई समाजले गर्ने व्यवहारलाई बुझ्न अर्को प्रसङ्ग हेरौँ-

माथिबाट ओरालो वेगले दौडाएर ल्याएको एउटा मोटरले लङ्गडालाई किल्चेर झण्डै धुलो पाऱ्यो । तर मोटर वेगले हान्निएर छेउतिर गयो र लङ्गडा अलिकतिले बाँच्यो ।...यसरी मोटरले झण्डै किचेर उसलाई मारेको एकजना मान्छेले हेरिरहेको थियो । त्यो मान्छे आफ्नो भद्दा जुत्ता ग्रयाप-ग्रयाप बजाउँदै लङ्गडाको छेउमा आयो र भन्यो- 'आँखा छैन ? छेउ लागेर हिँड्नुपर्छ नि ! मोटरले किचेको भए ...हेर, आन्द्राभुँडी निस्कने !' (पृ. ५१) ।

यस प्रसङ्गमा तत्कालीन समयमा सडक संरचना अपाङ्गमैत्री नभएको, गाडी हाँक्नेहरूले पनि सडकमा घिस्रेर हिँड्न विवश लङ्गडाजस्ता व्यक्तिहरूलाई मान्छे नै नगन्ने गरेको यथार्थ झल्किएको छ । प्रस्तुत उपन्यासमा अपाङ्गता भएका पात्रहरूले बाँच्नकै लागि पनि निकै ठूलो सङ्घर्ष गर्नु पर्ने अवस्था रहेको चित्रण गर्दै उपन्यासकार लेख्छन्-

कसैलाई लङ्गडाको मानसिक अवस्थामाथि विचार गर्ने अवकाश थिएन, कसैलाई उसको अवस्थामाथि सहानुभूति प्रकट गर्ने समय थिएन ।...ती मानिसहरूले लङ्गडाजस्तो घस्रीघस्री माग्नुपर्दैनथ्यो, जाडोदेखि बँच्न बोरा वा थाङ्नामा बेरिएर च्यााथ्रा भइसकेको लुगा लगाएर कसैको दलान दलान आश्रय लिएर रात काट्नु पर्दैनथ्यो; ...बाँच्नका निम्ति तिनीहरूले लङ्गडाजस्तो हीन भएर दिनमा पनि, रातमा पनि सङ्घर्ष गर्नु पर्दैनथ्यो (पृ. ५३) ।

एकदिन ठूलो हुरीबतास सहित भीषण वर्षा हुँदा लङ्गडाको विचल्ली भएको र रात काट्न एकजना साहूको दलानमा गएर बसेको लङ्गडोलाई साहूले गरेको अमानवीय व्यवहारको वर्णन निकै कारुणिक छ । यसै सन्दर्भमा उपन्यासकार लेख्छन्-

> एकजना अग्लो दाह्री भएको मानिस हातमा लामो रौलो लिएर आयो । कोइला चोर्न आएको मानिस सम्झेर त्यसले चारैतिर हेऱ्यो ...तल अन्धकारबाट एउटा करुण उद्गार आयो- हजुर ! म त एउटा माग्ने लङ्गडा पो हुँ । ...लङ्गडा अलिकति चलमल गरेको थाहा पाएपछि त्यो मानिसले हातको लौराले लङ्गडालाई घोच्लाजस्तै गरेर केही बेरसम्म गाली बर्सायो । त्यसले आफ्नो बलियो पाखुराले लङ्गडालाई हातबाट तानेर घसार्दै वर ल्यायो र सिँढीबाट ओरालो मुन्ट्याइदियो । ...लङ्गडा सिँढीबाट लड्दै तल खस्यो र बेहोस भएर लडिरह्यो (पृ. ६३) ।

यस प्रसङ्गबाट तत्कालीन समाजका मानिसहरू अपाङ्गता भएका व्यक्तिहरूप्रति कति क्रुर थिए साथै अपाङ्गहरूको जीवन कति दयनीय थियो भन्ने कुरा स्पष्ट हुन्छ । प्रस्तुत उपन्यासमा तत्कालीन समाजमा अपाङ्ग मानिसहरूको जीवन भुस्याहा कुकुरको जस्तै भएको साथै 'लङ्गडा' जस्ता पात्रहरूलाई बरु कुकुरले साथ दिने तर आफूलाई 'सभ्य' ठान्ने मानिसहरूले दुःख मात्रै दिने गरेको स्पष्ट रूपमा देखिन्छ । यसै सन्दर्भमा एउटा अर्को साक्ष्य हेरौँ :

> उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै बिदा मागिरहेको जस्तो थियो । ...उसले कुकुरलाई अँगालो हालेको हात पनि खुकुलो हुँदै गयो । उसको साथी कुकुरले भने धेरै बेरसम्म लङ्गडालाई छाड्दै छाडेन (पृ. ६६) ।

यस दृश्यबाट तत्कालीन समाजमा अपाङ्गहरूप्रति मानिसहरूभन्दा बढी कुकुर सहानुभूतिशील भएको देखाइएको छ । उपन्यासको अन्तिममा धेरै पछि एउटा घाटमा मान्छे र एउटा कुकुरको अस्थिपञ्जर एकै ठाउँमा भेटिएको प्रसङ्ग छ जसले एकातिर मानवता हराएको समाजमा लङ्गडो जस्ता सीमान्तीकृत भुइँमान्छेहरूको दर्दनाक अवस्थाको चित्रण गरेको छ भने अर्कोतर्फ मानव र पशुबिचको पवित्र एवम् निःस्वार्थ प्रेमलाई मार्मिक ढङ्गले चित्रण गरेको छ ।

समग्रमा प्रस्तुत लङ्गडाको साथी उपन्यासमा अपाङ्गता भएका पात्रहरूलाई साह्रै दयनीय पात्रका रूपमा चित्रण गरिएको छ । घर, परिवार, जात, भाषा, धर्म सबै कुराबाट विमुख लङ्गडो जस्ता पात्रहरू तत्कालीन समाजमा पहिचानविहीन देखिन्छन् । अतः पहिचानविहीन हुनु नै *लङ्गडाको साथी* उपन्यासको प्रमुख पात्र लङ्गडाको पहिचान हो ।

### ३.२.२ लङ्गडाको साथी उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व

*लङ्गडाको साथी* अपाङ्गताको प्रतिनिधित्वबारे अध्ययनका लागि एउटा महत्त्वपूर्ण उपन्यास हो । प्रस्तुत उपन्यासमा प्रमुख पात्रको रूपमा रहेको लङ्गडो तत्कालीन नेपाली समाजमा सबैको अपमान र तिरस्कार सहेर बाँच्न विवश अपाङ्ग व्यक्तिहरूको प्रतिनिधि पात्र हो । समाजमा उसको परिचय माग्ने र लङ्गडाको रूपमा मात्र छ । मागेर जीवन निर्वाह गर्नुपर्ने भएपछि उसको आर्थिक तथा सामाजिक अवस्था पनि दयनीय हुने नै भयो ।

प्रस्तुत उपन्यासमा लेखकले अपाङ्गता भएका व्यक्तिहरूकालाई प्रयोग गरेको भाषा साह्रै अपमानजनक छ । उपन्यासमा अपाङ्गता भएका व्यक्तिहरूलाई बुझाउन लङ्गडो, कुँजे, माग्ने, सुकिसेका पाँसुला, बबुरा, निःसहाय, निर्बल मानव, पङ्गु, हतभागी प्राणी, खोरन्डो, अन्धा, लुला, पुड्को मान्छे आदिजस्ता शब्दहरूको प्रयोग गरिएको छ । जसले पाठकहरूका मस्तिष्कमा केही घृणा र केही दयाभाव जागृत हुने खालको बिम्ब सिर्जना गर्छ ।

उपन्यासमा लङ्गडालाई चिनाउनका लागि भालु, कुकुर आदि जस्ता जनावरहरूको बिम्ब दिइएको छ । जस्तैः सहरका बदमास केटाकेटीहरूको एक हुल थियो । तिनीहरू उसलाई 'भुँइ भालु' भनी खिज्याउँथे (पृ.६) ।
केटाकेटी देख्नेवित्तिकै उसले यस्तो शङ्कित हृदयले हेर्थ्यो, जस्तो टोक्ने बानी भएको कुकुरले हिँडिरहेको मानिसलाई फर्केर हेर्छ (पृ. ७) ।

यी दुई प्रसङ्गमा लङ्गडालाई चिनाउनका लागि 'भुइँ भालु' र 'टोक्ने कुकुर' को बिम्ब दिइएको छ । जसले पाठकमा लङ्गडाप्रति नकारात्मक एवम् घृणायुक्त भाव पैदा गर्न सक्छ । उपन्यासमा लङ्गडाले देखेको एउटा सपनाको वर्णन छ । जसमा उसलाई गिद्धहरूले झम्टिन आएका छन् र उसको कुकुरले बचाएको छ ।

अरू धेरै गिद्धहरू पनि आए, अनि लङ्गडाको मासु लुछालुछ गर्न लागे । ...एकछिनमा कुकुर आयो । गिद्धहरू भागे (पृ. ३३) । यस प्रसङ्गमा लङ्गडालाई सताउने दुष्ट मानिसहरूलाई 'गिद्ध' को बिम्ब प्रदान गरिएको छ । यसले पाठकहरूमा समाजका दुष्ट मानिसहरूप्रति घृणा र लङ्गडाप्रति सहानुभूतिको भावना जागृत गराउँछ । उपन्यासमा लङ्गडालाई दयाको पात्रका रूपमा प्रस्तुत गरिएको छ । लङ्गडो चोकमा बसेर बाटो हिँड्नेलाई भन्छ- 'हजुर, एकदुई पैसा दया होस् न !...हजुर, गरिब गुरुवालाई कहिले त दया होस् न । धर्म हुन्छ हजुर धर्म (पृ. ९) ।' यस प्रसङ्बाट के स्पष्ट हुन्छ भने लङ्गडाले अपाङ्गताको वैकल्पिक नभई परम्परागत प्रभुत्वशाली प्रतिनिधित्व गर्छ । जुन अपाङ्गतालाई हेर्ने नैतिक मोडलमा आधारित छ ।

प्रस्तुत उपन्यासमा लङ्गडालाई प्रमुख पात्रको भूमिका दिनुको कारण वा उद्देश्य केवल अपाङ्गहरूप्रति दया भाव जागृत गर्नु र समाजमा मानवता कमजोर हुँदै गएको वा मानवता हराउँदै गएको देखाउनु रहेको देखिन्छ । प्रस्तुत उपन्यासले अपाङ्गता अधिकार, सशक्तीकरण र मुक्तिका लागि कुनै पनि योगदान पुऱ्याउन सक्तैन । त्यसैले प्रस्तुत उपन्यासले अपाङ्गहरू दयाका पात्र हुन्, उनीहरूमाथि दया भाव, दान र करुणा गर्नुपर्छ भन्ने परम्परागत मान्यतालाई थप बल पुऱ्याउँछ । यसका साथै उपन्यासमा प्रमुख पात्रको भूमिकामा रहेको लङ्गडाले आफ्नो कथा आफै भन्न सक्तैन । जसबाट गायत्री चक्रवर्ती स्पिभाकले भनेझैँ लङ्गडो पनि बोल्न नसक्ने सीमान्तीकृत वर्ग (सबाल्टर्न ग्रुप) को प्रतिनिधित्व गर्ने पात्रका रूपमा रहेको छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *लङ्गगडाको साथी* उपन्यासमा अपाङ्गता भएका पात्रको उपस्थिति, सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था, उनीहरूका लागि प्रयोग गरिएको भाषा कुनै पनि पक्षबाट अपाङ्गहरूको सशक्तीकरण र मुक्तिको पक्षमा आवाज उठाइएको छैन । अतः लङ्गडाको साथी उपन्यासले अपाङ्गताको प्रभुत्वशाली एवम् परम्परागत प्रतिनिधित्व गरेको र अपाङ्गहरू दयाका पात्र हुन् भन्ने पुरानो भाष्यलाई थप स्थापित गर्ने देखिन्छ ।

### ३.१.३ *लङ्गडाको साथी* उपन्यासमा प्रतिरोध चेतना

*लङ्गडाको साथी* उपन्यासमा प्रतिरोध चेतनाको अध्ययनका लागि उक्त उपन्यासको प्रमुख पात्र लङ्गडामा केन्द्रित हुनु उपयुक्त देखिन्छ । प्रतिरोध चेतनाले समाजका बलिया

वर्गले गरेको दमनका विरुद्ध कमजोर वर्गले गर्ने विरोध वा सङ्घर्षलाई बुझाउँछ । प्रस्तुत उपन्यासको प्रमुख पात्र आफूमाथि भएको अन्यायको विरुद्धमा सिधै प्रतिरोध गर्न सक्ने अवस्थामा नरहे तापनि विभिन्न समयमा आफूमाथि भएका अन्यायका विरुद्ध आफूले सक्दो प्रतिरोध गरेको देखिन्छ । जसलाई यहाँ केही साक्ष्यहरूद्वारा पुष्टि गरिन्छ-

> मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे, जिस्काउँथे । कोही मानिसहरू सुकिलो लुगा लाएको हेर्दा भलादमीजस्तो भए लङ्गडा केही प्रतिवाद गर्दैनथ्यो, केवल आफ्नो उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो । तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो (पृ.६) ।

यस प्रसङ्गले लङ्गडामा आफूमाथि भएको अन्यायका विरुद्धमा प्रतिरोध गर्ने चाहना भए तापनि आफ्नो कमजोर शारीरिक तथा सामाजिक अवस्थाका कारण केही गर्न नसकेको देखिन्छ । यसबाट तत्कालीन समाजका अपाङ्ग पात्रहरूमा प्रतिरोध चेतना भए तापनि प्रतिरोध क्षमता नभएको स्पष्ट हुन्छ । लङ्गडाले ठूलाबडा मानिसहरूलाई केही गर्न नसके तापनि आफूलाई जिस्क्याउने केटाकेटीहरूलाई भने प्रतिरोध गरेको छ-

> सहरका बदमास केटाकेटीहरूको एक दल थियो । तिनीहरू उसलाई 'भुइँ भालु' भनी खिज्याउँथे । ऊ रिसले भुतुक्क भएर आफ्नो लौरो टिपी झटारो हान्न खोज्थ्यो । ...केटाकेटी देख्नेवित्तिकै उसले यस्तो शङ्कित हृदयले हेर्थ्यो, जस्तो टोक्ने बानी भएको कुकुरले हिँडिरहेको मानिसलाई फर्केर हेर्छ (पृ. ७) ।

यसबाट लङ्डामा आफूहरूमाथि अमानवीय व्यवहार गर्ने मानिसहरूका विरुद्ध प्रतिरोध गर्ने प्रवल चाहना भए तापनि स-साना केटाकेटीहरूलाई मात्र प्रतिरोध गर्ने क्षमता उसमा रहेको स्पष्ट हुन्छ । यसले तत्कालीन समाजका अपाङ्गता भएका पात्रहरूको मनोदशालाई समेत प्रतिबिम्बन गर्छ ।

> सहरका बदमास केटाहरू आएर हिउँको डल्लाले लङ्गडालाई खुब हान्थे । हिउँको डल्लाले उसको कुममा, आङमा, टाउकामा लाग्थ्यो । लङ्गडा कराएर तिनीहरूप्रति फर्केर गाली गर्थ्यो (पृ. २२) ।

समाजका सुकिलामुकिला मानिसहरूले आफूमाथि गरेको दुर्व्यवहारको प्रतिरोध गर्न नसकेको लङ्गडाले कहिलेकाहीँ सपनामै भए पनि प्रतिरोध गरेको देखिन्छ । यसै प्रसङ्गमा उपन्यासकार लेख्छन्-

> देख्दादेख्दै एउटता गिद्ध आकाशबाट ओर्लेर आयो र गिद्धले कुकुरको मासु लुछ्न लाग्यो, कुकुर करायो । गिद्ध उडेर गयो । ......अरू धेरै गिद्धहरू पनि आए, अनि लङ्गडाको मासु लुछालुछ गर्न लागे ।...एकछिनमा कुकुर आयो । गिद्धहरू भागे (पृ. ३३) ।

लङ्गडाले सपनामा देखेको यस दृश्यमा उसकै अवचेतन मन प्रतिबिम्बित भएको देखिन्छ । सपनामा देखिएका गिद्धहरू उसलाई दुःख दिने दुष्ट मानिसहरूको बिम्ब बनेर आएका छन् । आफूलाई अप्ठ्यारोमा जोगाउने अरू कोही नभए पनि आफ्नो कुकुर रहेको उसको विश्वास सपनामा पनि झल्किन्छ । यसबाट के स्पष्ट हुन्छ भने लङ्गडाले यथार्थ (विपना) मा आफूलाई दुःख दिने 'शत्रु' हरूको प्रतिरोध गर्न नसके तापनि सपनामै भए पनि कुकुरको सहायता लिएर उनीहरूलाई लखेट्छ । यसमा एकातिर समाजका दुष्ट चरित्रहरूसँग भयभीत भएर बाँच्नु पर्ने अपाङ्गको मनोदशा झल्किन्छ भने अर्कोतर्फ उसको प्रतिरोधको चाहना सपनाको रूपमा प्रतिबिम्बित भएको देखिन्छ ।

लङ्गडाले भौतिक रूपमा आफूमाथि जाइलाग्ने दुष्ट केटाकेटीहरूलाई लखेट्न शिवाय केही गर्न सक्दैन तर उसको प्रतिरोधको भावना घृणामा परिणत भएको देखिन्छ । उदाहरणका लागि एउटा अर्को साक्ष्य हेरौँ-

> संसारले आफूमाथि यस्तो अत्याचार गरेको सम्झँदा, संसारले आफूमाथि यस्तो दुर्व्यवहार गरेको देख्दा तथा आफूलाई उपहासको पात्र बनाएर कुव्यवहार गरेको बुझ्दा मानिसप्रति उसको हृदयमा एउटा तीब्र घृणा उत्पन्न भयो (पृ. ३६) ।

सपनामा उसले देख्यो-

> आफू सुकिलो लुगा लगाएर धीरधामको पूजामा जान लागेको रहेछ । धीरधामको फाटकतिर पुग्दा उसले देख्यो, आफ्नो कुकुरलाई त कसैले फलामको साङ्लाले एउटा बिजुलीको खाँबामा बाँधेर राखेको रहेछ । लङ्गडालाई देख्नासाथ त्यो कुकुर ज्यादै रमायो, उफ्र्यो । लङ्गडा पनि

> खुसी भएर मानिसका आँखा छली आफ्नो कुकुरलाई बन्धनबाट मुक्त गरायो (पृ. ४०) ।

यस प्रसङ्गले पनि एकातिर लङ्गडाको अवचेतन मनमा रहेका इच्छाहरू विपनामा पूरा हुन नसके तापनि सपनामै भएपनि पूरा गरेको देखिन्छ भने अर्कोतर्फ आफू र आफ्नो कुकुरलाई मानिसहरूले गरेका खराब व्यवहारबाट मुक्त हुनु उसको लागि सपनामै सीमित भएको अवस्थालाई सङ्केत गरेको छ । यसबाट पनि लङ्गडामा आफूमाथि भएका अन्याय र अत्याचारको विरुद्धमा विद्रोह गर्ने चाहना छ तर समय र परिस्थितिले उसलाई निरीह बनाएको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

लङ्गडो तत्कालीन समाजका शक्तिशाली व्यक्तिहरूका अगाडि देखा पर्न समेत डराएको देखिन्छ । जसलाई पुष्टि गर्ने केही साक्ष्यहरू हेरौँ- एउटा पुलिस माथिबाट आउन लागेको रहेछ । पुलिसलाई देख्नासाथ ऊ झस्क्यो (पृ. ४५) । उपन्यासको अन्त्यतिर लङ्गडाले यो समाज व्यवस्थाप्रति चरम असन्तुष्टिको भाव व्यक्त गरेको छ । यसै प्रसङ्गमा लङ्गडो भन्छ-

> अब अर्को जुनीमा फेरि माग्ने भएर नजन्मूँ । मजस्ता माग्नेका निम्ति यो संसार होइन रहेछ । म अहिले संसारको भारले, मानव अत्याचारले कसरी थिचिएको छु...अब यो संसारदेखि जति चाँडो बिदा लिन सकुँला उति मेरो निम्ति राम्रो छ ...( पृ. ५५) ।

यस प्रसङ्गले तत्कालीन समाज व्यवस्थाप्रति लङ्गडाको चरम असन्तुष्टि एवम् सूक्ष्म प्रतिरोधलाई प्रतिबिम्बन गरेको छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने तत्कालीन समाजमा लङ्गडो जस्ता अपाङ्ग पात्रहरूलाई समाजका मानिसहरूले अत्यन्तै निकृष्ट एवम् अमानवीय व्यवहार गरेको देखिन्छ । यस्ता पात्रहरूमा आफूमाथि भएका अमानवीय व्यवहारप्रति प्रतिरोध गर्ने चाहना भए तापनि प्रतिरोध गर्ने क्षमता छैन ।

### ३.३ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

मनिषा गौचन नेपाली साहित्यकी सशक्त आख्यानकार हुन् । मुस्ताङ जिल्लामा जन्म भई हाल काठमाडौँलाई आफ्नो कर्मथलो बनाएकी गौचनको साहित्य यात्रा कविता

विधाबाट आरम्भ भएको देखिन्छ । गौचनका *वल्लीको डायरी* र *ह्वाइट केन* गरी दुईवटा उपन्यास, *फूलहरूको रङ छैन* (कविता सङ्ग्रह) र *प्रतिवहन* (कथा सङ्ग्रह) गरी हालसम्म चारवटा कृतिहरू प्रकाशित छन् । समाजका फरक पात्र र कथाहरूलाई आफ्ना रचनाहरूमा उतार्ने गौचन हाल अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्ने 'सक्षम फाउन्डेसन' नामक संस्थामा संलग्न छिन् । आफू स्वयम् अपाङ्ग नभए पनि अपाङ्ग पात्रहरूलाई कथा र उपन्यासमा महत्त्वपूर्ण स्थान दिने गौचनको *ह्वाइट केन* उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

वि.सं. २०७० सालमा प्रकाशित *ह्वाइट केन* एकजना दृष्टिविहीन केटाको प्रेम र जीवन सङ्घर्षमा आधारित उपन्यास हो । २०५२ सालबाट तत्कालीन नेकपा माओवादीले सुरु गरेको दशवर्षे जनयुद्धको पृष्ठभूमिमा लेखिएको यो उपन्यास अपाङ्ग व्यक्तिहरूलाई दयाको पात्रका रूपमा हेर्ने नेपाली समाज र यही समाजको आडमा हुर्किएको अपाङ्गद्वेषी विचारधारालाई चुनौती दिँदै अवसर पाएमा अपाङ्गहरूले पनि परिवार, समाज र राष्ट्रलाई महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने विचारधारा निर्माणको उद्देश्यले लेखिएको उपन्यास हो । सिस्नोको झाडीमा भेटिएको एकजना वेवारिसे दृष्टिविहीन केटालाई प्रमुख पात्र बनाएर लेखिएको प्रस्तुत उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

### ३.३.१ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको पहिचान

*ह्वाइट केन* उपन्यास अपाङ्गताको परिचय र पहिचानका दृष्टिले महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यका यसअघिका उपन्यासहरूमा अपाङ्गतालाई पापको परिणाम तथा अपाङ्ग पात्रहरूलाई हतभागी, अभागी, धर्तीको बोझ आदि रूपमा प्रस्तुत गरिएको थियो भने प्रस्तुत उपन्यासमा अपाङ्गतालाई एउटा अलग्गै पहिचानका रूपमा स्थापित गर्न खोजिएको छ । यसका साथै अपाङ्गता भएका पात्रहरूले पनि अवसर पाएमा अन्य साङ्ग व्यक्तिसरह जीवन जिउन सक्छन् भन्ने मान्यता स्थापित गर्ने प्रयास गरिएको छ । अपाङ्गता भएका पात्रहरूलाई अरूभन्दा कमजोर होइन अझ सशक्त देखाउनु यस उपन्यासको महत्त्वपूर्ण पक्ष हो । यहाँ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको परिचय र पहिचान के कस्तो छ भन्ने कुरालाई पुष्टि गर्ने केही साक्ष्यहरू प्रस्तुत गरिएको छ ।

उपन्यासको सुरुमा प्रमुख पात्र भास्वत भन्छ- 'यहाँ म उनको प्रेमी भएर उभिएको छु, जोसँग ज्योति निभेका रित्ता आँखाहरू छन्' (पृ.६) । भास्वतको यस अभिव्यक्तिले अपाङ्ग हुनु भनेको कोही नभएको दयाको पात्र हुनु होइन । अपाङ्ग पात्रलाई पनि माया गर्ने पनि कोही हुन सक्छन् अर्थात् उनीहरूका पनि प्रेमी-प्रमिका हुन सक्छन् । त्यति मात्र होइन एउटा अपाङ्ग पात्रका पनि साङ्ग प्रेमिका हुन सक्छन् भन्ने विचारलाई प्रकाशमा ल्याएको छ । अर्को एक प्रसङ्गमा अपाङ्गता भएका पात्रहरूप्रति समाजमा बिस्तारै सम्मान बढ्दै गएको देखाइएको छ । यसै क्रममा जुनो भन्छे- केही छैन, कसैले तिमीलाई सिट छाडिदेलान् बरु देखाउनलाई भए पनि झोलाबाट ह्वाइट केन निकाल है । नत्र तिम्रो आँखाले झुक्किन्छन् सबै (पृ. १२) । यस साक्ष्यबाट के स्पष्ट हुन्छ भने नेपाली समाजमा अपाङ्गता भएका पात्रहरूलाई सम्मानपूर्वक सार्वजनिक यातायातमा 'अपाङ्ग सिट' को व्यवस्था गर्ने तथा अपाङ्ग पात्र आएपछि सामान्य मानिसहरूले सिट छाडिदिने परम्परा विकास हुँदैछ । जसले गर्दा अपाङ्गता भएका पात्रहरूको पहिचान दया वा घृणाको पात्रका रूपमा नभई विशेष आवश्यकता भएका व्यक्तिका रूपमा विकास हुँदै गएको देखिन्छ । यसै प्रसङ्गमा भास्वतकी प्रेमिका सुलभा भन्छे- "तिमी आत्मविश्वासले भरिएको एक युवा हौ, जसले जीवनमा केही गर्न सक्नेछ (पृ.१८) ।" सुलभाको यस अभिव्यक्तिले अपाङ्गता भएका व्यक्तिहरूको पहिचान निर्माणमा सहयोग पुऱ्याउँछ । 'तिमी जीवनमा केही गर्न सक्ने युवा हौ' भन्ने अभिव्यक्तिले भास्वतजस्ता अपाङ्गता भएका पात्रहरूलाई समाजमा आफ्नो पहिचान निर्माणमा समेत सहयोग पुऱ्याएको देखिन्छ । सुलभा थप भन्छे-

> तिमीले देख्दैनौ । तर, मलाई कहिल्यै यस्तो लाग्दैन । मलाई त यस्तो लाग्छ- तिमीले सबथोक देखिरहेका छौ । खुशीको सागर, जीतका जूनतारा, सङ्घर्षका रङ्ग र आशाका कलिला बोटहरू । बरु देख्नेहरू यहाँ अशान्त छन् । कतै भोक, रोग र शोकले जीवनको उज्यालो देख्ने आँखाहरू टम्म टालिएका छन् (पृ.१९) ।

सुलभाको यस अभिव्यक्तिले भास्वतमा आत्मविश्वास पैदा गर्छ । यसबाट जीवनको उज्यालो देख्नका लागि भौतिक आँखाहरू मात्र पर्याप्त छैनन् । भित्री दृश्य दह्रो भएका भास्वत जस्ता पात्रहरू शारीरिक रूपमा 'पूर्ण' भएका व्यक्तिहरूभन्दा पनि अझ सशक्त छन् । यस प्रसङ्गले नेपाली समाजमा भास्वत जस्ता अपाङ्गता भएका व्यक्तिहरूको पहिचान बिस्तारै राम्रो बन्दै गएको र उनीहरूलाई दया नभई अवसरको खाँचो रहेकोतर्फ सङ्केत गरेको छ ।

भास्वत निरास भएको बेला उसलाई सम्झाउँदै सुलभाले भनेको कुरा निकै मार्मिक छ । सुलभा भन्छे- तिमी स्वयम् उज्यालो हौ । मलाई उज्यालोको आधार नबनाऊ (पृ.२०) । सुलभाको यस अभिव्यक्तिमा भास्वतजस्ता अपाङ्गता भएका पात्रहरू अरूको आशामा होइन आफ्नै पौरखमा विश्वास गर्ने खालको हुनु पर्ने विचार मुखरित भएको छ । जसले अपाङ्गता भएका पात्रहरूले आफूलाई समाजले दिएको पहिचानमा रमाउने होइन, आफ्नो अलग पहिचान निर्माणका लागि अघि बढ्न प्रेरणा दिएको छ ।

दशवर्षे जनयुद्धको पृष्ठभूमिमा लेखिएको प्रस्तुत उपन्यासमा भास्वत र उसका साथीहरू जनआन्दोलनमा सामेल भएका छन् । यसै सन्दर्भमा भास्वत भन्छ- "हामीले बल लगाएर ताली बजायौँ । लाग्छ, सबैभन्दा बढी त मैले नै बजाएँ । जुनोले त सिठी नै फुकिन् । केही बेरमै पुलिस भ्यान पनि साइरन बजाउँदै आयो (पृ. ३२) ।" यस प्रसङ्गले के कुरा स्पष्ट पार्छ भने भास्वत अरू अपाङ्ग जस्तो दयाको पात्र हुँदै होइन, ऊ त देशको व्यवस्था परिवर्तनका लागि आन्दोलनमा समेत होमिने सशक्त पात्र हो । भास्वत जस्ता पात्रहरूले समग्र अपाङ्गहरूको पहिचान निर्माणमा सहयोग पुग्ने देखिन्छ । भास्वत सिस्नोको झाडीमा भेटिएको बेवारिस केटा हो तर मार्जरीजस्ती आमाको साथ पाएर ऊ एक योद्धा बन्न पुगेको छ । यसर्थ प्रस्तुत उपन्यासमा अपाङ्गताको पहिचान उसलाई दिइने अवसरले निर्धारण गर्छ भन्ने कुरामा जोड दिइएको छ ।

परिचयको अध्ययनका दृष्टिले 'मेरो नाम र सुमिता मिस' शीर्षकको अध्याय निकै महत्त्वपूर्ण छ । यस अध्यायमा भास्वतले बाल्यकालमा आफ्नो परिचय वा पहिचान एउटा अनाथ, गरिब र असहाय बालकका रूपमा रहेको कुरा बताएको छ । भास्तव भन्छ- स्कुलमा आमाबाबु भएका बालबालिकाहरू भए पनि हाम्रो बालगृहमा मजस्तै अनाथ, गरिब र असहाय बालबालिका थिए (पृ. ४१) । बाल आश्रममा रहँदा आफूले धेरै माया र हौसला पाएको कुरा स्मरण गर्दै भास्वत भन्छ- सुमिता मिस भन्थिन्, "तिमी भास्वत भएरै चम्किनुपर्छ । मैले तिम्रो नाम त्यसै भास्वत राखेकी होइन (पृ. ४१-४२) ।"
"भास्वतको अर्थ उज्यालो पो हुँदो रहेछ । यो थाहा पाएर कम्ता खुसी लागेको थिएन । अहिले पनि मलाई आफ्नो नाम असाध्यै मनपर्छ (पृ. ४२) ।"

यस प्रसङ्गले तत्कालीन समाजमा अपाङ्गता भएका व्यक्तिहरू परिचयविहीन हुन नपरेको साथै आफ्नो नाम र परिचयमा गर्व गर्ने वातावरण बन्दै गएकोतर्फ सङ्केत गर्छ ।

आफूलाई जन्मदिने बुबाआमाबाट परित्यक्त भास्वतले उमेर बढ्दै जाँदा आफ्नो पहिचान र परिचयबारे चासो राख्न थालेको देखिन्छ। आफ्ना जन्म दिने आमाबाबु नभए पनि कर्म दिने आमा मार्जरीप्रति ऊ सधैं कृतज्ञ रहेको देखिन्छ। यसै प्रसङ्मा भास्वत भन्छ-

> मेरा कोही अभिभावक थिएनन् । मलाई अभिभावकत्व दिने व्यक्ति मार्जरी इङ्ल्याण्डमा थिइन् । ...सबैका आमाबाबु देखेर मलाई थाहा हुन्थ्यो म एक्लो रहेँछु।...यो जितको खुसीमा अभिभावक नहुनुको पीडाले खप्लक्कै निलेको थियो (पृ. ४२)।

यस प्रसङ्गले भास्वतजस्ता अपाङ्गता भएका पात्रहरूलाई कोही नभएको अर्थात् 'अनाथ' व्यक्तिका रूपमा चित्रण गर्नेतर्फ भन्दा पनि कोही नभएकाहरूले पनि अवसर पाएमा राम्रो गर्न सक्छन् भन्ने सकारात्मक सन्देश प्रस्तुत गरेको छ । भास्वत पढाइलेखाइमा अब्बल हुँदाहुँदै पनि छात्राबासका साङ्ग साथीहरूले गर्ने दुर्व्यवहारले भने बेलाबेलामा विचलित भएको देखिन्छ । यसै सन्दर्भमा ऊ भन्छ- साँझ खाना खाने समयमा एक साथीले मलाई शौचालयको कुनापट्टि लगेर थप्पड हान्दै भन्यो, "साले, तँलाई मैले भनेको होइन, यसपल्ट हामीले जित्नुपर्छ भनेर । जानेको पनि नभन् भनेको होइन ?" (पृ. ४२) । यस प्रसङ्गबाट अपाङ्गता भएका व्यक्तिहरूमाथि आफ्नै साथीभाइले समेत दुर्व्यवहार गर्ने क्रम अझै नरोकिएको स्पष्ट हुन्छ।

उमेर बढ्दै जाँदा भास्वतको पहिचान पनि फेरिँदै गएको छ । ऊ झन् सशक्त र आत्मनिर्भर हुँदै गएको छ। पढाइमा अब्बल भास्वतले जागिर समेत पाएपछि भन्छ- झण्डै पन्ध्र प्रतिस्पर्धीलाई उछिनेको थिएँ, कम्युनिकेसन अफिसरमा। खुसीले उचालिँदै साइबर गएर मार्जरीलाई इमेल लेखें, "अब मलाई खर्च पठाउनु पर्दैन । म आफैं केही गर्न सक्छु" (पृ. ५१) । यस प्रसङ्गले पहिचान अरूले दिने भन्दा पनि आफै निर्माण गर्दै जाने कुरा हो भन्ने मान्यतालाई थप स्पष्ट पारेको छ। भास्वतलाई समाजले जस्तो पहिचान दिए तापनि उसले आफ्नो सशक्त पहिचान निर्माण गर्दै गएको छ । साथी जुनोले खोल्न लागेको संस्थाको संस्थापक सदस्य (फाउन्डर मेम्बर) मा भास्वतको नाम पनि राखेको र त्यसका लागि उसको नागरिकता चाहिएको प्रसङ्मा भास्वत भन्छ- "उनले सुनाउनासाथ नागरिकता निकाल्दाको झन्झट रिलजस्तै घुम्यो । मलाई नागरिकतामा अनाथ वा बेवारिस लेख्ने चाहना थिएन (पृ. ५४) ।" यस प्रसङ्गले अपाङ्गता भएका तथा आमाबाबु नभएका

बालबालिकाहरूले नागरिकता लगायतका राज्यबाट प्राप्त हुने सुविधा प्राप्तिमा साह्रै झन्झट बेहोर्नुपर्ने तीतो यथार्थलाई प्रस्तुत गरेको छ । अर्कोतर्फ समाजले र परिस्थितिले दिएको अनाथ वा बेवारिस जस्तो परिचय भास्वतका लागि स्वीकार्य छैन । ऊ आफ्नो अलग पहिचान निर्माण गर्न उद्धत देखिन्छ । उमेर बढ्दै जाँदा भास्वतमा ज्ञान, सीप र आत्मविश्वास बढ्दै गएको देखिन्छ । पहिलोपटक ठूलो कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्ने अवसर पाएको भास्वत भन्छ-

> आज मैले जीवनमै पहिलोपटक कार्यपत्र प्रस्तुत गरेँ । फाइभ स्टार होटलको ठूलो हलमा । लगभग सय जना भीआईपीहरू माझ । ... म खुसी भएँ, आफूमा भएको क्षमताको कदर भएकोमा । मिहिनेत र आत्मविश्वास नै ठूलो कुरा रहेछ । र, सँगै म सक्छु भन्ने अठोट लिन सक्नुपर्दो रहेछ (पृ.८१) ।

यस प्रसङ्गले भास्वतमा बढ्दै गएको आत्मविश्वास र आफ्नो पहिचान निर्माणका लागि गरेका सङ्घर्षलाई थप पुष्टि गर्दछ । आफू बालगृहमा छँदा एकजना बृद्धा आएर आफ्नो परिचय दिँदै गरेको घटना स्मरण गर्दै भास्वत भन्छ-

> कठै, यिनकी आमा त क्षेत्रीकी छोरी हुन् । कुन मोराले पाप बोकाएर छाड्यो । माइतीले स्याहारेनन् । बच्चा आँखा नदेख्ने जन्म्यो । मकहाँ एक महिना बसिन् । पछि कता गइन्, थाहा छैन । कालीगण्डकीमा हाम फालिन् कि ! बच्चा त सिस्नोको झ्याङमुनि पो थियो (पृ. ९६) ।

यस प्रसङ्गले तत्कालीन समाजमा र अहिले पनि बलात्कारमा परेका वा अवैध सम्बन्धबाट जन्मिएका बालबालिकाहरू परिचयविहीन हुनु परेको र त्यसमा पनि अपाङ्गता भएका बालबालिकाहरू त झनै दयनीय अवस्थामा हुनु परेको यथार्थलाई प्रस्तुत गरेको छ ।

भास्वतको जीवनमा एकपछि अर्को गरेर अनेकौँ स्त्रीहरू आएका छन् । ऊ स्वयम् दृष्टिबिहीन भएर पनि अरूलाई आफूले सक्दो सहयोग गर्दै आएको देखिन्छ । अनायासै आफूसँग ठोक्किन आइपुगेकी सीमालाई सघाएको प्रसङ्गमा भास्वत भन्छ- आफ्नो जीवनमा उक्लेका अप्ठ्यारा पर्खालहरू होचा लाग्दै गए । सीमाको कुरा सुनेपछि मैले आफ्नो खल्ती छामेँ । केही रमक निकालेर दिँदै भनेँ- “ल, अहिलेलाई यसले काम चलाऊ” (पृ. १०३) । यस प्रसङ्गले समाजमा भास्वतले आफ्नो हैसियत वा पहिचान माग्नेबाट माथि उठाएर दिन सक्ने व्यक्तिका रूपमा बनाएको देखिन्छ । आफ्नो जीवनमा जोडिन आएकी

अर्की पात्र दियासँग होटलमा बसेको प्रसङ्ग पनि कम रोचक छैन । भास्वत भन्छ- हामी फेरि उही होटलमा पुग्यौं । फेरि उही कोठामा पुऱ्यायो त्यही रुमब्वाईले र भन्यो- "तपाईं बसेकै रुम हो यो । सजिलो होला भनेर ।" मनमनै भनें- "कति कमजोर ठान्छन् यार ।" यस प्रसङ्गले के कुरा स्पष्ट पार्छ भने भास्वतलाई अर्थात् अपाङ्गता भएका व्यक्तिलाई समाजले जुन परिचय दिन्छ, उक्त पहिचानसँग भास्वत सहमत छैन । ऊ आफूलाई कसैले पनि कमजोर नठानोस् भन्ने चाहन्छ । ऊ आफ्नो पहिचान सामान्य व्यक्ति सरह बनाउन चाहन्छ । सीमाकी आमा सिकिस्त बिरामी पर्दा भास्वतले गरेको सहयोगले अपाङ्गहरूप्रति समाजले बनाएको भाष्य अर्थात् यिनीहरू अरूको सहयोग पाउन योग्य व्यक्ति हुन् भन्ने विश्वदृष्टिलाई चुनौती दिएको छ । यसै सन्दर्भमा भास्वत भन्छ-

> बैंकमा केही रकम जम्मा भएको थियो । त्यो सबै निकालेर उही ट्याक्सीमा फर्किएँ । र, त्यही ट्याक्सीमा सीमाकी आमालाई लिएर वीर हस्पिटल लाग्यौं । ... मैले उसलाई चढेको मिटरमा पचास रूपैयाँ थप्न खोजें तर उसले रोक्यो (पृ. १५९) ।

यस प्रसङ्गले भास्वत एउटा अपाङ्ग व्यक्ति भएर पनि समाजका अन्य व्यक्तिहरूलाई आर्थिक रूपमा समेत सहयोग गरेको कुरालाई अघि सार्दै अवसर पाएमा अपाङ्गता भएका व्यक्तिहरू अरूले दया गर्नुपर्ने व्यक्ति नभई अरूलाई समेत सहयोग गर्ने व्यक्ति बन्न सक्छन् भन्ने नयाँ भाष्य निर्माण गरेको छ । 'म विचरा होइन' शीर्षकको अध्यायमा भास्वतले दिएका अभिव्यक्तिहरू निकै सशक्त छन् । ऊ भन्छ-

> मान्छे हिँड्ने पेटीमा पसल थाप्नु पनि छ र सामान कुल्चियो भनेर गाली पनि गर्नु छ । झनक्क रिस उठ्थ्यो । फेरि गुनगुन गरेको सुन्थें- ए, आँखा नदेख्ने पो रहेछ बिचरा । ...खै किन मान्छेहरू अरूलाई सजिलै बिचरा भनिदिन्छन् । शरीरको एउटा अङ्ग मर्ने बित्तिकै पूरै मान्छे बिचरा हुनसक्छ र ? (पृ. १६५) ।

यस प्रसङ्गमा पनि भास्वत समाजले दिएको 'विचरा' को पहिचानप्रति असन्तुष्ट छ । समाजले गर्ने व्यवहारकै सन्दर्भमा भास्वतले दिएको अर्को अभिव्यक्ति निकै मार्मिक छ । ऊ भन्छ- जन्मँदै ज्योति गुमाएको मान्छे म । यसको अभावमा कहिल्यै रोइनँ । तर, यसका कारण मान्छेले गरेको दुर्व्यवहारले रोएँ (पृ. १६६) । आफू सशक्त हुँदाहुँदै पनि समाजले आफूलाई गर्ने व्यवहार र आफूले पाएको पहिचानबाट आजित भएको भास्वत भन्छ-

कहाँ मान्छे गनिन्छौँ हामी ? समाजको अगाडि हामी माग्ने हौँ माग्ने । हामीलाई टेम्पो र बसका चालकले पनि हेप्छन्, पैसा तिर्दैनन् भनेर । होटलतिर खाना खान गयौँ भने पैसा कसले तिर्छ भनेर सोध्छन् (पृ. १६६) ।

यस प्रसङ्गले पनि अपाङ्गता भएका पात्रहरूलाई समाजले दिएको पहिचान र गर्ने व्यवहारप्रति भास्वत जस्ता पात्रहरूको तीब्र असन्तुष्टिलाई पुनः पुष्टि गर्छ । यसले अपाङ्गताको नयाँ पहिचान निर्माणको खाँचोतर्फ पनि सङ्केत गर्छ । आफ्नी साथी जुनो निराश भएको बेलामा सम्झाउँदै भास्वत भन्छ- “तिम्रो घर छ, परिवार छ, जन्म दिने आमाबाबु सबै तर पनि तिमी खुसी छैनौ, मेरो न घर छ, न परिवार छ र पनि खुशी छु” ( पृ. १९३) । यस प्रसङ्गले भास्वतमा रहेको दृढ आत्मविश्वासलाई स्पष्ट पार्छ । ऊ एउटा अनाथ एवम् पहिचानविहीन भएर पनि आफ्नो अस्तित्व र पहिचानका लागि सङ्घर्षरत पात्र हो भन्ने कुरालाई प्रस्तुत प्रसङ्गले थप पुष्टि गरेको छ । बेलाबेलामा भास्वत आफ्नो विगत सम्झेर अलि दुःखी हुन्छ । आफ्नो वास्तविक परिचयको खोजले उसलाई सताइरहन्छ । यसै सन्दर्भमा भास्वत भन्छ-

थाहा छैन, कुन पुरुषको वीर्य हुँ म ? तर आफ्नैबाट तिरस्कृत एक महिलाको रगत हुँ म । तिनैको शरीरबाट झरेको एक डल्लो नानी । दुनियाँलाई सुन्न जोसँग दुईटा कान थिए । पेटको भोक जिस्क्याउने मुख थियो । दुई आँखा थिए । तर ती आँखाले न आकाशको रङ्ग जान्न सक्यो, न आफ्नै आमाको अनुहारलाई चिन्न सक्यो ( पृ.२१९) ।

आफ्नो पहिचानको खोजी गर्ने क्रममा भास्वत भन्छ-

मान्छेले अवसर मात्र पाउनुपर्छ, तब फुल्न सक्छ उसको जीवन । मलाई फुल्ने अवसर मार्जरीले दिइन् । पोखरा, जहाँ म अग्लिएँ । तन्नेरी भएँ । शब्द र अक्षरका माझमा फुल्न पाएँ । त्यसैले त मलाई सधैँ प्यारो लाग्छ पोखरा (पृ.२६०) ।

प्रस्तुत उपन्यासमा भास्वतका अतिरिक्त बामोली नामक अर्की अपाङ्ग पात्र पनि छ । एउटै अनाथालयमा हुर्केका भास्वत र बामोलीमध्ये पढ्ने लेख्ने अवसर पाएर भास्वत आत्मनिर्भर बन्दै गएकी छ भने बामोली चाहिँ समाजको तिरस्कार र आत्मग्लानीले निथ्रुक्कै भिजेकी छ । बामोलीले भास्वतलाई प्रेमको प्रस्ताव राख्दा उसले अस्वीकार गरेको छ । बामोलीको

प्रसङ्गबाट के कुरा स्पष्ट हुन्छ भने सबै अपाङ्गहरूको पहिचान समान छैन । एउटा अपाङ्ग पुरुष र अपाङ्ग महिलाका बिच पनि धेरै फरक छ । अर्थात् अपाङ्ग महिलाहरू अपाङ्ग पुरुषको तुलनामा झनै बढी तिरस्कृत छन् ।

आगोले डढेर कुरूप भएकी बामोलीले डराई डराई राखेको प्रेम प्रस्तावलाई भास्वतले अस्वीकार गरेपछि बामोली झन् ठूलो आत्मग्लानीले थिचिन्छे । उसलाई आफ्नो कुरूप शरीर र उक्त शरीरका कारण समाजले दिएको कुरूप पहिचानप्रति साह्रै असन्तुष्टि छ । ऊ आफ्नो कुरूप अनुहार र शरीरलाई फेर्न चाहन्छे । यसै सन्दर्भमा बामोली भन्छे- भास्वत, यो समाजले मलाई बाध्य बनायो । मिल्यो भने सर्जरी गरेर फर्कनेछु । के गर्ने, यहाँ बाहिरी रूपकै भ्यालु हुँदोरहेछ (पृ. ३०१) । बामोलीको यस भनाइमा अपाङ्गताको चिकित्सकीय मोडलको अवधारणामा आधारित नयाँ पहिचान निर्माणको चाहना झल्किन्छ । जसले अपाङ्गतालाई उपचार गरेर ठिक पार्न सकिने समस्याका रूपमा लिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *ह्वाइट केन* उपन्यासले अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई समाजले दिने पहिचानलाई चुनौती दिँदै नयाँ पहिचान निर्माणको आवश्यकतातर्फ सङ्केत गरेको छ ।

### ३.३.२ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व

*ह्वाइट केन* अपाङ्गताको प्रतिनिधित्वका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण उपन्यास हो । भास्वत नामक दृष्टिविहीन केटालाई प्रमुख पात्र बनाइएको प्रस्तुत उपन्यासमा भास्वत र बामोली गरी दुईजना अपाङ्गता भएका पात्रहरू छन् । यी दुईमध्ये भास्वत बेवारिसे अवस्थामा सिस्नोको झाडीमा भेटिएको बालक हो भने उसकी बालसखा जन्मजातै अपाङ्ग नभई पछि आगोले जलेर कुरूप भएकी पात्र हो । अनाथालयमा भेट भएका यी दुई पात्रहरू लगभग समान पृष्ठभूमिबाट आएका भए तापनि भास्वत कालान्तरमा एक सशक्त व्यक्ति बन्न पुगेको छ भने बामोली चाहिँ आत्मग्लानीले निथ्रुक्क भिजेर बाँचेकी छ । भास्वत अपाङ्ग हुँदाहुँदै पनि मार्जरीजस्ती ममतामयी आमा र स्नेही साथीहरूको साथ पाएर पढाइ लेखाइ र सामाजिक क्षेत्रमा समेत अब्बल बन्दै गएको छ भने बामोली चाहिँ खाना पकाउने क्रममा जलेर कुरूप भएकी छ र सबैतिरबाट आलोचना र घृणा सहेर बाँचेकी छ । यहाँसम्मकी भास्वतले समेत उसको प्रेम प्रस्तावलाई अस्वीकार गरेको छ । यसरी हेर्दा

भास्वत अपाङ्ग भएर पनि अवसर पाएर अगाडि बढ्न सफल केही सीमित अपाङ्गहरूको प्रतिनिधित्व गर्ने पात्र हो भने बामोली अपाङ्ग र महिला हुनुको दोहोरो मार खपिरहेका नेपाली अपाङ्ग महिलाहरूकी प्रतिनिधि पात्र हो । यसरी हेर्दा भास्वतको प्रतिनिधित्व वैकल्पिक र बामोलीको प्रतिनिधित्व प्रभुत्वशाली अर्थात् हेजेमोनिक प्रकृतिको रहेको देखिन्छ ।

*ह्वाइट केन* उपन्यासको समाज अपाङ्गताको नैतिक र चिकित्सा मोडलबाट माथि उठेर सामाजिक तथा सांस्कृतिक मोडलबाट प्रभावित देखिन्छ । भास्वत जस्ता अपाङ्गता भएका पात्रहरूले ब्रेल लिपि, ह्वाइट केन (सेतो छडी) जस्ता उपकरणहरू प्रयोग गर्नुले सो कुरालाई पुष्टि गर्छ । यसका साथै भास्वत बाँचेको समाज विस्तारै अपाङ्गमैत्री बन्दै गएको पनि देखिन्छ ।

प्रतिनिधित्वको अध्ययनमा प्रयोग गरिने अर्को उपकरण हो भाषा । *ह्वाइट केन* उपन्यासमा अपाङ्गता भएका पात्रहरूका लागि अधिकांशतः सम्मानजनक शब्दहरूको प्रयोग गरिएको छ । कतिपय ठाउँमा भने अपाङ्गहरूलाई होच्याउने वा अपमान गर्न प्रयोग गरिने शब्दहरूको समेत प्रयोग भएको पाइन्छ ।

एकपटक स्कुलको अभिभावक दिवसको अवसरमा आयोजित हिज्जे प्रतियोगितामा भास्वतको समूहले जितेपछि उसको साथीले शौचालयको कुनामा लगेर अपमानजनक व्यवहार गरेको छ । सो प्रसङ्ग सुनाउँदै भास्वत भन्छ- साँझ खाना खाने समयमा एक साथीले मलाई शौचालयको कुनापट्टि लगेर थप्पड हान्दै भन्यो, साले, तँलाई मैले भनेको होइन, यसपल्ट हामीले जित्नुपर्छ भनेर । जानेको कुरा पनि नभन् भनेको होइन ? (पृ. ४२) । यस प्रसङ्गले बाल्यकालमा भास्वतलाई उसका साथीहरूले हेप्ने र अपमान गर्ने गरेको कुरालाई सङ्केत गर्छ । यस अर्थमा भास्वत समाजका साङ्ग व्यक्तिहरूको हेपाइ सहन विवश अपाङ्गहरूको प्रतिनिधित्व गर्ने पात्र हो । एकदिन छिमेकको एउटा मान्छेले रातको समयमा श्रीमतीलाई कुटपिट गरेको आवाज सुनेर उसलाई सम्झाउन जाँदा उक्त व्यक्तिले अपमानजनक शब्दको प्रयोग गर्दै भन्छ- ‘तँ अधिकारको कुरा गर्छस् अन्धो ! ल आइज म तँलाई अधिकार देखाइदिन्छु (पृ. ७२) ।’ कवि भूपि शेरचनले लेखेको कविता ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ मा प्रयोग भएको शब्दप्रति असन्तुष्टि व्यक्त गर्दै भास्वत भन्छ- कविले पनि

क्या साह्रो गरी भनिदिएछन् ‘अन्धो !’ (पृष्ठ १८१) । यसैगरी भास्वतलाई मानिसहरूले दयाभाव झल्काउन प्रयोग गर्ने ‘विचरा’ शब्दप्रति साह्रै आपत्ति छ । उसले निकै धेरै ठाउँमा उक्त शब्दको विरोध गरेको छ । केही उदाहरणहरू हेरौँ :

फेरि गुनगुन गरेको सुन्थेँ- ए, आँखा नदेख्ने पो रहेछ बिचरा । यो बिचरा शब्द आफैमा कति कमजोर छ ? र, यसले अरुलाई पनि कमजोर पारिदिन्छ (पृ. १६५) ।

“अनि कहिलेदेखि यस्तो भा’ नि ?” जुनोकी आमाले सोधिन् । तातो चिया पिउँदै गरेका बेला मेरो मन हल्का चिसो भयो । मैले जवाफ दिएँ- “सानैदेखि हो ।”

“बिचरा”, उनको शब्दले मेरो चियाको स्वाद नै खल्लो पारिदियो (पृ. १९०) ।

आफ्नी प्रेमीका सुलभाले पनि कतै आफूलाई प्रेमका नाउँमा दया गरिरहेकी त छैन ? भन्ने आशङ्का व्यक्त गर्दै भास्वत भन्छ- कतै सुलभाले पनि प्रेमका नाममा मलाई दया गरेकी त होइन ? (पृ. १६७) । यी सबै प्रसङ्गहरूबाट के स्पष्ट हुन्छ भने ‘विचरा’, ‘कठै’ जस्ता शब्दहरू जसले अपाङ्गहरूलाई दयाको पात्र बनाउँछन्, ती शब्दहरू र अपाङ्गहरूलाई कमजोर ठान्ने सम्पूर्ण भाष्यहरूप्रति भास्वतको असहमति छ । यसर्थ *ह्वाइट केन* उपन्यासको भास्वत अपाङ्गताको वैकल्पिक प्रतिनिधित्वका रूपमा उभिएको स्पष्ट हुन्छ ।

*ह्वाइट केन* उपन्यासमा अपाङ्गता भएका पात्रहरूको प्रयोग गरी निर्माण गर्न खोजिएको अर्थ अपाङ्गतालाई हेर्ने सामाजिक तथा सांस्कृतिक मोडलमा आधारित छ । जसले अपाङ्गतालाई कर्मको फल वा शारीरिक कमजोरीका रूपमा नभई अपाङ्गमैत्री भौतिक तथा सामाजिक संरचनाको अभाव र सांस्कृतिक रूपमा निर्मित गलत भाष्यको परिणाम मान्दछ । प्रस्तुत उपन्यासले दिन खोजेका अर्थात् निर्माण गर्न खोजेका प्रमुख दुई अर्थहरू हुन् :

१. अपाङ्गता भएका पात्रहरूले पनि अवसर पाएमा समाजका साङ्ग व्यक्तिहरूलेझैँ परिवार, समाज र राष्ट्रका लागि योगदान दिन सक्छन् ।
२. अपाङ्ग पुरुषहरूको तुलनामा अपाङ्ग महिलाहरूको जीवन बढी कष्टपूर्ण छ र उनीहरू महिला र अपाङ्ग हुनुको दोहोरो मारमा छन् ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *ह्वाइट केन* उपन्यास अपाङ्गताको प्रतिनिधित्वको हरेक दृष्टिबाट अब्बल छ । यसलाई अपाङ्गता भएका पात्रहरूको

सशक्तीकरण र अपाङ्गताप्रतिको सकारात्मक भाष्य निर्माणमा हालसम्म नेपाली भाषामा लेखिएका उपन्यासहरूमध्ये सबैभन्दा सशक्त औपन्यासिक कृतिका रूपमा लिन सकिन्छ ।

### ३.३.३ ह्वाइट केन उपन्यासमा प्रतिरोध चेतना

*ह्वाइट केन* अपाङ्गता भएका पात्रहरूलाई केन्द्रमा राखेर लेखिएको एक सशक्त उपन्यास हो । प्रस्तुत उपन्यासमा समाजले अपाङ्गता भएका पात्रहरूमाथि गर्ने अमानवीय व्यवहारको खरो विरोध तथा प्रतिरोध गरिएको छ । अपाङ्गहरू माथि भएका अमानवीय व्यवहारमा अपाङ्ग पात्रहरू मात्र होइन उसका साथीहरू समेत प्रतिरोधमा उत्रेका छन् । हरेक पात्रहरू विशिष्ट क्षमता र फरक पहिचानयुक्त रहेको प्रस्तुत उपन्यासमा अपाङ्गताप्रतिको परम्परागत विचारधारा र सो विचारबाट प्रभावित (प्रेरित) भएर अपाङ्गहरू माथि गरिने विभेदपूर्ण व्यहारको प्रतिरोध के कसरी गरिएको छ भन्ने कुराको पुष्टिको लागि यहाँ केही साक्ष्यहरूसहित विश्लेषण गरिएको छ ।

उपन्यासको सुरुतिर भास्वत र उसकी साथी जुनो फिल्म हेर्न गएको प्रसङ्ग छ । जुनोले भास्वतलाई फिल्मका दृश्यहरूको वर्णन गर्दै सुनाउँदा केही मानिसहरूले हल्ला गरेको आरोप लगाउँछन् । एकजनाले आँखा नदेख्नेले किन फिल्म हेर्नुपरेको होला ? भनेर खिसी गर्छ । त्यसको जवाफमा जुनो भन्छे- "ए मिस्टर तपाइँ मात्र मान्छे ? तपाइँका मात्र आँखा ? आँखा भएर अहिलेसम्म के के राम्रो काम गर्नुभयो ? लिस्ट दिनूस् अनि मात्र भन्नूस् अरूलाई (पृ. १०) ।" उपन्यासको सुरुमै आएको यस प्रसङ्गले *ह्वाइट केन* उपन्यासमा अपाङ्ग पात्रहरूले मात्र नभई सामान्य पात्रहरू समेत अपाङ्गहरूमाथि हुने अमानवीय व्यवहारका विरुद्धमा उत्रिन्छन् भन्ने कुराको सङ्केत गरेको छ । एक दिन भास्वतको छिमेकीले रातको समयमा श्रीमतीलाई अश्लिल शब्दमा गाली गर्दै हातपात गर्छ । महिलाको चित्कार सुनेपछि सहन नसकेर भास्वतले ढोकाम गएर 'रातको बीचमा स्वास्नी कुटेर यसरी हल्ला मच्चाउने तपाइँलाई अधिकार छैन' भनेपछि जवाफमा उक्त पुरुषले 'तँ अधिकारको कुरा गर्छस् अन्धो ! ल आइज म तँलाई अधिकार देखाइदिन्छु' भन्दै भास्वतलाई भित्तामा बजार्छ । यसै प्रसङ्गमा भास्वत भन्छ- 'मूर्ख मान्छेसँग यसरी हार्नुपरेकोमा ज्यादै खिन्न भयो मन । फर्केर एक मुक्का दिउँजस्तो रिस नउठेको कहाँ हो र ! (पृ.७२) ।' यस प्रसङ्गले एकातिर महिलामाथि भएको अन्याय र हिंसाको प्रतिरोधमा भास्वत अर्थात् एक अपाङ्ग पात्र उत्रिएको देखाएको छ भने अर्कोतर्फ उल्टै आफूले अपाङ्ग भएको कारण अपमानजनक

व्यवहार सहनुपरेको छ । यस घटनामा उसले मौन विरोध मात्र गर्न सकेको छ । यस हिसाबले उसमा प्रतिरोध चेतना हुँदाहुँदै पनि समय र परिस्थितिले उसलाई निरीह बनाएको छ । 'म बिचरा होइन' शीर्षकको अध्यायमा भास्वतले फुटपाथमा सामान बेच्ने व्यापारीहरूले सामान कुल्चियो भनेर गाली गर्दाको प्रसङ्ग सुनाउँदै भन्छ-

> कुनै बेला उनीहरूका सामान कुल्चन पुग्दो रहेँछु । गाली गर्थे-आँखा छैन कि क्या हो ? मान्छे हिँड्ने पेटीमा पसल थाप्नु पनि छ र सामान कुल्चियो भनेर गाली गर्नु पनि छ । झनक्क रिस उठ्थ्यो । फेरि गुनगुन गरेको सुन्थैँ- ए, आँखा नदेख्ने पो रहेछ विचरा (पृ. १६५) ।

यस प्रसङ्गमा भास्वतले आफूलाई नराम्रो व्यवहार गर्ने फुटपाथ व्यापारीहरूलाई सिधै प्रतिरोध गर्न सकेको छैन तर ऊ भित्रको प्रतिरोधी चेतना सल्बलाएको छ । यसरी तत्कालीन समाजमा अपाङ्गता भएका पात्रहरूलाई धेरै ठाउँमा प्रतिरोध गर्न चाहेर पनि मौन रहनु परेको अवस्थालाई उपन्यासले चित्रण गरेको छ ।

आफूलाई दया होइन न्याय र अवसरको खाँचो भएको ठान्ने भास्वतले प्रेमको नाममा दया गर्नेहरूको समेत प्रतिरोध गरेको छ । यसै सन्दर्भमा भास्वत भन्छ- जब हुर्कँदै गएँ तब मान्छेको व्यवहारसँग अभ्यस्त हुन थालेँ ।...यही क्रममा कसैले अन्तर्मनदेखि नै गरेको प्रेम र साथलाई स्वागत गरेँ । दयाको भावले देखाएको व्यवहारलाई ठाडै अस्वीकार गरेँ (पृ. १६६) ।

यसै प्रसङ्गमा भास्वतले सुलभाको प्रेम पनि कतै दया त होइन भनेर शङ्का गर्दै भन्छ- कतै सुलभाले पनि प्रेमका नाममा मलाई दया गरेकी त होइन ? एकजना दृष्टिविहीन साथीले भनेको सम्झेँ- "साइटेडहरूसँग प्रेम गर्नुहुन्न साथी माया होइन दया गरेरै मार्छन् ( पृ. १६७) ।" यस प्रसङ्गले अपाङ्गता भएका पात्रहरूमा आफूलाई दया गरिएको छ कि प्रेम भनेर छुट्याउन सक्ने चेतना वृद्धि हुँदै गएको कुरालाई प्रस्तुत गरको छ । यो भास्वतको मात्र नभई समग्र अपाङ्गता भएका व्यक्तिहरूको सामूहिक प्रतिरोध चेतना हो । आफ्नी बालसखा बामोलीसँगको कुरकानीका क्रममा भास्वतले आफू बसेको समाज र आफू र आफूजस्तै अपाङ्गता भएका व्यक्तिहरू माथि समाजले गर्ने व्यवहारप्रति असन्तुष्टि व्यक्त गरेको छ । यसै क्रममा भास्वत भन्छ- "मैले देख्न नसक्नुको कारण, मेरो सर्टिफिकेट र मार्कसिटको भ्यालु भएन । मेरो क्षमताको विश्वास गरिएन (पृ. १७८) ।" भास्वतको यस भनाइको जवाफ दिँदै बामोली भन्छे- 'तिमी देख्न नसक्ने होइनौ । देख्न नसक्ने त ती हुन्,

जसले तिमीभित्रको खुबी र क्षमतालाई चिन्न सकेनन् (पृ. १७८) ।' यी प्रसङ्गहरूबाट के कुरा स्पष्ट हुन्छ भने *ह्वाइट केन* उपन्यासका पात्रहरूले आफूमाथि हुने विभेदपूर्ण व्यवहार तथा अपाङ्गताप्रतिको पुरातनवादी सोच दुबैलाई खुलेर विरोध गरेका छन् तर उनीहरूको प्रतिरोध हरेक ठाउँमा सशक्त भने देखिँदैन ।

आफ्नो साथी रुपिमलाई जावलाखेलको माकु क्याफेमा बस्दै गर्दा भास्वतको मनमा कवि भूपी शेरचनको कविता याद आउँछ । उसलाई भूपी शेरचनले लेखेको 'कविता घुम्ने मेचमाथि अन्धो मान्छे' मा प्रयोग गरिएको अपाङ्गलाई होच्याउने शब्द मन पर्दैन । यसैको अभिव्यक्ति स्वरूप ऊ भन्छ- सम्झौँ, एउटा कविता 'घुम्ने मेचमाथि अन्धो मान्छे ।' कविले पनि क्या साह्रो गरी भनिदिएका छन्- 'अन्धो ! ' (पृ.१८१) । भास्वतको यो प्रतिरोध अपाङ्गताको सांस्कृतिक मोडलबाट प्रभावित देखिन्छ । जसले समाजमा साहित्य, संस्कृति र मिडियाले कसरी अपाङ्गतासँग सम्बन्धित भाष्यहरू निर्माण गर्दै जान्छन् भन्ने कुराको अध्ययन गर्छ र अपाङ्गतालाई सामाजिक र सांस्कृतिक संरचनामा गहिरोसँग जरा गाडेको विश्वास, मान्यता र सांस्कृतिक अभ्यासका रूपमा व्याख्या गर्छ । यसरी हेर्दा भास्वतमा समाजमा अपाङ्गता भएका व्यक्तिहरूमाथि गरिने व्यवहारको मात्र नभई निर्माण गरिने भाष्यको समेत प्रतिरोध गर्ने चेतना विकास हुँदै गएको देखिन्छ । साथी जुनोको घरमा जाँदा उनकी आमाले प्रयोग गरेको 'विचरा' शब्दप्रति भास्वतले मौन असहमति जनाउँछ । ऊ भन्छ- "अनि कहिलेदेखि यस्तो भा'नि ? जुनोकी आमाले सोधिन् । तातो चिया पिउँदै गरेका बेला मेरो मन हल्का चिसो भयो । मैले जवाफ दिएँ- "सानैदेखि हो ।" "विचरा", उनको शब्दले मेरो चियाको स्वाद नै खल्लो पारिदियो" (पृ. १९०) । भास्वतको यस अभिव्यक्तिले ऊ कुनै पनि ठाउँमा 'विचरा' वा दयाको पात्र बन्न नचाहेको र उसलाई 'विचरा' भन्नेहरूप्रति उसको मनले प्रतिरोध गरेको देखिन्छ ।

अरूले आफूलाई होच्याएको देख्दा मनमनै भएपनि प्रतिरोधमा उत्रने भास्वत आफू स्वयम्ले भने आफूभन्दा कमजोर अवस्थाबाट गुज्रिरहेकी बामोलीलाई भने खासै सम्मानजनक व्यवहार गर्न सकेको देखिँदैन । आफ्नो प्रेम प्रस्ताव अस्वीकार गरेको झोँकमा बामोली भन्छे- "म कुरूप भएकै कारण तिमी आफूलाई रोकिरहेछौ । यदि मेरो ठाउँमा कुनै सुन्दर युवती थिइन् भने शायद तिमी यसरी चुप लागेर बस्ने थिएनौ" (पृ. २३४) । बामोलीको यस अभिव्यक्तिमा एकजना  अपाङ्ग पुरुषले अर्की अपाङ्ग स्त्रीलाई गरेको अपमानजनक व्यवहारको प्रतिरोध झल्किएको छ । यसरी हेर्दा के निष्कर्षमा पुग्न सकिन्छ

भने समाजका अन्य सीमान्तीकृत वर्ग (जस्तै दलित, महिला, मधेशी आदि) भित्रै पनि वर्ग विभाजन र विभेद भएजस्तै अपाङ्गता भएका व्यक्तिहरूको समाजमा पनि एकखालको वर्ग विभेद र प्रतिरोधको स्थिति रहन्छ । भास्वत र बामोली बीच कुराकानी भइरहँदा भास्वतले तिमी आफ्नो घरजम कहिले बसाउँछ्यौ त ? भन्ने प्रश्नको जवाफ स्वरूप आएको बामोलीको अभिव्यक्ति हृदयविदारक छ । ऊ भन्छे-

> "म यो घरजममा विश्वास गर्दिन भास्वत !...ठाउँठाउँमा दुनियाँलाई स्वास्नी बनाएर बेपत्ता भयो मेरी आमाको लोग्ने । त्यसैले भास्वत मलाई यो बिहे र लोग्ने भन्ने शब्द नै मन पर्दैन । ...उनको कोखबाट जन्मेकै कारण मैले अर्काको नोकर हुनुपऱ्यो । जसको नोकर हुँदा म कुरूप भएँ ।...त्यसै त म कुरूप आइमाई, जसलाई स्वास्नी भन्न सरम लाग्ला मेरो लोग्ने भएर आउनेलाई (पृ. २८२-२८३) ।"

बामोलीको यस अभिव्यक्तिमा एकातिर आफू कुरूप भएकोमा भास्वतले अस्वीकार गरेकोप्रति आक्रोश व्यक्त भएको छ भने अर्कोतर्फ पितृसत्तात्मक समाज व्यवस्थामा कमजोर स्त्रीहरूमाथि उनीहरूका लोग्ने र समाजका ठूलाबडा मानिसहरूले गर्ने दमनप्रति प्रतिरोध गरिएको छ । बामोलीले आफू कुरूप हुनुका पछाडि आफ्ना बुवा र आमा समेत दोषी रहेको भन्दै आक्रोश व्यक्त गरेकी छ । सबैभन्दा बढी त आफू स्वयम् अपाङ्ग भएर पनि बामोलीको प्रेम अस्वीकार गर्ने भास्वतप्रति असन्तुष्टि र प्रतिरोधको भावना अभिव्यक्त गरेकी छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुग्न सकिन्छ भने *ह्वाइट केन* उपन्यासका अपाङ्ग पात्रहरू प्रतिरोध चेतनाले भरिएका छन् । अपाङ्गता भएका व्यक्तिहरूमाथि गरिने विभेदपूर्ण व्यवहारको विरुद्धमा अपाङ्ग पात्रहरू मात्र नभई जुनो, सुलभा जस्ता साङ्ग पात्रहरू समेत प्रतिरोधमा उत्रिएका छन् । समग्रमा *ह्वाइट केन* उपन्यासमा प्रस्तुत अपाङ्गताको प्रतिरोधलाई निम्नलिखित तीन आयामबाट हेर्न सकिन्छ :

(क) अपाङ्गता भएका पात्रहरूले आफू विरुद्धका सामाजिक व्यवहार र दृष्टिकोणप्रति गर्ने प्रतिरोध ।

(ख) अपाङ्गता नभएका (साङ्ग) पात्रहरूले अपाङ्गहरूमाथि हुने विभेद एवम् अन्यायपूर्ण व्यवहारप्रति गरेको प्रतिरोध ।

(ग) शक्तिशाली अपाङ्ग पात्रले आफूभन्दा कमजोर र अपाङ्ग पात्रहरूप्रति गरेको व्यवहारको प्रतिरोध ।

## ३.४ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध

कल्पना श्रेष्ठ कल्पपुञ्ज नेपाली साहित्यका कविता, कथा र उपन्यास विधामा कलम चलाउने स्रष्टा हुन् । पुतलीबजार नगरपालिका वडा नं. १, स्याङ्जामा जन्म भई हाल कृषि विकास बैंक, काठमाडौँमा कार्यरत श्रेष्ठका अनिश्चित *यात्राका हरफहरू* (कविता सङ्ग्रह, २०६०), *अन्त्यहीन जीवन* (खण्डकाव्य, २०६१), *कल्पपुञ्ज* (गजल एल्बम, २०६८), *ए फूलका मालीहरू* (गजल सङ्ग्रह २०६९) र *सञ्जीवनी* (उपन्यास, २०७४) प्रकाशित छन् । तिलाकुमारी साहित्य सम्मान (२०६१), रेडियो नेपाल राष्ट्रिय जागरण गीत प्रतियोगितामा दोस्रो स्थान, रामराज पन्त स्मृति सम्मान पुरस्कार (२०७४) लगायतका सम्मान तथा पुरस्कारहरूबाट विभूषित श्रेष्ठ अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग गर्ने संस्था 'डिमारिका अभियान' मा समेत संलग्न छिन् । आफू अपाङ्ग नभए तापनि अपाङ्ग पात्रहरूका सूक्ष्म अनुभूतिहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको उनको *सञ्जीवनी* उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

*सञ्जीवनी* एकजना बोलीसम्बन्धी अपाङ्गता भएकी केटीको जीवन सङ्घर्षमा आधारित उपन्यास हो । मूलतः स्याङ्जाको एउटा दुर्गम गाउँदेखि काठमाडौँसम्मको स्थानिक परिवेशमा आधारित प्रस्तुत उपन्यासमा नेपाली समाजमा अपाङ्गता भएका पुरुषहरूको तुलनामा अपाङ्ग महिलाहरूले परिवार,  समाज र राज्यबाट निकै धेरै घृणा, तिरस्कार र यातना भोग्न बाध्य छन् भन्ने विचारलाई केन्द्रमा राखिएको छ । यो उपन्यास अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

### ३.४.१ सञ्जीवनी उपन्यासमा अपाङ्गताको पहिचान

सञ्जीवनी बोली सम्बन्धी अपाङ्गता भएकी पात्र पूजालाई केन्द्रमा राखेर लेखिएको उपन्यास हो । प्रस्तुत उपन्यासमा अपाङ्गताको पहिचान ठाउँ र परिस्थितिअनुसार फरक फरक रूपमा प्रस्तुत गरिएको छ । स्याङ्जाको एउटा गाउँमा जन्मिएर हुर्किँदै गरेकी पूजाले बाल्यकालमा अपाङ्ग भएको कारण साह्रै दुःख पाएकी छ । गाउँमा अपाङ्गता भएका व्यक्तिहरूलाई दया र घृणाको पात्रको रूपमा व्यवहार गरिने गरेको कुरा उपन्यासमा

देखिन्छ । ठूली हुँदै जाँदा पढाइमा अब्बल हुँदै गएकी पूजाले आफ्नो समाजमा फरक पहिचान निर्माणका लागि सङ्घर्ष गरेकी छ । प्रस्तुत उपन्यासमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई के कस्तो पहिचान दिइएको छ र उनीहरूले आफ्नो नयाँ परिचय ( पहिचान) निर्माणका लागि के कस्ता सङ्घर्ष गरेका छन् भन्ने कुरालाई स्पष्ट पार्नका लागि यहाँ केही साक्ष्यहरूको विश्लेषण गरिएको छ ।

उपन्यासकी प्रमुख पात्र सञ्जीवनीको बाल्यकाल निकै कष्टकर देखिन्छ । ऊ भन्छे - मेरो बाल्यकाल 'लाटी' हुनुको पीडा खपेरै बित्यो । बाल्यकालको स्मरण गर्दा मेरो मन अहिले पनि रुन्छ । म अरू केटाकेटीभन्दा भिन्न थिएँ । सबैले मलाई बुझ्न नसकेको ठान्थे । केही अपमानित जस्तो, तिरस्कृतजस्तो महसुस गर्थें (पृ. ९६) । पूजाको यस अभिव्यक्तिबाट तत्कालीन समाजमा अपाङ्गता भएका पात्रहरू कति अपहेलित भएर बाँच्न विवश थिए भन्ने कुरा स्पष्ट हुन्छ । आफूलाई गाउँका अन्य केटाकेटीहरूसँग खेल्न समेत नदिइएको प्रसङ्गलाई स्मरण गर्दै पूजा भन्छे-

> काकीहरू भन्थे, 'तँ याँ खेल्न नआ है ! भुराभुरी यसो टाठो, पढ्ने बुझ्ने होलान् भन्यो, दिउँसोभरि तँ लाटीसँग खेलेपछि साँझमा यिनीहरू मुखले भन्दा हातको इशाराले कुरा अरेर हैरान पार्चन् । यै लाटीको सङ्गतले कस्ता होलान् भोलि यिनेरु ? (पृ. ९७) ।

काकीको यस अभिव्यक्तिमा तत्कालीन समाजमा अपाङ्ग हुनु भनेको 'सङ्गत गर्न लायक' नहुनु हो अर्थात् अपाङ्ग बच्चाहरूसँग सङ्गत गर्दा सामान्य बच्चाहरू पनि अपाङ्ग बन्छन्, उनीहरूको वृद्धि र विकास रोकिन्छ भन्ने गलत भाष्य समाजमा रहेको स्पष्ट हुन्छ । यसले तत्कालीन समयमा अपाङ्ग पात्रहरूको पहिचान केवल क्षमताविहीन र सङ्गत गर्न नहुने व्यक्तिका रूपमा मात्र रहेको कुरालाई सङ्केत गर्छ ।

समाजका अन्य साङ्ग बच्चाहरूलेझैं पारिवारिक माया र स्नेह नपाएकी पूजा सानै उमेरदेखि समाजले दिएको 'लाटी' को परिचय त्यागेर नयाँ पहिचान निर्माण गर्न चाहन्छे । यसै सन्दर्भमा ऊ भन्छे- 'यस्तो हेपाइ सहनुपरेपछि मनमनै सङ्कल्प गर्थें- पढेर ठूली हुन्छु । यिनलाई नमस्कार गर्न लगाउँछु । काकाकीभन्दा राम्री छोरी जन्माउँछु । अनि त्यो छोरी ल्याएर यी गाउँका सबैलाई देखाउँछु (पृ. १००) ।' पूजाको यस अभिव्यक्तिबाट

बाल्यकालदेखि नै ऊभित्र एक खालको उकुसमुकुस एवम् असन्तुष्टि पैदा भएको बुझिन्छ । जसले उसलाई पढेर धेरै ज्ञान सीप आर्जन गर्न र समाजमा आफ्नो पहिचान बदल्न प्रेरणा मिलेको देखिन्छ । आफू बोल्न नसक्ने भएकोमा होच्याउने आफन्तहरूलाई सम्झँदै पूजा भन्छे- 'अनि भट्याउँथिन् वीना भाउजू, 'तँ लाटीलाई कसले बिहे गर्छ र बच्चा जन्माउँछेस् ? बिहे गरे नि कमारीको लागि मात्रै बिहे गर्ला तँलाई (पृ. १०३) ।' यस अभिव्यक्तिले पितृसत्तात्मक समाज व्यवस्थामा महिलालाई बच्चा पाउने र घर सम्हाल्ने मेसिनका रूपमा व्यवहार गरिने साथै यदि कुनै महिला अपाङ्ग छ, भने ऊ यी दुबै कामका लागि अयोग्य ठहरिन्छे भन्ने यथार्थलाई प्रस्तुत गरेको छ । यसबाट तत्कालीन समाजमा अपाङ्ग मात्र हुनु र अपाङ्ग महिला हुनु बीच निकै अन्तर रहेको स्पष्ट हुन्छ । आफ्नो बाल्यकाललाई स्मरण गर्दै पूजा भन्छे- 'चार क्लाससम्म पढाइ मध्यमस्तरको नै थियो मेरो । गाउँ छिमेकको हेपाहा प्रवृत्ति सम्झेर कक्षा पाँचबाट आफ्नो पढाइको स्तर सुधारेकी थिएँ (पृ. १०९)।' यस प्रसङ्गले पूजामा नयाँ पहिचान निर्माणको चाहना रहेको स्पष्ट पार्छ । आवाजविहीन हुनुको क्षति पूर्ति गर्नका लागि आफूले धेरै मिहिनेत गरेर पढ्ने पूजाको निर्णयले उसलाई अघि बढ्न सघाएको छ ।

आफूलाई काम नलाग्ने, केही गर्न नसक्ने व्यक्तिका रूपमा घर परिवारले गर्ने व्यवहारप्रति असन्तुष्टि जनाउँदै पूजा भन्छे- 'दाइले आमासँग कुरा गरेको सुनेँ, 'अब पूजेलाई परको स्कुलमा लगेर पढाउनु पर्दैन । ...अब धेरै पढेर पनि के गर्छे र यसले बरु घरको काम धन्दा राम्रोसँग गर्न सिकाउनु । उस्तै केटो पाइए बिहे गर्दिउँला (पृ. ११८) ।' यस प्रसङ्गले तत्कालीन समाजमा अपाङ्गता भएका केटीहरूलाई केही गर्न नसक्ने एवम् परिवारको बोझका रूपमा लिने गरेको तथ्यलाई उजागर गरेको छ । पूजालाई पढाउनुको सट्टा घरधन्दा सिकाउने र एउटा केटो खोजेर बिहे गरिदिने दाइको अभिव्यक्तिले यो कुरालाई पुष्टि गर्छ । सेती दोभानमा बस्ने अर्की अपाङ्ग दिदी सृजना ढकालको अपहेलित जीवन देखेर आफू त्यस्तो हुन नपरोस् भन्ने कामना गर्दै पूजा भन्छे- 'ती दिदीको जीवन देख्दा मलाई ग्लानि हुन्छ, आफूलाई अलिकति भए पनि माथि उठाउन पाएकोमा खुसी पनि लाग्छ (पृ. १२७) ।' यस प्रसङ्गले एकातिर तत्कालीन समाजमा अपाङ्गता भएका खासगरी महिलाहरूको अवस्था साह्रै कमजोर रहेको यथार्थलाई झल्काउँछ भने अर्कोतर्फ आफूहरूलाई समाजले दिएको पहिचानप्रति असन्तुष्ट पूजा जस्ता पात्रहरू नयाँ पहिचान निर्माणका लागि अग्रसर भएको देखाउँछ ।

आफूलाई परिवारका सदस्यहरूले गरेको व्यवहार देखेर आफूभन्दा उमेरले धेरै सानो भतिजले समेत होच्याएर अपमानपूर्ण व्यवहार गर्न थालेको घटना स्मरण गर्दै पूजा भन्छे- ऊ पोखराबाट घर आउँदा मलाई लाटी फुपू भनेर बोलाउँछ । म उसलाई कराउँछु । अनि कापीमै लेखेर भन्छु, 'पूजा फुपू' भन्न सक्दैनस् ? नभए फुपू मात्रै भन् ।'
'यस्ता नि फुपू रे ।' ऊ मलाई उल्लीबिल्ली पार्छ (पृ. १२७) । यस प्रसङ्गले अपाङ्गता भएका व्यक्तिहरूमाथि गरिने व्यवहार तथा उनीहरू हेप्न, अपमान गर्न लायक व्यक्तिहरू हुन् भन्ने गलत भाष्य एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै गएकोतर्फ सङ्केत गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि यो निकै चिन्ताको विषय हो ।

छिमेकमा पूजा जस्तै अर्को बोली सम्बन्धी अपाङ्ग केटा जन्मिँदा मानिसहरूले दिएको प्रतिक्रिया अनौठो छ- छिमेकका काका, सानी आमाले उहाँलाई सान्त्वना दिनुहुन्छ, छोरो भइहाल्यो, नबोले नि काम गरेर पाल्छ । छोराले सद्दे बूढी भित्र्याइहाल्छ । ... छोरी भए पो पीर गर्नु (पृ. १२८) । यस प्रसङ्गले पितृसत्तात्मक समाजमा अपाङ्गता भएका पुरुष र अपाङ्गता भएका महिलाको सामाजिक स्थितिका बीच निकै ठूलो खाडल रहेको कुरालाई पुनः पुष्टि गर्छ । केटा मान्छे दृष्टिविहीन भए पनि उसलाई स्याहार सुसार गर्ने साङ्ग स्वास्नी पाइहाल्छ तर केटी मान्छे अपाङ्ग भएमा मात्र त्यो चिन्ताको विषय हो भन्ने अभिव्यक्तिले नेपाली समाजमा रहेको गम्भीर वैचारिक त्रुटिलाई उजागर गरेको छ । पूजालाई पहिलो श्रीमती मरेको अर्धबैँसे भारतीय लाहुरेसँग जबर्जस्ती बिहे गराउन खोजेको प्रसङ्गले समाजमा पूजाजस्ता अपाङ्गता भएका केटीहरूको अवस्था कति कमजोर छ भन्ने कुरालाई स्पष्ट पार्छ । यसै प्रसङ्गमा पूजा भन्छे-

> ती अर्धबैँसेसँग आएका साथी प्याच्चै बोलिहाले, 'नानी यिनै हुन् ? उमेर त पुगेकै रहेछ । यसो दशपन्ध्र वर्षको तलमाथिले केही फरक पर्दैन । उनको पनि कमजोरी छँदै छ नि । जति बूढो उति माया पाउँछिन् नि यी नानीले (पृ. १३३) ।

यस प्रसङ्गले अपाङ्गता भएका व्यक्तिहरूको कमजोरीको फाइदा उठाउँदै अनमेल विवाह गराउन तम्सिने समाजमा खासगरी अपाङ्ग छोरीहरू साह्रै निरीह रहेको देखाएको छ । बढ्दो उमेरसँगै पूजामा आफ्नो अलग पहिचान निर्माणको चाहना तीव्र हुँदै गएको देखिन्छ । प्लस टु सकिएपछि नेपाल टेलिभिजनमा साङ्केतिक भाषामा समाचार वाचिकाको रूपमा काम गर्दै आएकी आफूलाई कलेजले पढाइमा बढी ध्यान दिन दवाव दिएको प्रसङ्गमा पूजा

भन्छे- 'म किताबी किरो हुन चाहन्थिनँ । कलेज मलाई टपर देख्न चाहन्थ्यो । त्यसैले एनटिभीको कामलाई रोक्न भनेको थियो । मैले मानिनँ (पृ.१५१) ।' यसबाट के स्पष्ट हुन्छ भने उमेर बढ्दै जाँदा कोरा पढाइभन्दा व्यवहारिक ज्ञान र पहिचान निर्माण हुने खालका कामहरू बढी महत्त्वपूर्ण हुने रहेछन् भन्ने कुराको बोध पूजालाई हुँदै गएको छ । टङ्गालस्थित बहिरा विद्यार्थी आवास गृहमा बस्न थालेपछि पूजाले बाहिरी दुनियाँमा भन्दा अलि राम्रो वातावरण पाएको महसुस गरेकी छ । उसले सामान्य मानिसहरूको समाजमाभन्दा अपाङ्ग विद्यार्थीहरूको समाजमा आफ्नो पहिचान राम्रो भएको महसुस गरेकी छ । अझ उसले टेलिभिजनमा काम गर्ने थाहा पाएपछि होस्टलमा उसको पहिचान झनै राम्रो बनेको छ । यसै सन्दर्भमा पूजा भन्छे- शारदाले हल्ला पिटीहाली । विद्यार्थीहरू, प्रभा म्याम सबैले थाहा पाएपछि मलाई उनीहरूले सम्मान प्रकट गरे म पुलकित भएँ । आफ्नो कामप्रति गर्व पनि लाग्यो (पृ. १५९) । यसरी हेर्दा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा अपाङ्गहरूको पहिचान केही राम्रो भएको र त्यसमा पनि अपाङ्गता भएका मानिसहरूका बीच एक आपसमा सम्मानपूर्ण व्यवहार हुने गरेको स्पष्ट हुन्छ । जागिर खोज्ने क्रममा आफूमाथि भएका दुर्व्यवहारहरूको स्मरण गर्दै पूजा भन्छे-

> कतिपयमा त शारीरिक र मानसिक हिंसा दुबै व्यहोरेँ । मलाई बोल्न नसक्ने ठानेर मेरो क्षमता र प्रतिभाको अवमूल्यन मात्रै हुदैनथ्यो, अस्मिता र स्वाभिमानमै ठेस लाग्ने कुरा गर्थे । ...सायद धेरैजसो सुन्न नसक्ने व्यक्ति नै बोल्न सक्तैनन् भनी ठान्थे ती (पृ. १६७) ।

पूजाको यस अभिव्यक्तिबाट तत्कालीन समाजका कथित साङ्ग व्यक्तिहरूले अपाङ्गहरूलाई जति जिस्क्याए पनि हुन्छ, जति गिजोले पनि हुन्छ भन्ने विचार बोकेर हिँड्थे भन्ने कुरा छर्लङ्ग हुन्छ । जतिसुकै पढेलेखे पनि अपाङ्ग व्यक्तिहरूलाई समाज र सामाजिक संस्थाहरूले गर्ने व्यवहार र उनीहरूको पहिचान साह्रै दयनीय अवस्थामा रहेको तथ्य माथि उल्लिखित साक्ष्यहरूबाट प्रमाणित हुन्छ । पूजाको जन्मबारे सिन्धू दिदी भन्छिन्-

> ...त्यै मौकामा तिम्रो जन्मको खास कुरा कोट्याउनु थियो । ठूली आमालाई भनिहालेँ, 'अनि चासिस-पैँचालिसको उमेरमा केको रहरले बच्चा जन्माउनुपरेको त तपाईँ पनि ? यस्तो अवस्थामा जन्मने बच्चा सद्दे हुँदैन ...यसलाई फ्याल्नको लागि

> के के अरिन मैल ! ...उहाँले तिमी गर्भमा बसेपछि फ्याँक्न अनेक उपाय पनि गर्नुभएछ (पृ.४८) ।

यस प्रसङ्गले एकातिर पितृसत्तात्मक समाज व्यवस्थामा लोग्नेको क्षणिक आवेग शान्त गर्नका लागि महिलाहरू कसरी वैवाहिक बलात्कारमा पर्छन्, कसरी जबर्जस्ती गर्भपतन गर्न बाध्य हुन्छन् भन्ने कुरालाई उजागर गर्छ भने अर्कोतर्फ कसरी आमाबुवाको लापरबाहीका कारण अपाङ्ग छोराछोरीहरू जन्मन्छन् भन्ने विषयलाई बहसमा ल्याएको छ । यसले पूजाको पहिचान केवल 'नचाहँदा नचाहँदै जन्मेकी छोरी' मात्र रहेको देखिन्छ ।

प्रमेशसँगको प्रेम सम्बन्धपछि वैवाहिक बन्धनमा बाँधिएकी पूजा सधैँ पहिचान र स्व-अस्तित्वको लडाइँमा छे । विस्तारै वैवाहिक सम्बन्धमा दरार आउन थालेपछि एकदिन प्रमेश भन्छ- साथीहरूले त भनेकै थिए- प्रेम भयो सिद्धियो । घरमै चाहिँ नभित्र्याउनु है ! दुःख पाउलास्, सधैँ झेल्न ! यी सब कुरालाई बेवास्ता गर्ने म नै अन्धो थिएँ (पृ. ६६) । प्रमेशको यस कटाक्षबाट के स्पष्ट हुन्छ भने ऊ पूजालाई विवाह गर्ने, सुख-दुःखमा साथ दिने र सँगै जीवन बिताउने उद्देश्यले भन्दा पनि क्षणिक मस्ती गर्ने उद्देश्यले प्रेमको नाटक गरेको रहेछ । अर्कोतर्फ साङ्गहरूको समाजमा अपाङ्गसँग प्रेम गर्नु र विवाह नै गर्नु महाझमेलामा फस्नु हो, जिन्दगी भर दुःख पाउनु हो भन्ने मान्यता रहेको देखिन्छ । यसबाट तत्कालीन समाजले अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी आफ्नो स्वार्थ सिद्धिका लागि कठपुलती बनाउन चाहन्थे र समाजमा अपाङ्गहरूको पहिचान कति कमजोर थियो भन्ने कुरालाई स्पष्ट पार्दछ ।

प्रमेशसँगको वैवाहिक जीवन राम्रो हुन नसकेको र आफू झन् झन् पहिचानविहीन हुँदै गएको कुरा सुनाउँदै पूजा भन्छे-

> म आफ्नोभन्दा प्रमेशको चाहनामा जिउँन थालेकी रहिछु । ...उसको चाहनामा म त विस्तारै परजीवी जस्तै पो भएँ ! उसको चाहनामा घुलिँदा घुलिँदै मेरो रङ गुडियाजस्तो पो भएछ ! मन लाग्यो उपभोग गऱ्यो, मन लागेन सोकेसमा राखिदियो ! अझ त्यसबाट पनि वैरागिए अरूलाई हस्तान्तरण गऱ्यो (पृ. ७९) ।

यस प्रसङ्गले पूजामा देखिएको पहिचानविहीन भएर बाँच्नु पर्दाको छट्पटीलाई उजागर गरेको छ । नेपाली समाजमा महिलाहरू त्यसमा पनि अपाङ्ग महिलाहरू अरूकै खुसी र

अरूकै इच्छानुसार चल्नुपर्ने र आफू त केवल वस्तुसरह मालिकको चाहनाअनुसार हिँड्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरेको छ । जसरी आफू जन्मने बेलामा बाबुबाट जबर्जस्ती करणीमा परेकी उसकी आमा आफ्नो गर्भमा रहेको शिशुको हत्या गर्ने कोसिसमा थिइन्, ठ्याक्कै त्यही नियती कालान्तरमा पूजाले पनि भोग्नु परेको छ । उसलाई पनि प्रमेशले गर्भपतन गर्न दवाव दिइरहेको छ । उपन्यासको अन्तिममा प्रमेशसँग सम्बन्ध विच्छेद गरेर पूजा आफ्नी छोरी सञ्जीवनीका साथ रमाउँदै गरेको देखाइएको छ । एउटा बाल आश्रम खोलेर बस्ने धेरै पहिलेदेखिको आफ्नो इच्छा पूरा भएको दिन खुसीले गद्गद् हुँदै पूजा भन्छे- बोल्न नसक्ने हरूका लागि यो सञ्जीवनी बालआश्रम सञ्चालनमा ल्याउन सफल भएकी छु म । ...यही काम गरेर आफ्नो बाल्यकालदेखि अहिलेसम्मका सारा ताडना, अपमान, धोकाहरूलाई बिर्सिरहेकी छु । यसैमा सन्तुष्ट छु (पृ. २०८) । पूजाको यस अभिव्यक्तिबाट के कुरा स्पष्ट हुन्छ भने पूजा जस्ता अपाङ्गता भएका पात्रहरूले आफ्ना इच्छा र आकाङ्क्षा पूरा गर्न र अलग पहिचान निर्माण गर्नका लागि निकै सङ्घर्ष गर्नुपर्ने अवस्था छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *ह्वाइट केन* उपन्यास अपाङ्गताको पहिचानबारे अध्ययनका लागि अत्यन्तै सान्दर्भिक कृति हो । यस उपन्यासमा समाजले पूजा जस्ता अपाङ्ग पात्रहरूमाथि गर्ने दुर्व्यवहार र समाजमा उनीहरूको सामाजिक आर्थिक हैसियत र पहिचान बुझ्नका लागि मात्र नभई अपाङ्गहरूको अलग पहिचान निर्माणका लागि उनीहरूले गरेको सङ्घर्ष बुझ्नका लागि अत्यन्त उपयोगी छ ।

प्रस्तुत उपन्यासमा यसअघिका औपन्यासिक कृतिहरूमा उठान नगरिएको एउटा महत्त्वपूर्ण विषयको उठान भएको छ त्यो हो- अपाङ्गताको कारण । यस उपन्यासमा पूजा किन लाटी भएर जन्मी भन्ने प्रश्नको जवाफ दिइएको छ । अनिच्छुक गर्भाधान र गर्भपतनको असफल प्रयासका कारण पूजा अपाङ्ग भएर जन्मिएकी छ । यसले अपाङ्गहरूलाई नचाहँदा नचाहँदै जन्मेको बच्चाका रूपमा समेत परिभाषित गर्ने नयाँ भाष्य सिर्जना गरेको छ ।

समग्रमा पूजाले बाल्यकालमा घरपरिवार र समाजसँग, युवा अवस्थामा प्रेमी र सहरिया समाजसँग र प्रौढावस्थामा आफ्नै श्रीमान्सँग जेजति लडाइँ गरेकी छ ती सबै लडाइँ अपाङ्गलाई हेर्ने सामाजिक दृष्टिकोण र सोही दृष्टिकोणबाट प्रभावित भएर गरिने

दुर्व्यवहारका विरुद्ध गरिएका हुन् । यी सबै लडाइँहरू अपाङ्गहरू त्यसमा पनि अपाङ्गता भएका महिलाहरूको अलग पहिचान निर्माणका लगि गरिएका छन् ।

### ३.४.२ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व

*सञ्जीवनी* अपाङ्गताको प्रतिनिधित्वबारे अध्ययनका दृष्टिले अर्को महत्त्वपूर्ण कृति हो । एकजना पूजा नाम गरेकी बोली सम्बन्धी अपाङ्गता भएकी पात्रलाई केन्द्रमा राखेर लेखिएको यस उपन्यासमा अरू सम्पूर्ण अङ्गहरू ठिक हुँदाहुँदै पनि, ज्ञान र सीपका दृष्टिले अब्बल हुँदाहुँदै पनि परिवार र समाजबाट अनेकौं घृणा, तिरस्कार एवम् यातना पाएकी पूजाको मर्मस्पर्शी कथा छ । पूजा नेपाली समाजका निकै कम अपाङ्ग महिलाहरूको प्रतिनिधित्व गर्ने पात्र हो ।

प्रस्तुत उपन्यासमा पूजाजस्ता अपाङ्गता भएका पात्रहरूले बाल्यबालमा आफ्नै परिवार र आफन्तहरूबाट र उमेर बढ्दै जाँदा समाजबाट धेरै अपमान सहनुपरेको देखाइएको छ । मिहेनत गरेर शैक्षिक एवम् आर्थिक रूपमा आफूलाई अब्बल बनाउँदा पनि पितृसत्तात्मक सोचले ग्रस्थ मानिसहरूबाट हिंसा र अपमान भोग्दै आएकी पूजाको बाल्यकाल र युवा अवस्था अनेकौं तनाव र जटिल परिस्थितिहरूसँग पैँठेजोरी खेल्दै अघि बढेको देखाइएको छ ।

प्रस्तुत उपन्यासमा अपाङ्ग पात्रहरूका लागि प्रयोग गरिएको भाषा मिश्रित खालको छ । खासगरी पूजाको बाल्यकालमा उसको परिचय केवल 'लाटी' र 'पूजे' थियो । बाल्यकालीन दिनहरू सम्झिँदै पूजा भन्छे- मेरो बाल्यकाल लाटी हुनुको पीडा खपेरै बित्यो (पृ. ९६) । आफू बोल्न नसक्ने भएकोमा पूजाले आफुलाई पिँढीको थामसँग तुलना गर्दै भनेकी छ- मेरो साथी पिँढीको थाम । लाटो थियो त्यो पनि मजस्तै । कहिलेकाहीँ सोच्थेँ- थाम र ममा एउटा कुराको अन्तर भने थियो, म रुन सक्थेँ तर त्या रुन पनि सक्तैनथ्यो (पृ. १०१) । पूजाले आफ्नो अवस्था बुझाउन प्रयोग गरेको पिँढीको थामको बिम्ब निकै अर्थपूर्ण छ । यसले तत्कालीन समाजमा बोली सम्बन्धी अपाङ्गता भएका पात्रहरू कति निरीह अवस्थामा बाँच्न विवश थिए भन्ने कुरालाई बुझाउँछ ।

बाल्यकालमा उसलाई मानिसहरूले प्रयोग गर्ने शब्दहरू साह्रै अपमानजनक छन् । पूजाको दाइले भन्छ- 'तँ ग्वाँचे छस् । आमा एक्लै हुनुहुन्छ । यहाँ गाईवस्तु खेती कल्ले हेर्छ ? घरै भताभुङ्ग पारेर किन जानुपऱ्यो पोखरा यसलाई ? (पृ.११६) ।' यस प्रसङ्गमा दाइले

प्रयोग गरेको 'ग्वाँचे' शब्दले पूजा जस्ता अपाङ्गता भएका पात्रहरूलाई होच्याएको छ । यसले अपाङ्गहरू शारीरिक रूपमा मात्र होइन, मानसिक रूपमा पनि कमजोर हुन्छन् भन्ने नेपाली समाजमा विद्यमान गलत भाष्यलाई आड दिन्छ । पूजाले आफूलाई स-साना केटाकेटीहरूले समेत अपमानपूर्ण शब्दहरू प्रयोग गर्ने गरेको प्रसङ्ग सुनाउँदै भन्छे- ऊ पोखराबाट घर आउँदा मलाई लाटी फुपू भनेर बोलाउँछ । म उसलाई कराउँछु अनि कापीमै लेखेर भन्छु, 'पूजा फुपू भन्न सक्दैनस् ? नभए फुपू मात्रै भन् ।' 'यस्ता नि फुपू रे' ऊ मलाई उल्लीबिल्ली पार्छ (पृ. १२७) । आफ्नै परिवारबाट पटक पटक अपमानजनक व्यवहार खप्नुपरेको सुनाउँदै पूजा भन्छे- दाइले मलाई कहिले नबुझ्ने, कहिले ग्वाँचे भनेर कुरा गर्नुहुन्छ । यही कुरा भतिजको दिमागमा पनि त सरेको होला (पृ. १२८) ।

माथि उल्लिखित साक्ष्यहरूबाट के स्पष्ट हुन्छ भने नेपाली समाजमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूप्रतिको हेराइ नै अपमानजनक छ । अपाङ्गहरू सबैभन्दा बढी आफ्नै घरबाट अपमानित हुन्छन् र शरीरको कुनै एउटा अङ्गले काम नगर्दैमा उसको दिमागसमेत ठीक छैन भन्ने गलत भाष्य समाजमा स्थापित छ । यसै प्रसङ्गमा जागिरको सिलसिलामा एउटा अफिसमा इन्टरभ्यु दिन जाँदा त्यहाँका कर्मचारीहरूले उसलाई गरेको व्यवहार पनि उल्लेखनीय छ । पूजा भन्छे-

> सायद सुन्न नसक्ने व्यक्ति नै बोल्न सक्दैनन् भन्ठान्थे ती । मलाई त्यस्तै सुन्न र बोल्न नसक्ने ठानेरै होला, नानाभाँती कुरा बक्न थाले । ...ह्या सर पनि त्यो त छ नि त्यो । त्यो त यिनीहरूलाई पनि...रसभरी पसेजस्तो मुखबाट अर्को बक्यो (पृ. १६७) ।

यस प्रसङ्गले तत्कालीन समाजमा रहेका दुईवटा गलत भाष्यलाई बहसमा ल्याएको छ । एक त बोल्न नसक्ने मान्छेहरू बहिरा पनि हुन्छन् अर्थात् शरीरको एउटा अङ्गले काम नगर्दैमा अर्को अङ्ग र दिमाग समेत कमजोर हुन्छ भन्ने गलत भाष्य र अर्को स्त्रीहरूमा यौनाङ्ग मात्रै भए पनि काफी छ; यिनीहरूमा अरू केही नभए पनि काम चल्छ भन्ने विषाक्त पितृसत्ताग्रस्त मानसिकता ।

बाल्यकालमा उसलाई घरपरिवार र समाजले प्रयोग गर्ने शब्दहरू अपमानजनक भए तापनि बढ्दो उमेरसँगै उसले आफूलाई पढाइ र सामाजिक क्षेत्रमा अब्बल बनाउँदै लगेपछि उसलाई प्रयोग गरिने शब्दहरू पनि सम्मानजनक हुँदै गएको देखिन्छ । पूजा नेपाली

समाजका विद्रोही छोरीहरूकी प्रतिनिधि पात्र हो जसले अनेकौं बाधा व्यवधानका बावजुद पनि आफ्ना रहरहरू पूरा गर्दै समाजमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुन्छन् । उपन्यासमा अपाङ्गता भएका पात्रहरूका लागि लेखकले प्रयोग गरेको भाषा भने सम्मानजनक छ । यसै सन्दर्भमा एउटा प्रसङ्ग हेरौँ-

> मैले बानेश्वरको बी बेकरी क्याफेमा काम पाएँ...त्यहाँ मजस्तै फरक क्षमताका व्यक्तिहरूलाई काम दिइएको थियो । ....यो बुझेर रोहितले नै प्रमेशलाई भन्यो, 'तिमीलाई थाहा छैन ? यो फास्टफुडमा आवाजविहीन र फरक क्षमता भएकाहरूले सर्भिस दिइरहेका छन् (पृ. १७४) ।'

प्रस्तुत उपन्यासकी प्रमुख पात्र पूजा अपाङ्गताको प्रभुत्वशाली प्रतिनिधित्व नभई वैकल्पिक प्रतिनिधित्वका रूपमा उभिएकी छ । उसले अपाङ्गताप्रतिका पुराना मूल्यमान्यताहरूलाई चुनौती दिँदै नयाँ पहिचान निर्माण गर्ने प्रयास गरेकी छ । यति हुँदाहुँदै पनि उसको जीवन लोभलाग्दो छैन । एकपछि अर्को षड्यन्त्र, घृणा, तिरस्कार र हिंसासँग लड्दै अघि बढेकी पूजा आफ्नै लोग्ने र उसको साथीबाट लुटिएकी छ । पूजाको जीवन सङ्घर्षलाई देखाएर लेखकले अपाङ्ग पुरुषको तुलनामा अपाङ्गता भएका महिलाहरूको जीवन बढी कष्टकर छ भन्ने भाष्य स्थापित गर्न खोजेको देखिन्छ ।

उपन्यासको अन्तिममा पूजाले आफ्नो हिंस्रक पति प्रमेशलाई परित्याग गरेर आफ्नी छोरी सञ्जीवनीको साथ नयाँ जीवन सुरु गरेको र आफूले सानै देखि स्थापना गर्न चाहेको बालगृह निर्माण गरेर बसेको देखाउनुले अपाङ्गहरूको विगत जेजस्तो भए पनि भविष्य राम्रो हुँदैछ भन्ने अर्थ निर्माण गर्न खोजेको देखिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने सञ्जीवनी उपन्यासमा पूजाले सङ्घर्षशील अपाङ्ग महिलाहरूको प्रतिनिधित्व गरेकी छ जसलाई अपाङ्गताको वैकल्पिक प्रतिनिधित्वका रूपमा पनि लिन सकिन्छ । प्रस्तुत उपन्यासमा अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरिएको भाषा कतै अपमानजनक त कतै सम्मानजनक गरी मिश्रित खालको छ । पूजाले गरेको जीवन सङ्घर्ष र नयाँ पहिचान निर्माणको प्रयासले नेपाली समाजमा रहेका अपाङ्ग पात्रहरूलाई केही हदसम्म भए पनि अघि बढ्न प्रेरणा दिने देखिन्छ ।

### ३.४.३ सञ्जीवनी उपन्यासमा अपाङ्गताको प्रतिरोध

*सञ्जीवनी* अपाङ्ग पात्रहरूको प्रतिरोध चेतनाको अध्ययनका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण कृति हो । यस उपन्यासकी प्रमुख पात्र पूजा जन्मजातै आवाजविहीन छे । बाल्यकालदेखि नै आफूमाथि परिवार, आफन्तजन र समाजका अन्य मानिसहरूले गर्ने अन्यायपूर्ण व्यवहारको प्रतिरोध पूजाले गर्दै आएकी छे । अनेकौं अप्ठ्याराहरूका बीच आफूलाई अब्बल छात्राको रूपमा स्थापित गर्न सफल पूजा प्रमेशको प्रेमजालमा पर्छे । बिहे नहुँदासम्म माया र सद्भाव देखाए पनि बिहेपछि विस्तारै पूजामाथि प्रमेशले शत्रुवत् व्यवहार गर्छ । प्रमेशले गरेका हरेक अत्याचारहरूमा प्रतिरोध गर्दै पूजाले अन्ततः उसँगको सम्बन्ध विच्छेद गरेर आफ्नी छोरीसँगै जीवन बिताउने निर्णय गर्छे । जीवनका हरेक उकाली ओरालीहरूमा आफूमाथि भएका दुर्व्यवहारको प्रतिरोध गर्दै आएकी पूजामा प्रतिरोध चेतना निकै राम्रो छ तर समय र परिस्थितिले उसको प्रतिरोधलाई निस्प्रभावी बनाएका थुप्रै घटनाहरू छन् । एकदुई ठाउँमा ऊमाथि भएका अन्यायहरूका विरुद्धमा समाजका अन्य सामान्य व्यक्तिहरूले पनि प्रतिरोध गरेका छन् । यहाँ प्रस्तुत उपन्यासमा अभिव्यक्त अपाङ्ग पात्रहरूको प्रतिरोध चेतना बुझ्नका लागि उपयोगी हुने साक्ष्यहरूको विश्लेषण गरिएको छ ।

सानैमा आफूलाई 'लाटी' भनेर जिस्क्याउने काकीको दुर्व्यवहारको प्रतिरोध गरेको स्मरण गर्दै पूजा भन्छे- सिन्धू दिदी नआएकी भए त्यस दिन मैले काकीको पाखुरामा दाँतले टोकेर रगतपच्छे पारिदिन्थेँ । दिदीले छुट्याएर फकाएर ल्याउनुभो र मात्र बाँचिन् उनी (पृ. १०१) । यस प्रसङ्गमा पूजामा बाल्यकालदेखि नै आफूमाथि अन्याय गर्नेका विरुद्धमा उत्रने स्वभाव रहेको सङ्केत गरिएको छ । बाल्यकालमा पूजाले आफू माथि भएका अन्याय र हिंसाका विरुद्धमा गरेका प्रतिरोधका अरू पनि धेरै घटनाहरू सुनाएकी छ । सानो छँदा स्कुलका केटाकेटीहरूले जिस्क्याउँदा ढुङ्गा टिपेर लखेटेको प्रसङ्ग सुनाउँदै पूजा भन्छे- 'उली उली' मलाई गिज्याउने नाम राखेका थिए उनीहरूले । तिनको व्यवहार नमज्जाको लाग्थ्यो मलाई । म ढुङ्गो टिपेर खेद्थेँ तिनलाई (पृ. १०६) । गाउँको विद्यालयको पढाइ सकेपछि गाउँभन्दा टाढाको स्कुलमा उसलाई पढ्न नपठाउने षड्यन्त्र गरेपछि पूजा आफ्नै दाइमाथि खनिएकी छ । ऊ भन्छे- खर्च व्यहोर्नु परेजस्तो । आफ्नो घर व्यवहार मिलाउन सक्ने होइन । आफैँले बैँसमा आँखा देखेनन् । अहिले मलाई नोकर बनाएर राख्नेजस्तो कुरा

गर्छन् (पृ. ११९) । आफूलाई जबर्जस्ती बूढो मान्छेसँग बिहे गरिदिने बाबुआमाको योजनाको प्रतिरोध गर्दै पूजा भन्छे-

> को आका नि तिनीहरू ? मलाई हेर्न ल्याका ? बुवाको यत्ति काम छ है ! यो अभागीलाई जतिसक्दो छिटो कसैका चरणमा बुझाएर आफू ढुक्कसँग बस्न पाऊँ भन्ठान्नु भाको होला । अनि तपाईं पनि उहाँहरूकै पुछार लाग्नुभो ? (पृ. १३४) ।

एकपटक जागिरको खोजीमा भौतारिँदै हिँडेको बेला ऊ एउटा कम्प्युटर अपरेटरको कामका लागि विज्ञापन गरेको कार्यालयमा पुग्छे । त्यहाँ अन्तर्वार्ता लिन बसेका दुईजना पुरुषहरूले उसलाई कान पनि नसुन्ने ठानेर जथाभावी बोल्छन् । यसैक्रममा एउटाले भन्छ-

> कुन एङ्गलबाट यो लाटीजस्तो देखिन्छ त सर ? के गर्नु यति सुन्दर शरीर बनाएर ...! एउटाले बके । ह्या सर पनि, त्यो त छ नि त्यो । त्यो त यिनीहरूलाई पनि...; रसभरि पसेजस्तो मुखबाट अर्को बोल्यो । मलाई भाउन्न भयो । दुबैको कठालो समाएर रिँगाऊँजस्तो कामज्वरो छुट्यो (पृ. १६७) ।

यस घटनामा पूजाले सिधै प्रतिरोध गर्न नसकेर मुर्मुरिएकी छ । त्यसपछि अर्कोले आएर पछाडिबाट हङ्कमाल गर्न खोजेपछि पूजाको रिसले सीमा नाग्छ । पूजा भन्छे-

> कुमबाट उसको हात झ्वाट्ट झट्कारेर फालेँ । सँगैको टेबुलमा खुलिरहेको कम्प्युटरमा वर्ड खोलेँ । र किबोर्डमा खररर औँला दगुराएर लेखेँ, महाझ्याँसहरू ! कम्प्युटर, हार्डवेयर, सफ्टवेयरमा काम गर्न पनि आवाजको आवश्यकता पर्छ ? त्यहाँ उभिइरहन सकिन, थुक्क भुइँमा थुकेँ । अनि खुट्टाले कुर्सी ठोकेर हिडेँ ( पृ.१६८) ।

यस घटनाले पूजामा आफूमाथि हुने विभेदपूर्ण एवम् अपमानजनक व्यवहारको प्रतिरोध गर्ने चेतना र क्षमता दुबै हुँदाहुँदै पनि उसको प्रतिरोध धेरै प्रभावकारी हुन नसकेको देखाएको छ । कहिलेकाहीँ पूजामाथि भएका दुर्व्यवहारमा समाजका अन्य सदस्यहरूले समेत प्रतिरोध गरेका प्रसङ्गहरू उपन्यासमा आएका छन् । एकपटक आफ्ना बच्चाहरूसँग नखेल् भनेर पूजामाथि हातपात गर्ने काकीलाई सम्झाउँदै सिन्धूले भनेकी छ-

> ए काकी, तपाईं त बुझेको मान्छे । बिचरा पूजालाई के भनेको त्यस्तो ? बच्ची छे, बच्चा भका ठाउँमा खेल्न आइहाल्छन् नि बच्चाहरू ! त्यसरी बोल्न पायो भन्दैमा जे पनि नबोल्नु न, लाटीसाटी किन भन्नु पऱ्यो उसलाई ? (पृ. १००) ।

सिन्धू दिदीको यस प्रतिरोधले पूजालाई ठूलो राहत मिलेको छ । यस प्रसङ्गले तत्कालीन समाजमा पूजाजस्ता आवाजविहीन निमुखाहरूका पक्षमा बोल्ने पनि कोही न कोही त हुन्थे भन्ने कुराको सङ्केत गरेको छ । अपाङ्गता भएका पात्रहरू मात्र आफूमाथि भएको अन्यायको विरुद्धमा प्रतिरोधमा उत्रदाँभन्दा सामान्य मानिसहरू पनि प्रतिरोधमा उत्रँदा उनीहरूले न्याय पाउँछन् ।

उमेर बढ्दै जाँदा पूजाले फरक खालका चुनौती र दुर्व्यवहारहरूसँग जुध्नुपर्ने हुन्छ । भर्खर प्रमेशसँग प्रेममा पर्दै गरेकी पूजाको फेसबुक सोही अफिसमा कार्यरत केटी (सरिता) ले ह्याक गरेर चलाएको थाहा पाएपछि पूजा प्रतिरोधमा उत्रिएकी छे । ऊ भन्छे- उसको कठालो समातेर तान्दै सङ्केतमा सोधेँ, तिमीले यो के गरेकी ? मसँग के रिसैबी थियो र तिमी यो सब गर्दै छौ । आखिर किन ? (पृ. २५) । यस प्रसङ्गले बाल्यकालमा घरपरिवार र समाजले गरेका दुर्व्यवहारको प्रतिकार गर्दै हुर्केकी पूजामा युवा अवस्थामा आएका चुनौती र दुर्व्यवहारसँग जुध्ने प्रतिरोध चेतना र क्षमता दुबै रहेको कुरालाई स्पष्ट पार्छ । प्रमेशसँग बिहे गरेपछि पनि पूजाका जीवनका दुःखहरू खासै कम हुँदैनन् । केवल स्वरूप मात्र बदलिन्छ । प्रमेशले मनपरि बोल्न थालेपछि प्रतिरोधस्वरूप पूजा भन्छे- म लाटी हुँ भन्ने थाहा हुँदाहुँदै किन मन परायौ त तिमीले ? मैले नाइँ भन्दाभन्दै किन कर गर्‍यौ आफ्नो मझेरीमा हुल्न ? (पृ. ६६) । बिहेपछि विदेश घुम्न गएका बेला प्रमेशले पूजामाथि हदैसम्मको अत्याचार गर्छ । समुद्रको किनारमा पटकपटक पूजालाई नङ्ग्याएर फोटो खिच्ने कोसिस गर्छ । पूजाले आफूले सक्दो प्रतिरोध गर्छे । हुँदाहुँदै राती होटलमा रक्सी खाएर पूजालाई पटक पटक बलात्कार गर्छ । त्यति मात्र होइन आफ्नो साथीलाई समेत बलात्कार गर्न लगाउँछ । तर पनि विदेशको ठाउँ उसैको भरमा गएकाले पूजाले सहेर बस्छे । उसका सामान्य प्रतिकारहरू निस्प्रभावी हुन्छन् । पटक पटक आफ्नो लोग्ने र डेभिडबाट यौन हिंसामा परेपछि पूजाले गरेको प्रतिरोधलाई यसरी उल्लेख गरिएको छ- भद्दा स्वरमै म चिच्याउँछु । भित्तामा मुड्कीले हान्छु । आफैँले आफैँलाई कोपर्छु । म अब आफ्नो आफैँ रहिनँ । मेरो धरातल भासियो ... म मरेतुल्य भएँ (पृ. ९३) । विदेशी भूमिमा आफ्नै भनिएका दुई दुईजनाबाट पटक पटक बलात्कृत भएपछि पूजाले आक्रोस पोख्दै भनेकी छ- 'कसलाई कोपरूँ, कसलाई झम्टूँ अब ? सोचेँ- यी दुबैका शरीरमा चरर हँसिया घोपेर छियाछिया पारूँ ! सबैलाई सिद्धाएर आफू पनि सिद्धिऊँ (पृ. ९३) ।' पूजाको यस आक्रोशपूर्ण अभिव्यक्तिबाट

ऊभित्र कति ठूलो विद्रोहको राँको बलिरहेको थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । उसले भौतिक रूपमा केही गर्न नसके तापनि मनमनै भएपनि आफूमाथि भएको अत्याचारको प्रतिरोध गरेकी छ ।

नेपाल आएको बेला डेभिडकी प्रेमिका मारिनालाई पनि आफूहरू दुबैजना मिलेर भोगेकाले प्रमेशले पनि डेभिडलाई पूजाको शरीरसँग खेल्ने अनुमति दिएको बताएपछि पूजाको रिसले सीमा नाघ्छ । उसले दुबैको मुखमा थुकिदिन्छे । जतिसुकै प्रतिरोध गरेपनि पूजा तिनै लाज पचेकाहरूसँग हिँड्न बाध्य हुन्छे । विदेशी भूमिका पिँजराको सुगाझैं उनीहरूको नियन्त्रणमा बसिरहेकी हुन्छे ।

नेपाल फर्किएपछि पनि प्रमेश सुध्रिँदैन । पूजामाथिको चरम हिंसा बन्द हुँदैन । आफू बिरामी हुँदासमेत भोको कुकुरले मासु लुछेझैँ आफूलाई गिजोल्न नछाडेपछि पूजाले भिटामिनको बोतलले प्रमेशलाई हिर्काउँछे । प्रतिक्रियामा जङ्गिँदै प्रमेशले तिमी ठीक त छ्यौ ? भनेपछि दाँत किट्किट्याउँदै पूजाले भनेकी छ- तिम्रो टाउकोमा पेट्रोल छरेर सलाई लगाउने हो अब, त्यही आगोको रापले मेरो शरीर सेक्छु । मलाई बौलाउने बनाएको तिम्ले नै हो (पृ. १९०) । पूजाको यस डरलाग्दो अभिव्यक्तिले ऊभित्र कति धेरै घृणाको ज्वाला दन्किरहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ । हुँदाहुँदै एकदिन प्रमेशले आफ्नै घरमा काम गर्ने सानी केटी शिवालाई बलात्कार गर्छ । यो घटनाबाट विह्वल भएकी पूजा भन्छे- आफू तृत्प हुन केके मात्र नगर्दा रहेछन् यी मानवरूपी खोल ओढेका ब्वाँसाहरूले ! छि :, मानव भनेर के सम्बोधन गर्नु यी यौनपीपासुलाई ! (पृ. १९७) । पूजाको यस अभिव्यक्तिमा पनि प्रमेश मात्र नभई समस्त यौनाशक्त पुरुषहरूमाथि घृणा भाव छलछुल्ल भएको छ । शिवालाई बलात्कार गरेको थाहा पाएपछि आक्रोशित भएकी पूजाले भनेकी छ- यो राज्यमा मृत्युदण्डको कुनै सजायँ छ भने मेरो लोग्ने भनाउँदोलाई पहिले शूलीमा चढाइयोस् ! उसलाई खुलेआम झुण्डाइयोस्, ता कि सबैले देख्न सकून् ! (पृ. १९९) ।

यी सबै घटनाक्रमको अन्त्यमा पूजाले प्रमेशसँग सम्बन्ध विच्छेद गरेकी छ । यो पूजाले गरेको सबैभन्दा महत्त्वपूर्ण प्रतिरोध हो । जसले उसको बाँकी जीवनलाई सहज बनाएको छ । तर पूजाले यो निर्णय गर्न निकै ढिला गरेको देखिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने नेपाली समाजमा अपाङ्गता भएका व्यक्तिहरूको जीवन साह्रै कष्टकर एवम् दयनीय अवस्थामा छ । त्यसमा पनि अपाङ्ग

पुरुषको तुलनामा अपाङ्ग महिलाहरूको जीवन झनै कहालीलाग्दो छ । जसको प्रतिनिधित्व पूजाले गरेकी छ । पूजाको बाल्यकाल, यौवन अवस्था र प्रौढावस्थामा फरक फरक खालका चुनौती र अपमानहरूसँगै पैँठेजोरी खेल्दै जिन्दगी जिएकी छ तर उसले गरेका प्रतिरोधहरू प्रायः निष्प्रभावी देखिन्छन् । यसरी अपाङ्गता भएका महिलाहरूमा प्रतिरोध चेतना हुँदाहुँदै पनि निकै ठाउँमा सम्झौता गर्न विवश छन् भन्ने विचारलाई प्रस्तुत उपन्यासले केन्द्रमा राखेको देखिन्छ ।

## ३.५ निष्कर्ष

अपाङ्गता अध्ययनका दृष्टिले हालसम्म लेखिएकामध्ये सबैभन्दा महत्त्वपूर्ण उपन्यासका रूपमा छनोट गरिएका *लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासको अध्ययनबाट के निष्कर्षमा पुगिन्छ भने लङ्गडाको साथीमा अपाङ्ग पात्रहरूलाई केवल दयाको पात्रका रूपमा, ह्वाइट केनमा अपाङ्गताप्रतिको परम्परागत भाष्यलाई नै चुनौती दिने र अपाङ्गहरूको नयाँ पहिचान निर्माण गर्न चाहने सशक्त पात्रको रूपमा र सञ्जीवनीमा अपाङ्ग र महिला हुनुको दोहोर मार खेपेकी तथा सशक्त प्रतिरोध क्षमता भएकी पात्रका रूपमा चित्रण गरिएको छ । यसरी हेर्दा *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको प्रभुत्वशाली प्रतिनिधित्व तथा *ह्वाइट केन* र *सञ्जीवनी*मा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व भएको स्पष्ट हुन्छ । भाषा र बिम्बको कुरा गर्दा *लङ्गडाको साथी* उपन्यासमा अत्यन्तै अपमानजनक भाषा र बिम्बको प्रयोग गरिएको देखिन्छ भने *ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासमा अपमानजनक र सम्मानजनक दुबै भाषा र बिम्बको मिश्रण पाइन्छ । अर्थ निर्माणको सन्दर्भमा कुरा गर्नुपर्दा *लङ्गडाको साथी* उपन्यासले अपाङ्गहरू दया र करुणाका पात्र हुन् उनीहरूलाई जति सक्दो दया गर्नुपर्छ भन्ने परम्परागत अर्थलाई थप बल दिन खोजेको देखिन्छ भने *ह्वाइट केन* उपन्यासले अवसर पाएमा अपाङ्गहरूले पनि समाज, परिवार र राष्ट्रलाई योगदान दिन सक्छन् साथै अपाङ्गता भएका महिलाहरूको सामाजिक आर्थिक अवस्था अपाङ्गता भएका पुरुषहरूको तुलनामा कमजोर छ भन्ने अर्थ निर्माण गर्न खोजेको देखिन्छ । त्यसैगरी सञ्जीवनी उपन्यासमा शरीरको एउटा अङ्गले काम नगर्दैमा अरू अङ्ग र दिमागले समेत काम गर्दैन भन्ने नेपाली समाजमा रहेको अपाङ्गताप्रतिको गलत भाष्यलाई चिर्ने प्रयास गरेको देखिन्छ भने अर्कोतर्फ अपाङ्गता भएका पुरुषको तुलनामा महिलाहरूको जीवन धेरै सङ्घर्षपूर्ण छ भन्ने विचारलाई स्थापित

गर्न खोजेको देखिन्छ । यसबाट नेपाली समाजमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण विस्तारै परिवर्तन हुँदै गएसँगै लेखकहरूमा समेत अपाङ्गताप्रतिको दृष्टिकोण परिवर्तन हुँदै गएको र उनीहरूले आफ्नो लेखनमा अपाङ्गता भएका पात्रहरूलाई पनि सशक्त बनाउँदै लगेको देखिन्छ । २००८ सालमा लेखिएको *लङ्गडाको साथी* उपन्यासमा प्रमुख पात्र लङ्गडाको कथा अरू कसैले भनिदिनु तथा *ह्वाइट केन* र *सञ्जीवनी*जस्ता पछिल्लो समयमा लेखिएका उपन्यासहरूमा भास्वत र पूजा जस्ता पात्रहरू स्वयमले आफ्नो कथा सुनाएको देखिनुले पनि अपाङ्गताप्रतिको सामाजिक मात्र नभई लेखकीय दृष्टिकोण समेत परिवर्तन हुँदै गएका स्पष्ट हुन्छ ।

प्रतिनिधित्वको सन्दर्भमा कुरा गर्नुपर्दा *लङ्गडाको साथी* उपन्यासमा लङ्गडाको प्रभुत्वशाली (हेजेमनिक) प्रतिनिधित्व देख्न सकिन्छ भने *ह्वाइट केन* र *सञ्जीवनी*जस्ता उपन्यासहरूमा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व देख्न सकिन्छ । *लङ्गडाको साथी*मा अपाङ्गहरूका लागि प्रयोग गरिएको भाषा र त्यसमार्फत् सिर्जना गरिएका बिम्बहरू अपाङ्गहरूलाई अपमान गर्ने र उनीहरूप्रति घृणा भाव पैदा गर्ने खालका छन् भने *ह्वाइट केन* र *सञ्जीवनी*मा प्रयोग गरिएको भाषा मिश्रित खालको छ । यी दुबै उपन्यासमा कतै अपमानजनक त कतै सम्मानजनक भाषाको प्रयोग भएको देखिन्छ । त्यसमा पनि लेखकले प्रयोग गरेको भाषा चाहिँ सम्मानजनक छ । अर्थ निर्माणको सन्दर्भमा कुरा गर्नुपर्दा *लङ्गडाको साथी* उपन्यासले अपाङ्गहरू दयाका पात्र हुन्, उनीहरूमाथि दया गर्नुपर्छ भन्ने परम्परागत विचारलाई समर्थन गर्ने खालको अर्थ निर्माण गरेको छ भने *ह्वाइट केन* उपन्यासले अवसर पाएमा अपाङ्गता भएका व्यक्तिहरूले पनि परिवार, समाज र राष्ट्रलाई योगदान दिन सक्छन् भन्ने विचारलाई केन्द्रमा राख्दै अपाङ्गता भएका महिलाहरूको जीवन अपाङ्ग पुरुषहरूको तुलनामा बढी कष्टकर छ भन्ने अर्थ निर्माण गर्न खोजेको छ भने *सञ्जीवनी* उपन्यासले अपाङ्गता भएका महिलाहरूले पुरुषको तुलनामा निकै धेरै यातनापूर्ण जीवन बाँच्न बाध्य छन् भन्ने विचारलाई केन्द्रमा राख्दै अपाङ्गता भएका महिलाहरूको विगत जेजस्तो भएपनि भविष्य राम्रो हुँदैछ भन्ने आशावादी विचार निर्माण गर्न खोजेको देखिन्छ ।

प्रतिरोध चेतनाको सन्दर्भमा कुरा गर्नु पर्दा *लङ्गडाको साथी* उपन्यासको प्रमुख पात्र लङ्गडोमा आफूमाथि शारीरिक रूपमै हमला हुन थालेपछि मात्र प्रतिकारमा उत्रने स्वभाव

देखिन्छ र उसमा प्रतिरोध चेतना भए तापनि प्रतिरोध क्षमता अत्यन्त न्यून छ । साथै ऊमाथि भएका हिंसाहरूको विरुद्धमा ऊ स्वयम् उत्रिनु परेको छ । समाजका अन्य मानिसहरूले उसको प्रतिरोधमा साथ दिएका छैनन् । त्यसैगरी *ह्वाइट केन* उपन्यासको भास्वतमा प्रतिरोध चेतना र प्रतिरोध क्षमता राम्रो रहेको देखिन्छ । उसमाथि भएका अपमानजनक व्यवहारको प्रतिरोधमा जुनो, सुलभा लगायतका साथीहरूले पनि साथ दिएका छन् । तर सोही उपन्यासकी अर्की अपाङ्ग पात्र बामोलीमा प्रतिरोध चेतना र क्षमता दुबै कम देखिन्छ । *सञ्जीवनी* उपन्यासकी प्रमुख पात्र पूजामा भने बाल्यकालमा प्रतिरोध चेतना भए पनि प्रतिरोध क्षमता नभएको तर उमेर बढ्दै जाँदा उसमा उक्त चेतनाको स्तर निकै राम्रो देखिन्छ । उसले पनि आफूमाथि भएका अपमानपूर्ण व्यवहारको प्रतिरोधमा सिन्धू दिदीको साथ पाएकी छ । यसबाट के कुरा प्रस्ट हुन्छ भने नेपाली समाजका अपाङ्ग पात्रहरूमा प्रतिरोध चेतना हुँदाहुँदै पनि प्रतिरोध क्षमताको अभाव छ । साथै पहिले पहिले आफूमाथि भएका अन्यायका विरुद्धमा अपाङ्ग पात्रहरू आफै भिड्नुपर्ने अवस्था रहे पनि समय फेरिँदै जाँदा उनीहरूले समाजका अन्य व्यक्तिहरूबाट पनि साथ पाएको देखिन्छ ।

समग्रमा नेपाली उपन्यासका अपाङ्ग पात्र तथा लेखकीय दृष्टिकोणको अध्ययन गर्दा अपाङ्गतालाई हेर्ने दृष्टिकोण नैतिक मोडलबाट क्रमशः सामाजिक तथा सांस्कृतिक मोडलतर्फ सिफ्ट हुँदै (सर्दै) गएको देखिन्छ र अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना पनि सोहीअनुसार निर्माण हुँदै गएको देखिन्छ ।

# चौथो परिच्छेद

# आधुनिक नेपाली उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण

## ४.१ *लङ्गडाको साथी* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण

*लङ्गडाको साथी* उपन्यासमा प्रमुख पात्रको रूपमा रहेको लङ्गडाले आफू स्वयंलाई भाग्यले ठगेको, हतभागी, माग्ने, अभागीका रूपमा स्वीकार गरेको छ । उपन्यासको अधिकांश ठाउँमा लङ्गडाको स्वयंलाई हेर्ने दृष्टिकोण हीनताग्रस्त देखिन्छ । यसका बावजुत कतिपय ठाउँमा भने उसले आफूलाई अरूभन्दा फरक र विशिष्ट व्यक्तिका रूपमा समेत हेरेको देखिन्छ । यहाँ प्रस्तुत उपन्यासमा लङ्गडाले आफू स्वयंलाई हेर्ने दृष्टिकोण कस्तो थियो भन्ने कुराको पुष्टिका लागि केही साक्ष्यहरू प्रस्तुत गरिएको छ ।

> यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन, मेरो पछिपछि लागिरहन्छ । तर भोक-तिर्खा भनेको सबैको उही हो, के हामी मानिस, के पशु ! बरा, यो पनि मजस्तै होला । यो पनि त अर्काको दया र भिक्षाले बाँचिरहेको होला (पृ. १०) ।

यस प्रसङ्गमा लङ्गडाले आफू र कुकुरलाई तुलना गर्दै दुबै अर्काको दया र भिक्षाले संसारमा बाँचिरहेका प्राणीका रूपमा प्रस्तुत गरेको छ । यसबाट के स्पष्ट हुन्छ भने लङ्गडाले आफूलाई गल्लीको कुकुरभन्दा विशेष ठानेको छैन । यसबाट तत्कालीन समाजमा अपाङ्गता भएका पाात्रहरू कति निरीह थिए र उनीहरू आफूले आफैलाई कति हीनताग्रस्त मनोदशामा उभ्याउँथे भन्ने कुराको पुष्टि हुन्छ । यसै प्रसङ्गमा लङ्गडाले भन्छ- एउटा भिखारीले अर्को भिखारीको कष्ट जान्दछ । यो कुकुर पनि संसारमा मजस्तै मागी खोन एउटा प्राणी होला (पृ. १०) । यसबाट लङ्गडाले आफूलाई भिखारीको रूपमा हेर्ने गरेको र आफू र कुकुर समान हैसियतको भएको कुरा पटक पटक अभिव्यक्त गर्नुले तत्कालीन समाजमा अपाङ्गता भएका पात्रहरू हीनताग्रन्थीयुक्त मनोदशा बोकेर हिँड्न बाध्य थिए भन्ने कुरालाई थप पुष्टि गर्छ । यसै सन्दर्भमा उपन्यासकार लेख्छन्- जन्मँदा आफू माग्ने नै भएर जन्मेको भनी ऊ सम्झन्थ्यो । आफ्नो पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गडो बनाई, अन्धा बनाई, कुँजे बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्न पठाएका होलान् भनी ऊ विचार गर्थ्यो (पृ. १२-१३) । यस प्रसङ्गले के कुराको पुष्टि गर्छ भने लङ्गडाको विचारमा अपाङ्ग हुनु भनेको पूर्वजन्मको पापको परिणाम हो र विधाताले उक्त पापको परिणामस्वरूप पृथ्वीमा दुःख भोग्न पठाएका हुन् । लङ्गडाको यो विचार अपाङ्गताको

नैतिक मोडलसँग हुबहु मिल्छ । अपाङ्गताको नैतिक मोडलले अपाङ्गतालाई पापको परिणामका रूपमा व्याख्या गर्छ । प्रस्तुत उपन्यासको प्रमुख पात्र लङ्गडामा पनि अपाङ्गतालाई  हेर्ने दृष्टिकोण तथा आफू स्वयंलाई हेर्ने दृष्टिकोण ज्यादै पुरानो अर्थात् अपाङ्गताको नैतिक मोडलबाट अनुप्रेरित देखिन्छ ।

लङ्गडाले एक्लै हुँदा तथा साङ्ग मानिसहरूको समाजमा हुँदा आफूलाई अभागी एवम् निरीह प्राणी सम्झे पनि आफूजस्तै माग्नेहरूका सामु आफूलाई अरूभन्दा विशिष्ट व्यक्तिका रूपमा हेर्छ । यसै सन्दर्भमा उपन्यासकार लेख्छन्-

> मैला गनाउने च्याथ्रा-च्याथ्रा भइसकेका वस्त्र लाउने अरू माग्नेहरू त्यहाँ झुरुम्म भएर अनेक कुरा गरिरहन्थे, तर लङ्गडा भने केही बोल्दैनथ्यो । ऊ चुप लागेर तिनीहरूका कुरा सुनिरहन्थ्यो । आफूलाई तिनीहरूभन्दा धेरै बाठो र धेरै अनुभवी ठान्थ्यो (पृ. १९) ।

यस साक्ष्यबाट के पुष्टि हुन्छ भने लङ्गडो आफू एक्लै हुँदा आफूलाई कमजोर सोचे पनि आफूजस्तै माग्नेहरूको समाजमा हुँदा ऊ भित्रको 'अहम्' जागृत हुन्छ र आफूलाई अरूभन्दा बाठो र अनुभवी ठान्दछ । यसले लङ्गडाको स्वयंप्रतिको दृष्टिकोण सधैँ हीनताग्रस्त छैन ऊभित्रको अहम्ले म पनि विशेष मान्छे नै हुँ भन्ने कुरा बेलाबेलामा देखाउन खोजेको देखिन्छ । यसबाट तत्कालीन समाजमा अपाङ्ग पात्रहरूले आफू स्वयंलाई सधैँ कमजोर ठान्ने नभई परिस्थितिले उनीहरूको मनोबल गिर्ने तथ्यलाई उजागर गर्दछ । अर्को प्रसङ्गमा लङ्गडाले भन्छ- एक दिन पानीझरीको दिनमा ठूलो पहरानेर एउटा रुखमा चढी पात काट्न लाग्दा भनन रिँगटा लागेर खसेँ । मन्तिर खोलामा पुगेँछु । के गर्नु, मरिहालेको भए त बेसै हुन्थ्यो हजुर...नत्र यो पाप दुनियाँलाई देखाउनु पर्ने थिएन (पृ. २४) । यस प्रसङ्गमा लङ्गडाले आफू जन्मजात अपाङ्ग नभएर पछि दुर्घटनाका कारण अपाङ्ग भएको तथ्य प्रस्तुत गरेको छ तर यो आफैमा विरोधाभासपूर्ण पनि छ । यसै प्रसङ्गमा लङ्गडाले आफ्नो जीवनलाई पापको परिणामका रूपमा अर्थ्याएको छ । साथै बाँचेर दुःख झेल्नुभन्दा मरेकै भए बरु राम्रो हुन्थ्यो भन्ने अभिव्यक्तिले तत्कालीन समाजमा अपाङ्गता भएका पात्रहरूको दयनीय स्थिति र उनीहरूको स्वयंप्रतिको दृष्टिकोणलाई स्पष्ट पार्छ । यस प्रसङ्गले लङ्गडामा अपाङ्गता र आफू स्वयंलाई हेर्ने दृष्टिकोण नैतिक मोडलमा आधारित थियो भन्ने कुरालाई थप पुष्टि गर्छ ।

एकपटक लङ्गडाले मागेको पैसा जम्मा गरेर आफूले पनि मन लागेजति खानेकुराहरू खाएको र आफ्नो साथी कुकुरलाई पनि टन्न मासुभात खुवाएको प्रसङ्गमा उपन्यासकार लेख्छन्- आज उसको चित्ताकाशमा कुनै प्रकारको चिन्ता, भय, शङ्का वा निराशा थिएन । आज असल अङ्ग हुने संसारका अरू सबै साधारण मानिसजस्तै आफूलाई पनि ऊ ठानिरहेको थियो (पृ.३१) । यस प्रसङ्गले लङ्गडाजस्ता पात्रहरूमा अभाव र दरिद्रताले मनोवल घट्दै जाने र आफ्ना इच्छा र आकाङ्क्षाहरू पूरा गर्न सक्दा अपाङ्गता भएका पात्रहरूले आफूप्रतिको दृष्टिकोणमा परिवर्तन गर्न सक्छन् भन्ने कुरालाई जोड दिएको छ । यस प्रसङ्गले लङ्गडाजस्ता पात्रहरूले आफूलाई सधैँ कमजोर र हतभागी ठान्ने नभई परिस्थितिले उनीहरूको मनोबल गिराएको हो भन्ने विचारलाई पुनः पुष्टि गर्छ । उपन्यासको अन्त्यतिर लङ्गडाको मनोबल निकै गिरेको देखिन्छ । उसले आफू स्वयम्लाई पटकपटक अभागी पात्रका रूपमा चिनाएको छ । केही साक्ष्यहरू हेरौँ-

> दुनियाँले आफ्नो ऐश्वर्य र मनोरञ्जनका निम्ति कति धन, कति परिश्रम व्यय गर्दा रहेछन् ! एउटा काल्पनिक छायाँको पछिपछि लागेर दुनियाँ नै आज कसरी बौलाहा भएर हिँड्दा रहेछन्, त्यही दुनियाँमा, त्यही मानव संसारमा आफू चाहिँ एउटा हतभागी प्राणी भएर बाँचिरहेको छ ! (पृ. ५४) ।

यस प्रसङ्गमा लङ्गडाले आफूलाई समाजका अरू सुविधासम्पन्न मानिसहरूसँग तुलना गरेर दुःखी भएको छ । यस सन्दर्भबाट के कुरा स्पष्ट हुन्छ भने जतिसुकै आफूलाई अभागी ठाने पनि कहिलेकाहीँ मानिस आफूलाई वरपरका अन्य मानिससँग तुलना गर्छ । अपाङ्गता भएका पात्रहरूले जब समाजका साङ्ग व्यक्तिहरूसँग आफूलाई तुलना गर्न थाल्छन्, तब उनीहरूलाई निराशा शिवाय केही हात लाग्दैन । यसले लङ्गडाको दृष्टिकोण मात्र नभई तत्कालीन समाजमा अपाङ्गता भएका व्यक्तिहरूले आफूलाई कति अभागी ठान्थे भन्ने कुरालाई पुष्टि गर्दछ । यसै प्रसङ्गमा उपन्यासकार लेख्छन्- आफ्नो अवस्था सम्भँदा आज परमेश्वरले ऊमाथि अवहेलना र अन्याय गरेजस्तो लाग्यो । उसका दुबै आँखा आँसुले डबडब भए । ऊ मूक भएर बसिरह्यो (पृ. ५४) । यस प्रसङ्गमा अपाङ्गता भएका पात्रहरूले सधैँ आफ्नो अपाङ्गताको कारण पूर्वजन्मको पापको परिणाम मात्र नठानी कहिलेकाहीँ विधाताको अन्यायका रूपमा समेत हेर्ने गरेको देखिन्छ । यसले लङ्गडो जस्ता पात्रहरूमा एक खालको विद्रोही विचारको प्रादुर्भाव गर्न समेत सघाउँछ । प्रस्तुत प्रसङ्गले

अपाङ्गता भएका पात्रहरूको स्वदृष्टि मात्र नभई सृष्टिकर्ताको त्रुटिपूर्ण व्यवस्थाप्रति समेत असहमति एवम् गुनासो व्यक्त गरेको देखिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गता भएको एकजना मात्र पात्र लङ्गडाको उपस्थिति छ । उसले आफू स्वयंलाई हेर्ने दृष्टिकोण अधिकांशतः हिनताग्रस्त छ भने कहिलेकाहीँ उसले आफू स्वयंलाई अरूभन्दा विशिष्ट एवम् अनुभवी व्यक्तिका रूपमा समेत हेर्ने गरेको देखिन्छ । समग्रमा प्रस्तुत उपन्यासमा अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण अपाङ्गताको नैतिक मोडलबाट अभिप्रेरित देखिन्छ ।

### ४.२ *ह्वाइट केन* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण

*ह्वाइट केन* उपन्यासमा मूलतः दुईजना अपाङ्ग पात्रहरू छन् । भास्वत र बामोली । भास्वत उपन्यासको प्रमुख पात्र हो । सिस्नोको झाडीमा फ्याँकिएको अवस्थामा भेटिएको भास्वत मार्जरी नामक इङ्ल्याण्डकी महिलाको माया र हौसला पाएर हुर्किएको छ । भास्वतसँगै अनाथालयमा हुर्केकी अर्की पात्र बामोली भने पछि खाना पकाउने क्रममा आगोले जलेर कुरूप बनेकी छ । यी दुईमध्ये भास्वतले आफूलाई एउटा अब्बल व्यक्तिका रूपमा हेर्छ भने बामोलीले आफूलाई अभागीका रूपमा हेर्छे । यी दुई पात्रहरूको आफैप्रतिको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नका लागि यहाँ केही साक्ष्यहरूको विश्लेषण गरिएको छ । उपन्यासको सुरुमा सुलभासँगको प्रेम प्रसङ्गमा आफ्नो साथी रुपिम सामु भास्वतले भन्छ- ‘दैहिक कारण हुन्थ्यो भने सुलभा पनि मलाई नभएर अरू कोही सुन्दर युवकसँग प्रेम गर्थिन् । यहाँ म उनको प्रेमी भएर उभिएको छु, जोसँग ज्योति निभेका रित्ता आँखाहरू छन् (पृ. ६) ।’ भास्वतको यस अभिव्यक्तिबाट के कुरा स्पष्ट हुन्छ भने ऊ आफूलाई दृष्टिविहीन हुँदाहुँदै पनि कसैको प्रेमी बन्न योग्य विशाल हृदय भएको व्यक्ति ठान्छ । उसले घुमाउरो तरिकाले प्रेम दैहिक कारणले मात्र नहुने र आफूलाई सुलभाजस्ती साङ्ग केटीले प्रेम गर्नुको कारण आफू भित्र केही विशेष गुण छ भन्ने कुरा अभिव्यक्त गरेको छ । यसबाट भास्वतमा आफू स्वयंलाई हेर्ने दृष्टिकोण सकारात्मक खालको रहेको देखिन्छ ।

सुलभासँगकै कुराकानीका क्रममा भास्वतले कहिलेकाहीँ आफूलाई ‘समाजको भार’ का रूपमा पनि चित्रण गरेको छ । यसै सन्दर्भमा भास्वत भन्छ- “तिम्रो कुरामा म समर्थन गर्छु । तर, म त यो समाजका निम्ति भार हुँ (पृ. १८) ।” भास्वतको यस भनाइमा अभिधा

अर्थमा म समाजका निम्ति भार हुँ भने तापनि व्यङ्ग्यार्थमा भने समाजले जे सोचे पनि म पनि केही गर्न सक्ने व्यक्ति हुँ भन्ने भाव अभिव्यक्त भएको छ । कहिलेकाहीँ आफ्नै विगत सम्झेर निराश हुने भास्वत केही क्षणमै आशावादी बन्छ । यसै सन्दर्भमा ऊ भन्छ-

> विगततिर फर्किंदा आफ्नो मुटु कसैले लुछेजस्तो लाग्छ । अनि साह्रै दुख्छ यो मन । आफ्नो मनलाई शान्त पार्न म पढाइमा केन्द्रित हुने कोशिश गर्छु । लाग्छ, पढेर जित्नेछु, आफूभित्रको अँध्यारो अतितलाई । म सङ्घर्ष गर्नेछु र आफ्नो गन्तव्यमा पुग्नेछु, ...म त्यहाँ पुग्नेछैन, जहाँ हात फैलाउनु परोस् । जहाँ शिर झुकाएर बाँच्नकै लागि भीख माग्नु परोस् (पृ. ९६) ।

भास्वतको यस अभिव्यक्तिमा ऊ भित्रको दृढ इच्छाशक्ति र आत्मविश्वास झल्किएको छ । उसले आफूलाई अँध्यारो विगत र उज्यालो भविष्य भएको व्यक्तिका रूपमा चिनाएको छ । अपाङ्गता भएका पात्रहरूको आफैप्रतिको दृष्टिकोण बुझ्नका लागि 'म विचरा होइन' शीर्षकको अध्याय निकै महत्त्वपूर्ण छ । फुटपाथमा सामान बेच्नेहरूले सुरुमा सामान कुल्च्यो भनेर गाली गरिसकेपछि विचरा आँखा नदेख्ने पो रै'छ भनेर सहानुभूति व्यक्त गर्दा भास्वतको मनमा उब्जेका विचारहरूले उसको स्वयंप्रतिको दृष्टिकोण बुझ्न सघाउँछन् । ऊ भन्छ-

> यस्तो समाजसँग भिड्न नसक्नेहरू विचरा नै भएर बस्छन् । तर, म विचरा हुनै सक्तिन । म आफ्नो भविष्यको निश्चित बाटो कोर्न लागिपरेको मान्छे हुँ । केही सुन्दर सपना भएको मान्छे । केही मीठा रहर भएको मान्छे (पृ. १६६) ।

भास्वतको यस अभिव्यक्तिले ऊ आफू स्वयंप्रति अत्यन्त सकारात्मक एवम् आशावादी जीवनदृष्टि भएको व्यक्ति हो भन्ने कुरालाई पुष्टि गर्छ । साथीहरूसँग प्रेमको विषयमा कुरा गर्दा भास्वतले दया र प्रेमको भिन्नताबारे बारम्बार चर्चा गरेको छ । ऊ भन्छ- कतै सुलभाले पनि प्रेमका नाममा मलाई दया गरेकी त होइन ? एकजना दृष्टिबिहीन साथीले भनेको सम्झेँ- "साइटेडसँग प्रेम गर्नुहुन्न साथी, माया होइन दया गरेरै मार्छन् (पृ. १६७) ।" भास्वतको यस अभिव्यक्तिले उसको मात्र नभई अपाङ्गता भएका व्यक्तिहरूको समाजमा विकास हुँदै गएको नयाँ दृष्टिकोणलाई प्रकाशमा ल्याएको छ । यसबाट के बुझिन्छ भने अपाङ्गता भएका पात्रहरू आफूलाई दयाको पात्रका रूपमा हेर्न चाहन्नन् र प्रेमका नाममा उनीहरूमाथि देखाइने दया भाव पनि उनीहरूलाई स्वीकार्य छैन । उमेर बढ्दै जाँदा

भास्वतले आफूलाई अब्बल व्यक्ति बनाउँदै लगेको छ । ऊ आफ्नो लागि मात्र नभई सम्पूर्ण अपाङ्गहरूका पक्षमा बोल्न र उनीहरूको जीवनमा एउटा इँटा मात्र भए पनि थप्न चाहने व्यक्ति बन्दै गएको छ । यसै सन्दर्भमा भास्वत भन्छ-

> यो साङ्गहरूको दुनियाँमा एउटा सक्षम युवाको हैसियत बोकेर उभिन सकेको छु । निश्चित सङ्घर्ष गर्न सकेको छु । कमसेकम दयाको पात्र भएर बाँच्नुपर्ने छैन । ...फेरि सोच्छु, आफूमात्रै सक्षम भएर के हुन्छ ? के म ती लाखौं अपाङ्गता भएकाहरूको जीवनमा ठूलो परिवर्तन ल्याउने एक हिस्सा बन्न सक्छु ? यस्तै सपना देख्छु । सपना एक्लैले देखे पनि सपना पूरा गर्न सहयोगी हातहरू चाहिन्छ । मलाई लाग्छ, म सहयोगीहरूकै माझमा छु (पृ. १७७) ।

भास्वतको यस अभिव्यक्तिमा पनि उसको सकारात्मक स्वदृष्टिकोण एवम् आशावादी जीवनदृष्टि झल्किएको छ । ऊ आफू मात्र नभई आफूजस्तै अपाङ्गता भएका लाखौं युवाहरूको प्रेरणाको स्रोत र आशाको किरण बन्न चाहन्छ । अरू बेला आफूलाई सशक्त एवम् दृढ आत्मविश्वासले भरिएको व्यक्तिका रूपमा प्रस्तुत गर्ने भास्वत आफ्नी प्रेमिका सुलभाको अगाडि भने अलिक कमजोर भएर प्रस्तुत हुन्छ । उसलाई म कतै सुलभाको लागि बोझ त बन्दिन भन्ने चिन्ताले सताउँछ । यसै सन्दर्भमा भास्वत भन्छ-

> म उनलाई भरपूर माया गरुँला । उनको नजिक रहूँला ।...तर यो सब भएर के नै हुन्छ र ! झन् भार हुनेछु म उनका लागि ।...मलाईं कहीं जान उनको हात समाउनु पर्नेछ । मैले हात समात्दा उनी आफ्नो गन्तव्यस्थल पुग्नबाट रोकिनेछिन् । यसरी उनको गति मेरो खुशीका लागि रोकिनु हुँदैन (पृ. २१७) ।

सुलभाको अगाडि कमजोर जस्तो देखिए तापनि समग्रमा भास्वतको आफू स्वयंलाई हेर्ने दृष्टिकोण सकारात्मक एवम् आशावादी छ तर अर्की पात्र बामोलीमा भने भास्वतको तुलनामा निकै कमजोर एवम् नकारात्मक स्वदृष्टिकोण रहेको देखिन्छ । बामोली भन्छे-

> म अहिले पनि कुरूप छु । मसँग मान्छेहरू नजिकिन घिन मान्छन् । मलाई देख्यो भने कोही त थुक्छन् पनि । मेरा आफन्तहरूले पनि मलाई घरमा राख्न हिच्किचाए । पाहुना आउँदा मलाई कोठामै लुकाउँथे । ...आफ्नो अवस्था देखेर मलाई आत्महत्या गर्न मन लाग्थ्यो । तर, यो संसारमा म मात्रै अभागी होइन होला भनेर आफैँलाई सम्झाएँ (पृ. २३२) ।

बामोलीको यस अभिव्यक्तिबाट के कुरा स्पष्ट हुन्छ भने भास्वतको तुलनामा बामोलीले घर, परिवार र समाजबाट धेरै तिरस्कार भोगेकी छ । उसका आमाबुबामा अपाङ्गतालाई हेर्ने दृष्टिकोण निकै पुरानो अर्थात् नैतिक मोडलमा आधारित छ, जसले अपाङ्गतालाई लज्जाको विषय ठान्छ । घर परिवार र समाजले दिएको यातना र तिरस्कारबाट आजित भएकी बामोलीमा आत्महत्या गर्नेसम्मको विचार आएको तर म मात्र यस्तो दुःखी होइन होला भन्ने विचारले उसमा बाँच्ने इच्छा जागृत गराएको देखिन्छ । यी सबै तथ्यहरूलाई मनन गर्दा के निष्कर्षमा पुगिन्छ भने हाम्रोजस्तो पितृसत्तात्मक समाज व्यवस्थामा अपाङ्ग पुरुषभन्दा अपाङ्गता भएका महिलाहरू झनै बढी पीडित छन् । साथै बामोलीजस्ता पात्रहरूले आफूलाई मात्र दोष नदिई समाजको गलत भाष्यलाई समेत दोषी ठान्ने गरेका छन् ।

अन्तिममा बामोलीले आफू विदेश (युएई) गएको र जाने बेलामा मिल्यो भने सर्जरी गरेर फर्कने छु भनेको प्रसङ्ग छ । यसले बामोली जस्ता पात्रहरू चौतर्फी घृणा र अवहेलनाबाट आक्रान्त भए तापनि आफू भित्रको अस्तित्वलाई जोगाइराख्न लागि परेको देखाउँछ । बामोलीको यो विचार अपाङ्गतालाई हेर्ने चिकित्सा मोडलबाट प्रेरित छ । जसले अपाङ्गतालाई उपचार गरेर निको पार्न सकिने समस्याको रूपमा व्याख्या गर्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *ह्वाइट केन* उपन्यासका दुई अपाङ्ग पात्रहरूको आफू स्वयंलाई हेर्ने दृष्टिकोण फरक फरक खालको छ । भास्वतले आफूलाई एक क्षमतावान् व्यक्तिका रूपमा चिनाएको छ भने बामोलीले आफूलाई कमजोर र अभागी पात्रको रूपमा चिनाएकी छ । एउटै पृष्ठभूमिबाट आएका यी दुई पात्रहरूको स्वदृष्टिकोणमा यति ठूलो भिन्नता देखिनुका पछाडि मूलतः दुई पक्षहरूले भूमिका खेलेको देखिन्छ । पहिलो पक्ष अवसर हो भने दोस्रो पक्ष पितृसत्ता । सानैदेखि मार्जरीको माया र सद्भाव पाएको भास्वत एउटा बेवारिसे दृष्टिविहीन केटा भएर पनि सशक्त व्यक्ति बन्न पुगेको छ भने बामोली उस्तै पृष्ठभूमिबाट आएर पनि दुर्घटनामा परेर कुरूप भएपछि निकै कमजोर मनस्थिति बोकेर हिँड्न बाध्य छ । यसका पछाडि काम गर्ने अर्को पक्ष भनेको पितृसत्तात्मक समाज व्यवस्था हो । जसले महिलाहरूलाई सौन्दर्य र बच्चा जन्माउने क्षमताका आधारमा मूल्याङ्कन गर्छ । एउटै पृष्ठभूमिबाट आएको भास्वतले झण्डै आधा दर्जन केटीहरूसँग यौनक्रीडा गर्दै हिँडेको छ भने बामोली सबैबाट तिरस्कृत छ । यी सबै

कुराहरूका बावजुत पनि *ह्वाइट केन* उपन्यासका अपाङ्ग पात्रहरू यसअघि लेखिएका नेपाली उपन्यासहरूका पात्रहरूको तुलनामा निकै सशक्त एवम् आत्मविश्वासी छन् ।

## ४.३ *सञ्जीवनी* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयम्प्रतिको दृष्टिकोण

*सञ्जीवनी* उपन्यासकी प्रमुख पात्र पूजा जन्मजात बोली सम्बन्धी अपाङ्गता भएकी केटी हो । ऊबाहेक अपाङ्गता भएका अन्य पात्रहरूको उपस्थिति उपन्यासमा नगन्य छ । यही तथ्यलाई मनन गर्दै *सञ्जीवनी* उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोणबारे अध्ययन गर्दा पूजाको स्वयंप्रतिको दृष्टिकोणको अध्ययनमा केन्द्रित गरिएको छ ।

पूजा बाबुआमाको इच्छा बेगर जन्मिएकी छोरी हो । आमाले गर्भपतन गर्न खाएको औषधीको साइडइफेक्ट स्वरूप पूजा अपाङ्ग भएर जन्मिएको रहस्य उसलाई सिन्धू दिदीले बताएकी छिन् । बाल्यकालमा सबैतिरबाट तिरस्कृत पूजा उनै सिन्धू दिदीको प्रेरणाले अघि बढ्दै गएकी छ । आफूलाई एउटी अभागी केटीका रूपमा ठान्ने पूजामा बढ्दो उमेरसँगै आफू स्वयंलाई हेर्ने दृष्टिकोणमा विस्तारै परिवर्तन हुँदै आएको देखिन्छ । यहाँ प्रस्तुत उपन्यासकी प्रमुख पात्र पूजाको आफू स्वयंप्रतिको दृष्टिकोण बुझ्न सघाउने केही साक्ष्यहरूको विश्लेषण गरिएको छ ।

बाल्यकालमा आफू आवाजविहीन हुनुको पीडा सम्झिँदै पूजा भन्छे- भगवान्ले मलाई सबै कुरा सुन् तर नबोल् भन्नकै लागि धर्तीमा ल्याएका थिए । सायद श्रवणशक्ति नभएका साथीहरूलाई त अरूका चाहिने नचाहिने कुरा सुन्न पनि पर्थेन (पृ. ९९) । यस प्रसङ्गमा पूजाले आफू सुन्न सक्ने तर बोल्न नसक्ने हुनुमा भगवान्को हात रहेको ठानेकी छ । जुन अपाङ्गताको नैतिक मोडलमा आधारित छ । जसले अपाङ्गताको कारण दैवी परीक्षा वा भगवान्को योजनालाई मान्छ । बाल्यकालीन विचारहरू सम्झिँदै पूजा भन्छे-

> बरु पिँढीको थाम मलाई प्रिय लाग्थ्यो । म त्यसैलाई अँगालोमा बेर्थें । मेरो साथी पिँढीको थाम । लाटो थियो त्यो पनि मजस्तै । कहिलेकाहीँ सोच्थें- थाम र ममा एउटा कुराको अन्तर भने थियो, म रुन सक्थें तर त्यो रुन पनि सक्तैनथ्यो (पृ. १०१) ।

पूजाको यस अभिव्यक्तिले ऊ आफूलाई कति कमजोर र निरीह ठान्थी भन्ने कुरालाई स्पष्ट पार्छ । आफूलाई पिँढीको थामसँग तुलना गर्नुले बाल्यकालमा पूजाले आफूलाई निकै कमजोर एवम् प्रतिक्रियाविहीन प्राणी र आफ्नो जिन्दगीलाई स्थिर (गतिहीन) ठान्थी भन्ने कुरा स्पष्ट हुन्छ । आफ्नो बाल्यकालीन स्वभावबारे पूजा भन्छे- 'माया धेरै नपाउने, हप्कीदप्की खाइरहने बच्चाहरू अलि हठी र ज्याद्रो हुँदारहेछन् । म जस्तै । जब बुझ्दै र पढ्दै गएँ तब दयालु, कोमल, हुँदै गएँ । कोहीसँग झगडा नगर्ने (पृ. १०४) ।' यस प्रसङ्गबाट पूजा बाल्यकालमा हठी भएको र आफूले आफैलाई 'ज्याद्रो' ठान्ने गरेको स्पष्ट हुन्छ । उमेर बढ्दै जाँदा पूजाको स्वयंप्रतिको दृष्टिकोण परिवर्तन भएको र आफूलाई असल केटी ठान्न र सोही अनुसारको व्यवहार गर्ने गरेको स्पष्ट हुन्छ । अर्को एउटा प्रसङ्गमा पूजा भन्छे- 'आमालाई त कहिले फुर्सद हुन्थ्यो र घर व्यहारले ! त्यसमाथि बुढेसकालमा जन्मेकी म एउटी घाँडो थिएँ (१०८) ।' पूजाको यस अभिव्यक्तिमा उसले आफूलाई 'घाँडो' अर्थात् काम नसघाउने उल्टै सेवा गर्नुपर्ने व्यक्तिको रूपमा लिएकी छ, जसले उसको कमजोर मनोदशा र नकारात्मक स्वदृष्टिकोणलाई सङ्केत गर्छ । उमेर बढ्दै जाँदा पूजाको आफू स्वयंलाई हेर्ने दृष्टिकोणमा निकै परिवर्तन आएको देखिन्छ । यसै प्रसङ्गमा ऊ भन्छे-

> अब त म ठूली भैसकेकी थिएँ । कतिले त म सधैंका लागि नबुझ्ने गँवारै सम्झन्छन् होला । तर, कहिलेसम्म ? म बुझ्छु, साँच्चै म सबै थोक बुझ्छु । मेरो पनि हृदय छ । भावना छ । आफूलाई भएको पीडा पनि थाहा छ मलाई । अरूलाई भएको पीडा लाग्ने चोटको पनि म महसुस गर्न सक्छु (१२७) ।

पूजाको यस अभिव्यक्तिबाट उसको स्वयंप्रतिको दृष्टिकोण क्रमशः परिवर्तन हुँदै गएको र आफूलाई अरू सामान्य मानिस सरह सोच, विचार र भावना भएकी केटीको रूपमा हेर्ने गरेको स्पष्ट हुन्छ । आफू पढाइमा अब्बल हुँदै गएपछि आफ्नो दृष्टिकोण पनि परिवर्तन हुँदै गएको उल्लेख गर्दै पूजा भन्छे- सरकारी स्कुलबाट जिल्ला टप गरेपछि मेरो खुसीको चुली अग्लिएको थियो । कति स्थानबाट प्रशंसा-पत्र बटुलें । त्यो समय पो बल्ल आफूलाई सबल भएको महसुस गरें (पृ. १३५) । कलेज पढ्ने क्रममा पूजा प्रमेशसँग प्रेम सम्बन्धमा गाँसिन्छे । बिचमा केही कुरा नमिलेर सम्बन्धलाई अगाडि बढाउने कि त्यहीं टुङ्ग्याउने भन्ने दोधार भएको बेला पूजाको मनमा उठेको विचारले पनि ऊ आफूले आफैलाई कसरी हेर्छे भन्ने कुरा स्पष्ट हुन्छ । पूजा मनमनै भन्छे-

> हेर् पूजा, तँजस्तोलाई नजिकको साथी सम्झेको छ प्रमेशले । यस्तो मन मिल्ने साथी नगुमा । एक त तँ बोल्न नसक्ने, अर्को उसैले तँलाई प्रस्ताव राखेको छ । स्मार्ट छ, सहयोगी छ, पढेको छ । अरू कस्तो मान्छे खोज्छेस् तँ ? (पृ. २८) ।

यस अभिव्यक्तिबाट के स्पष्ट हुन्छ भने पूजा जतिसुकै पढेलेखेकी भए पनि ऊभित्र अपाङ्ग हुनुको हीनताबोध कायमै रहेको देखिन्छ । आफूजस्ती अवाजविहीनलाई जोपायो त्यसैले अङ्गाल्दैनन् भन्ने भय पनि उसमा देखिन्छ । प्रमेशले गरेका अनेकौँ ज्यादतीहरूका कारण कहिलेकाहीँ त पूजामा आत्महत्या गर्ने सम्मको विचार आउँछ । फेरि आफैलाई सम्झाउँछे । यसै सन्दर्भमा पूजा भन्छे-

> एक मन त यो अरूका लागि भोगको साधन मात्रै बनेको शरीरलाई त्यागिदिऊँ पनि लाग्थ्यो । तर अर्को मन सम्झाउन खोज्थ्यो- अरूको गल्तीमा तँ किन बलि चढ्ने ? ...आफैलाई अन्याय गरेर अपराधीहरूले सजाय पाउँदैनन् । मेरो जीवनमुखी मन नै बलियो देखियो (पृ. १७७) ।

पूजाको यस अभिव्यक्तिबाट समय र परिस्थितिले उसको मनस्थिति कमजोर अवस्थामा पुगे पनि उसले मृत्युलाईभन्दा जीवनलाई नै रोजेको देखिन्छ । यसले ऊभित्रको सकारात्मक जीवन दृष्टिलाई समेत सङ्केत गरेको छ । बाल्यकालमा पूजाको स्वदृष्टिकोण प्रायः अपाङ्गताको नैतिक मोडलबाट प्रभावित देखिन्छ । उसले आफूलाई कुन जुनीको पाप काट्न यहाँ धर्तीमा जन्म लिएको ठान्छे । यसै प्रसङ्गमा उसले भनेकी छ-

> बोल्न नसक्नु पनि एउटा अभिशाप ! अरू बेला त हुन्थेन- बोलीको समस्याले पश्चात्ताप र ग्लानि । तर, यस्तै अप्रत्यासित समयमा हतार हतारमा प्रश्न गर्न नसक्दा, उत्तर पाउन नसक्दा साँच्चै कुन जुनीको पाप कट्टा गर्दैछु जस्तो लाग्यो ( पृ. १९४) ।

आफ्नै जन्मबारे पूजा भन्छे- पहिले आमाले गर्भ फाल्न अपनाएको गलत घरेलु उपायले आफू बोल्न नसक्ने भएको सम्झन्थेँ । ...कति सन्तानलाई बचाउन चाहेर पनि बचाउन सक्तैनन् । मलाई मार्न चाहेर पनि मार्न सकेनन्  (पृ. १९४) । यस प्रसङ्गबाट पूजामा अपाङ्गताको कारण बाबुआमाको दोष वा भगवान्को परीक्षा ठान्ने अपाङ्गताको नैतिक मोडलबाट प्रभावित विचारधारा र दृष्टिकोण रहेको बुझिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *सञ्जीवनी* उपन्यासकी प्रमुख पात्र पूजाको आफू स्वयंलाई हेर्ने दृष्टिकोण सधैँ स्थिर नभई समय सापेक्ष परिवर्तन भइरहेको देखिन्छ । बाल्यकालमा आफूलाई अभागी एवम् कमजोर ठान्ने पूजाले आफूलाई बलियो बनाउँदै लगेकी छ । युवा अवस्थामा प्रमेशको चङ्गुलमा परेकी पूजामा बेलाबेलामा कमजोर मनस्थिति बन्दै गए तापनि आफ्नो अन्तरहृदयको विचारधारा र दृष्टिकोणलाई परिवर्तन हुन नदिई जीवन अगाडि बढाएकी छ । उपन्यासको अन्त्यमा प्रमेशसँगको सम्बन्ध विच्छेद गरेर छोरीसँग जीवनयापन गर्न लागेको र आफ्नो बाल्यकालदेखिको सपना (बालगृह निर्माण) पूरा गरेर उज्यालो भविष्यतर्फ पाइला चाल्दै गरेको देखाइएको छ । जसबाट नेपाली समाजमा अपाङ्गता भएका पात्रहरू कति दवाव र तनावपूर्ण जीवन बाँच्न विवश छन् र समय अनुसार उनीहरूको स्वदृष्टिकोण कसरी परिवर्तन भइरहन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.४ निष्कर्ष

*लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासको अध्ययन तथा विश्लेषणबाट के निष्कर्षमा पुगिन्छ भने अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण सधैँ एकनासको अर्थात् स्थिर नभई समयसापेक्ष रूपमा परिवर्तन हुँदै जान्छ । २००८ सालतिरको दार्जिलिङको परिवेशमा आधारित भई लेखिएको लङ्गडाको साथी उपन्यासको प्रमुख एवम् एक मात्र अपाङ्ग पात्र लङ्गडामा आफू स्वयंलाई हेर्ने दृष्टिकोण अत्यन्त नकारात्मक छ । ऊ आफूलाई प्रायः अभागी, हतभागी एवम् असहाय व्यक्तिका रूपमा हेर्छ । र आफ्नो जिन्दगीलाई भगवान्को योजनाअनुसार पृथ्वीमा सजाय भोग्न आएको ठान्छ । जुन अपाङ्गताको परम्परागत अर्थात् नैतिक मोडलमा आधारित छ । २०५० देखि २०७० को दशक बिचको समयलाई कालिक परिवेश बनाएर लेखिएको *ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासका पात्रहरूले आफू स्वयंलाई हेर्ने दृष्टिकोण भने स्थिर नभई परिवर्तन भइरहेको देखिन्छ । *ह्वाइट केन*को भास्वतमा स्वयंप्रतिको दृष्टिकोण अत्यन्त सकारात्मक छ । उसले अधिकांशतः आफूलाई वर्तमानमा पनि क्षमतावान् र उज्ज्वल भविष्य भएको केटाका रूपमा हेर्छ । उसको स्वयंप्रतिको दृष्टिकोण अधिकांशतः अपाङ्गताको सामाजिक मोडलमा आधारित छ भने कहिलेकाहीँ उसको स्वदृष्टिकोण सांस्कृतिक मोडलतर्फ पनि गएको देखिन्छ । तर सोही उपन्यासकी अर्की अपाङ्ग पात्र बामोलीमा भने आफू स्वयंलाई हेर्ने दृष्टिकोण हीनताग्रस्त छ । उपन्यासको अन्तिममा बामोली विदेश जान लागेको र सम्भव भएसम्म

सर्जरी गरेर आफ्नो पोलिएर कुरूप भएको अनुहार र शरीर राम्रो बनाएर आउने कुरा गरेकी छ । यसबाट बामोलिमा अपाङ्गतालाई उपचार गरेर ठिक पार्न सकिने शारीरिक समस्याका रूपमा व्याख्या गर्ने चिकित्सा मोडलमा आधारित स्वदृष्टिकोण समेत रहेको पाइन्छ । अर्को उपन्यास *सञ्जीवनी*की प्रमुख पाात्र पूजामा भने आफू स्वयंलाई हेर्ने दृष्टिकोण स्थिर छैन । बाल्यकालमा आफूलाई अभागी ठान्ने पूजाले बढ्दो उमेरसँगै आफूलाई पढाइ र अन्य सामाजिक क्रियाकलापमा अब्बल बनाउँदै लगेर आफू स्वयंप्रतिको दृष्टिकोण पनि परिवर्तन गरेकी छ ।

यी सबै तथ्यहरूबाट के निष्कर्षमा पुगिन्छ भने अपाङ्गतालाई हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन भएसँगै अपाङ्गता भएका पात्रहरूले आफू स्वयंलाई हेर्ने दृष्टिकोण पनि परिवर्तन हुँदै जान्छ । अपाङ्गता भएका पात्रहरूले परिवार, समाज र राज्यबाट पाएका अवसरहरूको सापेक्षतामा उनीहरूको स्वदृष्टिकोण निर्माण हुँदै जान्छ । यसर्थ *लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासका अपाङ्ग पात्रहरूमा रहेको आफू स्वयंप्रतिको दृष्टिकोण क्रमशः नैतिक मोडलबाट सामाजिक एवम् सांस्कृतिक मोडलतर्फ सर्दै गएको देखिन्छ ।

# पाँचौं परिच्छेद

# आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा

## ५.१ *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा

उपन्यासमा अपाङ्गताप्रति उपन्यासकारको विचारधारा कसरी अभिव्यक्त भएको छ भन्ने कुरा बुझ्नका लागि लखकले अपाङ्गता भएका पात्रहरूलाई कस्तो भूमिका दिएका छन्, त्यस्ता पात्रहरूलाई सशक्त बनाउने प्रयास गरेका छन् कि दयाको पात्रका रूपमा मात्र सीमित गरेका छन् र उपन्यासमा अपाङ्गता भएका पात्रहरूको प्रयोग किन गरेका छन् अर्थात् कुन प्रयोजनका लागि अपाङ्गता भएका पात्रहरूलाई छनोट गरेका छन् भन्ने जस्ता प्रश्नहरूको जवाफ खोज्नु उपयुक्त हुन्छ । यहाँ *लङ्गडाको साथी* उपन्यासमा अभिव्यक्त अपाङ्गताप्रतिको लेखकीय विचारधारा बुझ्न सघाउने केही साक्ष्यहरू प्रस्तुत गरिएको छ । उपन्यासकार लेख्छन्- 'संसारमा ऊ त एउटा विकृत अङ्ग भएको प्राणी न थियो । त्यसैले मानव संसारभित्र भए पनि समाज विहीन थियो (पृ. २२) ।' यस प्रसङ्गमा लेखकले लङ्गडालाई 'विकृत अङ्ग भएको निर्बल प्राणी' को संज्ञा दिएका छन् । यसबाट लेखकको अपाङ्गतालाई हेर्ने दृष्टिकोण झल्किन्छ । प्रस्तुत उपन्यासमा लेखकले लङ्गडा जस्तो अपाङ्ग पात्रलाई केवल दयाको पात्रका रूपमा देखाउनका लागि र पाठकहरूमा करुणा भाव जगाउनका लागि प्रयोग गरेको देखिन्छ । अर्को प्रसङ्गमा उपन्यासकार लेख्छन्- 'बाँच्नका लागि तिनीहरूले लङ्गडाजस्तो हीन भएर दिनमा पनि, रातमा पनि सङ्घर्ष गर्नु पर्दैनथ्यो ( पृ. ५३) ।' यस साक्ष्यले के कुरा बताउँछ भने लेखकले अपाङ्गता भएका पात्रहरू बाँच्नकै लागि सङ्घर्ष गर्नुपर्ने दीन हिन व्यक्तिहरू हुन् भन्ने परम्परागत मान्यतालाई समर्थन गरेका छन् । लेखकले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रयोग गर्ने शब्दहरू पनि साह्रै अपमानजनक छन् । ६९ पेजको पुस्तकमा सयौं ठाउँमा 'लङ्गडो' शब्द प्रयोग भएको छ । यसका अतिरिक्त कुँजे, माग्ने, सुकिसेका पाँसुला, बबुरा, निःसहाय, निर्बल मानव, पङ्गु, हतभागी प्राणी, खोरन्डो, अन्धा, लुला, पुड्को मान्छे जस्ता अपमानजनक शब्दहरू अअत्यधिक प्रयोग भएका छन् । यसका साथै लङ्गडालाई भुइँ भालु, टोक्ने कुकुर जस्ता जनावरहरूको बिम्ब दिइएको छ । र अपाङ्गता भएको पात्र लङ्गडाले आफ्नो कथा आफै सुनाएको छैन । उसको कथा अरू कसै भनिदिएको छ । यसबाट लङ्गडालाई केवल निमुखो एवम् असहाय व्यक्तिका रूपमा चित्रण गर्ने लेखकीय उद्देश्य स्पष्ट हुन्छ । यी सबै

कुराहरूलाई हेर्दा अपाङ्गताप्रतिको लेखकीय विचारधारा साह्रै पुरातनवादी एवम् अपाङ्गताको नैतिक मोडलबाट अभिप्रेरित देखिन्छ । अपाङ्गताप्रति लेखकीय विचारधारा परम्परागत एवम् नैतिक मोडलमा आधारित छ भन्ने कुरालाई निम्नलिखित बुँदाहरूले थप पुष्टि गर्छन्-

(क) अपाङ्गता भएका पात्रलाई प्रमुख पात्रको भूमिका प्रदान गरे तापनि उसलाई दयाको पात्रका रूपमा देखाउनु

(ख) अपाङ्गता भएका पात्रलाई नाम, ठेगाना, जात, धर्म, भाषा केही नभएको पहिचानविहीन व्यक्तिका रूपमा प्रस्तुत गर्नु

(ग) अपाङ्गता भएका व्यक्तिहरूलाई होच्याउने तथा अपमान गर्ने शब्दहरूको अत्यधिक प्रयोग गर्नु

(घ) अपाङ्गता भएका पात्रहरूलाई सशक्तीकरण गर्न नभई पाठकहरूमा दया एवम् करुणाभाव जाग्रित गर्ने उद्देश्यले प्रयोग गर्नु ।

यति हुँदाहुँदै पनि प्रेमरसले भरिएका उपन्यासहरूले बजार तताइरहेको तत्कालीन समयमा एउटा लङ्गडोलाई केन्द्रमा राखेर उपन्यास लेख्नु अपाङ्गता अध्ययनका दृष्टिले निकै महत्त्वपूर्ण काम हो । अपाङ्गता भएका पात्रहरुको प्रयोग गरी उपन्यास लेख्ने परम्परालाई विकसित गर्नमा लङ्गडाको साथी उपन्यासको ऐतिहासिक महत्त्व छ ।

## ५.२ *ह्वाइट केन* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा

*ह्वाइट केन* उपन्यासकी लेखक मनिषा गौचनले अपाङ्गतालाई हेर्ने परम्परागत अर्थात् नैतिक मोडलमा आधारित दृष्टिकोणलाई चुनौती दिँदै अपाङ्गताको सामाजिक तथा सांस्कृतिक मोडलमा आधारित दृष्टिकोणलाई समर्थन गर्दै सशक्त उपन्यासको सिर्जना गरेकी छन् । उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण कस्तो छ भन्ने कुरा बुझ्नका लागि लेखकले अपाङ्गता भएका पात्रहरूलाई कस्तो भूमिका दिएको छ ? उपन्यासमा ती पात्रहरूको सामाजिक-सांस्कृतिक अवस्था कस्तो छ ? उनीहरूले आफ्नो कथा आफू स्वयंले भन्न सक्छन् कि अरू कोही मार्फत् भन्न लगाइएको छ ? र त्यस्ता पात्रहरूको प्रयोग किन गरिएको छ ? भन्ने जस्ता प्रश्नहरूको उत्तर खोज्नु उपयुक्त हुन्छ । *ह्वाइट केन* उपन्यासको नामकरण र पुस्तकको आवरणमा राखिएको चित्रले समेत लेखकको अपाङ्गताप्रतिको दृष्टिकोणलाई छर्लङ्ग बनाएको छ । पुस्तकको नाम *ह्वाइट केन* राखिनुले अपाङ्गताप्रतिको

लेखकीय दृष्टिकोण सामाजिक मोडलमा आधारित देखिन्छ किनभने अपाङ्गताको सामाजिक मोडलले अपाङ्गताको कारण व्यक्तिगत भन्दा पनि सामाजिक संरचना हो भन्ने मान्यता राख्दछ । ह्वाइट केन अर्थात् सेतो छडीले अपाङ्गमैत्री संरचनातर्फ सङ्केत गर्छ । त्यसैगरी उपन्यासको आवरणमा रहेको चित्र जसमा एउटा मानिसको मुखाकृति छ । जसमा आँखा हुनुपर्ने ठाउँमा खाली छ भने अन्यत्र जतातत‍ै आँखैआँखा छन् । यस चित्रले दृष्टिविहीन पात्रहरू भौतिक आँखा नभए पनि उनीहरू संसारका सारा भावहरू बुझ्न समर्थ छन् भन्ने कुरालाई सङ्केत गरेको छ । यसरी पुस्तकको नाम र आवरणमा अङ्कित चित्रबाटै पनि अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण बुझ्न सहज हुन्छ ।

प्रस्तुत उपन्यासमा भास्वत नामक दृष्टिविहीन पात्रलाई प्रमुख पात्रको भूमिका दिइएको छ । ऊ स्वयम् आफ्नो कथा भनिरहेको छ । उपन्यासमा अपाङ्गता भएका पात्रहरूलाई यस अघिका उपन्यासहरूमाझैं दया र करुणा भाव जागृत गर्न नभई अपाङ्गहरू पनि अवसर पाएमा सशक्त व्यक्ति बन्न सक्छन् भन्ने विचार स्थापित गर्ने उद्देश्यले प्रयोग गरिएको देखिन्छ । यहाँ अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण बुझ्न सघाउने केही साक्ष्यहरूको विश्लेषण गरिएको छ ।

उपन्यासमा जुनो र भास्वत खाजा खान जावलाखेल स्थित नाङ्लो बेकरी क्याफेमा गएको प्रसङ्ग छ । जुनोले खाजा अर्डर गर्दै गर्दाको एउटा सन्दर्भ यस्तो छ- जुनोले आवाजसहित टेबलको सतह हल्लिने गरी खानाको परिकार लेखिदिइन्- वन कफी एक्सप्रेसो, एनोदर वन कफी क्यापासिनो, वन कस्मिरी नान र अर्को एउटा पिज्जा । आवाज मेरा लागि थियो र अक्षर बहिरा वेट्रेसका लागि (पृ. ५२) । यस प्रसङ्गले के कुरा स्पष्ट पार्छ भने लेखकले अपाङ्ग भएका पात्रहरूप्रति निकै सम्मान र सहानुभूति राख्छिन् । एकातिर बहिरा व्यक्तिहरू पनि क्याफेमा वेट्रेसका रूपमा काम गर्न सक्छन् भन्ने यथार्थलाई प्रकाशमा ल्याउन खोजिएको छ भने अर्कोतर्फ जुनोले दुबैजना अपाङ्ग पात्रहरूलाई सहज हुने गरी व्यवहार गरको देखाउनुबाट अपाङ्गताप्रतिको लेखकीय उदारताका झल्किन्छ ।

*ह्वाइट केन* उपन्यासकी लेखक मनिषा गौचनमा अपाङ्गतालाई हेर्ने परम्परागत दृष्टिकोणलाई चुनौती दिँदै नयाँ दृष्टिकोण निर्माणको चाहना देखिन्छ । जसलाई पुष्टि गर्ने केही आधारहरू यसप्रकार छन्-

(क) अपाङ्गता भएका पात्रलाई प्रमुख पात्रको भूमिकामा उभ्याउनु,

(ख) अपाङ्गता भएका पात्रलाई पाठकहरूमा दया वा करुणा भाव जागृत गर्न नभई अवसर पाएको खण्डमा अपाङ्ग पात्रहरूले पनि सानदार जीवन जिउन सक्छन् र उनीहरुले पनि परिवार, समाज र राष्ट्रका लागि महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने विचार स्थापित गर्ने उद्देश्यले प्रयोग गर्नु,

(ग) एउटी साङ्ग केटीले अपाङ्ग केटालाई आफ्नो प्रेमीको रूपमा स्वीकार गरी हरेक सुख-दुःखमा साथ दिएको देखाउनु,

(घ) अपाङ्गहरूप्रति समाजले गर्ने विभेदपूर्ण व्यवहारको प्रतिरोधमा अपाङ्ग पात्र स्वयम् मात्र नभई उसका साङ्ग साथीहरू समेत उत्रेको देखाउनु,

(ङ) एउटा अपाङ्ग पात्रले देशको व्यवस्था परिवर्तनका लागि हुने राजनीतिक आन्दोलनहरूमा समेत सक्रिय सहभागिता जनाएको देखाउनु,

(च) साङ्ग पात्रहरू निराश भएको बेलामा भास्वतले हौसला दिएको देखाउनु र उनीहरूलाई अप्ठ्यारो पर्दा आर्थिक सहयोग समेत गरेको देखाउनु,

(छ) चलचित्र, साहित्य र मिडियामा खासै स्थान नदिइने अपाङ्ग पात्रहरूको यौन जीवनलाई समेत प्रकाशमा ल्याउनु,

(ज) अपाङ्गता भएका पात्रहरूलाई दया वा घृणाको पात्र नबनाई उनीहरूले सशक्त एवम् लोभलाग्दो जीवन जिएको देखाउनु ।

यति हुँदा हुँदै पनि बामोलीजस्ता अपाङ्ग पात्रहरूले पनि उपन्यासमा स्थान पाएका छन्, जसले अधिकांशतः आफूलाई अभागी ठान्छन् । बामोलीजस्ता पात्रहरूको प्रयोग गर्नुका पछाडि लेखकको विशेष उद्देश्य देखिन्छ । सामान्य मानिसहरूलाई मात्र ध्यान दिएर निर्माण गरिएका हाम्रा सामाजिक संरचनाका कारण दुःख पाएका अपाङ्गहरूको कथा त एकातिर छँदै छ त्यसैमाथि पितृसत्तात्मक समाज व्यवस्थामा अपाङ्ग महिलाहरूले दोहोरो उत्पीडन भोग्नु परेको यथार्थलाई प्रस्तुत गर्नका लागि लेखकले बामोली जस्ता पात्रहरूलाई उपन्यासमा विशेष स्थान दिएको देखिन्छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने *ह्वाइट केन* उपन्यासकी लेखकको अपाङ्गताप्रतिको दृष्टिकोण परम्परागत (नैतिक मोडलमा आधारित) दृष्टिकोणलाई चुनौती दिने सामाजिक तथा सांस्कृतिक मोडलमा आधारित छ । बामोलीले सर्जरी गरेर आफू पुरानै

अवस्थामा फर्किन चाहेको प्रसङ्गले अपाङ्गताको चिकित्सा मोडलमा आधारित दृष्टिकोण समेत लेखकमा सूक्ष्म रूपमा रहेको देखिन्छ ।

## ५.३ *सञ्जीवनी* उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण

सञ्जीवनी उपन्यासकी लेखक कल्पना श्रेष्ठ कल्पपुञ्जले आफू जन्मे हुर्केकै परिवेशलाई आधार बनाएर प्रस्तुत उपन्यास तयार पारेकी छन् । उपन्यासमा प्रमुख पात्रको भूमिकामा रहेकी पूजा बोल्न नसक्ने अर्थात् बोली सम्बन्धी अपाङ्गता भएकी केटी हो । कुनै पनि कृतिमा अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण वा विचारधारा कस्तो छ भन्ने कुरा बुझ्नका लागि उपन्यासकारले अपाङ्ग पात्रलाई कस्तो भूमिका दिएको छ ? त्यस्ता पात्रहरूको सामाजिक सांस्कृतिक र आर्थिक अवस्था के कस्तो छ र त्यस्ता पात्रहरूलाई उपन्यासमा किन अर्थात् कुन प्रयोजनका लागि प्रयोग गरिएको छ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ ।

साहित्यिक कृति, चलचित्र र मिडियामा प्रायः अपाङ्गता भएका पात्रहरूलाई पाठक वा दर्शकहरूमा करुणा वा दया भाव जागृत गर्न वा क्षणिक मनोरञ्जनका लागि प्रयोग गरिएको पाइन्छ । अपाङ्ग पात्रहरूलाई कसरी र किन प्रयोग गरिएको छ भन्ने आधारमा पनि अपाङ्गताप्रतिको लेखकीय विचारधारा बुझ्न सहज हुन्छ ।

*सञ्जीवनी* उपन्यासमा लेखकले अपाङ्गता भएकी स्त्री पात्र पूजालाई केन्द्रीय भूमिकामा राखेकी छन् । अपाङ्ग महिलालाई प्रमुखको भूमिका दिनु कुनै संयोग नभई लेखकको विशेष उद्देश्य देखिन्छ । पूजाको कथामार्फत् लेखकले नेपाली समाजमा अपाङ्ग पुरुषको तुलनामा अपाङ्ग महिलाको अवस्था दयनीय छ भन्ने तथ्यलाई पुष्टि गर्न चाहेको देखिन्छ । उपन्यासकार श्रेष्ठले रोजेको प्रमुख पात्र पूजा बाल्यकालदेखि नै अवहेलना, दवाव र तनावपूर्ण वातावरणमा हुर्केकी छ । उसले आफूमाथि गरिएका हिंसाहरूको प्रतिरोध गर्दै आफूलाई पढाइमा पनि अब्बल तुल्याएकी छ तर उमेर बढ्दै जाँदा प्रमेशको झुठो प्रेममा परेर विवाह समेत गरेकी पूजा पटकपटक आफ्नै लोग्ने र उसको साथीबाट समेत बलात्कृत भएकी छ । जागिर खोज्ने सिलसिलामा पुरुषहरूबाट अनेकौँ हिंसा भोगेकी छ । यति हुँदाहुँदै पनि आफूलाई सम्हाल्दै अघि बढेकी पूजाले अन्ततः आफ्नो पति प्रमेशसँग सम्बन्ध विच्छेद गरेर नयाँ जीवन सुरु गरेकी छ ।

यी सबै कुरा देखाउँदै गर्दा लेखकलाई एउटा ठूलो चुनौती छ त्यो के भने उपन्यासको कथा अस्वाभाविक र यथार्थभन्दा धेरै टाढा पनि हुनु भएन र पूजा जस्ता पात्रहरूलाई अब्बल देखाउनु पनि पऱ्यो । समग्रमा पूजाजस्ता अपाङ्ग महिला पात्रको प्रयोग अपाङ्गताप्रति दयाभाव जागृत गर्ने उद्देश्यका लागि भन्दा पनि अपाङ्गहरूको जीवनका तीता यथार्थलाई प्रकाशमा ल्याउनु र अवसर पाएमा अपाङ्ग पात्रहरूले पनि राम्रो गर्न सक्छन् भन्ने देखाउनु रहेको देखिन्छ । तर पूजा कसैबाट अवसर पाएर भन्दा पनि आफै भिडेर अगाडि बढेकी छ । यति धेरै सङ्घर्षका बावजुद पनि पूजाको जीवन सुखमय बन्न सकेको छैन तर अन्त्यमा प्रमेशसँगको सम्बन्ध विच्छेदपछि उसको नयाँ र सन्तोषपूर्ण जीवनको सङ्केत गरिएको छ । यहाँ अपाङ्गप्रतिको लेखकीय दृष्टिकोण बुझ्न सघाउने केही साक्ष्यहरू प्रस्तुत गरिएको छ । काठमाडौँमा पढ्ने क्रममा पूजाले बानेश्वरस्थित क्याफेमा काम गर्ने अवसर पाउँछे । यसै प्रसङ्गमा ऊ भन्छे- मैले बानेश्वरको बी बेकरी क्याफेमा काम पाएँ । मेरो काम प्रायः कम्प्युटरमै हुन्थ्यो । ...त्यहाँ मजस्तै फरक क्षमताका व्यक्तिलाई काम दिइएको थियो (पृ. १७३) । पूजाको यस भनाइमा अपाङ्गतालाई बुझाउने सम्मानित शब्द 'फरक क्षमता भएका व्यक्ति' प्रयोग गर्नु र अपाङ्ग पात्रहरूलाई काम गर्ने अवसर दिएर क्याफे चलाएको देखाउनुले अपाङ्गता र अपाङ्ग पात्रहरूप्रतिको लेखकीय सम्मान भाव पनि अभिव्यक्त भएको छ । उपन्यासको अन्त्यतिर उत्तरकथन शीर्षकको लेखमा प्रमेशसँगको सम्बन्ध विच्छेदपछि पूजाको जीवनमा आशाका किरणहरू देखिन थालेका छन् । छोरी सञ्जीवनीको जन्मले उसको बाँच्ने इच्छाशक्ति झन् प्रबल बन्दै गएको छ । यसै सन्दर्भमा पूजा भन्छे-

> यतिका वर्ष मैले आफ्ना सारा रसरङ्ग र खुसी गुमाएर पनि एउटा खुसी अँगालिरहेकी छु । ...सञ्जीवनी बोल्न सक्ने भएकी छे । प्रमेशले भनेजस्तो बोली हराएको छैन सञ्जीवनीको । ऊ मभन्दा सग्ली र राम्री छे । ...जिन्दगी खुब रमाइलो लाग्न थालेको छ । सञ्जीवनीप्रतिको वात्सल्यले पनि मलाई जिउनुमा सुगन्ध थपिदियो (पृ. २०५) ।

यसरी एउटा कामुक पुरुषको चङ्गुलमा फसेर मरणासन्न अवस्थामा पुगेकी पूजाको जीवनमा आशाका किरणहरू उदाएको देखाएर लेखकले अपाङ्गता र अपाङ्गता भएका पात्रहरूप्रति सकारात्मक एवम् आशावादी दृष्टिकोण प्रस्तुत गरेकी छन् । पूजाले आफूमाथि भएका अन्यायका विरुद्ध सधैँ प्रतिरोध गरेको देखाउनु पनि निकै अर्थपूर्ण छ । अन्तिममा

पूजाले भनेकी छ- प्रमेशजस्ता गतिछाडा पुरुषलाई समाज र कानूनको कठघरामा उभ्याउन समय लाग्दो रहेछ (पृ. २०५) । यहाँनिर पूजा लेखकको मुखपात्र भएर उभिएकी छ । जसले लेखकको विचारधारालाई स्पष्टसँग प्रस्तुत गरेकी छ । उपन्यासको अन्तिममा पूजाद्वारा अभिव्यक्त एउटा अर्को कथन अपाङ्गताप्रतिको लेखकीय अभिमत बुझ्न निकै उपयोगी देखिन्छ । पूजा भन्छे-

> पछिल्लोपटक पुनः रोहितबाटै थाहा पाएँ- प्रमेश त एडिक भएछ । उसको विषालु मनस्थितिलाई साथीहरूले पनि सम्हाल्न सक्ने भएनन् । उसको जिम्मा लिने अब कोही भएनछ । र, नेपालमै पठाइदिएछन् ! विदेशबाट फर्किंदा फर्किंदै उसलाई एयरपोर्टबाटै प्रहरीले गिरफ्तार गरेर हिरासतमा लिएछ । मन हलुङ्गो भयो । ढिलै भएपनि प्रमेशले आफ्नो कर्तुतको फल भोग्ने भयो भनेर मनमा सन्तुष्टिले डेरा जमायो (पृ.२०८) ।

पूजाको यस अभिव्यक्तिबाट अपाङ्गता भएका महिलाहरूमाथि ज्याजती गर्ने र उनीहरूको जीवननै तहसनहस पारिदिने दुष्ट पुरुषहरूले अन्ततः समय र कानुन दुबैबाट दुष्कर्मको सजाय भोग्नुपर्छ भन्ने विचार अभिव्यक्त गरिएको छ ।

माथिको छलफलबाट के निष्कर्षमा पुगिन्छ भने सञ्जीवनी उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा सकारात्मक एवम् आशावादी रहेको छ । जसलाई पुष्टि गर्ने प्रमुख आधारहरू यसप्रकार छन् :

(क) अपाङ्गता भएकी केटीलाई प्रमुख पात्रको भूमिका प्रदान गर्नु,

(ख) अपाङ्गता भएका पात्रहरूलाई पाठकमा दया र करुणा भाव जागृत गर्न नभई दृढ इच्छाशक्ति भएमा अपाङ्गता भएका व्यक्तिहरूले पनि समाजले सृजना गरेका अवरोधहरूसँग पैंठेजोरी खेल्दै अगाडि बढ्न सक्छन् भन्ने विचार स्थापित गर्नका लागि प्रयोग गर्नु,

(ग) अपाङ्गता भएकी पात्र पूजालाई हदैसम्म यातना दिने दुष्ट चरित्र प्रमेशको अन्ततः पतन भएको देखाउनु,

(घ) उपन्यासको अन्त्यमा प्रमेशसँगको सम्बन्ध विच्छेद गरेर छोरी सञ्जीवनीसँग रमाउँदै आफूले बाल्यकालदेखि नै सञ्चालन गर्न चाहेको बालगृह सञ्चालन गरेर खुसी साथ बस्दै गरेको देखाउनु ।

## ५.४ निष्कर्ष

*लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासको सूक्ष्म अध्ययन एवम् विश्लेषणबाट के निष्कर्षमा पुगिन्छ भने अपाङ्गतालाई हेर्ने सामाजिक दृष्टिकोणमा आएको परिवर्तनसँगै लेखकीय दृष्टिकोणमा पनि परिवर्तन हुँदै गएको छ । २००८ साल आसपासको दार्जिलिङको परिवेशमा आधारित *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गता भएको पात्र लङ्गडोलाई प्रमुख पात्रको भूमिका दिए तापनि उसलाई केवल दयाको पात्रका रूपमा चित्रण गर्नु, लङ्गडाले आवाज भएर पनि आफ्नो कथा आफै सुनाउन नसक्नु, अत्यधिक मात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई अपमान गर्ने खालका शब्दहरू प्रयोग गर्नु र अपाङ्गहरू दयाका पात्र हुन्, उनीहरूलाई सक्दो दया गर्नुपर्छ भन्ने परम्परागत विश्वासलाई बल पुग्ने गरी उपन्यास तयार पार्नुले लेखक लैनसिंह बाङदेलमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण नैतिक मोडलमा आधारित रहेको पुष्टि हुन्छ ।

२०५० देखि २०७० को दशकको कालिक परिवेशमा आधारित भई लेखिएको *ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासमा भने अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण सकारात्मक एवम् व्यापक देखिन्छ । सिस्नोको झाडीमा भेटिएको दृष्टिविहीन बालक भास्वत भविष्यमा गएर एउटा अब्बल व्यक्ति बनेको देखाउनु, अपाङ्गहरूप्रति सम्मानपूर्ण भाषाको प्रयोग गर्नु, अपाङ्गता भएका पात्रलाई पाठकमा करुणा भाव जागृत गर्न नभई अवसर पाएमा अपाङ्गहरूले पनि परिवार, समाज र राष्ट्रलाई महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने भाष्य निर्माणका लागि प्रयोग गर्नुले *ह्वाइट केन* उपन्यासकी लेखक मनिषा गौचनमा मूलतः अपाङ्गताको नैतिक मोडललाई चुनौती दिने सामाजिक तथा सांस्कृतिक मोडलमा आधारित दृष्टिकोण र अंशतः चिकित्सा मोडलमा आधारित दृष्टिकोण रहेको पाइन्छ । त्यसैगरी *सञ्जीवनी* उपन्यासकी लेखक कल्पना श्रेष्ठ कल्पपुञ्जमा पनि अपाङ्गता र अपाङ्गता भएका पात्रहरूप्रति सकारात्मक एवम् आशावादी दृष्टिकोण रहेको पाइन्छ ।

यसरी हेर्दा अपाङ्गतालाई हेर्ने सामाजिक दृष्टिकोणमा आएको परिवर्तन सँगसँगै लेखकहरूमा पनि अपाङ्गताप्रतिको दृष्टिकोण परिवर्तन हुँदै जान्छ भन्ने कुरालाई यस अध्ययनले पुष्टि गर्छ ।

# छैठौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ परिच्छेदगत सारांश

*आधुनिक नेपाली उपन्यासमा अपाङ्गता* शीर्षकको प्रस्तुत शोध कार्यलाई छवटा परिच्छेदहरूमा व्यवस्थित गरिएको छ । परिच्छेद एक सुरु हुनुभन्दा अघि मुखपृष्ठ, विषयसूची, शोध निर्देशकको सिफारिस, स्वीकृति पत्र, प्रतिबद्धता पत्र, प्रतिलिपी अधिकार, कृतज्ञता ज्ञापन र शोध सार राखिएको छ र अन्त्यमा शोध कार्यमा प्रयोग गरिएका नेपाली र अङ्ग्रेजी माध्यमका सन्दर्भ सामग्रीहरूको सूची वर्णानुक्रममा राखिएको छ ।

प्रस्तुत शोध प्रबन्धमा रहेको 'शोध परिचय' शीर्षकको पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि उल्लेख गर्दै समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोध प्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोध समस्या अन्तर्गत शोध कार्यको मुख्य समस्याको एकीकृत समाधान पहिल्याउनका लागि आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई कसरी प्रस्तुत गरिएको छ ? अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण कस्तो छ र अपाङ्गताप्रतिको लेखकीय विचारधारा कस्तो छ ? भन्ने तीनवटा शोध प्रश्नहरू राखिएको छ । अध्ययनको उद्देश्य अन्तर्गत आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाको समीक्षा गर्नु, अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण विश्लेषण गर्नु र अपाङ्गताप्रतिको लेखकीय अभिव्यक्तिको मूल्याङ्कन गर्नुलाई राखिएको छ ।

पूर्वकार्यको समीक्षा अन्तर्गत हालसम्म भएका अपाङ्गता सम्बद्ध १२ वटा पूर्वकार्यहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । जस अन्तर्गत इन्द्रबहादुर राईको *नेपाली उपन्यासका आधारहरू* (२०३१), कृष्णहरि बराल र नेत्र एटमको *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (२०५६), रमेशप्रसाद भट्टराईको *अपाङ्गता अध्ययन* (२०६३/६४), सञ्जीव उप्रेतीको *सिद्धान्तका कुरा* (२०६८), राजेन्द्र सुवेदीको *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* (२०७३), निमग्ना घिमिरेको *समकालीन नेपाली उपन्यासमा अपाङ्गता* (२०७८), तुलसी आचार्यको *सेक्स, जेन्डर एण्ड डिसाबिलिटी इन नेपाल* (सन् २०११), जीवलाल बस्यालको *फरक क्षमताको अध्ययनका दृष्टिले लङ्गडाको*

*साथी उपन्यास* (सन् २०१९), बिन्दु शर्माको *धृतराष्ट्र खण्डकाव्यमा अपाङ्गता* (२०७५), रजनी ढकालको *नेपाली कथामा अपाङ्ग शरीरमाथिको राजनीति* (सन् २०२४), दुर्गाबहादुर घर्तीको *सांस्कृतिक अध्ययन* (२०८१) र अमृतादेवी शर्माको *जीवन काँडा कि फूलमा अपाङ्गता चेतना* (२०८१) शीर्षकका लेख तथा कृतिहरूको अध्ययन तथा मूल्याङ्कन गरिएको छ । यीमध्ये रमेशप्रसाद भट्टराई, सञ्जीव उप्रेती र दुर्गाबहादुर घर्तीका लेखहरू अपाङ्गता अध्ययनको सैद्धान्तिक पक्षमा आधारित भएको र बाँकी सबै कृति तथा लेखहरू अपाङ्गता अध्ययनको प्रयोगात्मक पक्ष अर्थात् कृति विश्लेषणसँग सम्बन्धित भएको निष्कर्ष प्रस्तुत गरिएको छ । साथै माथि उल्लिखित कृति तथा लेखहरूको अध्ययनबाट अपाङ्गतालाई हेर्ने दृष्टिकोणका लागि अपाङ्गताका नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक मोडलहरूलाई उपयोग गर्न सकिने र कृति विश्लेषणका लागि सांस्कृतिक अध्ययनका विद्वान्हरू एन्टोनियो ग्राम्ची, स्टुआर्ट हल लगायतले प्रस्तुत गरेका पहिचान, प्रतिनिधित्व र प्रतिरोधको अवधारणाका साथै अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण र अपाङ्गताप्रतिको लेखकीय विचारधारालाई कृति विश्लेषणका उपकरणहरूको रूपमा लिन सकिने निष्कर्ष निकालिएको छ ।

शोधकार्यको औचित्यअन्तर्गत नेपाली उपन्यासमा अपाङ्गताको बारेमा हालसम्म गरिएका टीकाटिप्पणी र अनुसन्धानमूलक लेखहरू अपर्याप्त रहेकाले अपाङ्गता अध्ययनको सैद्धान्तिक आधारमा टेकेर अपाङ्गता भएका पात्रहरूलाई प्रमुख पात्र बनाएर लेखिएका उपन्यासहरूको अध्ययनमा केन्द्रित भएकाले यो अनुसन्धान औचित्यपूर्ण रहेको स्पष्ट पारिएको छ । शोधको सीमाङ्कन अन्तर्गत अपाङ्गता सम्बद्ध उपन्यासहरूको सर्वेक्षण पश्चात् तीनवटा उपन्यासमा मात्र केन्द्रित हुनु, त्यसमा पनि शारीरिक अपाङ्गतालाई मात्र अध्ययनको केन्द्रमा राख्नु र अपाङ्गताका प्रमुख चारवटा मोडलमा मात्र केन्द्रित हुनुलाई अध्ययनको सीमाङ्कनका रूपमा प्रस्तुत गरिएको छ ।

शोध विधि अन्तर्गत प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू के कसरी सङ्कलन गरिएको छ र प्राप्त (सङ्कलित) सामग्रीहरूको विश्लेषण कसरी गरिएको छ भन्ने कुरा उल्लेख गरिएको छ । अध्यायको अन्तिममा शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । जसअन्तर्गत पहिलो परिच्छेदमा शोध परिचय, दोस्रोमा सैद्धान्तिक अवधारणा र कृतिविश्लेषणको ढाँचा, तेस्रोमा आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान,

प्रतिनिधित्व र प्रतिरोध, चौथोमा आधुनिक नेपाली उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण, पाँचौंमा आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा र छैटौँ परिच्छेदमा परिच्छेदगत सारांश र समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा रहेको 'सैद्धान्तिक आधार र कृति विश्लेषणको ढाँचा' शीर्षकको दोस्रो परिच्छेदमा सैद्धान्तिक अवधारणा र कृति विश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । यस परिच्छेदको सुरुमा अपाङ्गताको अर्थ प्रस्तुत गरी अपाङ्गता अध्ययनको पृष्ठभूमि उल्लेख गर्दै अपाङ्गताका प्रमुख चारवटा मोडलहरूको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गरिएको छ । तीमध्ये अपाङ्गताका नैतिक, चिकित्सा, सामाजिक र सांस्कृतिक मोडलको सङ्क्षेपमा चर्चा गरिएको छ । जस अन्तर्गत अपाङ्गताको नैतिक मोडलले अपाङ्गतालाई पापको परिणाम वा दैवी परीक्षाको रूपमा हेर्ने, चिकित्सा मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक दोष वा कमजोरीका रूपमा लिँदै अपाङ्गहरूलाई सुधार्नु पर्ने वा ठिक पार्नुपर्ने व्यक्तिको रूपमा लिने, त्यसैगरी सामाजिक मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक कमजोरीभन्दा पनि बहुसङ्ख्यक साङ्ग व्यक्तिहरूलाई लक्षित गरेर बनाइएका भौतिक तथा सामाजिक संरचनालाई अपाङ्गताको कारण मान्दै अपाङ्गमैत्री संरचनाको निर्माण र समावेशीकरणलाई अपाङ्गताको समाधानका रूपमा व्याख्या गर्ने र सांस्कृतिक मोडलले अपाङ्गतालाई व्यक्तिको शारीरिक कमजोरी वा सामाजिक संरचनाको कारण उत्पन्न समस्या नभई सामाजिक र सांस्कृतिक संरचनामा गहिरोसँग जरा गाडेर बसेको विश्वास, मान्यता र सांस्कृतिक अभ्यासलाई अपाङ्गताको कारण मान्ने साथै साहित्य, मिडिया, इतिहास र सामाजिक मान्यताहरूको पुनर्व्याख्या, सिनेमा, साहित्य र मिडियामा अपाङ्गता सम्बन्धी सकारात्मक प्रतिनिधित्व र अपाङ्गता भएका व्यक्तिहरूको पहिचानलाई स्वीकार एवम् सम्मानलाई अपाङ्गता समस्याको समाधानका रूपमा व्याख्या गर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा यी चारवटै मोडल बुझ्न सजिलो हुने गरी तालिकामा समेत प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक अवधारणापछि कृति विश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । जसमा एन्टोनियो ग्राम्ची, स्टुआर्ट हल लगायतका सांस्कृतिक अध्ययनका विद्वान्हरूले अघि सारेका प्रतिनिधित्व, पहिचान र प्रतिरोध सम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै पहिचान,

प्रतिनिधित्व, प्रतिरोध, स्वयंप्रतिको दृष्टिकोण र लेखकीय विचारधारा (दृष्टिकोण) गरी पाँचवटा कृति विश्लेषणका उपकरणहरू प्रस्तुत गरिएको छ । र अन्त्यमा समग्र परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धमा रहेको 'आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध' शीर्षकको तेस्रो परिच्छेदमा सर्वप्रथम आधुनिक नेपाली उपन्यासलाई परिभाषित गर्दै अपाङ्गता सम्बद्ध नेपाली उपन्यासको सर्वेक्षण प्रस्तुत गरिएको छ । तत्पश्चात् प्रस्तुत शोधका लागि छनोट गरिएका प्रमुख तीन उपन्यासका लेखकहरूको सङ्क्षिप्त परिचय र उपन्यासको पृष्ठभूमि उल्लेख गरिएको छ । त्यसपछि *लङ्गडाको साथी, ह्वाइट केन* र *सञ्जीवनी* तीनवटै उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाको विश्लेषण गरिएको छ । कृतिहरूको विश्लेषणबाट लङ्गडाको साथी उपन्यासमा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान केवल माग्नेका रूपमा रहेको र उसमा प्रतिरोध चेतना हुँदाहुँदै पनि प्रतिरोध क्षमता नभएको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी *ह्वाइटकेन* र *सञ्जीवनी* उपन्यासका अपाङ्ग पात्रहरूको सामाजिक आर्थिक हैसियत राम्रो हुँदै गएको र उनीहरूमा आफूहरूलाई समाजले दिएको पहिचानप्रति असन्तुष्टि व्यक्त गर्दै नयाँ पहिचान निर्माणको चाहना देखिन्छ । साथै पछिल्ला दुई उपन्यासहरूमा अपाङ्ग पात्रहरूमा प्रतिरोध चेतना र क्षमता दुबै राम्रो हुँदै गएको निष्कर्ष निकालिएको छ । प्रतिनिधित्वको हिसावले *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको प्रभुत्वशाली ( हेजेमोनिक) प्रतिनिधित्व रहेको र पछिल्ला दुई उपन्यासहरूमा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व रहेको निष्कर्ष निकालिएको छ । समग्रमा समयसँगै नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना राम्रो हुँदै गएको यस परिच्छेदको निष्कर्ष छ ।

प्रस्तुत शोध प्रबन्धमा रहेको 'आधुनिक नेपाली उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण' शीर्षकको चौथो परिच्छेदमा तीनवटै उपन्यासहरूबाट साक्ष्यहरू लिई तिनीहरूको विश्लेषण गरिएको छ । साक्ष्यहरूको विश्लेषणबाट *लङ्गडाको साथी* उपन्यासमा अपाङ्ग पात्र लङ्गडाको आफू स्वयंप्रतिको दृष्टिकोण नकारात्मक एवम् हीनताग्रस्त देखिन्छ जुन अपाङ्गतालाई हेर्ने नैतिक मोडलमा आधारित छ साथै *ह्वाइट केन* उपन्यासको प्रमुख पात्र भास्वतमा आफू स्वयंलाई हेर्ने दृष्टिकोण अत्यन्तै सकारात्मक छ भने सोही उपन्यासकी

अर्की अपाङ्ग स्त्री पात्र बामोलीमा भने आफू स्वयंप्रतिको दृष्टिकोण नकारात्मक देखिन्छ साथै सञ्जीवनी उपन्यासकी प्रमुख पात्र पूजामा आफू स्वयंलाई हेर्ने दृष्टिकोण बढ्दो उमेर र प्राप्त अवसरहरूसँगै परिवर्तन हुँदै गएको देखिन्छ । अतः अपाङ्गहरूले परिवार, समाज र राज्यबाट प्राप्त अवसरसापेक्ष रूपमा उनीहरूको आफू स्वयंप्रतिको दृष्टिकोण परिवर्तन हुँदै जान्छ साथै अपाङ्ग पुरुषको तुलनामा अपाङ्ग महिला पात्रहरूमा आफू स्वयंलाई हेर्ने दृष्टिकोण तुलनात्मक रूपमा कमजोर एवम् नकारात्मक देखिन्छ जसको कारण पितृसत्तात्मक समाज व्यवस्था पनि हो भन्ने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोध प्रबन्धमा रहेको 'आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा' शीर्षकको पाँचौं परिच्छेदमा तीनवटै उपन्यासबाट लेखकीय दृष्टिकोण झल्किने साक्ष्यहरू लिई तिनीहरूको विश्लेषण गरिएको छ । लेखकीय विचारधाराको विश्लेषणका क्रममा उपन्यासकारले अपाङ्गता भएका पात्रहरूलाई कस्तो भूमिका दिएका छन् ? पात्रहरूको सामाजिक-सांस्कृतिक र आर्थिक हैसियत कस्तो देखाइएको छ, उपन्यासमा अपाङ्ग पात्रहरूको प्रयोग किन गरिएको छ भन्ने जस्ता पक्षहरूको आधारमा विश्लेषण गरिएको छ । साथै पुस्तकको नामाङ्कन तथा आवरणलाई समेत लेखकीय दृष्टिकोण बुझ्न सघाउने उपकरणका रूपमा व्याख्या गरिएको छ । समग्रमा अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा आएको परिवर्तन एवम् अपाङ्गहरूको सामाजिक हैसियतमा आएको सुधारसँगै लेखकहरूमा पनि अपाङ्तताप्रतिको दृष्टिकोण परिवर्तन हुँदै जाने निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धमा रहेको 'सारांश र निष्कर्ष' शीर्षकको छैठौं परिच्छेदमा अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश अन्तर्गत प्रत्येक परिच्छेदहरूमा कुन कुन विषयहरू समावेश गरिएको छ भनी उल्लेख गरिएको छ भने निष्कर्ष अन्तर्गत शोधबाट प्राप्त समग्र निष्कर्ष प्रस्तुत गरिएको छ । र अन्त्यमा भावी अध्ययनका लागि सुझाव र सन्दर्भ सामग्री सूची समावेश गरिएको छ ।

## ६.२ निष्कर्ष

आधुनिक नेपाली उपन्यासमा प्रयुक्त अपाङ्गताको अध्ययनबाट प्रस्तुत शोधकार्यको परिचय खण्डमा प्रस्तुत गरिएका समस्यासँग सम्बद्ध तीनवटा शोधप्रश्नका समाधानस्वरूप प्राप्त निष्कर्षलाई शोधप्रश्नको क्रमअनुसार तल प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा उठाइएको पहिलो प्रश्न 'आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई कसरी प्रस्तुत गरिएको छ ?' भन्ने हो र यससम्बन्धी सामग्रीको विश्लेषणबाट समाधानका रूपमा प्राप्त निष्कर्ष यसप्रकार छ-

(१) आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध सधैँ स्थिर नभई समयसँगै परिवर्तन हुँदै गएको देखिन्छ ।

(२) वि.सं. २००८ सालतिरको कालिक र दार्जिलिङको स्थानिक परिवेशमा आधारित *लङ्गडाको साथी* उपन्यासमा लङ्गडाको पहिचान केवल माग्नेका रूपमा छ । ऊ नाम, थर, जाति, भाषा, धर्म, राष्ट्रियता केही नभएको अर्थात् पहिचानविहीन अवस्थामा छ र उसमा नयाँ पहिचान निर्माणको चाहना पनि देखिँदैन तर २०५० देखि २०७० को दशकको परिवेशमा आधारित भई लेखिएका *ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासका पात्रहरूको पहिचान राम्रो बन्दै गएको छ र उनीहरूमा समाजले दिएको पहिचानलाई चुनौती दिँदै नयाँ पहिचान निर्माणको चाहना तीब्र रूपमा विकास भएको देखिन्छ ।

(३) *लङ्गडाको साथी* उपन्यासमा अपाङ्गताको प्रतिनिधित्व प्रभुत्वशाली छ भने *ह्वाइट केन* र *सञ्जीवनी* उपन्यासमा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व छ । जुन कुरा अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरिएको भाषा र बिम्बबाट पनि स्पष्ट हुन्छ ।

(४) *लङ्गडाको साथी* उपन्यासले अपाङ्गहरू दयाका पात्र हुन् यिनीहरूलाई सक्दो दया र करुणा गर्नुपर्छ भन्ने परम्परागत नैतिक मोडलमा आधारित विचारधाराको समर्थन गरेको छ भने *ह्वाइट केन* उपन्यासले अवसर पाएको खण्डमा अपाङ्गता भएका पात्रहरूले पनि परिवार, समाज र राष्ट्रका लागि महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने अर्थ निर्माण गर्न खोजेको देखिन्छ । यसका अतिरिक्त अपाङ्गता भएका पुरुषहरूको तुलनामा अपाङ्गता भएका महिलाहरूको जीवन बढी कष्टकर छ भन्ने विचारलाई स्थापित गर्न खोजेको देखिन्छ । *सञ्जीवनी* उपन्यासले पनि अपाङ्गता भएका महिलाहरूको जीवन पुरुषहरूको तुलनामा बढी कष्टकर एवम् चुनौतीपूर्ण देखाउँदै

अपाङ्ग महिलाहरूलाई उसको अपाङ्गतालेभन्दा पितृसत्ताले बढी यातना दिन्छ भन्ने विचार निर्माणको उद्देश्य राखेको छ ।

(५) *लङ्गडाको साथी* उपन्यासको प्रमुख पात्रमा प्रतिरोध चेतना हुँदाहुँदै पनि प्रतिरोध क्षमता छैन भने पछिल्ला दुई उपन्यासका प्रमुख पात्रहरूमा प्रतिरोध चेतना र क्षमता दुबै छ र उनीहरू आफूहरूमाथि भएका अन्यायहरूका विरुद्धमा प्रतिरोधमा उत्रिएका पनि छन् । यसबाट के निष्कर्ष प्राप्त हुन्छ भने अपाङ्गता भएका पात्रहरूले राम्रो अवसर प्राप्त गरेमा उनीहरूमा प्रतिरोध चेतना र क्षमता दुबै बढ्छ ।

प्रस्तुत शोधमा उठाइएको दोस्रो प्रश्न 'आधुनिक नेपाली उपन्यासमा अपाङ्गता भएका पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण के कसरी चित्रण गरिएको छ ?' भन्ने हो र यस सम्बन्धी सामग्रीको विश्लेषणबाट समाधानका रूपमा प्राप्त निष्कर्ष यसप्रकार छ-

(१) *लङ्गडाको साथी* उपन्यासको पात्र लङ्गडाले आफूलाई अभागी, निमुखो एवम् हतभागी पात्रका रूपमा हेर्छ भने *ह्वाइट केन* उपन्यासको प्रमुख पात्र भास्वतले आफूलाई एक सक्षम युवाका रूपमा हेर्छ साथै सोही उपन्यासकी अर्की अपाङ्ग पात्र बामोलीमा आफू स्वयंलाई हेर्ने दृष्टिकोण नकारात्मक एवम् हीनताग्रस्त छ । त्यसो हुनुको कारण ऊ महिला हो । पितृसत्तात्मक समाजमा महिलालाई सुन्दरता र बच्चा जन्माउन सक्ने क्षमताका आधारमा मूल्याङ्कन गरिन्छ । त्यसैगरी सञ्जीवनी उपन्यासकी प्रमुख पात्र पूजाको भने समयअनुसार आफूलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । बाल्यकालमा आफूलाई अभागी एवम् कमजोर ठान्ने पूजा बढ्दो उमेरसँगै पढाइ र सामाजिक क्षेत्रमा अब्बल हुँदै गएकी छ र आफू स्वयंप्रतिको दृष्टिकोण सुधार गर्दै लगेकी छ ।

यसबाट के स्पष्ट हुन्छ भने आधुनिक नेपाली उपन्यासका पात्रहरूको स्वदृष्टिकोण सधैँ एउटै छैन । २००८ सालतिर लेखिएको *लङ्गडाको साथी* उपन्यासको पात्रले आफूलाई अभागी ठान्नु र पछि लेखिएका उपन्यासका पात्रहरूले आफूलाई अब्बल ठान्नुले बदलिँदो समयसँगै अपाङ्गता भएका व्यक्तिहरूको स्वयंप्रतिको धारणा पनि परिवर्तन हुँदै जान्छ भन्ने निष्कर्षमा पुगिन्छ ।

प्रस्तुत शोधमा उठाइएको तेस्रो प्रश्न 'आधुनिक नेपाली उपन्यासमा अपाङ्गताप्रतिको लेखकीय विचारधारा कसरी अभिव्यक्त भएको छ ?' भन्ने हो र यस सम्बन्धी सामग्रीको विश्लेषणबाट समाधानका रूपमा प्राप्त निष्कर्ष यसप्रकार छ-

(१) अपाङ्गताप्रतिको लेखकीय दृष्टिकोण वा विचारधारा बुझ्नका लागि लेखकले अपाङ्ग पात्रहरूलाई दिएको भूमिका कस्तो छ ?, अपाङ्ग पात्रहरूको सामाजिक-सांस्कृतिक र आर्थिक अवस्था कस्तो देखाइएको छ ? अपाङ्गता र अपाङ्ग पात्रहरूका लागि लेखकले प्रयोग गरेको भाषा कस्तो छ र लेखकले त्यस्ता अपाङ्ग पात्रहरूलाई किन प्रयोग गरेको छ भन्ने प्रश्नको उत्तर खोज्नु जरुरी हुन्छ ।

(२) आधुनिक नेपाली उपन्यासको प्रारम्भिक चरणमा लेखिएका उपन्यासहरूमा अपाङ्ग पात्रहरूलाई केवल दयाको पात्रका रूपमा प्रस्तुत गरिएको छ भने पछिल्लो समयमा लेखिएका उपन्यासहरूमा अपाङ्गता भएका पात्रहरूको सामाजिक आर्थिक अवस्था पनि राम्रो देखाइएको छ ।

(३) प्रारम्भिक उपन्यासहरूमा लेखकले अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई प्रयोग गरेको भाषा अपमानजनक छ भने विस्तारै पछिल्लो समयका उपन्यासहरूमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूलाई प्रयोग गरिएको भाषा सम्मानजनक छ ।

(४) प्रारम्भिक उपन्यासहरूमा अपाङ्ग पात्रहरूलाई प्रयोग गर्नुको उद्देश्य पाठकहरूमा दया वा करुणा भाव जागृत गर्नु रहेको देखिन्छ भने पछिल्लो चरणमा लेखिएका उपन्यासहरूमा अपाङ्गता भएका पात्रहरूको प्रयोग गर्नुको उद्देश्य अवसर पाएमा अपाङ्गता भएका व्यक्तिहरूले पनि परिवार, समाज र राष्ट्रलाई योगदान गर्न सक्छन् र अपाङ्ग पुरुषको तुलनामा अपाङ्ग महिलाहरू बढी मारमा छन् साथै अपाङ्ग महिलाहरूको विगत जेजस्तो भए तापनि भविष्य राम्रो बन्दै छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्नु रहेको देखिन्छ ।

## ६.३ सामान्यीकृत निष्कर्ष

आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको पहिचान, प्रतिनिधित्व र प्रतिरोध सधैँ स्थिर नभई समयसँगै परिवर्तन हुँदै गएको छ । प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण परम्परागत नैतिक मोडलमा आधारित भएकाले ती उपन्यासहरूमा अपाङ्ग पात्रहरूको पहिचान केवल दयाको पात्रका रूपमा रहेको छ भने पछिल्लो समयमा लेखिएका उपन्यासहरूमा अपाङ्गताको परम्परागत पहिचानलाई चुनौती दिँदै नयाँ पहिचान निर्माणको चाहना तीब्र बन्दै गएको देखिन्छ ।

प्रतिनिधित्वका सन्दर्भमा पनि प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गताको प्रभुत्वशाली (हेजेमोनिक) प्रतिनिधित्व देखिन्छ भने पछिल्लो चरणका उपन्यासहरूमा अपाङ्गताको वैकल्पिक प्रतिनिधित्व देखिन्छ । प्रारम्भिक चरणका उपन्यासहरूमा अपाङ्गता र अपाङ्गता भएका पात्रहरूका लागि प्रयोग गरिएको भाषा र त्यसमार्फत् निर्माण गरिएको बिम्ब अत्यन्त अपमानजनक एवम् अपाङ्गहरूप्रति दया वा घृणा भाव पैदा गराउने खालको छ भने पछिल्लो चरणका उपन्यासहरूमा अपाङ्गता र अपाङ्ग पात्रहरूका लागि प्रयोग गरिएको भाषा सम्मानजनक हुँदै गएको देखिन्छ ।

प्रारम्भिक चरणका उपन्यासहरूले अपाङ्गहरू केवल दयाका पात्रहरू हुन् र उनीहरूलाई दया गर्नुपर्छ भन्ने परम्परागत भाष्यलाई समर्थन गरेको देखिन्छ भने पछिल्लो समयका उपन्यासहरूले अवसर पाएमा अपाङ्गहरूले पनि आत्मनिर्भर भएर बाँच्न सक्छन् र उनीहरूले पनि परिवार, समाज र राष्ट्रलाई योगदान दिन सक्छन् भन्ने विचार निर्माणको प्रयास गरेको देखिन्छ । साथै अपाङ्गता भएका सबै पात्रहरू उस्तै अवस्थामा छैनन्, खासगरी अपाङ्गता भएका स्त्री पात्रहरू महिला र अपाङ्गका रूपमा दोहोरो मारमा परेका छन् भन्ने विचारलाई स्थापित गर्ने प्रयास देखिन्छ ।

प्रारम्भिक चरणका उपन्यासका अपाङ्ग पात्रहरूको स्वयंप्रतिको दृष्टिकोण अत्यन्त नकारात्मक एवम् हीनताग्रस्त देखिन्छ भने पछिल्लो चरणका उपन्यासका अपाङ्ग पात्रहरूमा स्वयंप्रतिको दृष्टिकोण क्रमशः सकारात्मक बन्दै गएको देखिन्छ ।

प्रारम्भिक चरणका उपन्यासका स्रष्टाहरूले अपाङ्गता भएका पात्रहरूलाई बोल्न नसक्ने एवम् दयाका पात्र बनाएर प्रस्तुत गरेका छन् भने पछिल्लो चरणका उपन्यासकारहरूले आफ्ना पात्रहरूलाई सशक्त एवम् विद्रोही बनाएका छन् । प्रारम्भिक चरणका उपन्यासकारहरूले अपाङ्ग पात्रहरूलाई प्रयोग गर्नुको उद्देश्य अपाङ्गहरूप्रति दया भाव जागृत गराउनु रहेको देखिन्छ भने पछिल्लो चरणका उपन्यासकारहरूले अपाङ्गताप्रतिको परम्परागत विचारधारालाई चुनौती दिने र नयाँ पहिचान निर्माण गर्ने उद्देश्यले गरेको देखिन्छ । समग्रमा आधुनिक नेपाली उपन्यासको प्रारम्भिक चरणका उपन्यासहरू नैतिक मोडलमा आधारित छन् भने पछिल्लो चरणका उपन्यासहरू क्रमशः सामाजिक र सांस्कृतिक मोडलको विचारधाराबाट प्रभावित देखिन्छन् । आधुनिक नेपाली उपन्यासमा अपाङ्गताको

चिकित्सा मोडलमा आधारित दृष्टिकोणको प्रभाव नगन्य मात्रामा देखिन्छ । अपाङ्गता अध्ययनका दृष्टिले हालसम्म लेखिएका नेपाली उपन्यासहरूमध्ये सबैभन्दा सशक्त उपन्यासका रूपमा *ह्वाइट केन*लाई लिन सकिन्छ ।

## ६.४ भावी अध्ययनका लागि सुझाव

प्रस्तुत शोधकार्य अपाङ्गताका प्रमुख चार मोडलमा सीमित रहेर सम्पन्न गरिएको छ । अपाङ्गताका यीबाहेक जीवमनोवैज्ञानिक, मानव अधिकार, आर्थिक लगायतका अन्य थुप्रै मोडलहरू छन् । ती मोडलहरूमा आधारित भएर पनि साहित्यिक कृति तथा चलचित्रहरूको अध्ययन गर्न सकिन्छ । प्रस्तुत अध्ययन आधुनिक नेपाली उपन्यासमा केन्द्रित छ तर उपन्यासबाहेकका अन्य विधामा पनि अपाङ्गता सम्बद्ध थुप्रै कृतिहरू लेखिएका छन् । ती कृतिहरूमा केन्द्रित भएर पनि अपाङ्गताको अध्ययन गर्न सकिन्छ । अपाङ्गता अध्ययनले अपााङ्गता विषयक कृतिको मात्र नभई अपाङ्ग लेखकहरूद्वारा लेखिएका कृतिहरूको अध्ययनलाई पनि प्राथमिकतामा राख्ने भएकाले अपाङ्गता भएका लेखकहरूका कृतिहरूमा पनि शोध कार्य गर्न सकिन्छ । यसैगरी पूर्वीय वाङ्मयका रामायण, महाभारत तथा विभिन्न पौराणिक ग्रन्थहरूमा पनि अपाङ्गताको अध्ययन गर्न सकिन्छ । यहाँ प्रस्तुत शोधकार्यसँग सम्बन्धित रही गर्न सकिने सम्भावित शोधकार्यका केही शीर्षकहरू सुझाइएको छ । ती हुन्-

(१) आधुनिक नेपाली कथामा अपाङ्गताको अध्ययन

(२) अपाङ्गता भएका नेपाली लेखकहरूका कृतिहरूको अध्ययन

(ग) नेपाली चलचित्रमा अपाङ्गता

(घ) नेपाली साहित्यमा अपाङ्गताको अध्ययन

(ङ) पूर्वीय वाङ्मयमा अपाङ्गताको अध्ययन

# सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश, काठमाडौँ* : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी,* पूर्णाङ्क १९, पृ. ११-४६ ।

गौचन, मनिषा (२०७०), *ह्वाइट केन,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

घर्ती, दुर्गाबहादुर (२०८१), *सांस्कृतिक अध्ययन,* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि.।

घिमिरे, निमग्ना (२०६८), समकालीन नेपाली उपन्यासमा अपाङ्गता*, समकालीन नेपाली महिला समालोचना,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, रत्नध्वज (२०५०), *आधुनिक नेपाली साहित्यको झलक,* चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन ।

ढकाल, रजनी (सन् २०२४), नेपाली कथामा अपाङ्ग शरीरमाथिको राजनीति, *इन्टरनेसनल रिसर्च जर्नल अफ एम.एम.सी.,* वर्ष ५, पूर्णाङ्क ४, पृ. १९७-२०९ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

बस्याल, जीवलाल (सन् २०१९), फरक क्षमताको अध्ययनका दृष्टिले लङ्गडाको साथी उपन्यास, *सोताङ;* वर्ष १, पूर्णाङ्क १, पृ. १६-२५ ।

बाङदेल, लैनसिंह (२००८), *लङ्गडाको साथी,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन हाउस ।

भट्टराई, रमेशप्रसाद (२०६३/६४), अपाङ्गता अध्ययन*, कुञ्जिनी,* वर्ष १४, पूर्णाङ्क ११, पृ. ५२-५६ ।

भट्टराई, रमेशप्रसाद (२०६१ बैशाख-जेठ), मार्क्सवाद र साहित्य सिद्धान्त, *भृकुटी,* पूर्णाङ्क १५, पृ. ३२०-३६५ ।

भट्टराई, रमेशप्रसाद (२०७० असार), सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, *भृकुटी,* पूर्णाङ्क १९, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद, (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुडीपुराण प्रकाशन ।

मल्ल, विजय (२०६९, एघारौं संस्क.), *अनुराधा,* ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१), *नेपाली उपन्यासका आधारहरू,* दार्जिलिङ : नेपाली साहित्य परिषद् प्रकाशन ।

शर्मा, अमृतादेवी (२०८१), जीवन काँडा कि फूलमा अपाङ्गता चेतना, *वाङ्मय,* २१, पृ. १-१२ ।

शर्मा, बिन्दु (२०७५/७६), धृतराष्ट्र खण्डकाव्यमा अपाङ्गता, *प्रज्ञा.* १ (११७) पृ. १५१ -१६१ ।

श्रेष्ठ, कल्पना कल्पपुञ्ज (२०७४), *सञ्जीवनी,* काठमाडौँ : शिखा बुक्स ।

सुवेदी, राजेन्द्र (२०७३), *साँस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

त्रिपाठी, गीता थपलिया (सन् २०२२), नेपाली गीतमा प्रतिनिधित्व र पहिचान, *ह्युम्यानिटिज एण्ड सोसल साइन्स जर्नल,* भोल्युम १३, नम्बर २, पृ. १७४-१८३ ।

## रोमन लिपिका सन्दर्भ सामग्रीहरू

Acharya, T. (2019). *Sex, gender and disability in Nepal: Marginalized narratives and policy reform*. Routledge.

Barnes, C., & Mercer, G. (2003). *Disability*. Polity Press.

Charlton, J. I. (1998). Nothing about us without us: *Disability oppression and empowerment*. University of California Press.

Davis, L. J. (1995). *Enforcing normalcy: Disability*, deafness, and the body. Verso.

Davis, L. J. (Ed.). (2006). *The disability studies reader* (2nd ed.). Routledge.

Foucault, M. (1977). *Discipline and punish: The birth of the prison*. Pantheon.

Garland-Thomson, R. (1997). *Extraordinary bodies: Figuring physical disability in American culture and literature*. Columbia University Press.

Garland-Thomson, R. (2002). Integrating disability, transforming feminist theory. *NWSA Journal*, 14(3), 1–32.

Garland-Thomson, R. (2006). Disability in theory. In L. J. Davis (Ed.), *The disability studies reader* (2nd ed., pp. 124–136). Routledge.

Goodley, D. (2014). *Disability studies: An interdisciplinary introduction*. Routledge.

Hall, S. (1981). Encoding/decoding. In S. Hall, D. Hobson, A. Lowe, & P. Willis (Eds.), Culture, media, language (pp. 128–138). Routledge.

Jost, C., MacDonald, M., & Khanna, S. (2022). A community-based evaluation of disability resources and inclusion practices in rural Botswana. *Disability and Health Journal*, 15(3), 101275. https://doi.org/10.1016/j.dhjo.2022.101275

Mitchell, D. T., & Snyder, S. L. (2000). *Narrative prosthesis: Disability and the dependencies of discourse*. University of Michigan Press.

Oliver, M. (1996). *Understanding disability: From theory to practice*. Macmillan.

Olkin, R. (1999). What psychotherapists should know about disability. Guilford Press.

Olkin, R. (2002). Could you hold the door for me? Including disability in diversity. Cultural Diversity and Ethnic Minority Psychology, 8(2), 130–137. https://doi.org/10.1037//1099-9809.8.2.130

Shakespeare, T. (2006a). *Disability rights and wrongs*. Routledge.

Shakespeare, T. (2006b). The social model of disability. In L. J. Davis (Ed.), *The disability studies reader* (2nd ed., pp. 197–204). Routledge.

Siebers, T. (2008). *Disability theory*. University of Michigan Press.

The Youthhood. (n.d.). Understanding the moral model. https://www.youthhood.org/government/dh_moral.asp

Twardowski, A. (2022). Cultural model of disability – Origins, assumptions, advantages. Kultura i Edukacja, 6(136), 19–60. https://www.kultura-i-edukacja.pl

Union of the Physically Impaired Against Segregation. (n.d.). Wikipedia. Retrieved April 17, 2025, from https://en.wikipedia.org/wiki/Union_of_the_Physically_Impaired_Against_Segregation